

**कैदी नं. १०६**
सलमान खानलाई ५ वर्ष जेल । १५

**लिभरपुलको सनसनी**
च्याम्पियन्स लिग फुटबल । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक ४७ सुर्खेत | २३ चैत २०७४ शुक्रबार वैशाख कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३८ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Friday, April 6, 2018 | पृष्ठ १२+८+४ | १० रुपैयाँ


## बिमा गरेका १२ सयको उपचार

रुकुम पश्चिम (कास)- आठ महिनाको अवधिमा एक हजार दुई सय एक जना स्वास्थ्य बिमितले उपचार पाएका छन् । गत भदौ १ गतेदेखि बिमितहरूले उपचार सेवा लिन सुरु गरेका थिए । चौरजहारी नगरपालिका-१, मा रहेको चौरजहारी अस्पतालबाट उनीहरूले स्वास्थ्य उपचार लिएका हुन् । स्वास्थ्य बिमा गरेर सोही मार्फत उपचार सेवा लिनेहरू सबै छिमेकी जिल्ला जाजरकोटका हुन् । अस्पतालका प्रशासक डिलबहादुर गिरीले गत भदौ महिनादेखि हालसम्म एक हजार दुई सय एक जना स्वास्थ्य बिमितले चौरजहारी अस्पतालबाट उपचार सेवा लिएको जानकारी दिए । स्वास्थ्य बिमा गरेर उपचार गर्न आउनेमा महिला र बालबालिका धेरै रहेको प्रशासक गिरीले बताए ।

स्वास्थ्य बिमा गर्दा पहिलो स्वास्थ्य संस्था जाजरकोटमै रोजेका जाजरकोटवासीले रिफर सेवा भने चौरजहारी अस्पतालबाट लिने गरेका छन् । जाजरकोटको जिल्ला अस्पताल, केही प्राथमिक स्वास्थ्य केन्द्र र अन्य स्वास्थ्य केन्द्रबाट रिफर भएर उनीहरू चौरजहारी आएर सेवा लिने गरेका छन् । स्वास्थ्य बिमामार्फत चौरजहारी अस्पतालमा उपचार गराएकामध्ये ४० जनाको शल्यक्रिया भएको थियो भने अन्यले ससाना उपचार सेवा लिएका छन् । अस्पतालमा रहेको तथ्यांकअनुसार चौरजहारी अस्पतालबाट सेवा लिएका स्वास्थ्य बिमितमध्य धेरै खर्च हुनेको ३५ हजारसम्म उपचार खर्च भएको छ । शल्यक्रिया गर्नुपरेकाको उपचार शुल्क धेरै खर्च भएको अस्पतालले जनाएको छ । दुई हजार पाँच सय रुपैयाँ तिरेर बिमा गरेर ५० हजारसम्मको औषधि उपचार पाइएपछि बिमितहरू खुसी भएका छन् । हालसम्म चौरजहारी अस्पतालले १५ लाख बराबरको स्वास्थ्य उपचार गरेको छ ।

# ‘प्राथमिकता बराबरीको सम्बन्ध’

## भारत बदलिएको कि तपाईं ? प्रधानमन्त्रीको जवाफ छ- 'यसलाई हार-जितको विषय नबनाऔं ।'

**कान्तिपुर संवाददाता**

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो भारत भ्रमणका क्रममा परियोजनागत र विषयगत सहमति हुन सक्ने सम्भावना रहे पनि मैत्री सम्बन्ध विकासमै आफू केन्द्रित हुने बताएका छन् । नयाँदिल्ली उड्ने अघिल्लो दिन बिहीबार कान्तिपुरको सहप्रकाशन नेपाल साप्ताहिकसँग विशेष कुराकानीका क्रममा ओलीले छिमेकीसँग बराबरीको सम्बन्ध आफ्नो प्राथमिकतामा रहेको सुनाए ।

‘भ्रमणका क्रममा परियोजनागत या विषयगत सहमतिहरू हुनु खासै ठूलो कुरा होइन, मूल कुरो हामी समान छौं, एकअर्काको सम्मान र जायज हितप्रति सजग छौं भन्ने नै हो,’ प्रधानमन्त्री ओलीले नेपालसँगको अन्तर्वार्तामा भने, ‘हामीबीच सच्याउनुपर्ने थुप्रै कुरा छन् । डुबान, सिमाना विवाद, टनकपुर, पञ्चेश्वर आदिका कुरा बारम्बार आइरहेका हुन्छन् । यसरी एउटा-एउटा इस्युमा प्रवेश गर्नुभन्दा पहिले हामी राष्ट्रिय हितलाई न्यायोचित आधारमा, बराबरीका आधारमा सम्बन्ध अघि बढाउन तयार छौं कि छैनौं ? यसमा पहिले प्रस्ट भइएन भने ठेकीमा मदानीको एउटा नेती वर तानेर ल्याउँदा अर्को नेती पर गएको जस्तो मात्रै हुन जान्छ ।’

उनले विगतमा आक्रमण, दमन, नियन्त्रणबाट कूटनीति चल्ने गरे पनि अब मित्रताबाट अघि बढ्ने युग आएको टिप्पणी गरे । पारस्परिक लाभ, सम्मान र अहस्तक्षेपको नीति अवलम्बन गरी स्रोतहरूको अधिकतम उपयोग गर्नुपर्ने तर्क गर्दै उनले थपे, ‘छिमेकसँगको सम्बन्धलाई मानिसहरूले कि त सैद्धान्तिक, कि त भावनात्मक विषय बनाउने गरेका छन्, तर म यथार्थपरक र व्यावहारिक बनाउन चाहन्छु । आजको आवश्यकता, औचित्य र राम्रो भविष्यका लागि सम्बन्ध निर्माण गर्ने हो ।’

विगतमा पनि भारतसँग सम्बन्ध बिगार्ने आफ्नो उद्देश्य नरहेको, तर अनुचित तवरले सम्बन्ध बनाउनेमा आफूलाई विश्वास नरहेको भन्दै ओलीले यसबारे भ्रम नराख्न आग्रह पनि गरे । यसबारे प्रभावकारी संवाद कायम हुनुअघि नै आफू सत्ताबाट हट्नुपरेको विगत सम्झँदै उनले भने, ‘मान्छेहरूलाई मैले सम्बन्ध बिगारें भन्ने भ्रम छ । म प्रधानमन्त्री हुनुभन्दा २-३ महिना अघिदेखि तराई बन्द थियो, तीन हप्ताअघि नाकाबन्दी थियो । मैले त्यसलाई खोल्ने नाममा अनुचित खालका कामहरू गरिनँ । त्यसमा कतिपयलाई चित्त बुझेन, त्यसका राजनीतिक कारणहरू छन् । अनुचित काम नगरी राष्ट्रिय स्वाभिमान उठाएर मित्रता गर्न खोजेको हो ।’




आफूले अघिल्लो प्रधानमन्त्रीकालमा आशंकारहित, अविश्वासरहित र सम्मानपूर्ण सम्बन्ध बनाउन खोजेको, आन्तरिक मामिलामा हस्तक्षेप नगर्न आग्रह गरेको भन्दै त्यसैका कारण सरकार परिवर्तनसम्मका गतिविधि भएको खुलाए । ‘मैले त्यसबेला पनि छिमेकीसँग आशंकारहित, अविश्वासरहित र सम्मानपूर्ण सम्बन्ध बनाउन खोजें,’ उनले थपे, ‘मसँग त्यसबेला पर्याप्त समय भएन । अन्य प्रकारका गतिविधि बढी हावी भए, जसले गर्दा सरकार परिवर्तन भयो ।’ उनले अब ‘मित्रता’ लाई छिमेक सम्बन्धको प्रस्थानविन्दु बनाउने बताए । असमानता, हेपाइ र थिचोमिचोका आधारमा मित्रता नहुने भन्दै ओलीले समय ‘दासयुगबाट अघि बढिसकेको’ टिप्पणी गरे ।

**नेपाल साप्ताहिकले ओलीलाई २०७४ सालको वर्षव्यक्ति घोषणा गरेको छ । प्रधानमन्त्री ओलीसँग विशेष वार्ताको पूर्ण अंश आइतबार प्रकाशित हुने नेपालमा पढ्न सकिनेछ ।**

भारत बदलिएको कि तपाईं भन्ने प्रश्नमा उनले भने, ‘मित्रता सही दिशामा अघि बढ्दै गरेका बेला यसलाई हार-जितको विषय बनाउनु हुँदैन । समस्या देखिएका थिए, संवादका माध्यमबाट हल गर्ने भनियो । समस्या छन् भन्नुको अर्थ हामीबीच सम्बन्ध छ भनेको हो ।’ निकटताका कारण अवसरसँगै कहिलेकाहीं समस्या पनि आउन सक्ने भएकाले यसलाई स्वाभाविक रूपमा लिन उनको आग्रह थियो । हरेक राष्ट्रले आफ्नो हित हेर्ने भए पनि ठूलो देशले आफ्नो मात्रै हित हेरेर नपुग्ने उनको भनाइ थियो ।

बाँकी पृष्ठ ४

## भारतको प्रयत्न ‘मन जित्ने’

**चन्द्रशेखर अधिकारी र सुरेशराज न्यौपाने**

नयाँदिल्ली- प्रधानमन्त्री केपी ओलीले नयाँदिल्ली ओर्लेको भोलिपल्ट भारतीय समकक्षी नरेन्द्र मोदीसँग विभिन्न चरणको छलफल र समारोहसहित तीन घण्टाभन्दा बढी कुराकानी गर्ने भएका छन् । मोदीको निमन्त्रणामा ओलीको यो भारतको दोस्रो राजकीय भ्रमण हो । संविधान जारी भएपछि भारतसँग सम्बन्ध बिग्रेको र अझै पनि सुमधुर हुन नसकेको अवस्थामा दुई प्रधानमन्त्रीबीच हुने लामो भलाकुसारीले सम्बन्ध सहज हुने अपेक्षा कूटनीतिक अधिकारीहरूको छ । पटकपटक गरेर उनले यसरी भेट्न लागेका हुन् । सबै छलफलमा यसअघि भएका सम्झौता कार्यान्वयनमा नै प्रधानमन्त्री ओलीले जोड दिने बताइसकेका छन् ।

तीन मन्त्री र ९ सांसदसहित ४५ सदस्यीय सरकारी र अन्य उद्यमी व्यवसायीहरूसहित नेपाल एयरलाइन्सको चार्टर्ड उडानबाट शुक्रबार बिहान १०:४५ बजे प्रधानमन्त्री ओली तीनदिने भ्रमणका लागि दिल्ली ओर्लनेछन् । निर्वाचनपछि शक्तिशाली प्रधानमन्त्रीका रूपमा दरिएका ओलीलाई मोदीले निकै महत्त्व दिएको विज्ञहरूले बताएका छन् । बिहान राष्ट्रपति भवनमा एकपटक र हैदराबाद हाउसमा दुईपटक मोदीले ओलीसँग भेट गर्नेछन् । बैठकपछि संयुक्त पत्रकार सम्मेलन र दिवाभोजमा पनि मोदी ओलीसँगै हुनेछन् । द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन नै यो भ्रमण केन्द्रित हुने दुवैतर्फबाट बताइएको छ ।

शनिबार बिहान प्रधानमन्त्री ओलीलाई राष्ट्रपति भवनमा ‘गार्ड अफ अनर’ दिने कार्यक्रम छ । सम्मानगारदअगावै मोदीले उनलाई स्वागत गर्ने अधिकारीहरूले बताएका छन् । उनले मोदीसँग छलफल गरेपछि भारतका राष्ट्रपति रामनाथ कोविन्द तथा उपराष्ट्रपति बैंकया नायडुसँग शिष्टाचार भेट गर्ने नेपाली दूतावासले जनाएको छ ।

प्रधानमन्त्रीलाई स्वागत गर्न इन्दिरा गान्धी विमानस्थलमा आउने भारतीय मन्त्रीको नाम खुलाइएको छैन । प्रधानमन्त्री मोदीले विमानस्थलमा कुनै ‘सरप्राइज’ दिन सक्ने अनुमान गरिएको छ ।

बाँकी पृष्ठ ४

## गजब छ बा !

– अविन –



ऐलेसम्म प्राप्त सुझाव’रू यस्ता छन् !... नहौसिने... नझुक्ने... नसुन्ने... नदिने... नहट्ने... नमाग्ने... नगर्ने... नभन्ने...


NMB Delight Savings Account
नेपालभरी कुनै पनि ATM बाट पैसा निकाल्न अतिरिक्त शुल्क नलाग्ने
Missed Call No. 9801717666


# दुई हातका कथा

**अतुल मिश्र**



काठमाडौं- ललितपुर लेले, तल्लोगाउँका ३४ वर्षीय नवीनकुमार विष्टको जीवनमा १२ दिनअघि नसोचेको भवितव्य आइलाग्यो । विष्टको काम बगलामुखी मन्दिरअगाडि रहेको स्वर्गद्वारी अफसेट प्रिन्टिङ प्रेसमा मेसिनले कागज काट्ने थियो । त्यस दिन कागज काट्ने मेसिनको लक खुस्किएर ठूलो फलामे ‘ब्लेड’ खस्दा काटिने ठाउँमा कागजको सट्टा उनका दुई हात थिए । उनका दुवै हात नाडीनेर च्वाट्टै छिने र पञ्जा टेबलमा अलग्गै उछिट्टिए । तर उनी बेहोस भएनन् । ‘हात काटिनेबित्तिकै दिमागमा पहिलो कुरा अब मैले कसरी काम गर्ने भन्ने आयो,’ विष्टले भने, ‘अब कसरी परिवार पाल्ने भन्ने चिन्ता छायो ।’

मेसिनले झ्याप्पै काटेर पञ्जा उछिट्टिएर ठुटो बनेका विष्टका हातबाट रगत बग्न थाल्यो । तत्कालै उनीसँग एउटै मेसिनमा काम गर्ने प्रकाश कार्कीले रगत बगिरहेका हातलाई आफ्ना दुवै हातले च्याप्पसँग समाते । रगत बग्न केही रोकियो । प्रेसका अरू साथीले हातका काटिएका टुक्रालाई झोलामा हाले । काटिएको हात त्यसरी नै समाइसमाई छिमेकीको गाडीमा राखेर २० मिनेटमा उनलाई सिनामंगलको केएमसी अस्पताल पुऱ्याइयो । ‘त्यतिन्जेलमा मैले आफूलाई अपांग मानिसकेको थिएँ,’ विष्टले कान्तिपुरसँग भने, ‘अब नमस्कार कसरी गर्ने भन्ने चिन्ता पनि लाग्यो ।’ उनको परिवारमा आमा, बुबा, श्रीमती र छोरा छन् । ‘अपांग भएपछि अब कसरी परिवार पाल्ने भन्ने चिन्ता फेरि लाग्यो,’ उनले सुनाए ।

केएमसी अस्पतालले हात जोड्न नसक्ने बतायो । तर हातबाट रगत बग्न रोकिदियो र ब्यान्डेज गरिदियो । साथै तुरुन्त शिक्षण अस्पताल महाराजगन्जको इमर्जेन्सीमा लैजान भनियो । अस्पतालले उनका छिनेका हातका पञ्जालाई प्लास्टिक थैलीमा हालेर त्यो थैलीलाई बरफ पानीमा राखेर दियो । यसरी राख्दा हात जोड्न सकिने सम्भावना बाँकी रहन्थ्यो । केएमसीले नै त्रिवि शिक्षण अस्पताललाई यस्तो ‘केस’ आउँदै छ भनेर पूर्वजानकारी पनि दियो ।

बाँकी पृष्ठ ४

## कुनै अंग काटिए के गर्ने ?

हातलगायतका अंग छिन्दा जतिसक्दो चाँडो काटिएको अंगलाई सुक्खा प्लास्टिकको थैलो, सर्जिकल पञ्जा आदिमा सुरक्षित रूपले राख्नुपर्छ । त्यसपछि त्यो अंगलाई अर्को प्लास्टिकको थैलोमा करिब २ देखि ४ डिग्री सेन्टिग्रेड तापक्रमको पानीमा डुबाएर राख्नुपर्छ । तापक्रम त्यति नै बनाउन थैलोको पानीमा बरफ मिसाउन सकिने चिकित्सक बताउँछन् ।

‘पहिलेका केही घटनामा हातलाई पानीमा डुबाएर ल्याइएको थियो,’ त्रिवि शिक्षण अस्पतालका सर्जन डा. ईश्वर लोहनी भन्छन्, ‘काटिएको भागलाई पानी वा स्लाइनमा डुबाएर राख्नु हुँदैन ।’ बरफको प्रत्यक्ष सम्पर्कमा समेत काटिएको अंगलाई राख्नु हुँदैन ।

सामान्य तापक्रममा काटिएको अंग राखेर ल्याउँदा करिब ६ घण्टासम्म जोड्न मिल्ने भए पनि कम तापक्रममा सुरक्षित प्रकारले राखेर ल्याउँदा ८ देखि १० घण्टाभित्र समेत जोड्न सकिन्छ । छिनेका अंगमा पनि धारिलो हतियारले काटेको भाग जोड्न सजिलो हुने उनी बताउँछन् ।

‘मेसिनमा अड्किएर छिनेको, साइकलको चेनमा अड्किएको, निकै क्षत-विक्षत भएको अंग जोड्न अप्ठ्यारो हुन्छ,’ डा. लोहनी भन्छन्, ‘अस्पतालमा सबै सुविधा उपलब्ध हुँदा जोड्न सकिन्छ ।’




## राजपाले तोक्यो लेबी

काठमाडौं (कास)- राष्ट्रिय जनता पार्टी (राजपा) ले पार्टीका सांसदहरूबाट मासिक १० हजार रुपैयाँका दरले लेबी उठाउने निर्णय गरेको छ। राजपा संसदीय दलको सिंहदरबारमा बिहीबार बसेको बैठकले यस्तो निर्णय गरेको हो। संघीय संसद्मा राजपाका १९ सांसद छन्।

बैठकले संसदीय दलको विधान र नियमावली बनाउन पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णलाई जिम्मेवारी दिएको छ। धेरै आकांक्षी देखिएपछि राजपाले संसदीय दलको नेता चयन गर्न सकेको छैन। दलको नेता बन्न अध्यक्षमण्डलका शीर्ष नेताबीच नै हानथाप देखिन्छ।




# एकता घोषणा वैशाख ९ मा

कान्तिपुर संवाददाता



काठमाडौं- वाम एकता संयोजन समितिले कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसर पारेर पार्टी एकताको औपचारिक घोषणा गर्ने गरी अन्तिम तयारी गर्न एमाले र माओवादी केन्द्रलाई निर्देशन दिएको छ। समितिको बिहीबार बसेको बैठकले दुवै दललाई वैशाख ९ मै एकता घोषणा गर्ने तयारी अघि बढाउन भनेको हो। लेनिनको जन्मजयन्ती अप्रिल २२ को अवसर पारेर २००६ साल वैशाखमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको थियो।

त्यसयता विभिन्न कालखण्डमा चिराचिरा परेको कम्युनिस्ट पार्टीका मूलधार एकताबद्ध भएको सन्देश दिन एकता घोषणाका लागि अप्रिल २२ नै उपयुक्त हुने दुवै दलले ठहर गरेका हुन्। एकताको प्राविधिक तयारी गर्न गठित समितिले पनि अप्रिल २२ लाई नै उपयुक्त भनी सिफारिस गरेको थियो। 'दुवै कार्यदलले दिएको सुझावअनुसार वैशाख ९ गते नै घोषणा गर्ने गरी आ-आफ्ना दलका तर्फबाट तयारी बढाउन भनिएको छ,' समितिका सदस्य एवं माओवादी नेता नारायणकाजी श्रेष्ठले भने। कार्यदलले तयार गरेका दुवै प्रतिवेदन सकारात्मक रहेकाले त्यही आधारमा एकता गर्न सकिने निष्कर्ष समितिको छ।

दुवै दलबीच एकताका विषयमा मिल्न बाँकी विषयलाई प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली भारतबाट फर्केपछि टुंगो लगाइने समझदारी भएको छ। ओलीको भ्रमणलगत्तै एकता संयोजन समितिको बैठक बस्नेछ। दुवै दलबीच तीनवटा विषय टुंगो लाग्न बाँकी छ। पार्टीको दस्तावेज र विधानमा 'जनयुद्ध' शब्द राख्ने कि नराख्ने, चुनाव चिह्न 'सूर्य' नै राख्ने कि परिवर्तन गर्ने, एकीकृत पार्टीको केन्द्रीय समितिमा एमाले र माओवादी पक्षबाट कति/कति जना सम्मिलित गराउने भन्ने विवाद बाँकी छ। कार्यदलस्तरमा यी विषय मिल्न नसकेपछि एकता संयोजन समितिबाटै टुंगो लगाउने गरी प्रतिवेदन तयार गरिएको हो।

माओवादीले आफ्नो पार्टी युद्धको पृष्ठभूमिबाट आएकाले कम्युनिस्ट आन्दोलनको उपलब्धिका रूपमा 'जनयुद्ध' लाई स्विकार्नुपर्ने र त्यो शब्द राख्नुपर्ने अडान लिएको छ। एमालेले भने 'जनयुद्ध' भन्दा बृहत् अर्थ राख्ने भन्दै 'जनक्रान्ति' राख्न उपयुक्त हुने धारणा अघि सारेको छ। यसमा सहमति नजुटेपछि विधानसम्बन्धी प्रतिवेदनमा 'जनयुद्ध/जनक्रान्ति' भन्ने दुवै शब्द प्रयोग गरिएको छ। कम्युनिस्ट आन्दोलनमा भएका शान्तिपूर्ण र हिंसात्मक दुवै खालका संघर्षबाटै अहिलेको उपलब्धि भएको हो भन्नेमा दुवै दल सहमत छन्। तर 'जनयुद्ध' भन्ने शब्द प्रयोग गर्दा विगतमा माओवादीले गरेका सबै गल्तीको स्वामित्व आफूले पनि लिनुपर्ने भय एमाले नेताहरूको छ। त्यसैले उनीहरूले जनयुद्धको ठाउँमा जनक्रान्ति राख्न चाहेका हुन्।

चुनाव चिह्न पनि 'सूर्य' नै राख्नुपर्ने एमालेको अडान छ। संसदीय चुनावहरूमा पटकपटक प्रयोग भएको सूर्य चिहन जनमानसमा भिजिसकेकाले यसको विकल्पमा जान नहुने एमाले नेताहरूको अडान छ। चुनावका लागि चिह्न सजिलो आवश्यक पर्ने उनीहरूको धारणा छ। तर माओवादीले सूर्य चिह्न राख्दा आफ्नो पार्टीको अस्तित्व नजोडिने भएकाले त्यसलाई परिमार्जन गर्नुपर्ने धारणा राखेको छ। सूर्यभित्र माओवादीले प्रयोग गर्दै आएको गोलाकारभित्रको हँसिया-हथौडा राखेर परिमार्जन गर्नुपर्ने धारणा माओवादीको छ। तर कम्युनिस्ट पार्टीको झन्डामै हँसिया-हथौडा हुने भएकाले चुनाव चिह्नमा त्यो राख्नु आवश्यक नरहेको तर्क छ।

प्रतिनिधिसभा र प्रदेशसभा चुनावकै क्रममा पनि दुई दल सूर्य चिह्न लिएर लड्ने मनस्थितिमा पुगेका थिए। पार्टी केन्द्रीय समितिमा कुन दलबाट कति जना राख्ने भन्नेमा बढी विवाद छ। एकीकृत पार्टीको केन्द्रीय समिति २ सय ९९ सदस्यीय हुने तय भइसकेको छ। त्यसमा बराबरी संख्यामा राख्नुपर्ने धारणा माओवादी पक्षबाट आइरहेको छ। माओवादी अध्यक्ष पुष्पकमल दाहालले दुई पार्टीबीचको एकता बराबरीको सिद्धान्तमा हुने बताएका छन्।

कम्युनिस्ट पार्टीका दुई धारबीचको एकता भएकाले दुवैको हैसियत समान देखिनुपर्ने माओवादीको दाबी छ। तर चुनावी परिणामले माओवादीको आकार सानो भएकाले बराबरी हैसियत हुन नसक्ने एमालेको दाबी छ। विगतमा भएको आपसी भागबन्डाकै मापदण्डमा एकता हुनुपर्ने र केन्द्रीय समिति गठन हुनुपर्ने एमाले नेताहरूको भनाइ छ। दुवै दलबीच चुनावअघि उम्मेदवारी तय गर्ने बेलामा ६० र ४० प्रतिशतको भागबन्डा भएको थियो। परिणाम भने ७० र ३० को अनुपातमा आयो। चुनावी परिणाममा माओवादीको आकार अझै खस्किएपछि एमालेले नयाँ मापदण्डमा जोड दिएको हो। प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा माओवादीको परिणाम खस्किएपछि राष्ट्रिय सभाको चुनावका क्रममा ६७ र ३३ प्रतिशत अनुपातमा एमाले र माओवादीले उम्मेदवार तय गरेका थिए। त्यहीअनुसार राष्ट्रिय सभाको परिणाम पनि आएको थियो। अहिले एकीकृत पार्टीको केन्द्रीय समितिमा भने बराबरी हैसियतको कुरा माओवादी पक्षबाट आएपछि यो विषय कार्यदलले टुंगो लगाउन सकेन। तर एकता घोषणाअघिसम्म यो विषय मिल्न सक्ने दाबी दुवै दलको छ।

'यिनै विषयका कारण अब एकता नै रोकिने वा भाँडिने भन्ने हुँदैन,' एमालेका एक शीर्ष नेताले भने, 'एकता वैशाख ९ मै हुन्छ।' यही कारण एकता नभाँडिने विश्वासअनुसार नै एमालेले पार्टीको पोलिटब्युरो र केन्द्रीय समिति बैठक वैशाख ६ र ७ गतेलाई बोलाइसकेको छ। एकतासम्बन्धी सबै प्रस्तावमाथि छलफल र अनुमोदन गर्ने गरी बैठक बोलाइएको हो। एकता संयोजन समितिबाट दस्ताबेज पारित भएपछि माओवादीले पनि आफ्नो दलबाट अनुमोदन गराउनेछ। त्यसपछि वैशाख ९ मा संयुक्त भेला गरेर पार्टी एकताको औपचारिक घोषणा गरिनेछ।

ADMISSION NOTICE
KNOW MORE
KNOW FIRST
Meyers Kids Kindergarten invites new admission for play Group (20 seats) for the academic year 2075 the pre-school offers training of the Cross Culture (Western v/s Asian) to learning and build personal behaviour, character and good manner to your child in western techniques.
Application forms available from:
Chaitra 24, 2074 at school and Anu Books, Satdobato
Meyers Kids Kindergarten (Nepal)
Sunakothi, Lalitpur, Post Box # 1983, Kathmandu, Nepal
Phone: 98512-47397

Under the New Management of KMC Educational Network and UNIVERSAL Educational Foundation THE NEW SUMMIT School and MARVELLOUS E B School, Maitidevi, Kathmandu
Admission Open - 2075
From Montessori/ Pre-School to Class IX
Entrance Exam: Chaitra 24-27, 2074 | Time: 8 a.m.
Also the following posts under our network are vacant.

| Ser | Post | Level | Subject | Qualification | No |
|---|---|---|---|---|---|
| 1 | Vice-Principal (Residential) | School | Administration | MA. B Ed. | 1 |
| 2 | Teacher | Classes 4 – 10 | Science/Maths / English/Nepali | MSc./M Ed./ MA /BSc/BA | 6 |
| 3 | Grade Teacher | Pre-Primary/ Primary | English/Science | +2/BA | 4 |
| 4 | Computer Teacher | Classes 4 – 10 | Computer Science | MIT or BIT | 2 |
| 5 | Hostel Warden | School | - | BSc or BA | 2 |
| 6 | Admin Officer | School | - | BSc./BA | 2 |
| 7 | In-Charge | School | ECA | BA | 1 |

If you have a flair for teaching and administration with very good English, please submit your CVs with hand-written applications by Tuesday, 27 Chaitra 2074.
For details, contact at 4442775, 4428321

Om National School
Announces
Admission Open
Nursery to Grade 9 For Limited Seats
Registration form is available at school office between 8:30 am to 5 pm.
Hostel Facility

| Class | No.of Seats | Class | No.of Seats |
|---|---|---|---|
| Nursery | 10 | Class 4 | 11 |
| L.K.G | 10 | Class 5 | 09 |
| U.K.G | 11 | Class 6 | 13 |
| Class 1 | 09 | Class 7 | 12 |
| Class 2 | 08 | Class 8 | 13 |
| Class 3 | 10 | Class 9 | 10 |

Entrance Examination Starts from Chaitra 24th
Chabahil, Behind Om Hospital
Ph.: 01-4492187
Email: omnationalschool@gmail.com



Malpi International School
Panauti, Kavre, Nepal
For the Finest Experiential & Non-Conventional Learning Environment!
Learning for Life!
- A Sustainable and Environmentally Conscious School
- Academic excellence through non-conventional teaching & learning activities
- Smart E-Learning Programmes
- One of the Best Sports & Games Facilities
- State of the Art IT Infrastructure
- Community engagement pedagogies integrated in the core philosophy of the School
- Fun, action-orientated and socially responsible learning
- The Highest Quality Residential Infrastructure & Programes

ADMISSIONS OPEN!
Admissions for Grade I (Day-Scholars), Grades IV & V and limited seats in Grades VI and VII are open for both boys and girls in a Residential Setup for the new academic year starting April 2018.
For Further Details Contact
Malpi International School - Phone: 011-440080, 440121, E-mail: malpi@mos.com.np
City Office - Heritage Plaza II, Kamaladi, Kathmandu, Phone: 01-4169119, E-mail: mis@mos.com.np
Visit us at: www.malpi.edu.np





# पुराना कम्युनिस्ट नेता रेग्मीको निधन



काठमाडौं (कास)- ०१५ सालको पहिलो प्रतिनिधि सभामा पाल्पाबाट निर्वाचित सांसद एवं पुराना वामपन्थी नेता कमलराज रेग्मीको ९२ वर्षको उमेरमा बिहीबार ललितपुरको धोबीघाटस्थित निवासमा निधन भएको छ। रेग्मी नेपाल कम्युनिस्ट पार्टीका संस्थापक चार नेतामध्ये एक थिए। कम्युनिस्ट पार्टीका जुझारु र सक्रिय नेता रेग्मीको किसान आन्दोलनमा समेत महत्त्वपूर्ण भूमिका थियो। पाल्पामा भएको किसान आन्दोलनको नेतृत्व उनैले गरेका थिए। २०१७ साल पुस १ शाही कूकै दिन पक्राउ परेका उनी लामो समय जेल बसेका थिए।

वामपन्थी नेताहरू विष्णुबहादुर मानन्धर, मोहनविक्रम सिंह, चित्रबहादुर केसीलगायत धोबीघाट पुगेर रेग्मीप्रति श्रद्धाञ्जली प्रकट गरे। उनका श्रीमती तथा एक छोरा र एक छोरी छन्। रेग्मीको अन्त्येष्टि शुक्रबार चितवनको देवघाटमा गरिने पारिवारिक स्रोतले जनायो।

## छोटकरी

### दिल्ली–काठमाडौं बसबाट तस्करी

काठमाडौं (कास)- दिल्ली-काठमाडौं चल्ने पर्यटक बसबाट राजस्व छलेर ल्याइएको ३० लाखभन्दा बढी मूल्यका कपडालगायत सामग्री प्रहरीले बरामद गरेको छ। प्रहरीले ना६ख ६३०२ नम्बरको बसको हुट बडी र फल्स बटममा लुकाई ल्याइएको कपडा, प्रेसर कुकर, छालाका सामान बरामद गरेको हो। प्रहरीले गाडीका चालक रामबहादुर थोकर र गाडी धनी मिलन भन्ने रमेश खड्कालाई पक्राउ गरेको छ।

प्रहरीले दुई सातायता लगातार दिल्लीबाट आएको पर्यटक बसबाट राजस्व छलीका सामान बरामद गरिरहेको छ। गत बिहीबार पनि ना४ख ४५१६ नम्बरको पर्यटक बसबाट १० किलो ७ सय ७५ ग्राम रक्तचन्दन, रक्तचन्दनबाट मालामा प्रयोग गर्न मिलाइएको १ हजार ३ सय २ गेडा, कुर्ता,साडी र बिजुलीका सामान बरामद गरेको थियो।

### स्वास्थ्यका नयाँ संरचनाप्रति असन्तुष्टि

काठमाडौं (कास)- नेपाल चिकित्सक संघले स्वास्थ्य मन्त्रालयद्वारा चिकित्सकको भूमिकालाई गौण राख्दै संगठनात्मक संरचना तय गरेको भन्दै संशोधन माग गरेको छ। सबै पक्षसँग बृहत् छलफल गरेर संरचनामा सुधार नल्याए विरोधमा उत्रन बाध्य हुने संघको चेतावनी छ। 'चिकित्सकको भूमिका गौण राखेर ल्याइएको संगठनात्मक संरचनाप्रति हाम्रो तीव्र असहमति छ,' संघका महासचिव डा. लोचन कार्कीले भने।










# 'प्राथमिकता...

'त्यहाँ न्याय पनि हुनुपर्‍यो, किनभने अन्तर्राष्ट्रिय उत्तरदायित्वका प्रश्नहरू पनि छन् । हामी सन्धिको पक्ष भएका, कबुल भएका कुराहरू हुन सक्छन्,' उनले भने, 'यस धर्तीको सुरक्षाको प्रश्न, वातावरणका प्रश्नहरूमा ध्यान राख्नुपर्छ । आकार सानो होला तर हरेक राष्ट्रले ध्यान दिनुपर्ने कुराहरू छन् ।'

**भ्रमण फलदायी हुने राष्ट्रपतिको विश्वास**

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपी ओलीको राजकीय भ्रमणले नेपाल-भारतबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास व्यक्त गरेकी छन् । ओलीले बिहीबार साँझ शीतलनिवास पुगेर आफ्नो भ्रमणबारे राष्ट्रपतिलाई जानकारी गराएका थिए । त्यही क्रममा राष्ट्रपतिले प्रधानमन्त्री ओलीलाई भ्रमणको सफलताको शुभकामना दिँदै दुई देशबीचको आपसी सम्बन्धलाई अझ सुदृढ तुल्याउन भ्रमण फलदायी हुने विश्वास व्यक्त गरेकी हुन् । राष्ट्रपतिले प्रधानमन्त्रीको भ्रमणबाट भारतसितको सदियौंदेखिको सम्बन्धलाई थप उचाइमा पुर्‍याउन सहयोग पुग्ने बताएको जानकारी उनको सचिवालय स्रोतले दिएको छ । भेटमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, मुख्यसचिव लोकदर्शन रेग्मी र परराष्ट्र सचिव शंकर बैरागीसमेत उपस्थित थिए । ओली ५४ सदस्यीय प्रमण्डलको नेतृत्व गर्दै शुक्रबार नयाँदिल्ली जाँदैछन् ।

# कहाँ अल्झियो अनुसन्धान ?

- **सीआईबीमा बुझ्नुस्** : डीएसपी
- **डीएसपीसँग बुझ्नुस्** : सीआईबी

■ **विद्या राई**

काठमाडौं- नौ महिनाअघि भोजपुरको पूर्वी अरुण गाउँपालिका ३ मा भएको तीन अबोध बालबालिकाको 'शंकास्पद' मृत्यु अनुसन्धानमा प्रहरी नै उदासीन देखिएको छ । हत्या आशंकामा जिल्ला, क्षेत्र र केन्द्र गरी तीन तहमा प्रहरी अनुसन्धान गरिए पनि कतैबाट निष्कर्ष आउन नसक्दा स्थानीयमा आशंकासँगै त्रास बढेको छ । अनुसन्धान कहाँ पुग्यो ? किन अड्कियो भनी सोध्दा अनुसन्धानमा संलग्न प्रहरी निकाय एकले अर्कालाई औंल्याएर पन्छन्छन् ।

अरुण गाउँपालिका ३ का १४ वर्षीय रञ्जीव सापकोटा, १३ वर्षीय सुष्मा फुयाल र ८ वर्षीय प्रदीप फुयालको स्थानीय निर्वाचनताका गाउँमै 'शंकास्पद' मृत्यु भएको थियो । असार १० गते साँझ अचानक हराएका तीनै बालबालिकाको शव १२ गते मरेङडाँडास्थित स्थानीय तोरन कार्कीको माछापोखरीमा फेला परेको थियो । अनुसन्धानमा संलग्न निकाय र जिल्लाको राजनीतिक नेतृत्व 'चुपचाप' देखिनुले तथ्य सार्वजनिक नहुने र सम्भावित दोषी उम्कने सम्भावना बढेको छ ।

उक्त घटनाबारे सुरुमा जिल्ला प्रहरी कार्यालय र क्षेत्रीय अनुसन्धान ब्युरो, विराटनगरले एकसाथ एक महिना लामो अनुसन्धान गरेका थिए । उनीहरूको अनुसन्धान ढिलो र शंकास्पद बन्दै गएको स्थानीयको गुनासोपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) टोली नै साउन १३ गते घटनास्थल पुगी एक साता अनुसन्धान गरेर फर्केको थियो । अनुसन्धान अधिकृत दधिराम न्यौपानेको नेतृत्वमा खटिएको सीआईबी टोलीले घटनाबारे सत्यतथ्य ल्याउने अपेक्षा पीडित परिवारले गरेका थिए । तर यतिन्जेलसम्म यथार्थ पत्ता लाग्नुको साटो अनुसन्धान नै सुस्ताएपछि पीडित परिवार निराश छन् ।

'चाँडै पत्ता लाग्ला कि भन्ने आस थियो, अचेल त कसैलाई वास्तै छैन, घटना त सामान्य पो बनिदियो,' रञ्जीवका बुबा रवीन्द्र सापकोटा भन्छन् । उनीहरूमा आशाको त्यान्द्रो भने अझै बाँकी छ । 'ढिलोचाँडो त पत्ता लाग्ला नि !' मृतक सुष्मा र प्रदीपका बुबा चेतनाथ फुयालले भने । 'अनुसन्धान' भन्दै गुपचुप बनाइदिने हुन् कि भन्ने शंका पनि लागेको उनले बताए । जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपेन्द्र पञ्जियार थारू सम्पूर्ण अनुसन्धान सीआईबीले हेरेकाले आफूलाई जानकारी नभएको भन्दै पन्छिए । 'सीआईबीले हेरेको घटनाबारे हामीले बोल्न मिल्दैन, उतै बुझ्नुस्,' उनले चासो राख्नेलाई यही जवाफ फर्काउने गरेका छन् ।

सीआईबीका डीआईजी पुष्कर कार्की भने अहिलेसम्मको अनुसन्धानका डकुमेन्ट, पोस्टमार्टम रिपोर्ट, भिसेरा, डायटम परीक्षण प्रतिवेदन, स्थानीयको बयान र प्राविधिक विश्लेषण हेर्दा कसैले कर्तव्य गरी मारेको नदेखिएको बताउँछन् । 'एक लेभलको अनुसन्धान केन्द्र र प्रदेशको चुनावअघि नै जिल्ला प्रहरी कार्यालयमा पठाइसकिएको छ । अनुसन्धान बन्द भएको छैन । जिल्ला प्रहरी कार्यालयले क्लु भेटेको खण्डमा अनुसन्धान अघि बढ्छ,' उनले भने । 'हामीले अनुसन्धानमा सहयोग गरेको हो, विस्तृत बुझ्न जिल्लाकै डीएसपीसँग बुझ्नुस्,' उनले थपे ।

घटना सामान्यीकरण हुँदै जाँदा रिपोर्टहरूमा कर्तव्य नगरिएको देखिनुलाई पीडित पक्ष 'शंकास्पद' ठान्छ । पोस्टमार्टम रिपोर्ट पीडित पक्षलाई नदेखाइनु र भोजपुर सदरमुकाममा नगरी शव धरान लैजानुले सत्यतथ्य लुकाउन खोजिएको आशंका पीडितको छ । डीआईजी कार्की भने यो आरोप स्वीकार गर्दैनन् । उनले बिनाआधार हत्या भनेर नलेख्न पत्रकारलाई पनि आग्रह गरे । 'हामीले हदैसम्मको अनुसन्धान गरेका छौं, अनुसन्धान त विशेषज्ञले गर्ने हो, हत्या गरेको भनेर पत्रकारले लेखिदिने कुरा मिलिरहेको छैन,' उनले भने । केस अदालत नपुगी, अदालतबाट नटुंगी अनुसन्धान टुंगिएको वा सुस्त भएको भन्न नमिल्ने उनको भनाइ छ ।

**प्रविधि नहुँदा अलमल**

पोस्टमार्टम गरिएको अस्पताल बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा 'डाइटम कम्पेयर टेस्ट' प्रविधि नहुँदा शंकास्पद मृत्यु घटना अनुसन्धान जटिल बनेको प्रतिष्ठानको भनाइ छ । यो प्रविधिले मृत्यु स्वाभाविक, हत्या, आत्महत्या वा दुर्घटना कुन कारणले भएको भन्ने छुट्याउन सघाउँछ । प्रतिष्ठानका विशेषज्ञले जाँच गर्दा प्रदीपको घाँटीमा खानेकुरा अडकिएको, सुष्मा र रञ्जीवको घाँटीमा चुइगम अडकिएको फेला पारेका थिए । चिकित्सकका अनुसार बालबालिकाको शरीरमा अन्य चोटपटक, दागधब्बा र विषादी थिएन । उनीहरूको मृत्यु डुबेरै भएको वा हत्या गरेर पोखरीमा फालिएको भन्ने छुट्याउन डाइटम कम्पेयर टेस्ट गर्नुपर्ने फरेन्सिक विशेषज्ञको भनाइ छ । काठमाडौं, सामाखुसीस्थित प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशालाले प्रविधि अभाव देखाउँदै 'डाइटम कम्पेयर टेस्ट' गर्न नसकेको रिपोर्ट दिएको थियो ।

प्रतिष्ठानका फरेन्सिक विशेषज्ञ सहायक प्राध्यापक डा. विकास साह र जुनियर रेसिडेन्ट डा. दीक्षान्त पोखरेलको टिमले बालबालिकाको मृत्युको यकिन कारण खुल्न नसकेको भनी साउन अन्तिम साता प्रहरीलाई रिपोर्ट बुझाएको थियो । डाइटम ल्याब राख्न गृह मन्त्रालयको अनुमति नभएकाले मृत्युको कारण खुलाउन नसकेको रिपोर्टमा उल्लेख थियो । मृतक बालबालिकाको शरीरमा पाइएको र पोखरीको पानीको डाइटम तुलनापछि मात्र मृत्युको सही तथ्य फेला पार्न सकिने उनीहरूको तर्क छ । देशभित्र यस्तो प्रविधि नभए अन्य मुलुकमा लगेर पनि जाँच गर्न सकिने चिकित्सक टिमले प्रहरीलाई सुझाएका थिए । डीआईजी कार्की भने डाइटम टेस्ट केन्द्रीय विधिविज्ञान प्रयोगशालाले नै गरेको बताउँछन् । 'मृतकको शरीर र पोखरीको पानीमा पाइने डाइटम समान पाइएको छ,' उनले भने ।

घटनालगत्तै पूर्वसांसद कुमारीलक्ष्मी राईले घटनास्थलमा लगिएको कुकुर चुनावी सुरक्षामा खडा गरिएको सेनाको बिटमा पस्न लाग्दा तानिएको अभिव्यक्ति दिएपछि देशभर यो चर्चाको विषय बनेको थियो । डीआईजी कार्कीले यसलाई असत्य भन्दै आएका छन् । 'हाम्रो काम अनुसन्धान गर्ने हो, कसले के भन्यो, कसो गर्‍यो भन्ने होइन, कसले के बोल्छ, त्योसँग हाम्रो संगठनलाई नजोड्नुस्,' उनले भने । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले आफूलाई घटना अनुसन्धानको अहिलेको अवस्थाबारे जानकारी नभएकाले थप बुझेर मात्रै भन्न सक्ने बताए । सांसद सुदन किरातीले भने चाँडै नै सदनमा यो विषय उठाउने बताए । भोजपुरका प्रजिअ फणीन्द्र दाहाल पनि यसबारे जानकारी नभएको बताउँछन् । 'सीआईबीलाई सोध्दा अनुसन्धान प्रक्रियामै रहेको भन्छन्,' उनले आफूलाई थप जानकारी नभएको बताए । घटनाका बेला गोमादेवी चेम्जोङ प्रजिअ र काजीकुमार आचार्य डीएसपी थिए । अनुसन्धान विवादित बनेपछि उनीहरूको सरुवा भएको थियो ।

**तीन बालबालिकाको शंकास्पद मृत्यु**



## पीडित परिवारको बेहाल

घटनापछि पीडित परिवारको बेहाल छ । रञ्जीवका बुबा रवीन्द्र सापकोटा कृषिका कर्मचारी हुन् । सुष्मा र प्रदीपका बुबा चेतनाथ फुयालले प्याउली बजारमा फेन्सी पसल गरेर घरव्यवहार धान्दै आएका थिए । तीन सन्तानमध्ये दुईको शंकास्पद मृत्युपछि उनले साढे ४ लाखमा पसल बिक्री गरे । शव पोस्टमार्टमका लागि धरान लैजाँदा गाडी, पोस्टमार्टम र काजकिरिया खर्च धान्न पसल बेच्नुपरेको उनले बताए ।

चेतनाथ गाउँमा बस्ने वातावरण नभएपछि ऋणपान गरेर इटहरीको हलगढास्थित आमाबुबाको घर पुगे । ६ महिनादेखि उनी गाउँ फर्किएका छैनन् । जग्गाजमिन बाँझै छ । आर्थिक अवस्था झन् नाजुक बन्दै गएको छ । छोरी र पत्नी निर्मला बिरामी छन् । 'डाक्टरलाई देखाउँदा मानसिक चिन्ता भन्छन्, आमाबुबा पनि बुढेसकालको हुनुहुन्छ, म एक्लोले कता थाम्ने, गाह्रो भएको छ,' निर्मलाले भनिन् ।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**ठूला करदाता कार्यालय**
हरिहरभवन, ललितपुरको

**राजस्व दाखिला गर्ने सम्बन्धि सूचना**

यस ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताहरुले आन्तरिक राजस्व कार्यालय, ललितपुरको कार्यालय परिसर भित्र रहेको एभरेष्ट बैंक लि. काउन्टरबाट राजस्व दाखिला गर्दै आएकोमा मिति २०७४ साल चैत्र २३ गते देखी ठूला करदाता कार्यालय परिसर भित्रै एभरेष्ट बैंक लि. को राजस्व दाखिला गर्ने बैंक काउन्टर संचालनमा आउने भएकाले सम्वन्धित करदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**ठूला करदाता कार्यालयको एभरेष्ट वैंकको** :
**बैंक खाता नं.** ०१२००१०५२००३६९
**कार्यालय कोड**: २८-३०५-१०

नोट : थप जानकारी आवश्यक भएमा यस कार्यालयको फोन नं. ०१५०१००५२ Ext. No. १२३, १२४, १२७ र १२८ मा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।



सुनौलो परिवार नेपाल
MARIE STOPES INTERNATIONAL
Children by choice, not chance

सुनौलो परिवार नेपाल सन् १९९४ देखि परिवार नियोजन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा काम गर्दै आइरहेको एक गैर सरकारी संस्था हो । सन्तान करले होइन रहरले जन्माउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । त्यही अधिकारलाई लक्षित गरी कार्यरत सुनौलो परिवार नेपाल मेरीस्टोप्स इन्टरनेसनलको साझेदार संस्था हो । यस संस्थाले देशैभरि सेन्टर, घुम्ती सिविर, मेरीस्टोप्स लेडिज टिम तथा सामाजिक बजारीकरण मार्फत् देशका दुर्गम क्षेत्रमा सेवा दिँदै आइरहेको छ।
मेरीस्टोप्स् लेडिज नेपालका दुर्गम क्षेत्रमा परिवार नियोजनको सेवा प्रदान गर्दै आइरहेका टिम हुन् । मेरीस्टोप्स् लेडिज टिम अन्तर्गत निम्नानुसार जिल्लाका लागि यस संस्थालाई तपसिल बमोजिमको संख्यामा **मेरिस्टोप्स् लेडिज सुपरभैजर** पदमा आवश्यक परेको हुँदा योग्यता पुगेका दक्ष नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ । एस पदमा छनौट भएका कर्मचारीले मेरीस्टोप्स लेडिज (जो तालिम प्राप्त आनामीहरु हुन्) लाई निरीक्षण तथा मार्गदर्शन गर्नुपर्ने हुन्छ।

| कार्य स्थान | माग संख्या | दरखास्त गर्ने ठेगाना र सम्पर्क नम्बर |
|---|---|---|
| बाजुरा | १ | जिल्ला जनस्वास्थ्य कार्यालय बाजुरा, कर्मचारी प्रशासन शाखा, सम्पर्क नं. ०९७-५४११५४ |
| बाग्लुङ | १ | जिल्ला स्वास्थ्य कार्यालय बाग्लुङ, हरि कसिका पलिके, सम्पर्क नं. ०६८-५२२४०८ |
| गुल्मी | १ | सुनौलो परिवार नेपाल, गुल्मी सेन्टर, सम्पर्क नं. ०७९-५२००९४ |
| खोटाङ | १ | जिल्ला जनस्वास्थ्य कार्यालय खोटाङ, कर्मचारी प्रशासन शाखा, सम्पर्क नं. ०३६-४२०२७७ |

**न्युनतम योग्यता :**
- मान्यताप्राप्त शिक्षण संस्थाबाट PCL Nursing पूरा गरेको, नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ।
- दुई वर्ष परिवार नियोजन सेवामा अनुभव भएका, IUCD र Implant को तालिम लिएका र इस्थानिय बासिन्दालाई प्राथमिकता दिइनेछ।

सम्पर्क नम्बर र इच्छाइएको कार्यस्थान समेत उल्लेख गरएको निवेदनसाथ बायोडाटा **माथि उलेखित ठेगानामा अथवा MSNPRecruitment@mariestopes.org.np मा १९ अप्रिल, २०१८ (०६ बैशाख, २०७५) भित्र दर्खास्त गर्नुहोला ।** खामबाहिर आवेदन दिइएको पद उल्लेख गर्नु जरुरी छ। सुनौलो परिवार नेपालको बारेमा थप जानकारीका लागि **www.mariestopes.org.np** मा जानुहोला।

**नोट :** महिला, अल्पसंख्यक समुदाय तथा दलितलाई आवेदन दिनका लागि प्रोत्साहन गरिन्छ । सुनौलो परिवार नेपालले कुनै पनि आवेदनलाई स्विकृत गर्न वा नगर्न सक्नेछ।



**नेपाल बनेपा पोलिटेक्निक ईन्ष्टिच्यूट, बनेपा, काभ्रेको**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०७४/१२/२३**

यस ईन्ष्टिच्यूटको लागि देहाय बमोजिमका पदहरुमा सेवा करारद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिम हुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७५/०१/०७ गते) भित्र शैक्षिक योग्यता तथा नागरिकताको प्रमाणित प्रतिलिपि सहित निवेदन पेश गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि. नं. | विज्ञापन नं. | पदनाम | श्रेणी | पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ३६–२०७४/०७५ | अंग्रेजी भाषा प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ | मान्यता प्राप्त विश्वविद्यालयको मानविकी संकायबाट अंग्रेजीमा स्नातकोत्तर (Master's Degree) वा सो सरह उत्तीर्ण । |
| २ | ३७–२०७४/०७५ | निर्माण/सिभिल प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईन्जिनियरिङ्गमा स्नातक (Bachelor's Degree) वा सो सरह उत्तीर्ण । |
| ३ | ३८–२०७४/०७५ | जियोमेटिक्स/सर्भे प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट जियोमेटिक्स / सर्भे ईन्जिनियरिङ्गमा स्नातक (Bachelor's Degree) वा सो सरह उत्तीर्ण । |
| ४ | ३९–२०७४/०७५ | विद्युत/ईलेक्ट्रिकल प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट ईलेक्ट्रिकल ईन्जिनियरिङ्गमा स्नातक (Bachelor's Degree) वा सो सरह उत्तीर्ण । |
| ५ | ४०–२०७४/०७५ | होटल व्यवस्थापन प्रशिक्षक | अधिकृत स्तर तृतीय प्रा. | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट होटल व्यवस्थापनमा स्नातक (Bachelor's Degree) वा सो सरह उत्तीर्ण । |
| ६ | ४१–२०७४/०७५ | विद्युत/ईलेक्ट्रिकल सहायक प्रशिक्षक | सहायक स्तर प्रथम प्रा. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल ईन्जिनियरिङ्गमा डिप्लोमा तह वा सो सरह उत्तीर्ण । |

**परीक्षाको किसिम:**
- लिखित/प्रयोगात्मक अभ्यास र अन्तवार्ता ।
- परीक्षा कार्यक्रम बारे पछि जानकारी गराइनेछ ।

**विस्तृत जानकारीका लागि:**
फोन नं: ९७७-११-६६४२९०, ६६०८६७ फ्याक्स नं ९७७-११-६६०६२५
Email: nbpi.edu@gmail.com Website: www.nbpi.edu.np

**शिक्षालय प्रमुख**



**नेपाल सरकार**
**देवताल गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**प्रिपाढी गोठ, बारा**
**२ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०७४/१२/२३**

देवताल गाँउपालिकाको लागि यान्त्रिक उपकरण आपूर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना प्रकाशन भै तोकिएको मिति भित्र प्राप्त बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) बमोजिम मुल्याङकन हुँदा तपशिल बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रहरु स्वीकृत हुने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. |
|---|---|---|---|
| १/०७४/०७५ | व्याहको लोडर ९२ एच पि. | FORCE CONSTRUCTION and ASSOCIATES PVT.LTD, LAXMAN BABU, BHAWAN, NAXAL, KATHMANDU, Nepal | रु ४१,९०,००० (एकचालिस लाख नब्बे हजार मात्र) |
| २/०७४/०७५ | ट्रैक्टर हाईड्रोलिक ४० एच पि. | OMINI Automobiles, SHREEPUR-16, BIRGUNG, Nepal | रु १४,९१,००० (चौध लाख एकानब्बे हजार मात्र) |



KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG KANTIPUR MEDIA GROUP

**आवश्यकता**

**के तपाई नेपालकै निजी क्षेत्रको पहिलो तथा अग्रणी मिडिया कम्पनीसँग आवद्ध हुन चाहनु हुन्छ ? यदि चाहनु हुन्छ भने, यस पब्लिकेसन्सको व्यवसाय प्रवर्द्धनको लागि निम्न स्थानमा आफ्नो उम्मेदवारी दिनहोस् ।**

| | | |
|---|---|---|
| काठमाडौं पुरुष/महिला | – | १२५ |
| विराटनगर पुरुष/महिला | – | ५० |
| भरतपुर पुरुष/महिला | – | ५० |
| पोखरा पुरुष/महिला | – | ५० |
| नेपालगञ्ज पुरुष/महिला | – | २५ |

**कम्तिमा प्लस टु उत्तिर्ण भई बजार प्रवर्द्धनमा रुचि तथा अनुभव भएका योग्य तथा इच्छुक नेपाली नागरिकले निम्न उल्लेखित ठेगानामा आफ्नो बायोडाटा नागरिकताको प्रतिलिपि र दुई थान पासपोर्ट साइजको फोटो सहित २०७४ चैत्र ३० गते सम्ममा आवेदन दिनुहोला ।**

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय:**
वरगाछी, बिराटनगर
फ्याक्स: ०२१-४६०१४१
E-mail: kpbiratnagar@kmg.com.np

**मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:**
कारकादो ४, भुजाईगाउँ, नेपालगञ्ज
फोन नं.: ०८१-४११२२२
E-mail: kpnepalgunj@kmg.com.np

**कान्तिपुर पब्लिकेशन्स प्रा.लि.**
मिलनचोक, भरतपुर
फ्याक्स: ०५६-५२८९००
E-mail: kpchitwan@kmg.com.np

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:**
जाल्पारोड, पोखरा
फ्याक्स: ०६१-५२५६५६
E-mail: kpokhara@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.
**मुख्य कार्यालय:**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठामाडौं
E-mail: sales@kmg.com.np


# दुई हातका कथा...

शिक्षण अस्पतालको आकस्मिक कक्षमा विष्ट पुग्नासाथ अत्यावश्यक परीक्षण गरेर तुरुन्त शल्यक्रिया कक्षमा लगेर अप्रेसन सुरु गरियो । अप्रेसनको नेतृत्व गरेका थिए- डाक्टर ईश्वर लोहनीले । लोहनी तिनै चिकित्सक हुन् जसले काटिएको हातलाई नेपालमै पहिलोचोटि जोड्ने अप्रेसन गरेका थिए । उनका अनुसार कुनै पनि काटिएर रक्त सञ्चार नभएको तन्तुलाई यसरी बरफ पानी नपर्ने गरी बेरेर राख्दा ८ देखि १० घण्टासम्म जोगाउन सकिन्छ । विष्टको हातको करिब साढे ६ घण्टा लगाएर अप्रेसन गरियो । उनका दुवै हात जोडिए ।

'अहिले ठीकै छ, औंला चल्न थालेका छन्,' विष्टले जोडिएका आफ्ना हात देखाउँदै भने, 'डाक्टरले फिजियोथेरापी गराउन भन्नुभएको छ, नयाँ जीवन पाएजस्तो लागेको छ । तर, हातले पहिलेजस्तै काम गर्न सक्ने हो कि होइन, डर पनि लागिरहेको छ ।' बुधबारदेखि शिक्षण अस्पतालमै उनको फिजियोथेरापी सुरु भएको छ । 'सबै तन्तु जोडिए पनि हातले राम्रो काम गर्न फिजियोथेरापीको महत्त्वपूर्ण भूमिका रहन्छ,' डा. लोहनीले भने ।

डा. लोहनीले ८ वर्षअघि २०६६ को वैशाखमा पनि छिनिएका दुवै हात जोडेका थिए । त्यसबेला शमशेर कार्कीका हात पनि प्रिन्टिङ मेसिनमा नै काटिएका थिए । त्यसबेला हात जोड्ने अप्रेसनलाई १० घण्टा लागेको थियो । शिक्षण अस्पतालमा दुवै हात जोडिएका विष्ट दोस्रो व्यक्ति हुन् । एउटा मात्रै हात भने यसअघि ७ पटक जोडिएको लोहनीले बताए । यसमध्ये एउटा थियो- कुख्यात गुन्डा नाइके चक्रे मिलनको हात । अर्का गुन्डा नाइके दीपक मनाङेको ग्याङले काटिदिएको हात बोकेर चक्रे आफैं अस्पताल पुगेका थिए ।

लोहनीको नेतृत्वमा भएको यो शल्यक्रियामा प्लास्टिक सर्जन कृष्ण मानन्धर, सर्जरी विभागका रेजिडेन्टहरू प्रशान्त पौडेल, रुद्र दाहाल, इशा दाहाल संलग्न थिए । यस्तै शल्यक्रियामा एनेस्थेसियातर्फ पंकज जोशी, अब्दुल्ला, शिव पौडेल तथा निकिता गुरुङको टिमले सघाएको थियो ।

# भारतको प्रयत्न...

दिल्लीमा प्रधानमन्त्री ओली राष्ट्रपतिको पाहुनाका रूपमा बस्नेछन् । उनी विमानस्थलबाट सीधै राष्ट्रपति भवन जानेछन् । त्यसपछि भारतीय उद्योगी व्यवसायीसँग नेपालमा लगानीको सम्भावनाबारे छलफल गर्ने कार्यक्रमका लागि ताज प्यालेस होटलमा पुग्नेछन् । दिवाभोजसहितको उक्त अन्तरक्रियामा भारतीय व्यवसायी र प्रधानमन्त्रीबीच सवालजवाफ हुनेछ । त्यसपछि प्रधानमन्त्री ओलीले दूतावासमा नेपाली समुदायसँग भेटवार्ता गर्नेछन् । उक्त भेटघाटका अवसरमा भारतमा बस्दै आएका नेपालीले सामना गर्नुपरेका समस्याहरू सम्बोधनका लागि प्रवासी नेपाली संगठनहरूले ओलीलाई ज्ञापनपत्र बुझाउनेछन् ।

त्यसै साँझ नेपाली दूतावासले होटल इम्पेरियलमा आयोजना गर्ने रात्रिभोजमा प्रधानमन्त्री सरिक हुनेछन् । रात्रिभोजमा दिल्लीस्थित कूटनीतिक र राजनीतिक समुदाय सहभागी हुनेछन् । रात्रिभोजअघि प्रधानमन्त्रीलाई भारतीय कंग्रेसका अध्यक्ष राहुल गान्धी र भाजपाका केही शीर्ष नेताले उनी बसेकै भवनमा भेटवार्ता गर्ने जानकारी दिइएको छ । तर यसको अन्तिम टुंगो अझै लागेको छैन । समय तलमाथि पर्न सक्ने अधिकारीहरूले बताए ।

शनिबार बिहान गार्ड अफ अनरपछि प्रधानमन्त्री ओली राजघाटस्थित महात्मा गान्धीको समाधिस्थल सहभागी हुने कार्यक्रम तय छ । प्रधानमन्त्री मोदीसँग उनको औपचारिक वार्ता हैदराबाद हाउसमा हुनेछ । मोदीसँग सुरुमा एक्लाएक्लै, सीमित अधिकारीसहित र पछि औपचारिक प्रतिनिधिमण्डलबीच गरेर तीन चरणमा वार्ता हुने कार्यक्रम छ । दुई देशबीच हुने सम्झौता तथा पत्र आदानप्रदानसम्बन्धी कार्यक्रम भने अझै तय भएको छैन ।

परराष्ट्र मन्त्रालयले ९ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् परियोजना र इन्टिग्रेटेट चेकपोस्टको स्विच अन गरेर दिल्लीबाटै शिलान्यास गर्ने सहमति भएको जनाएको छ । कृषिको आधुनिकीकरणमा सहयोग, रक्सौलबाहेक नेपालगन्ज, सुनौली र जोगबनीसम्म बल्क कार्गो ल्याउने तथा दिल्ली कोलकाता-काठमाडौं रेल सेवा विस्तारसम्बन्धी सम्झौताको गृहकार्य पनि जारी छ । त्यसको बिहीबार अबेरसम्म टुंगो लागेको छैन ।

सम्झौतालगायत अन्य विषयमा छलफल गर्न कार्यवाहक राजदूत भरतकुमार रेग्मीको साथ दिन दक्षिण एसिया महाशाखा प्रमुख भृगु ढुंगाना दिल्ली आइसकेका छन् । उनीहरूले सम्झौताको विषयमा छलफल गर्ने अधिकारीहरूले बताए ।

कृषि क्षेत्र सम्बन्धित समझदारी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, आवश्यक जनशक्ति उत्पादन र प्रविधि हस्तान्तरणमा केन्द्रित हुने भनिए पनि टुंगो लाग्न भने सकेको छैन । प्रधानमन्त्रीलाई शनिबारै भारतीय विदेशमन्त्री सुष्मा स्वराज, गृहमन्त्री राजनाथ सिंह र वित्तमन्त्री अरुण जेट्लीलगायतले बेग्लाबेग्लै शिष्टाचार भेट गर्नेछन् । उनले शनिबारको औपचारिक कार्यक्रम सकेर नेपाली सञ्चारकर्मीहरूसँग पनि अन्तरक्रिया गर्नेछन् । त्यसलगत्तै उनलाई इन्डिया फाउन्डेसनले नागरिक अभिनन्दनसमेत गर्नेछ । आइतबार उनी उत्तराखण्डको पन्त नगरको कृषि विश्व विद्यालय पुग्ने र मानार्थ विद्यावारिधिको उपाधि लिएर दिल्ली हुँदै काठमाडौं फर्कनेछन् ।

# ‘कसले दिन्छ फ्री भिसा ?’

ज्ञानबहादुरले आफूलाई पठाउने म्यानपावर कम्पनीसँग ‘फ्री भिसा, फ्री टिकट’ को कुरा निकाले, १० हजार मात्र लाग्ने होइन र भन्दा म्यानपावरले भन्यो, ‘जसले १० हजारमा उडाउँछ, त्यसैकहाँ जानू, हामी सक्दैनौं’

■ होम कार्की

काठमाडौं- सरकारले खाडी मुलुक र मलेसिया नेपाली कामदार पठाउँदा भिसा शुल्क र टिकट खर्च लिन नपाइने व्यवस्था गरेको वर्षौं भयो, तर म्यानपावर कम्पनीलाई लाखौं नबुझाई विदेश उडेका कामदार भेट्न मुस्किलै छ। सरकारले लगाएको ‘फ्री भिसा, फ्री टिकटको’ को नियम म्यानपावर कम्पनीहरूले ठाडै उल्लंघन गरिरहेका छन् भन्ने प्रमाण हुन्- बुटवलका २८ वर्षीय ज्ञानबहादुर थापा।

एक लाख रुपैयाँ असुलेर ओमन पुर्‍याई अलपत्र पारिएका उनी जसोतसो नेपाल फर्किएका छन् तर उनलाई साहुको ऋण तिर्न फेरि विदेश नगई धर छैन। जान त जाने तर कसरी ? लाख घटीले उडिन्न। उनी सोध्छन्, ‘खै कुन म्यानपावरले पठाउँछ फ्री भिसा, फ्री टिकटमा विदेश ?’

**यस्तो छ ज्ञानबहादुरको कथा**

‘ओमनबाट स्काफफोल्डिङको भिसा आएको छ। कम्पनी राम्रै छ,’ नजिकका एक नातेदारले बुटवलका २८ वर्षीय ज्ञानबहादुर थापालाई खबर गरे, ‘मेरै साथीको म्यानपावरले पठाउने हो।’ निर्माण क्षेत्रमा सबैभन्दा जटिल र कठिन मानिने स्काफफोल्डिङको काम ५ वर्ष दुबईमा गरेको अनुभव उनीसँग थियो। त्यहाँ ५ सय ५० रियाल (करिब १५ हजार रुपैयाँ) पाउँथे। त्यति कम तलबमा पसिना र धेरै समय खेर फाल्न मन लागेन।

फर्किएर भारतको चेन्नईको एक होटलमा कुकको काम गर्न पुगे। तलब १५ हजार भारु। तर टाटुका सौखिन थापालाई त्यही टाटुले होटलमा करिअर बनाउन रोक्यो। हालै सिनामंगल काठमाडौंमा भेटिएका थापाले भने, ‘होटलमा प्रवेश रोकिएपछि आफूले जानेको त्यही स्काफफोल्डिङकै काममा फर्कने विचार गरिरहेको थिएँ, ओमनको अफर आयो।’

नातेदारका साथीको म्यानपावर भनेपछि विश्वासिलो नै लाग्यो थापालाई। तैपनि, कम्पनीबारे बुझ्न बुटवलबाट काठमाडौं आए। अनेस्टी ओभरसिजले ‘मुवाराद वादी हिवी मोर्डन ट्रेड’ नामको कम्पनीको मागपत्र ल्याएको थियो। कम्पनीको करारपत्र हेरे। तलब १ सय २० ओमनी रियाल (करिब ३३ हजार रुपैयाँ) लेखिएको रहेछ। काम स्काफफोल्डिङ, दैनिक ८ घण्टा। स्वास्थ्य उपचार, खानबस्न, बिमा, टिकट कम्पनीबाटै उपलब्ध गराइने।

‘कागज नै हेरेपछि विश्वास भयो, करारपत्रमा यति भएपछि समस्या नपर्ला,’ उनले सोचे। म्यानपावरले अन्तर्वार्तामा बोलायो। कम्पनीबाटै अन्तर्वार्ता लिन आउने खबरले विश्वास झन् बढायो तर म्यानपावर पुग्दा कम्पनीका प्रतिनिधि थिएनन्। सञ्चालक फारुख खानले उनलाई सोधे, ‘के हो स्काफफोल्डिङ ?’

‘स्काफफोल्डिङ फलाम जोड्दै आवश्यकताअनुसार फिक्स टावर बनाउने काम हो,’ अन्तर्वार्ताका क्रममा थापाले जवाफ दिए, ‘मलाई तीन जना सहयोगी र फलाम दिनुस्। यहीँ बनाएर देखाइदिन्छु।’

‘तिमी उता (ओमन) पुगेर यही भन्न सक्छौ ?,’ उनले फेरि सोधे।

‘भनेर होइन, गरेर देखाइदिन्छु,’ थापाले भने। उनी अन्तर्वार्तामा पास भए। म्यानपावरले सेवा शुल्कबापत १ लाख रुपैयाँ माग्यो।

‘कम्पनी राम्रो छ, अरूलाई १ लाख २० हजारभन्दा तल गरेको छैन। तिमी आफ्नो मान्छे भएर १ लाखमै मिलाइदिएको,’ आफन्तले भने।

थापाले म्यानपावरसँग मसिनो स्वरमा ‘फ्रि भिसा, फ्रि टिकट’ सुविधाबारे कुरा उठाए। सरकारले १० हजार रुपैयाँ मात्र सेवा शुल्क तोकेको, थप कुनै शुल्क नलाग्ने स्मरण गराए। ‘जुन म्यानपावरले १० हजारमा उडाउँछ, त्यसैबाट जानू,’ म्यानपावर मालिकले ठूलो स्वरमा जवाफ दिए।

बाआमा, श्रीमती र ५ वर्षे छोरीसहितको परिवारको पालनपोषणको जिम्मा थियो। ‘काम राम्रो भए कमाएर तिरौंला,’ उनले सोचे। उड्नुअघि मात्रै म्यानपावरले कागजात हातमा थमायो। म्यानपावरलाई बुझाएको सहित गर्दा डेढ लाख खर्च भयो।

गत डिसेम्बर २६ मा थापा ‘छोरालाई दिन नलागोस्, ऋण लागेर केही हुँदैन’ सोच्दै ओमन उडे।

●●●

काठमाडौंबाट ओमनको राजधानी मस्कटको सीधा उडान जम्मा तीन घण्टाको हो तर ज्ञानबहादुरलाई जेट एयरलाइन्सले काठमाडौं-मुम्बई-मस्कटको रुटबाट १२ घण्टामा पुर्‍यायो। ८ घण्टा मुम्बईमै अडकिए। मस्कट विमानस्थल उत्रँदा रात परेको थियो। उनीभन्दा पहिले यही म्यानपावरबाट यसै कम्पनीमा काम गर्न आएका शेरबहादुर खत्री बंगाली ड्राइभर लिएर लिन आए।

गाडीले तीन घण्टामा मस्कटबाट १ सय ६५ किमि टाढा सोहार पुर्‍यायो।

त्यहाँ पुगेर नेपाली कामदारहरू बसेको कोठाको हालत देख्दा उनलाई अत्यास लाग्यो। एउटा पुरानो टहराको कोठा थियो। भित्तामा किला ठोकेर लुगा झुन्ड्याइएका थिए। सुत्ने खाट थिएन। भुइँमा फर्म बिछ्याइएको थियो। सडेगलेको सिरानी। ओढ्ने एउटा टावेल।

‘हाम्रो बाख्रा गोठ बरु सफा हुन्छ,’ उनले भने, ‘रातभर उडुसले टोकेर सुत्नै दिएन।’

भोलिपल्ट थाहा भयो, पहिलो लटमा आएका नेपाली कामविहीन भएर बसेका रहेछन्। ‘हामीले म्यानपावरलाई उजुरी गरेका छौं,’ शेरबहादुरले भने, ‘तिमीहरू किन आएको ?’

कामको टुंगो थिएन। खानाको प्रबन्ध थिएन। ज्ञानबहादुरले नातेदारलाई अवस्था दर्साए। म्यानपावरलाई भिडियो खिचेर पठाए। कुनै सुनुवाइ भएन। बरु तेस्रो लटका कामदार आइपुगे। अब टहरामा अलपत्र पर्नेको संख्या २० पुग्यो।

कम्पनी खोज्दै सोहार सहरका गल्ली चहार्न थाले उनीहरू। बंगालीले कम्पनीको अफिस लगिदिए। एउटा साँघुरो कोठा थियो। कोठाभित्र एउटा कुर्सी, एउटा टेबल र एउटा कम्प्युटर थियो। भित्तामा कपडा झुन्ड्याइएको थियो। भुइँमा बंगालीहरू लम्पसार सुतिरहेका थिए।

‘अफिसमा किन मान्छे सुतिरहेको ?,’ उनले सोधे, ‘बोन्धु तुम किदार फस्गाए ?’ एउटा बंगालीले भन्यो। बंगाली कामदारले तलब नपाएको ७ महिना भएको, पैसा तिर्न नसकेर होटलले खाना खुवाउन छाडेको बताए। ‘म त छाँगाबाट खसेझैं भएँ। जिन्दगीमा कहाँ आएर फसियो भन्ने लाग्यो,’ थापाले सुनाए।

बुझ्दा थाहा भयो, कस्तो कम्पनीमा कामदार पठाउँदै छौं भन्ने म्यानपावरलाई नै थाहा रहेनछ। कम्पनीसँग सिधा ‘डिल’ पनि गरेको रहेनछ। साउदीमा रहेका एक दलालमार्फत अनेस्टीले भिसा पाएको थियो।

पठाइएको कम्पनीका साहु सजिलै सम्पर्कमा आउने खालका थिएनन्। आक्कलझुक्कल आइहाले कामको खोजी भइरहेको बताएर पन्छिन्थे। कामदारको दुई समूह बन्यो, एउटामा ९ जना र अर्कोमा ११ जना। कम्पनीले काम दिलाउने भन्दै यम चौहानसहितको ११ जनाको समूहलाई मस्कट नजिकको ठाउँमा लिएर गयो। ज्ञानबहादुरको ९ जनाको टोलीलाई सुरतिर।

चौहानको टोलीलाई बाटो खन्न लगाइयो, उनीहरूले मानेनन्। मालिकले कोठामा पनि बस्न दिएन। कसोकसो गैरआवासीय नेपाली संघ, बुद्धभिजन, ओमन नेपाली एकता समाजको सम्पर्कले उनीहरू मस्कट आइपुगे। दूतावासमा बस्ने सेल्टर थिएन। ११ जनामध्ये ५ जना बुद्धभिजन र ६ जनालाई गैरआवासीय नेपाली संघले आश्रय दिएर राख्यो।

मस्कटस्थित नेपाली दूतावासले कम्पनी मालिकलाई भनिएको काम र तलब दिन नसक्ने भए नेपाल फर्काइदिन अनुरोध गर्‍यो। कम्पनीले म्यानपावरलाई दोष लगायो। ‘जे काम दियो, त्यही गर्नुपर्ने’ अडान कम्पनीले लियो। म्यानपावरले २७ सय ओमनी रियाल अर्थात् ७ लाख ३१ हजार रुपैयाँ कम्पनीलाई बुझाए मात्रै कामदार नेपाल पठाइदिने अडान लियो। कामदारको राहदानी फिर्ता गर्न मानेन। दूतावासमार्फत कामदारहरूले कम्पनीविरुद्ध श्रम अदालतमा मुद्दा हाले।

उता, ज्ञानबहादुरको ९ जनाको टोलीलाई क्याप कम्पनीमा स्काफफोल्डिङ कामका लागि लगियो। अन्तर्वार्ता पास भएर काममा जाँदा ‘तिमीहरू आएको सप्लाई कम्पनीको बिमा छैन’ भन्दै काम गर्न दिइएन। ‘भित्र दुर्घटना भयो भने जिम्मेवारी लिने कोही छैन’ भन्दै साइटका सुरक्षा अधिकारीले फर्काइदिए।

ज्ञानबहादुर क्यापको नक्कली परिचयपत्र बनाएर म्याथनोल कम्पनीको ग्यास प्लान्टमा छिरे। क्याप कम्पनीमा स्काफफोल्डिङ काम गर्ने नेपाली मात्रै थिए। धेरै खोजबिन भएन। काम थालेको २० दिनमा उनी समातिए। ‘हाम्रो आईडीमा कुल्ली लेखेको रहेछ। कुल्लीलाई स्काफफोल्डिङको काम कसरी लगायो भन्दै निकाल्यो,’ उनले सुनाए।

निकालिएपछि क्यापको क्याम्पमा बस्न पाइएन। खल्तीमा सय ओमनी रियाल थियो। कम्पनी मालिक सम्पर्कमै आएन। सुरमा कार्यरत गौतम खडकाले गाडीको प्रबन्ध मिलाएर मस्टक पठाइदिए। ‘नेपाली संस्थाका दाइहरू खोज्दै मस्कट आइपुगे,’ उनले भने। उनी मस्कट पुग्दा ११ जनाको अर्को टोली नेपाल फर्किइसकेको थियो।

८ जनाको ज्ञानबहादुरको टोलीलाई प्रवासी नेपाली मञ्चले आश्रय दियो। दूतावासले नेपाल फर्काउने प्रक्रिया सुरु गरेको एक हप्तामै उनीहरू नेपाल फिर्न पाए। टिकट म्यानपावरले नै पठाइदियो। ओमनीले पासपोर्ट फिर्ता दिएन, दूतावासले ट्राभल डकुमेन्ट बनाइदियो।

●●●

एउटा म्यानपावरको हेलचेक्र्याइँले नेपाली कामदार अलपत्र परे। जसोतसो १९ जना सकुशल काठमाडौं फिरे। एक जना अझै ओमनमै अल्झेका छन्। त्यत्रो हन्डर खाएर फर्केका ज्ञानबहादुरलाई अहिले बुटवल जाने आँट छैन। ‘छोरीलाई कहिले भेटौंजस्तो भएको छ। सम्झँदा मन थामिँदैन,’ उनले भने, ‘तर रित्तो हात कसरी जाऊँ ? साहु मुख आँ गरेर बसेको छ।’

उनी न्याय र क्षतिपूर्तिका लागि वैदेशिक रोजगार विभाग पनि पुगेका छैनन्। अझै म्यानपावरकै भरमा छन्। म्यानपावरले अर्को देश पठाइदिने आश्वासन दिएको छ। ‘राहदानी बनाउन निवेदन दिइसकेको छु, अब फेरि कुनै देश जानुपर्‍यो, लाख घटी भन्दैनन्,’ उनले सोधे, ‘शून्य लागतमा पठाइदिने म्यानपावर भेटेको छैन। त्यस्तो म्यानपावर खोज्न कहाँ जाने ?’



ओमनको सोहारमा अलपत्र ज्ञानबहादुरसहितको टोली। उनीहरूलाई दूतावासले दुई चरणमा उद्धार गरी फर्काएको छ।

# ‘पीजी’ को शुल्क बढाउन चलखेल

कान्तिपुर संवाददाता

काठमाडौं- त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद् र चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) का पदाधिकारीले मेडिकल शिक्षा स्नातकोत्तर (पीजी) को शुल्क वृद्धिका लागि चलखेल सुरु गरेका छन्। सरकारले ५ महिनाअघि मेडिकल शिक्षामा स्नातकोत्तर अध्ययनका लागि २३ लाख शुल्क निर्धारण गरिसकेको छ। त्रिवि र आईओएम भने अर्को निर्णय गरेर शुल्क बढाउने तयारीमा छन्।

विश्वविद्यालय ऐनको दफा १४ को ‘च’ मा सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययन गर्ने कलेजको शुल्क कार्यकारी परिषद्ले तोक्ने र विश्वविद्यालयले अनुगमन गर्ने उल्लेख छ। सरकारले तोकेको शुल्कको हकमा सोहीबमोजिम हुने नियममा व्यवस्था छ। सरकारले शुल्क तोके त्यही कार्यान्वयन गर्नुपर्ने कानुनी प्रावधानविपरीत शुल्क बढाउने तयारी भएको हो।

चिकित्सा शिक्षामा सुधार माग गर्दै पटकपटक अनशन बसेका डा. गोविन्द केसी र सरकारद्वारा गठित वार्ता समितिबीच ०७४ कात्तिक १ मा भएको सहमतिअनुसार २३ लाख शुल्क निर्धारण गरिएको हो। उक्त सहमतिमा भनिएको छ, ‘मन्त्रिपरिषद्को ०७२ भदौ ३१ को निर्णयअनुसार देशका सबै मेडिकल कलेजमा स्नातकोत्तर तहमा हाल काठमाडौं विश्वविद्यालयले लिने गरेको शुल्कसरह २३ लाख तोक्ने, साथै सोबापत सम्बन्धित कलेजले एमडी तहका विद्यार्थीलाई समुचित निर्वाह भत्ता दिनुपर्ने।’ यो सहमतिलाई कात्तिक ६ मा बसेको मन्त्रिपरिषद् बैठकले स्वामित्व ग्रहण गरेर कार्यान्वयन प्रक्रिया अघि बढाउन स्वीकृति प्रदान गरेको थियो। शिक्षा मन्त्रालयले मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न भन्दै असोज १२ मा त्रिविका उपकुलपतिलाई समेत पत्राचार गरिसकेको छ। तर, निजी कलेजको प्रभावमा त्रिवि पदाधिकारीले शुल्क र सिट निर्धारण गरेका छैनन्। आईओएमले स्नातकोत्तर तह अध्ययन गर्न चाहने विद्यार्थीको परीक्षा लिएर नतिजासमेत सार्वजनिक गरिसकेको छ। विद्यार्थीहरू सिट निर्धारणपछि काउन्सिलिङमा जाने तयारीमा छन्। त्रिविले शुल्क र सिट निर्धारण नगर्दा विद्यार्थीको

**त्रिवि कार्यकारी परिषद् र आईओएमका पदाधिकारी कानुनविपरीत शुल्क बढाउने तयारीमा**

काउन्सिलिङसमेत प्रभावित भएको छ। आईओएमका डिन डा. जगदीश अग्रवालले शुल्क र सिट निर्धारण प्रक्रियामै रहेको बताए।

त्रिविले गत वर्ष महाराजगन्ज क्याम्पसमा २६ लाख र सम्बन्धन प्राप्त कलेजमा ३१ लाख शुल्क निर्धारण गरेको थियो। शुल्क निर्धारण नहुँदा कलेजहरूले एक करोड रुपैयाँसम्म शुल्क लिने गरेका थिए। त्रिविमा गत वर्षसम्म महाराजगन्ज क्याम्पस, वीरगन्जको नेसनल र भैरहवाको युनिभर्सलमा स्नात्तकोतर तहको कार्यक्रम अध्यापन हुन्थ्यो। यसपालि सेनाको मेडिकल कलेज, चितवन मेडिकल कलेज, गण्डकी र किस्ट मेडिकल कलेजले स्नातकोत्तर अध्यापन अनुमति पाएका छन्।

# ‘नवौं संशोधन खारेज गर’

काठमाडौं (कास)- तीन विद्यार्थी संगठनले शिक्षा ऐनको दसौं संशोधन माग गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई बिहीबार ज्ञापनपत्र बुझाएका छन्। उनीहरूले विवादित नवौं संशोधन खारेज गर्नसमेत माग गरेका छन्।

नवौं संशोधन विद्यार्थीको हितविपरीत रहेको भन्दै ती संगठनले संयुक्त विज्ञप्तिमार्फत संघर्षका कार्यक्रमसमेत घोषणा गरेका छन्। उनीहरूले आफ्ना मागबारे संघीय संसदका सबै सदस्यलाई पत्राचार गर्ने जनाएका छन्।

अनेरास्ववियु, नेविसंघ र अखिल क्रान्तिकारीका विद्यार्थीको संयुक्त बैठकले विवादित शिक्षा ऐनको नवौं संशोधन र निजी विद्यालयहरूले असुल्ने चर्को शुल्कका विरुद्ध संघर्ष तय गरेको हो। शिक्षक स्थायी गर्दा ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत मात्र खुला प्रतिस्पर्धा गराउने प्रावधान रहेको ऐन युवा विद्यार्थी हितविपरीत रहेको उनीहरूको ठहर छ।

ती विद्यार्थी संगठनले निजी विद्यालयहरूले मनोमानी वृद्धि गरेको शुल्क खारेज गर्नसमेत माग गरेका छन्। विद्यालयले उठाउने शुल्कको नियमन गर्न शक्तिशाली अनुगमन समिति गठनका साथै त्यस्ता विद्यालयलाई कारबाही गर्नसमेत विज्ञप्तिमा माग गरिएको छ। उनीहरूले शुल्क वृद्धि खारेज गर्न ७ सय ५३ वटै स्थानीय तहमा समेत ज्ञापनपत्र बुझाउने जनाएका छन्। शुल्क वृद्धिबारे विद्यार्थी संघसंठनका कार्यालयमा उजुरी गर्न अभिभावकलाई अपिल गरिएको छ। ज्ञापनपत्र बुझेपछि मन्त्री पोखरेलले चर्को शुल्क लिने निजी विद्यालयलाई कारबाही गर्ने आश्वासन दिएका थिए। संघीय शिक्षा ऐन ल्याउँदा विद्यार्थीको माग पुनर्विचार गर्न सकिने उनले बताए।

# बाघको बासस्थान उचाइतिर

■ अब्दुल्लाह मियाँ

काठमाडौं- भुटानमा ४ हजार २ सय मिटरको उचाइमै पाटेबाघ पुगेपछि नेपाल र भारतमा पनि त्यो सम्भावना रहेको भन्दै अनुसन्धान गर्न लागिएको छ। नेपालसहित भारत र भुटानका अधिकारी र विशेषज्ञहरूले दुई दिन भुटानको थिम्पुमा छलफल गरी उच्च भागमा पनि बाघको अनुसन्धान गर्ने निष्कर्ष निकालेका हुन्।

नेपाल, भुटान र भारतका उच्च भाग (हाई अल्टिच्युड) मा बाघबारे सँगै अनुसन्धान अघि बढाउने उद्देश्यका साथ ग्लोबल टाइगर फोरम (जीटीएफ) ले मंगलबार र बुधबार थिम्पुमा प्राविधिक छलफल गराएको थियो। छलफलमा नेपालबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिस्ट लक्ष्मण पौड्याल र राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) का डा. सिद्धार्थबज्र बज्राचार्य सहभागी थिए।



‘नेपाल र भारतका बाघ पनि तल्लो भागबाट माथितिर उकालो लागिरहेको सम्भावनाबारे बृहत् छलफल भयो,’ इकोलोजिस्ट पौड्यालले कान्तिपुरसित भने, ‘ती बाघको अनुसन्धान के कसरी गर्न सकिन्छ भनेर प्राविधिक छलफल भयो, अब अनुसन्धान सुरु हुन्छ।’ अनुसन्धानका लागि नेपाल, भारत र भुटानमा सँगै परियोजना सञ्चालन हुनेछ। डब्लूडब्लूएफ नेपालका बाघविज्ञ डा. कञ्चन थापाका अनुसार राम्रो बासस्थान, आहार प्रजातिको उपलब्धता र कोलाहल नहुने हो भने बाघ उच्च भागसम्मै जान सक्छ। ‘भुटान र हामीकहाँ बाघ रहेको तल्लो तटीय बासस्थान लगभग उस्तै हो,’ थापाले भने, ‘त्यहाँ (भुटान) उच्च भागसम्मै बासस्थानको कनेक्टिभिटी राम्रो भएकैले ४ हजार उचाइ माथि पुगेको हो।’ भारतको उत्तराखण्डअन्तर्गत धार्चुलामा पनि २ हजार ९ सय मिटरको उचाइमा बाघ भेटिएको छ।

बाघ अधिक रहेको नेपाल र भारतका निकुञ्ज/आरक्षको तल्लो तटीय भाग भने करिब एकदेखि दुई सय मिटरको हाराहारी मात्र हो। भुटानको तल्लो तटीय भाग पनि नेपालको जस्तै हो। थापाका अनुसार अहिलेसम्मको अध्ययनले नेपालमा चुरेको ८ सय मिटरसम्म मात्र पाटेबाघ पुगेको रेकर्ड छ। ‘उही बाघ भुटानमा ४ हजार मिटरमा पुग्न सक्छ भने हाम्रा बाघ पनि माथि उक्लन सक्छन्,’ थापाको भनाइ छ, ‘त्यसबारे जान्न विस्तृत अध्ययन आवश्यक छ।’

एनटीएनसीका वन्यजन्तु विज्ञ डा. नरेश सुवेदीले नेपाल र भारतका बाघ पनि तल्लो तटीय क्षेत्रबाट उच्च भागतिर लम्किरहेको सम्भावनालाई मध्यनजर गर्दै त्यसबारे अनुसन्धान गर्नु सान्दर्भिक हुने टिप्पणी गरे। ‘चितवनदेखि अन्नपूर्ण क्षेत्रसम्मै वन क्षेत्र (वासस्थान) राम्रो र बाघको आहारको उपलब्धता हुने हो भने तलका बाघ माथि जान र बाँच्न सक्छन्,’ सुवेदीले भने।

जीटीएफद्वारा आयोजित छलफलमा बाघको अनुसन्धान र संरक्षणमा काम गर्ने संस्था र विज्ञदेखि सरकारी अधिकारी गरी करिब २० जना सहभागी थिए।

29 years of excellence
CAMBRIDGE BRIDGE COURSE
For SEE appeared students!
St. Xavier's Preparation
Advanced Science Course
Smart Mgmt Course
10+2 Entrance Preparation
A- Level Bridge Course
Staff Nurse / H.A./Overseer
Exceptional Performance in Entrance Preparation since 1989

Cambridge Institute is a right place to help students not only to fulfill gap between School and college but also prepare the students for Entrance exam fully to get admission in reputed colleges or college of your preference in +2 or A Level.

**Our Success Results!**

| | 2014 | 2015 | 2016 | 2017 |
|---|---|---|---|---|
| St. Xavier's | 249 | 267 | 288 | **292** |
| Budhanilkantha | 37 | 34 | 35 | **38** |
| SOS | 38 | 49 | 53 | **64** |

Scholarship Test : **23th & 24th Chaitra 2074**
New Class start : **24th Chaitra 2074**

*Online registration:* ***www.cambridge.edu.np***

सार्वजनिक विदा र शनिवार पनि खुल्ला हुनेछ।

**Features**
- High success rate in competitive examination
- Expert and Experienced faculty members
- Excellent Study materials: Books, 54 sets model questions, 20000 questions practice
- Daily tests and weekly tests based on of St. Xavier's, Budhanilkantha & SOS entrance exam pattern with special Cash prize.
- Personality Development, Seminars, ECA and field trips

**Scholarship**
- **50 Full Scholarship** based on Cambridge scholarship tests.
- **Merit based Scholarship: 100%, 75%** & **50%** scholarship for School **sent -up 1st, 2nd** & **3th toppers** respectively.
- **Special honors** for school top 10 students (For first 100 students)

CAMBRIDGE INSTITUTE since 1989
शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त संस्था
नयाँ बानेश्वर (Shree Krishna Sadan-2nd Floor Next to Everest Hotel) Tel:01-4785324 9843456610
चाबहिल चौक (Opp. to Medicare Hospital) Tel:01-4461965 9851087235
बागबजार (Above Everest Bank) Tel: 01-4212808 9851046905
National Network: Birgunj: Ghantaghar Chowk, Tel: 051-522021

23 Years of Excellence!
Your Best Pathway to Higher Education
INTEL BRIDGE COURSE
SEE Students Awaiting Results
Advanced Science Course
Advanced Management Course
10+2 Entrance Preparation
A-Levels Bridge Course

The **INTEL BRIDGE COURSE** prepares you fully to get admission to your target college. Alongside this Course builds a sound academic foundation with clear concepts of the +2 or A Level curricula.

**Our Outstanding Results !**

| Years | 2014 | 2015 | 2016 | 2017 |
|---|---|---|---|---|
| St. Xavier's Campus | 317 | 310 | 310 | **315** |
| Budhanilkantha School | 20 | 26 | 44 | **40** |
| SOS | 94 | 73 | 81 | **104** |

Scholarship Test: **7 April 2018 (24 Chaitra 2074)**
Courses Start: **6 April 2018 (23 Chaitra 2074)**

**Features**
- Highly successful coaching by experienced faculty
- Purposeful classes, focused study, regular exams, periodical reviews & feedback
- Ample study materials: 6 books, 12 model question-sets, and CDs with well over 3000 questions
- Model Tests every Saturday based on St. Xavier's, Budhanilkantha, and SOS entrance exam patterns with motivating Cash Prizes
- Additional features: Personality Development, Counseling, and Contests

**Scholarships**
- **Full Scholarships** based on our Scholarship Tests
- **50% & 25%** scholarships awarded to school **sent- up toppers** & **2nd toppers** respectively on first-come-first-basis.

www.intelinstitute.com
INTEL INSTITUTE
Bagbazar, Kathmandu
Tel: 4243944/4249090
Intel Pokhara
Mahendrapul, Bastolathar
Opposite of Om Hospital, Tel: 061-526844
The Premier Institute in Nepal for Bridge Courses

## सम्पादकीय

# प्रदेशसभाले चिन्नुपर्ने अधिकार

मुलुकका नवनिर्वाचित प्रदेशसभाहरूको बैठक बस्न थालेको करिब दुई महिना भइसक्दा पनि संसदीय कामकारबाही बुझेका अनुभवी कर्मचारीहरूको अभाव अझै पूर्ति हुन सकेको छैन । संसद् सञ्चालनको विधि र प्रक्रिया बुझेका कर्मचारीको खाँचो यतिसम्म छ कि प्रदेशसभा बैठक नै जेनतेन चलाउन पनि मुस्किल पर्ने अवस्था छ । मुलुकमा पहिलो पटक संघीय संरचनाको अभ्यास सुरु भएकाले स्थानीय तह र प्रदेशका सबैजसो निकायमा आवश्यक कर्मचारी पुगिसकेका छैनन् । तर, प्रदेशसभामा बैठक नै सञ्चालन गर्न समस्या हुने गरी देखिएको कर्मचारी अभाव भने बढी नै पेचिलो छ । प्रदेशअन्तर्गतका सबै निकायको व्यवस्थापनका लागि चाहिने आवश्यक ऐन/कानुन बनाउने थलोकै कामकारबाही अड्किएको विषय गम्भीर छ ।

एकातिर, प्रदेशसभाहरूमा विभिन्न विधेयक पेस भएको अवस्था छ भने अर्कातिर नीति तथा कार्यक्रमको तयारी गर्नुपर्ने समय आएको छ तर सबै प्रदेशसभाले सामना गरेको चुनौती उही छ, अनुभवी कर्मचारी अभाव । यसकै कारण पेस भइसकेका विधेयकहरू पनि अघि बढ्न सकेका छैनन् । देशको राजधानीसमेत पर्ने तीन नम्बर प्रदेशमै संसदीय सेवा बुझेका दक्ष जनशक्ति अभाव भएकैले फागुन १४ गते स्थगित भएको प्रदेशसभा चैत १३ गते मात्र बसेको थियो । संघीय संसद्बाट सात दिनका लागि गएका उपसचिव फर्किएपछि प्रदेशसभा फेरि संसद् सेवाका अधिकारीको पर्खाइमा छ । अरू प्रदेशहरूको हालत पनि उही छ ।

प्रदेशसभाहरूमा दरबन्दीको आधा कर्मचारी पनि उपलब्ध छैनन् । भएकाहरू पनि संसद् सेवाका छैनन् । कर्मचारी अभावमै प्रदेशमा संसदीय दलका कार्यालयहरू पनि खुल्न सकेका छैनन् । दक्ष कर्मचारी अभावमा प्रदेश संसद्हरू 'बिजनेस' विहीन भएपछि मुख्यमन्त्री र सभामुखहरूले संघीय संसद् सचिवालयसँग कर्मचारी पठाइदिन अनुरोध गरेका थिए । उनीहरूले यही विषयमा प्रधानमन्त्रीलाई समेत पत्र लेखेका थिए । केन्द्रीय सरकारले पनि प्रत्येक प्रदेशमा दुई/दुई जनाका दरले कर्मचारी पठाउन संघीय संसद् सचिवालयलाई पत्राचार गरेको थियो । तर, त्यसअनुसार स्थायी रूपमा प्रदेशहरूमा कर्मचारी पुगेका छैनन् । आफूहरू व्यवस्थापिका–संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ अनुसार गठित संसद् सेवाको कर्मचारी भएको भन्दै उनीहरूले प्रदेशसभाको दरबन्दीमा जान अटेर गरिरहेका छन् । उनीहरू समायोजन वा सेवा परिवर्तन गरेर मात्रै जाने पक्षमा छन् । प्रदेशका मुख्यमन्त्री र सभामुखहरूले संघीय संसद् सचिवालयका कर्मचारीहरूको सेवा संसद्बाट प्रशासनमा परिवर्तन गरेर भए पनि प्रदेशसभामा खटाउन प्रधानमन्त्रीलाई अनुरोध गरेका थिए तर यसतर्फ अहिलेसम्म आवश्यक कदम अघि बढ्न सकेको छैन ।

यसरी एकातर्फ प्रदेशमा कर्मचारीहरू पुग्नै सकेका छैनन् भने अर्कातिर पुगेका कर्मचारीहरूमा पनि सभा सञ्चालनसम्बन्धी आवश्यक ज्ञान र सीप छैन । प्रदेशसभाहरूमा सुरुका बैठक सञ्चालन गर्न संघीय संसद् सचिवालयबाट सहसचिवको नेतृत्वमा ४ जनाका दरले कर्मचारीहरू खटिएका थिए । तीमध्ये सहसचिवहरू १५ दिन र अन्य कर्मचारी एक महिना बसेर फिर्ता भए । त्यसपछि फागुन दोस्रो सातायता प्रदेशसभामा प्रशासनिक सेवाका कर्मचारीहरू मात्र छन्, उनीहरूसँग संसद् सञ्चालनसम्बन्धी आवश्यक सम्पूर्ण जानकारी नहुनु स्वाभाविकै छ । प्रदेशहरूमा गठन हुने लोकसेवा आयोगले प्रदेश संसद्को सचिवालयका लागि आवश्यक कर्मचारी भर्ना गर्न सक्छ । कानुन नबनेकाले यस्ता आयोग बन्न सकेका छैनन् तर अहिलेको मुख्य समस्या तत्कालका बैठकहरू कसरी गर्ने भन्ने हो । बैठक सञ्चालनका लागि संसद्का कामकारबाही बुझेका अधिकारीहरू किन पनि आवश्यक हुन्छ भने सभामुखले रोस्ट्रममा बसेर बैठक चलाउँदा पढ्नुपर्ने विवरण यिनै कर्मचारीले तयार पार्नुपर्छ । त्यही भएर प्रदेशहरूले संसद् सेवामा काम गरेका अनुभवी कर्मचारी खोजेका हुन् ।

यहाँ मुख्य सवाल के छ भने भर्खरै बनेका प्रदेशसभाहरूमा संसद् सेवा बुझेका दक्ष जनशक्तिको अभाव हुनु जति स्वाभाविक छ, प्रदेश सरकारले संविधानतः आफूमा भएको शक्ति र अधिकारसमेत नचिनेर घरिघरि केन्द्रकै मुख ताकेर बस्नुचाहिँ त्यत्तिकै अस्वाभाविक छ । प्रदेशसभाको कर्मचारी व्यवस्थापनको सवाल मूलतः प्रदेशकै अधिकारको विषय हो । यस्तो अवस्थामा अहिले प्रदेशले तत्काल गर्न सक्ने दुइटा काम छन्, एउटा संघीय संसद् सचिवालयबाट अवकाश पाएका पूर्वसचिव/सहसचिव/उपसचिवहरूलाई आवश्यक सम्झौता गरेर काममा लगाउने, अर्को आफ्ना कर्मचारीहरूलाई उनीहरूमार्फत केही समय निरन्तर अभिमुखीकरण गराउने । हरेक सरकारले आफ्ना कर्मचारीबाट सम्भव नभएका कामकारबाहीका लागि विज्ञहरूसँग सम्झौता गर्न सक्छ । अहिले प्रदेश संसद् चलाउनका लागि त्यस्ता विज्ञ भनेका संघीय संसद्बाट अवकाशप्राप्त अधिकारीहरू नै हुन् । त्यसैले प्रदेश सरकारहरूले आफ्नो नाभिमा भएको सुगन्ध पहिचान गर्न जरुरी छ, जति उनीहरूले आफूमा भएको अधिकार प्रयोग गरी केन्द्रसँग गनगन कम गर्छन्, जनस्तरमा त्यति नै संघीयता लागू भएको महसुस हुन्छ ।

# सैनिक कूटनीति : बोझो बढी



**कृष्ण पहाडी**

सैनिक कूटनीति तीव्र बनाउँदै लगेका चीन र भारतले नेपालको नागरिक सरकारलाई पाठ सिकाउने नाममा सैनिक नेतृत्वको महत्वाकांक्षालाई हावा भर्ने काम गर्नु हुँदैन ।

२०७४ माघ अन्तिम साता ब्रिटेनका सेनाध्यक्षको भ्रमणलगत्तै भारतीय सेनाध्यक्ष ३ दिने भ्रमणमा नेपाल आइपुगे । त्यही सेरोफेरोमा अमेरिकी सेनाको प्यासिफिक कमाण्डका कमाण्डर (जनरल) नेपाल आए । त्यस अघि म्यानमार अर्थात बर्मा र जाम्बियाका सेनापतिहरू नेपाल आए । एकातिर नेपाली सेनाका कतिपय अधिकृतहरूलाई पश्चिमका देशहरूले मानवअधिकार उल्लंघनकर्ता भनी भेटिङ अर्थात पुनरीक्षणमा राखेका छन्, तीमध्ये कतिपयलाई भिसा दिइएको छैन, दिएकाहरूमध्ये कतिपयलाई विमानस्थलबाटै फर्काइएको छ । त्यस्तो अवस्थामा महाभेटिङमा परेका बर्मेली सेनाध्यक्षलाई नेपालमा रातो कार्पेट ओछ्याएर स्वागत गरियो । नेपालमा सन् २००८ मा माओवादी नेतृत्वको सरकार बनेपछि एकै वर्ष उच्चस्तरीय चिनियाँ सैन्य प्रमण्डलले बारम्बार नेपाल भ्रमण गरेको थियो । तत्पश्चात कहिले चिनियाँ सेनाध्यक्ष त कहिले रक्षामन्त्रीको नेतृत्वमा चिनियाँ सैन्य प्रमण्डलको नेपाल आगमन निरन्तर छ, अनि भारतीय सेनाका तर्फबाट प्रधानसेनापति, भारतीय सैन्य गुप्तचर निकाय एमआईका प्रमुखसहित पटक-पटक भ्रमण भइसकेको छ । विशेष गरेर भारत, चीनबीच सैनिक प्रतिनिधिमण्डल नेपाल पठाउने कुरामा होडबाजी देखिन्छ । चीन र भारत विश्वका तेस्रो र चौथो सैन्यशक्ति हुन् । संख्यात्मक रूपमा भन्ने हो भने चीनको पीएलए २३ लाख सेनासहित र भारत झन्डै १४ लाख सेनासहित (अमेरिकाकै हाराहारीमा) पहिलो र दोस्रो स्थानमा पर्छन् । अर्धसैनिक बललाई समेत जोड्ने हो भने भारत संख्यात्मक रूपमा पहिलो देखिन्छ । दुवैले सैनिक कूटनीतिको अवधारणा अन्तर्गत सैनिक प्रमण्डल पठाउने गरेका छन् र अन्य देशहरूसँग सैनिक अभ्यास गर्ने गरेका छन् । विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भनेर कहलिएको भारतको विदेश नीतिको एउटा हिस्सा हो, सैनिक कूटनीति । तर भारतको नागरिक सरकार सेनाको सीमाबारे सचेत देखिन्छ र राष्ट्रिय सुरक्षा नीतिमा बेला-बेला पुनरावलोकनमा जोड दिएको पनि देखिन्छ, जबकि चीनले विदेश नीतिको रणनीति अन्तर्गत नै सैन्य कूटनीतिलाई अघि सारेको छ । यसै पनि प्रत्येक वर्ष चीनले दर्जनौं सैनिक प्रमण्डललाई चीनमा स्वागत गर्छ र चिनियाँ सैनिक प्रमण्डलहरू विभिन्न देशमा पठाउँछ । प्रतिआतंकवाद रोक्नु भारतीय सैन्य कूटनीतिको लक्ष्य भनिन्छ, जबकि चिनियाँ सैन्य कूटनीतिमा शक्तिको धाक, सत्तालाई धाप र सहकार्यको धार तयार गर्नु प्रमुख बताइन्छ । पछिल्लो दशकमा चीनले आक्रामक सैन्य कूटनीति अवलम्बन गरेको छ भने भारतले रक्षात्मक । सैन्य कूटनीति अन्तर्गत भारतले मानवीय सहयोग र विपद्का बेला उद्धार/राहतमा संलग्नतामा जोड दिँदै आएको छ । सन् २०१७ मा चीन र नेपालबीच संयुक्त सैनिक अभ्यास हुने खबरले धेरैलाई झस्कायो । नेपाल सन्दर्भमा पछिल्ला वर्षहरूमा बढ्दो चिनियाँ दबदबालाई रोक्नु नै भारतको मूल धेय देखिएको छ ।

सन् २००८/९ मा माओवादी नेतृत्वको सरकार छँदा सेनाको आधुनिकीकरणको नाममा चीनसँग सहकार्यको आशंका र कुनै एक उपप्रधान तथा गृहमन्त्रीले चिनियाँ सेनाको मेजर जनरलको नेतृत्वमा आएको प्रमण्डलसँगको छलफलमा कालापानी विवाद समाधानमा भारत, चीनसहित त्रिदेशीय सहभागिताका लागि आग्रह गरेको बुझाइ भारतीय संस्थापनमा रहेको कारण त्यसपछिका घटनाहरू दुर्घटनामा परिणत हुँदै गए । चीन र भारत दुवैले तीव्र बनाउँदै लगेको सैन्य कूटनीतिको लगभग पहिलो प्राथमिकतामा नेपाल परेपछि र सैनिक समाजलाई समानान्तर रूपमा अत्यधिक महत्त्व दिनथालेपछि कहिले सेनाको नेतृत्व फुर्किने त कहिले उत्ताउलिने त कहिले अटेरी भएको देखिन्छ । प्रधानमन्त्रीले डाकेको बैठकमा समेत कुनै प्रधानसेनापति ढिलो आउने त कहिले मन्त्रीहरूलाई होच्याउने, आफ्नो हात माथि पर्दा सेनाले सचिव र सीडीओसम्मको हुर्मत लिने व्यवहार बेलाबखत देखिँदै आएको हो । नागरिक प्रशासनमाथिको सेनाको बेला-बेलाको वक्रदृष्टि सहज मान्न सकिँदैन ।

नेपाली सेनाको आधिकारिक इतिहासको अवधि २५५ वर्षको भनिन्छ, तथापि केही सैन्य इतिहासकारहरू नेपाली सेनाको इतिहास ४५८ वर्षको भएको बताउँछन् । दोस्रो विश्वयुद्ध सुरु हुनु अगाडि श्री ३ जुद्धशमशेरका पालामा नेपाली सेनाको संख्या १ लाख ६० हजारसम्म पुगेको थियो । राणा शासनको समाप्तिका बेला २५ हजार रहेको सेनालाई २००७ सालको परिवर्तनपछि ६ हजारमा सीमित गरिएको थियो । २०१७ सालको कूपछि राजा महेन्द्रले यो संख्या ४५ हजारसम्म पुर्‍याएका थिए, जबकि २०४६ को राजनीतिक परिवर्तनका बेला शाही सेनाको संख्या ३५ हजारको हाराहारीमा थियो । २०५२ सालमा जसै माओवादी हिंसा सुरु भयो, क्रमशः सेनाको संख्या झन्डै तीन गुणा विस्तार भएर १ लाखसम्म पुग्यो, अनि यसै दौरान सेना र प्रहरीबाट तानेर दसौं हजारको संख्यामा छुट्टै सशस्त्र प्रहरीको गठन पनि भएको थियो । वर्तमानमा नेपाली सेनाको संख्या ९५ हजारको हाराहारीमा रहेको बताइन्छ ।

भारत र चीनको सिको गर्दै नेपाली सेनाले पनि पछिल्लो समय सैनिक कूटनीतिको राग अलाप्न थालेको छ, तर यो सरकारकै नीति त्यसमा पनि विदेश नीतिको हिस्सा हो/होइन र सरकारकै निर्देशन अनुरूप छ/छैन भन्ने तथ्य त्यति स्पष्ट छैन । राष्ट्रसंघीय शान्ति सेनामा योगदान बाहेक अन्तर्राष्ट्रिय स्तरमा नेपालको कुनै सैन्य भूमिका छैन । २०६३ पछि शाही सेनाबाट नेपाली सेनामा नाम रूपान्तर भए पनि नेपाली सेनाको नेतृत्वहरूको सबैभन्दा कमसल सोच भनेकै यदाकदा यसले सरकारको अधीन बस्न र आदेश पालना गर्न संकोच मान्छ । त्यही मानसिकताका कारण कहिले आलंकारिक राष्ट्रपतिलाई उचाल्छ त कहिले मर्यादा र अनुशासनको सीमा नाघ्छ । आफ्ना कुराहरू रक्षा मन्त्रालयमार्फत बोल्नु, बोलाउनुभन्दा पनि जंगी अड्डाको नाममा ठाडै विज्ञप्ति जारी गर्नु आवश्यक ठान्छ, जबकि विपद् व्यवस्थापन लगायत मानवीय कार्यमा बाहेक सेनाले विज्ञप्ति जारी गर्नु स्वाभाविक मानिँदैन । सेना भनेको राज्यको अंग हो र यो सरकारको अधीनमा हुन्छ/हुनुपर्छ । २०६३ सालपछि सेना संस्थाका कारणभन्दा पनि सैनिक नेतृत्वमा पुग्नेहरूको आचरणका कारण विवादमा पर्दै आएको छ । किनकि त्यस्ता केही नेतृत्व पुराना राजा-महाराजाको हुकुम प्रमाङ्गी वा निगाहबाट सो पदमा पुगेकै कारण पुरानो ग्रन्थि बेला-बेला बौरिएको देखिन्छ ।



पछिल्लो चरणमा सेनाको माग र सैन्य नेतृत्वको अभिव्यक्ति हेर्दा, सेना/सेनाको नेतृत्वले विस्तारित भूमिकाको माग गरेको गन्ध आउँछ । सैनिक पत्रकारिताको सुरुवात त्यसको प्रत्यक्ष उदाहरण हो । अहिले पनि सरकारी र निजी क्षेत्रका गरी थुप्रै टेलिभिजन र रेडियोहरूमा सेनाको कार्यक्रम प्रसारण हुन्छ । त्यतिले चित्त नबुझे सेनाले सरकारसँग थप प्रस्ताव गर्न सक्छ । प्रचण्ड नेतृत्वको सरकारको पालामा माओवादी सञ्चारमन्त्री सुरेन्द्र कार्कीले सेनालाई छुट्टै रेडियो सञ्चालन गर्न अनुमति दिए, जुन सातवटै प्रदेशमा विस्तार गर्ने लक्ष्य देखिन्छ । किन चाहियो सेनालाई आफ्नै रेडियो ? सेनाको तर्क छ, बेलायत, अमेरिकामा पनि यस्तो अभ्यास छ । तर बेलायत र अमेरिकाले आफ्नो देशभन्दा बाहिर विभिन्न सैन्य अखडामा रहेका आफ्ना सेनाप्रति केन्द्रित रही सन्देशमूलक कार्यक्रमसहित त्यो अभ्यास थालेको तथ्य नेपाली सेनालाई थाहा नभएको होइन । त्यसो हो भने विदेशमा नेपालका कतिवटा सैन्य अखडा छन् । त्यहाँ कति नेपाली सेना तैनाथ छन् ? स्पष्ट छ, विस्तारित भूमिकाका लागि आकांक्षी सेनाले विस्तारै दबाब बढाउन थालेको छ । यस क्रममा कानुनहरू संशोधन गर्न, नयाँ बनाउन दबाब सुरु गरिसकेको बुझिन्छ । यसै पनि नेपाली सेनाको आँखा लाभका काममा ज्यादा नै लोभिन थालेको छ । कतिपय सरकारी निकायहरूले छुट्याइएको बजेट खर्च गर्नसकेका छैनन्, तर सेनाले छुट्याइएको भन्दा धेरै बढी रकम बारम्बार माग गर्ने गरेको छ । माओवादी हिंसा बढेको बेला सेनाको भन्दा प्रहरीको बजेट बढी भयो भनेर सेनामा देखिएको इर्ष्या अहिले पनि मेटिएको देखिँदैन । हतियार लगायत सैन्य सामग्री खरिदारीमा अहिले पनि पारदर्शिता देखिँदैन । स्मरणीय छ, सन् २००२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा अचानक बेल्जियम पुगी ५५ सयवटा स्वचालित राइफल खरिद गर्न गरेको सम्झौता विवादको उत्कर्षमा पुगेको थियो । नेपाललाई हतियार बेच्ने बेल्जियम सरकारको उक्त निर्णयप्रति असहमति व्यक्त गर्दै त्यहाँको संघीय सरकारकी वरिष्ठ मन्त्रीले राजीनामा दिएका कारण सरकारले संसद्मा विश्वासको मत लिनुपर्ने अवस्थासमेत सिर्जना भएको थियो । चीन र भारतले सैनिक कूटनीतिका नाममा बढाएको सक्रियताको पछाडि हतियार तथा सैन्य सामग्री बिक्रीको नियत प्रस्ट बुझ्न सकिन्छ ।

नेपालको भूबनोटका कारण पनि प्राकृतिक विपत्तिका दौरान उद्धार र राहत कार्यमा खट्ने बलियो, दक्ष र स्थायी संयन्त्रको रूपमा एउटा छुट्टै निकाय स्थापना हुनुपर्थ्यो । त्यसो हुनसकेको भए मानवीय सहयोग, उद्धार, राहत लगायतका कार्यमा समर्पित हुने सेनाको ठूलो हिस्सा सम्मिलित त्यो संरचनालाई विश्वमै उदाहरणीय बनाउन सकिन्थ्यो । साथै विश्वका विभिन्न भागमा उद्धार र राहत कार्यमा नेपाली सेनाको उपस्थिति सुनिश्चित हुनसक्थ्यो र मानवीय सेवाको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा नेपाली सेनाको भूमिका विस्तारित पनि हुनसक्थ्यो । तर जिम्मेवारहरूले यस दिशामा गम्भीर चासो देखाएनन् र एउटा अपूर्व मौका गुमेर गयो । २०६३ सालपछि सेनाको पुनर्संरचना गर्नुपर्ने आवश्यकता पनि शासन सञ्चालकहरूले देखेनन् । परिणामस्वरूप सेनामाथि नागरिक नियन्त्रणको लगाम विस्तारै खुकुलो हुनथालेको हो कि भन्ने घटनाक्रमहरूले दर्शाउँछ ।

पछिल्लो चरणमा विखण्डनकारी गतिविधि बढ्न थालेको भनी नेपाली सेनाका तर्फबाट बारम्बार रोष व्यक्त हुँदै आएको छ, विशेषतः वर्तमान प्रधानसेनापतिबाट झन्डै आधा दर्जनपटक विखण्डनकारी गतिविधि बढे सेना चुप लागेर नबस्ने अभिव्यक्ति सार्वजनिक भइसकेको छ । राष्ट्रिय अखण्डता/सार्वभौमसत्ताको गम्भीर विषयमा कतिपय नेताहरूको हलुका टिप्पणी र बद्मासीका कारण सेनाको रोष बढ्दै गएको हो भने त्यो खतराको संकेत हो । बर्मामा सैनिकीकरणले जरो गाड्नुमा त्यहाँका झन्डै एक दर्जन समूहले थालेको पृथकतावादी आन्दोलन प्रमुख कारण हो । कुनै बेला आत्मनिर्णयको अधिकारको अपव्याख्या गर्दै, पति-पत्नीजस्तो मिलेर बस्ने तर चित्त नबुझे पारपाचुके गर्ने दृष्टान्तसहित छुट्टिन पाउने भनी माओवादीले गरेको प्रशिक्षणका कारण कतिपय विखण्डनकारीको माउ पाठशाला माओवादी बन्न पुग्यो त जातीय राज्यको अवधारणा पनि कुनै बेला माओवादीबाटै निःसृत भएको हुँदा त्यसैको अम्लीय वर्षा अझै पनि देखिँदैछ । कोमामा पुगेको त्यो एजेन्डालाई बौराउन कुनै अन्तर्राष्ट्रिय कोणबाट भइरहेको प्रयासको एउटा झलक भर्खरै देखिएको छ र त्यस्तै एजेन्डालाई बल पुर्‍याउन थप दुई-चार प्रतिवेदनहरू पाइप लाइनमा भएको बुझिन्छ । जडसूत्रवादको गर्भबाट जन्मिने जातीय अतिवाद र संकीर्णताको गर्भबाट जन्मिने कट्टरपन्थीहरूको अतिवाद दुवै स्वतन्त्रताका लागि खतरनाक हुन्छ । विखण्डनको नारा उरालेर राजनीतिको रोटी सेक्न खोज्ने दुष्प्रयास सेनालाई ब्यारेकबाट बाहिर निकाल्ने प्रवेशद्वार बन्न सक्छ । स्पष्ट छ, जति राजनीतिक वा नागरिक समाज छाडा बन्दै जान्छ, त्यति लोकतन्त्रको भविष्य अन्योलमा पर्दै जान्छ । त्यस्तो छाडापनलाई अन्त्य गर्न राजनीतिक/नागरिक समाज नै संवेदनशील बन्नुपर्छ । साथै सरकार र राजनीतिक दलहरूले सेनालाई अनावश्यक विवादमा तान्ने चेष्टा गर्नु हुँदैन । सैनिक नेतृत्वले अखण्डता र सार्वभौमसत्ताको विषयमा बारम्बार ध्यानाकर्षण गराएको विषयलाई हल्का रूपमा लिने भुल सरकार र दलहरूले गर्नु हुँदैन ।

सेनामा चितुवाको जस्तो फुर्ती हुनुपर्छ । चिलको जस्तो दृष्टि हुनुपर्छ । डल्फिनको जस्तो बुद्धि, कुकुरको जस्तो घ्राण र बिरालोको जस्तो प्राण हुनुपर्छ । नेपाली सेनामा यो गुण छ/छैन वा त्यस्तो बनाउने इमानदार प्रयास भयो/भएन पुनरावलोकन गर्नु आवश्यक छ । तर वर्तमानलाई हेर्ने हो भने सेना आफ्नो ऐतिहासिक अस्पताल भत्काएर व्यापारिक कम्प्लेक्स बनाउँदैछ । आफैंले रेडियो चलाउँदैछ । व्यवसायीले जस्तो लाभका काममा आँखा लगाउँदैछ र सेनालाई कम्पनीजस्तो चलाउन खोज्दैछ । राज्यको खटनपटन र बजेटमा नअघाएर आम्दानीका स्रोतहरू आफैं जुटाउँदैछ, अनि सेनामा हुनुपर्ने गुण र मौलिकता पन्छाएर हाम्रो सेना व्यापार व्यवसायमा रमाउँदैछ । यो प्रवृत्ति ठिक होइन ।

कुनै एउटा सैनिकले बद्मासी गरे सेनाको छविमा आँच पुग्ने हुँदा दोषीमाथि सेनाले नै कारबाही गरेर सेनाको छवि जोगाउनु सैनिक नेतृत्वको परम कर्तव्य हुन्छ । व्यक्तिको दोषलाई संस्थाको प्रतिष्ठासँग जोडेर ढाकछोप गर्ने र दण्डहीनतालाई बढावा दिने काम गर्नु हुँदैन ।

सैनिक कूटनीति तीव्र बनाउँदै लगेका चीन र भारतले नेपालको नागरिक सरकारलाई पाठ सिकाउने नाममा सैनिक नेतृत्वको महत्त्वाकांक्षालाई हावा भर्ने काम गर्नु हुँदैन । साथै नेपाली जनताको त्यागबाट स्थापित लोकतान्त्रिक गणतन्त्रको विरुद्ध षडयन्त्र गर्ने दुष्प्रयास सेनाले कहिल्यै गर्नु हुँदैन । सेनामाथि नागरिक नियन्त्रण नै लोकतन्त्रको चुरो हो । हिंसा, विखण्डन, सैनिकीकरण र जनवादीकरणको कुनै पनि कृत्य अब स्वाभिमानी नेपालीलाई स्वीकार्य छैन ।

## पाठक मञ्च

### ओलीको अग्निपरीक्षा

प्रधानमन्त्री केपी शर्मा ओली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा शुक्रबार भारत भ्रमणमा प्रस्थान गर्दैछन् । प्रधानमन्त्री नियुक्त भएपछि पहिला भारतकै भ्रमण गर्ने पुरानै चलनलाई उनले पनि निरन्तरता दिएका छन् । आफ्नो बोलीमा अडिग रहेकै कारण राष्ट्रवादी छवि बनाएका ओलीले भारतसमक्ष देश र जनताको पक्षमा कस्तो अडान लेलान् भन्ने कुरा भविष्यकै गर्भमा रहेको विषय हो । अपार समर्थन र विश्वास बटुलेका प्रधानमन्त्री ओलीले देशमा विकासको मूल फुटाउन यो भ्रमण उपलब्धिमूलक बनाउनुपर्ने देखिन्छ । मुलुक आत्मनिर्भर बन्न नसकेकै कारण विगतमा भारतले नेपालमाथि नाकाबन्दी लगाउँदा नेपाली जनताले दुःख पाएको इतिहास सम्झेर विदेशी लगानी भित्र्याउने र रोजगारीको सिर्जना गरी परनिर्भरता कम गर्दै लैजानेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । नेपालले भारतसँग मात्रै होइन, अन्य मुलुकसँग पनि सुमधुर सम्बन्ध स्थापित गर्नुपर्छ । त्यसका लागि रोकिएको सार्क शिखर समेलनलाई सुचारु गराउने एजेन्डालाई पनि ओलीले आफ्नो भ्रमण सूचीमा राख्नुपर्छ । भारतलाई केही दिएर होइन, महत्त्वपूर्ण पुराना सम्झौता कार्यान्वयन गरेर भ्रमण सफल बनाउनुपर्छ । नेपालको संविधानलाई लिएर असन्तुष्ट भएको भारतलाई नेपाली जनताले निर्वाचनमार्फत अनुमोदन गरिसकेको र आफ्नो समस्या आफै समाधान गर्न नेपाल सक्षम रहेको बताउन पनि भुल्नु हुँदैन । तसर्थ पहिलाका पुराना भ्रमणभन्दा फरक र उपलब्धिमूलक बनाउन पनि ओलीको निम्ति चुनौतीपूर्ण नै छ । यो चुनौती नै ओलीको निम्ति अग्निपरीक्षा हो ।

**– पुरुषोत्तम घोरासैनी**
*बालाजु-१६, काठमाडौं*

■●■



लामो समयदेखि कायम रहँदै आएको नेपाल-भारत सम्बन्धलाई पछिल्लो समय विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न थालिएको छ । उत्तरी छिमेकको स्तुतिगान गर्ने र भारतलाई धारेहात लगाइरहने व्यक्तिको पनि कमी छैन । यहाँनिर छिमेकीसँगको कटुता कसरी बढ्न थालेको हो भन्ने कुराको लेखाजोखा गर्नु पनि उत्तिकै जरुरी देखिन्छ । धमाधम भारतसँग असमान सन्धि गरेर सधैं माहोल बिगारिरहने को हो ? नेता कि जनता ? चौबाटोमा उभिएर भारतमाथि नानाथरी आक्षेप लगाउँदै जनता उचाल्ने अनि समस्या पर्दा समाधान खोज्नुको साटो कोही नेता कोठामा लुकेर बस्ने त कसैले सीमानाकामा धर्ना दिएका कारण निरीह जनताले भारतीय नाकाबन्दीको मार खेप्नुपरेको होइन ? भारतसँग हाम्रो आर्थिक, राजनीतिक, सामाजिक, आध्यात्मिक, सांस्कृतिक, वैचारिक, भावनात्मक, ऐतिहासिक, भौगोलिक सम्बन्ध रहँदा एउटै सभ्यता, संस्कारभित्र दुई देश एकअर्काका परिपूरक पनि बनेका छन् । उता उत्तरतर्फ फगत आर्थिक सम्बन्ध कायम हुँदा चीनलाई हामी 'साहुजी'को रूपमा चिन्दै आएका छौं । कतिपयले चीनसँग टाँसिएर भारतलाई तर्साउने, सुन्दर हिमाललाई धुलीमैदान बनाएर यहाँ चीनका सस्ता सामानको 'डम्पिङ साइट' बनाई स्वदेशी उद्योग तहसनहस पार्ने सल्लाह दिने गरेका छन् । यस्ता कुतर्कदेखि प्रधानमन्त्री अब सतर्क रहनुपर्छ । अहिले भ्रमणको बेलादेखि नै मुलुकको सार्वभौमसत्ता र स्वतन्त्र अस्तित्वलाई प्राथमिकतामा राखेर भविष्यमा दरार, तिक्तता नबढ्ने हिसाबबाट भारतसँग दिगो सम्बन्ध कायम रहने व्यवस्था प्रधानमन्त्रीले मिलाउनुपर्छ ।

**– डा. भुवनेश्वर शर्मा**
*चन्द्रागिरि-२, काठमाडौं*

■●■

भारत सरकारले आफ्नो देशमा रहेका पुराना भारु नोट प्रचलनमा प्रतिबन्ध लगाएको एक वर्षभन्दा बढी भएको जगजाहेर छ । त्यहाँका नागरिकसँग भएका पुराना नोट र भुटानमा समेत रहेका सबै नोट सटही गरिसकेको छ । यद्यपि नेपाल राष्ट्र बैंकसँग मौज्दात रहेको भनिएका भारु नोट सटही व्यवस्थापनमा भारतले अहिलेसम्म पनि चासो नदेखाउनु विडम्बना छ । नेपालसँग भएका यी खोटा नोट कहिलेसम्म नचल्ने ? यसको असरले देशलाई अहिलेसम्म कति घाटा भइरहेको छ भन्ने विषय महत्त्वपूर्ण छ । प्रधानमन्त्री ओलीको आसन्न ३ दिने भारत भ्रमणमा यो विषयले प्रवेश पाउला या नपाउला, तर कार्यान्वयनमा शंका छ । किनकि जब नेपालका कार्यकारीको भारत भ्रमण हुने गर्छ, तब पुराना एजेन्डा थाती राखी भारतले नयाँ-नयाँ एजेन्डा र प्रतिबद्धता प्रकट गर्ने गर्छ । यो उसको पुरानो चलनै हो । उदाहरणका लागि भारतले भूकम्पपश्चात प्रतिबद्धता जाहेर गरेको पुनर्निर्माणको सहयोग रकम आजसम्म पनि नदिनु अर्को विडम्बना हो । हाम्रा नेताहरूको अदूरदर्शिता, नीतिगत अडानमा कमजोरी र भारतको भुलभुलैयामा रमाउने चलनले यस्ता प्रस्तावित र प्रतिबद्धता जाहेर भइसकेका एजेन्डाहरूमा भारत सधैं आँखा चिम्लिने गर्छ । तसर्थ प्रधानमन्त्री ओलीको भ्रमणमा ठूलो आशा नगरिकन यतिमात्र आशा गरौं कि नेपालमा अलपत्र परेका भारु खोटा नोटहरू छिटोभन्दा छिटो साटियोस् ।

**– भुवनसिंह पाण्डे**
*बुढानीलकण्ठ-८, हात्तीगौंडा, काठमाडौं*

## निगम सिध्याउने दाउ




चैत २१ गते प्रकाशित 'निगम लन्डन र न्युयोर्क उड्ने' समाचार पढ्दा अत्यन्तै हाँसो र पीर लाग्यो । किनभने २०४५/४६ साल पहिले नेपाल वायुसेवा निगमले नेपालका सबैजसो ३९ गन्तव्यमा हवाइसेवा सञ्चालन गरेको र ११ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा सेवा सञ्चालन गरेको थियो । त्यतिबेला आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रीले नेपाल वायुसेवा निगमका जहाजमै यात्रा गर्न रुचाउने मात्र होइन, सकेसम्म केही दिन पछाडि यात्रा गरेर हुँदासम्म साइत सारेर निगमकै जहाजमा यात्रा गर्थे । तर अचेल भने त्यसको उल्टो अर्थात सकेसम्म सरकारी ध्वजावाहक जहाजमा यात्रा गर्नपरेमा नाक खुम्च्याउँछन्, किन ? किनभने त्यति धेरै गन्तव्यमा हवाइसेवा सञ्चालन गर्दै आएको निगमले अहिले गन्तव्य बढाउनु, सेवामा प्रसिद्धि कमाउनु, मुनाफा बढाउनुको सट्टा अचेल भने गन्तव्य घटाएर जम्मा २३ वटा आन्तरिक र ८ वटामात्र अन्तर्राष्ट्रिय गन्तव्यमा कनिकुथी अर्थात प्रायः रद्द गर्दै क्षतिपूर्तिस्वरूप रकम तिर्दै उडान भरिरहेको छ । निगमले बितेका २९/३० वर्षमा धेरै जहाज ल्याइसक्यो, तर प्रायः ग्राउन्डेड भएकै देखिन्छ । अहिले निगमको हवाइसेवाको अवस्था यति दयनीय छ, नत नियमित र समयमा उडान भरिन्छ, न राम्रो सेवा नै दिइन्छ । यसरी दिनानुदिन खस्कँदो राष्ट्रिय ध्वजावाहक वायुसेवा निगमले ग्राउन्डेड जहाजलाई नियमित रूपमा उडान गर्नुतिर कता हो कता, अझ आगामी ३ महिनामा वाइड बडी ए ३३० ल्याउने, साउनभित्र दुइटा वाइड बडी जहाज ल्याउने र न्युयोर्कसम्म हवाइसेवा सञ्चालन गर्ने योजना महाप्रबन्धक सुगतरत्न कंसाकारको देख्दा अझ लाज लागेको छ ।

किनभने सुगतरत्न कंसाकार महाप्रबन्धक भएदेखि आजसम्म निगमले कतिवटा जहाज ल्याइसक्यो ? पहिलेभन्दा कति गन्तव्यमा सेवा सञ्चालन गरिरहेको छ ? कति गन्तव्य थप गर्‍यो ? कति आम्दानी गरेको छ र घाटा छ कि छैन ? त्यसको लेखाजोखा गर्दा गन्तव्य घटाइएको, जहाज ग्राउन्डेड भएर सेवामा अवरोध गरेको, निगमको घाटा चुलिएको अवस्थामा लन्डन र न्युयोर्कसम्म नपुगी नहुने कस्तो अवस्था आयो ? निगमको यो अवस्थामा युरोप र अमेरिकासँग किन प्रतिस्पर्धा र देखासिकी गर्नुपर्‍यो ? त्यसकारण असम्भव र अशोभनीय गन्तव्य र जहाज खरिद मात्रको महत्त्वाकांक्षी योजना सार्वजनिक गर्नु केवल कमिसन र आर्थिक चलखेलको चलाखीपूर्ण कदम हो । यसरी निगमको विद्यमान दयनीय अवस्थालाई शून्य स्तरबाट सुधार गर्दै जानु, ग्राउन्डेड जहाज चलाउनु, सञ्चालित गन्तव्यलाई नियमित गरी यात्रीको मन जित्नु र आय-व्ययको प्रभावकारी व्यवस्था गर्नुको सट्टा अरू मुलुकको देखासिकी र अस्वस्थकर प्रतिस्पर्धा गर्न सुहाउँछ ? अनावश्यक रूपमा निगमकै खर्च बढाउनेगरी ८ जनाको जम्बो प्रतिनिधिमण्डल किन पठाउनुपर्‍यो ? बरु अस्ति भर्खर हवाइसेवा सञ्चालन गरेको बुद्ध एयरले अन्तर्राष्ट्रिय गन्तव्यमा उडान भर्न कसरी समर्थ भयो भनी परामर्श गरी सल्लाह लिई अगाडि बढ्नसके उपलब्धि होला कि ?

**– गंगाराज अर्याल**
*पाणिनी- ८, पाली अर्घाखाँची*

### गैरकानुनी चक्काजाम



वाइफाइ, टेलिभिजन, डिजिटल कार्ड र सीसी क्यामेरासहित प्रविधि-मैत्री मयूर बस कम्पनीले काठमाडौं-बनेपा रूटमा ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अपांगता भएका तथा अशक्त र ट्राफिक प्रहरीलाई निशुल्क, अन्य ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुटको घोषणा गर्दै सञ्चालन गरेको बसको विरोधमा उक्त रूटमा चलाउँदै आएका बस कम्पनीहरूको पक्ष लिएर नेपाल यातायात राष्ट्रिय व्यावसायिक महासंघद्वारा जारी चक्काजाम र हडताल गैरकानुनी तथा सर्वसाधारणलाई सास्ती दिने खालको छ । मयूर यातायातले यात्रुलाई दिइरहेको सुविधाजस्तै अन्य कम्पनीले सुविधा दिएर प्रतिस्पर्धा गर्न सक्नुपर्छ र कानुनी राज्यको सम्मान गर्नुपर्छ । सर्वोच्च अदालतले समेत ऐन विपरीतको सिन्डिकेट तथा कार्टेलिङ प्रथा नरहनुपर्ने आदेशको अवहेलना गर्ने महासंघको औचित्यलाई तीन चौथाइ नजिक बहुमत रहेको सरकारले निर्णय बिन्दुमा पुर्‍याउने समय आइसकेको छैन र ?

**– महेन्द्रसिंह बम**
*टिकापुर-१, कैलाली*

### सुझाव दिनेहरूलाई नै सुझाव

संघीय गणतन्त्र नेपालका प्रधानमन्त्रीको भारत भ्रमणका बेला विभिन्न राजनीतिज्ञ, लेखक, स्तम्भकार तथा सधैंभरिका विपक्षहरू प्रधानमन्त्री ओलीलाई सुझाव दिन तँछाडमछाड गर्दैगर्दा पुरानो कुरा याद आयो । संविधान पारित हुनेबित्तिकैको विकराल भूकम्पले अनपेक्षित तहसनहस बेहोरिरहेको छिमेकीलाई मनबाट कहिल्यै हटाउन नसकिने पीडा दिएको बखत बनेका प्रधानमन्त्री ओलीलाई उल्लीबिल्ली पार्ने लेखक, पत्रकार तथा सत्ताको रुखो मोहमा विचरण गर्ने नेताहरू आफूले के-के न लछारपाटो लगाएको जस्तो गरेर सल्लाह दिइरहेछन् । विगतमा जेजस्तो गल्ती गरेको भए पनि प्रधानमन्त्री ओलीले तत्कालीन जटिल अवस्थामा कुनै पनि अन्य प्रधानमन्त्रीहरूले गर्न नसकेको साहसिक काम गरेकै हुन । आफू अल्पमतको, अत्यन्त कमजोर पार्टीका अत्यन्त ढुलमुले नेताको टेकोमा अडिएको सरकार सम्हालेका ओलीले भारत सरकारको तेजोवध गरे भने अहिले त त्यस्तै-उस्तै पर्‍यो भने आफू एक्लै बहुमतको सरकार चलाउन सक्ने अवस्थामा छन् । त्यतिबेला खोइरो खन्ने यी सुझाव दिने महामहिमहरू अहिले सजिलो र सहज तरिकाले निक्लन सक्ने गोरेटो बनाइसकेका ओलीलाई यसो गर, उसो गर भनी ठालु पल्टिनु कति सुहाउँदो होला ?

**– केदारनाथ त्रिपाठी**
*बुढानीलकण्ठ, काठमाडौं*

## >> टिप्पणी

### 'त्रुटि सच्याउन तयार छौं'

चैत २१ मा छापिएको 'बौद्धिक सम्पत्तिको सवाल' सम्पादकीयप्रति हाम्रो नीतिगत सम्मति छ । तर, कलाकारको बौद्धिक सम्पत्तिको सम्मानमा म्युजिक नेपाल चुकेको छ भन्ने कुरामा हाम्रो विमति छ । आज हामी आफ्ना मात्र नभई ४ सयभन्दा बढी म्युजिक कम्पनीले उपलब्ध गराएका सांगीतिक सामग्रीहरू उपलब्ध डिजिटल प्लेटफर्ममार्फत एग्रिगेटरका रूपमा उपभोक्तामाझ प्रस्तुत गरिरहेका छौं । कुनै पनि गीत-संगीतमा विवाद आएमा त्यसलाई तुरुन्त 'होल्ड'मा राखी विवाद सुल्झेपछि मात्र प्रकाशमा ल्याउने प्रचलन अवलम्बन गरेका छौं । युट्युबलगायत प्रायः सबै डिजिटल प्लेटफर्मले त्यही प्रक्रिया अपनाएका छन् ।

म्युजिक नेपालले तेस्रो म्युजिक कम्पनीबाट प्राप्त गीत संगीतका विषयमा कुनै गुनासो प्राप्त गरेमा उक्त गीत उपलब्ध गराउने व्यक्ति वा कम्पनीसँग कलाकारसँग भएको करारनामा माग्ने र त्यहीअनुरूप विवाद सुल्झाउने प्रक्रिया अपनाएको छ । व्यवसायमा उच्च नैतिकता अपनाउनुपर्छ भन्ने हाम्रो मान्यता छ र अन्जानमा कुनै त्रुटि भएको भए हामी सदैव सच्याउन तयार छौं । यसतर्फ हामीलाई सजग गराइदिनुहुने कान्तिपुरलगायत सबैप्रति हामी आभार प्रकट गर्दछौं ।

**– उत्तम थापा**
*प्रशासन-निर्देशक, म्युजिक नेपाल, अनामनगर, काठमाडौं*

# ओलीको दिल्ली आकर्षण




श्रीकृष्ण अनिरुद्ध गौतम

केही भइपरी नआएमा भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीको तारन्तारको निमन्त्रणामा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली भारतको ३ दिने औपचारिक सद्भावना भ्रमणका लागि यी हरफ प्रकाशित भएकै दिन दिल्ली प्रस्थान गर्दैछन्। मंसिरमा सम्पन्न प्रतिनिधिसभा र ७ प्रदेशसभाको निर्वाचनमा ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) गठबन्धनले अत्यधिक मत हासिल गरेपछि भारतीय प्रधानमन्त्री मोदी ओलीप्रति विशेष रूपमा अनुरक्त हुनपुगेका हुन्। यसबीच केसम्म सुन्नमा आयो भने यता ओलीले विजयमाला लगाउनासाथै उताबाट मोदीले ओलीको नम्बरमा रिङ दिन थाले। तर कतिपय ओली आलोचकहरूको भनाइ भने अलिक फरक छ। वास्तवमा फोनको याचना ओलीतर्फबाटै भएको, प्रचारचाहिँ मोदीले फोन गरेको भन्ने रूपमा भएको हो। जे भए पनि मोदी र ओलीबीच फोन वार्ता पटक-पटक भएकै हो र फोन भयैपिच्छे मोदीले ओलीलाई र ओलीले मोदीलाई भ्रमणको निमन्त्रणा दिएका हुन्। घर व्यवहारमै पनि, टोलछिमेकमा, संवादका क्रममा एकले अर्कालाई निमन्त्रणा दिनु सामान्य मानिन्छ। शिष्टाचारकै लागि पनि दिइन्छ। तर कसैले शिष्टाचारवश निमन्त्रणा दिँदैमा, सद्भावनाले ओतप्रोत हुँदै, आफ्नो कामधाम सबै छाडेर दगुरिहाल्नुपर्छ भन्ने हुँदैन। यहाँ मेरो आशय प्रधानमन्त्री ओलीप्रति कटाक्ष गर्नु किमार्थ होइन। तर उनको यो भ्रमणले धेरैलाई हतप्रभ बनाएको भने अवश्यै हो।

हतप्रभ किनभने पछिल्लो समयमा, विशेष गरेर २०७२ सालमा संविधान जारी हुँदाताकादेखि ओलीको छवि निकै स्वाभिमानी नेताका रूपमा प्रचारित भएको हो। उनको स्वाभिमानी छवि बन्नमा भारतकै नकारात्मक योगदान रहेको सर्वविदित छ। भारतसित संविधानका विषयवस्तुलाई लिएर उत्पन्न मतभेदहरूमा ओली झुकेनन् भन्ने देखिएको हुँदा उनको छविको क्रमशः देवत्वकरण गरियो, भयो। त्यही देवत्वकरणका कारण उनको छत्रछायामा एमाले सबैभन्दा ठूलो दल बन्यो। त्यसैकारण उनले माओवादीलाई अंकमाल गरेको पनि दुनियाँले ननिको मानेनन्। फलस्वरूप राजनीतिक स्थायित्व सुनिश्चित गर्न उनलाई दुई तिहाइ नजिकको बहुमत दिए।

भ्रम नरहोस्, ओलीलाई प्रबल जनमतद्वारा आभूषित गर्नुको कारण अरू धेरै केही होइन, यो मान्छेले भारत निर्भरताबाट नेपाललाई मुक्त गर्छ भन्ने अभिलाषा हो। यो मान्छे अरूहरू जस्तो भारतीयहरूले बोलाउँदैमा दगुर्दै जाने खाले होइन भन्ने विश्वास पनि हो। तर त्यो विश्वासमाथि भने उनले पनि आफ्नो पहिलो गन्तव्य भारत नै रोजेपछि आघातचाहिँ परेको छ। कतिपयलाई यी हरफ पढ्दै गर्दा लाग्न सक्छ, कस्तो भावनात्मक कुरा गरेको, राजकाज पनि कहीं भावनाका भरमा चल्छ, यथार्थवादी हुनुपर्छ, यथार्थवादी !

हो, हुनुपर्छ, यथार्थवादी। तर जतिसुकै यथार्थवादी भए पनि प्रश्न त उठ्छ नै, भोट माग्दाचाहिँ भावना किन भजाएको ? यथार्थवादी, यथार्थसम्मत वाचा गरेरै भोट माग्नुपर्थ्यो। भोट माग्दा भावना भजाएपछि जनभावनाको सम्मान गर्नैपर्छ र भनिरहनु नपर्ला, आज नेपाली जनभावनाको मूलतत्त्व कामैबिना निम्तो मान्न, स्वागत-सत्कार पाउन नेताहरू, त्यसमा पनि अत्यधिक विश्वास गरिएका ओली दिल्ली नदगुरुन् भन्ने नै हो। त्यसैले उनको दिल्ली आकर्षण किन उनकै कतिपय समर्थकहरूलाई समेत सहज लागेको छैन। तर जो भित्र जस्तो हुन्छ, कालक्रममा त्यही स्वरूप प्रकट भएरै छाड्छ। अर्को र अलि व्यावहारिक कोणबाट हेर्दा कसैप्रति विशेष मोह हुनु राम्रो होइन। ओलीबाट सम्भवतः उनको आकार-प्रकारले नभ्याउने अपेक्षा गरिएका थिए। माथि पनि भनियो, उनको देवत्वकरण गरिएको थियो। तर ओलीले आफ्नो पहिलो गन्तव्य भारत नै रोजेपछि निश्चय नै ओलीको देवत्वकरणमा विराम त लागेको छ नै, डर के भने



**कथित सद्भावनाका नाममा भारत जान उनी हतारिनु हुने थिएन। तर जाने नै तय भइसकेपछि देशको मनमा गढेको इखचाहिँ मर्न दिनु हुँदैन।**

अब आउँदो समयमा हत्पति कसैले पनि कुनै नेतालाई त्यसरी पत्याउने छैनन्। राष्ट्र, राष्ट्रियता, राष्ट्रवाद, स्वाभिमान जस्ता शब्दहरू नेताहरूको मुखबाट उच्चारित हुँदा धेरै सोच्नु पर्नेछ। सत्य हो, जोसुकैलाई जथाभावी पत्याइहाल्नु हुँदैन पनि। को, के हो कस्तो हो, समयक्रममा प्रस्टिँदै जान्छ। यहाँ तात्पर्य कसैले, कुनै पनि नेताले भारत टेक्नु हुँदैहुँदैन भन्ने आशय किमार्थ होइन। तर ओलीको जुन र जस्तो व्यक्तित्व बनेको थियो, त्यो व्यक्तित्व वास्तवमा नेपालको स्वाभिमान जनाउन, नेपालीले अरू देखाउन मिल्ने लोभलाग्दो छवि थियो।

त्यही छविका कारण भाव अभिभूत भएर यस्तो आग्रह राखिएको हो। संविधान जारी हुँदा भारतको ज्यादतीको मार जनताले खेपे, त्यतिबेला उनीहरूले ओलीलाई त्राताका रूपमा देखे। त्यही भावना क्रमशः भोटमा रूपान्तरित भयो। त्यही भोटले ओलीलाई मोदीले तारन्तार फोन गरेर बोलाउने स्थानमा पुर्‍यायो। यो सत्य उनले बिर्सनु हुँदैन थियो, हुँदैन। त्यसैले यसरी कथित सद्भावनाका नाममा भारत जान उनी हतारिनु हुने थिएन। तर जाने नै तय भइसकेपछि देशको मनमा गढेको इखचाहिँ मर्न दिनु हुँदैन। किनभने उनी बोल्न सिपालु ओलीमात्र होइनन्, नेपालका प्रमुख प्रतिनिधि पात्र हुन्। मोदीले व्यक्ति ओलीलाई रिझाउन सक्लान्, तर त्यसैले नेपाली जन-जनले भोगेका कष्ट बिर्सिइँदैनन्।

अनि ओलीलाई भारतका प्राथमिकता फेरिए भन्ने भ्रम नरहोस्। पछिल्ला कालखण्डमा, विशेष गरेर नेपालमा संविधान जारी भएयता भारतबाट नेपाल मामिलामा एकपछि अर्को नीतिगत गल्ती भएको विषय त्यहाँको संस्थापनले स्वीकार्दैन। त्यहाँ स्वीकार्न सक्ने फराकिलो छाती नै छैन। बोलीचालीमा नेपाललाई स्वतन्त्र र सार्वभौम भने पनि नेपाल लगायतका छिमेकीलाई हेर्ने बेलायती उपनिवेशकालमा बनेको उसको सीमान्त नीति (फ्रन्टिएर पलिसी) यथावतै छ।


त्यसैले नेपालमा संविधान निर्माण र जारी हुँदा देखिनलाई मतभेदका कारणका रूपमा मधेस केन्द्रित दलहरूले आयोजना गरेका बन्द, हड्ताल देखिए। तर ती यथार्थतः वास्तविक कारण थिएनन्, बहानामात्र थिए। भारत नेपालको संविधानमा आफ्नो हस्ताक्षर चाहन्थ्यो। नेपाल भारतको छाता बाहिर छैन भन्ने आश्वस्तता चाहन्थ्यो। भारतको परम्परागत संस्थापनसँग नेपालबारे संस्थागत स्मृति छ। सात सालको क्रान्ति, नेपाली कांग्रेस, राणा र राजाबीच त्रिपक्षीय सम्झौता, ०१५ सालको संविधान, ०४६ सालको जनआन्दोलन, १२ बुँदे समझदारी र ०६२/६३ को जनआन्दोलन, माओवादीको शान्तिपूर्ण राजनीतिक अवतरणमा भारतको प्रत्यक्ष/अप्रत्यक्ष संलग्नता रहेको सन्दर्भमा नेपालको संविधानसभाले लेखेको संविधानमा समेत भारत कतै न कतै आफ्नो छाप रहोस् भन्ने कामना गरिरहेको थियो। तर पहिलो र दोस्रो संविधानसभाको विकासक्रम यस्तो भयो कि त्यहाँ अरू प्रभावहरू पनि सक्रिय रहे। भारतको भनाइ र भूमिका सीमित हुँदै गयो। साथै नेपाली नेतृत्वमा भारतमा जन्मे अथवा हुर्केको पुस्ता विदा भएर अर्को पुस्ता आइसकेको अवस्था थियो। ओलीसम्म त्यो सन्देश प्रभावकारी रूपमा पुर्‍याउन भारतीय संस्थापन असमर्थ भयो अथवा पुगे पनि उनले टेरेनन्, जे भए तापनि भारतको अभिलाषा अपूर्ण रहन गयो।

फेरि यसबीच भारतमा पनि नेपालका नेतृवृन्दको सम्पर्कमा नरहेको, यहाँकाले कहिल्यै नसोचेको अर्को कित्ताको नेतृत्वको उदय भयो। नेपालका दलहरूले तिनको भित्री आग्रह बुझ्न सकेनन्। भारतको वर्तमान सत्ता र नेपालको नेतृत्वबीच यसर्थ संवादकै समस्या पनि छ। यद्यपि प्रकटमा मधेस केन्द्रित दलहरूलाई भारतको समर्थन रहेको देखियो। तर त्यो एजेन्डा, भारतको राजनीतिक सत्ता अर्थात 'आरएसएस'का नामले चिनिने राष्ट्रिय स्वयंसेवक संघ र भारतीय जनता पार्टीको नभएर विशेष गरेर कर्मचारीतन्त्र र जासुसी एजेन्सीहरूको थियो। कर्मचारीतन्त्र र जासुसी एजेन्सीहरू 'आरएसएस', भाजपाको लाइनमा नभएर वास्तवमा नेपाल मामिलामा भारतीय कांग्रेस र श्यामशरण सदृशः पूर्व राजदूतहरूको परामर्श अनुसार सञ्चालित थिए। 'आरएसएस' र भाजपा पनि प्रकारान्तरमा घुमीफिरी त्यही नीतिमा मिसिन आए।

मधेस केन्द्रित दलहरूको उठबस र हिमचिम पनि वास्तवमा भाजपा, 'आरएसएस'सँग हुने गरेको होइन। दूतावासका कर्मचारी र तिनैको रोहबरमा एजेन्सीका प्रतिनिधिहरूसँग हुने गरेको हो र छ। कर्मचारीतन्त्र र जासुसी एजेन्सीहरू शेष नेपाल र तराईलाई दुई पृथक मानचित्रका रूपमा हेर्छन् र यसैलाई स्थापित गर्न तिनीहरूले मधेस केन्द्रित दलहरूतर्फ आफ्नो वजन दिएका हुन्। अझ भनौं, यी दुईको एजेन्डा र युरो-अमेरिकन ध्येय, साँच्चै भन्ने हो भने समान छ। युरो-अमेरिकन गठजोड र भारतीय कर्मचारीतन्त्र नेपालमा विद्यमान विविध समूहलाई परस्पर विरोधी र शत्रुतापूर्ण सम्बन्ध रहेका समूहका रूपमा चित्रित गर्ने गर्छन्। तिनीहरूले आफ्ना अध्ययन र विश्लेषणमा नेपालमा विद्यमान जातीयता, क्षेत्रीयता र सांस्कृतिक विशेषताहरूलाई एकअर्कालाई जोड्ने तत्त्वका रूपमा नभएर प्रतिस्पर्धारत कित्ताका रूपमा प्रस्तुत गर्नुको कारण पनि यही हो। यसको एउटा दृष्टान्तका रूपमा हालै सार्वजनिक युरोपियन युनियनको प्रतिवेदनलाई लिन सकिन्छ।

विद्रोहकाल र तद्उप्रान्त पहिलो संविधानसभाको कार्यकालमा तत्कालीन माओवादी तिनीहरूकै प्रभाव क्षेत्रमा परेको र तिनीहरूबाट प्रवाहित विचारकै संवाहक बनेको थियो। फलस्वरूप, तत्कालीन समयमा विभिन्न जातजाति र भाषाभाषी एकअर्कासँग जुध्ने, जुधाउने मनस्थितिमा पुगेका थिए। संविधान जारी हुँदै गर्दा जुधाउने खेलमा मधेस केन्द्रित दलहरू प्रयोग भए, तर त्यसले उनीहरूले चाहेजस्तो प्रतिफल दिएन। किनभने यसबीच नेपालमा एउटा शक्तिशाली अन्तर्राष्ट्रिय पात्र अर्थात् चीनको अभिरुचि बढिरहेको थियो। नेपालमा चीनको प्रभाव बढ्दै छ भन्ने त्रास नै वास्तवमा मोदीले ओलीलाई तारन्तार फोन गर्नुको प्रमुख कारण हो। भारतीय संस्थापन नेपाल र नेपालीहरूप्रति स्नेहभावले ओतप्रोत भएर होइन कि अत्यधिक मत पाएका ओली कतै चीनको छातामुनि त जाने होइनन् भन्ने आशंकाले पीडित भएकाले अब ५ वर्ष सत्तामा रहने शक्तिसँग सम्पर्क बढाउन आतुर भएको हो।

# नयाँ आयामको अपेक्षा



दिनेश भट्टराई

नेपालको प्रजातान्त्रिक रूपान्तरण संस्थागत रूपमा एक महत्त्वपूर्ण चरणमा प्रवेश गरेको छ। नयाँ संविधान अन्तर्गत तीनै तहको चुनाव समपन्न भएर प्रतिनिधिमूलक प्रजातान्त्रिक संस्थाहरू जागृत भएका छन्। जनप्रतिनिधिहरू सक्रिय भई जनताका आवाज, आकांक्षा र समस्या समाधानतर्फ उन्मुख छन्।

समय र कालक्रमका अनुभव र अभ्यासका बावजुद विविधतामा अनुपम एकताको नेपाललाई सुदृढ गर्न लोकसम्मत प्रजातान्त्रिक व्यवस्थालाई अभ्यास गरिँदैछ। यसै व्यवस्थाबाट निर्वाचित नेता संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रधानमन्त्री केपी शर्मा ओली भारतका प्रधामन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा ३ दिने राजकीय भ्रमणमा जाँदं हुनुहुन्छ। प्रधानमन्त्रीको मित्रराष्ट्र भारत भ्रमण आफैमा स्वागतयोग्य छ। निसन्देह भारत हाम्रालागि निकटको छिमेकी र मित्रराष्ट्र हो। भ्रमणमा उहाँले सिंगो देशको विश्वास र सम्मान लिएर जाँदै गरेको विश्वास गर्न सकिन्छ। त्यसैले भ्रमणको सान्दर्भिकता र महत्त्व वर्तमान र भविष्यका लागि दूरगामी हुनेछ।

स्वतन्त्र र सार्वभौम मुलुक नेपाल र भारत बीचको सम्बन्ध अनुपम छ। बहुआयामिकताका साथै बहुमूल्य पनि छ। परराष्ट्र सम्बन्धमा मर्यादाको सीमा बाहिर गएर नयाँ मूल्य-मान्यता स्थापित गर्न सक्दैनौं। किनभने परराष्ट नीति भनेको राष्ट्रिय हित र सुरक्षा जनताको सर्वोतम हितको विषय हो। भारतसँगको खुला सीमा, राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धको व्यापक गहिराइ छ। सम्बन्धको गहिराइले दुई देशको सदियौं पुरानो सम्बन्ध सरकार-सरकारबीच मात्र सीमित नभएर जन-जनबीच परस्पर घनिष्ट छ। यो सम्बन्धलाई अरू देशको सम्बन्धसँग तुलना गर्न सकिँदैन। प्रधानमन्त्रीको भारत भ्रमणलाई अन्य कुनै मित्रराष्ट्रहरूको सम्बन्धलाई कम या बेसीका रूपमा हेरिनु जायज हुँदैन। अनवरत यो सम्बन्धलाई विवेकपूर्ण तरिकाले निपूणतासाथ राष्ट्रिय सम्मान तथा स्वार्थलाई केन्द्रविन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्नु आवश्यक छ। छिमेकीसँगको अनुपम सम्बन्धलाई सदृढ गर्दै बृहत अन्तर्राष्ट्रिय समुदायसँग स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नु 'राष्ट्रवादी' प्रधानमन्त्रीको परीक्षा पनि हो।

नेपाली जनताको अभिमतलाई सशक्त र प्रभावकारी रूपमा मुखारित गर्नु प्रधानमन्त्रीको पहिलो काम र कर्तव्य हुनेछ। दुई वर्षअघि सत्ता बहिर्गमन भइरहँदा प्रधानमन्त्री ओलीले क्षणिक आक्रोशमा 'भारतसँग मिलेर सत्ता फेरबदलमा' लागेको आरोपमा तत्कालीन नेपाली राजदूतलाई बर्खास्त गर्नुभयो। त्यसैगरी अन्तिम तयारीमा पुगेको राष्ट्रपतिको भारत भ्रमणलाई समेत एकाएक स्थगन गर्नुभयो। आशा गरौं, भविष्यमा त्यस्ता अपरिपक्व कार्य हुने छैनन्। सरकार फेरबदल नेपाली जनताको अभिमतबाट मात्र सम्भव हुने कुरा हो। त्यस्ता तथ्यलाई प्रधानमन्त्री ओलीले पक्कै बुझेको हुनुपर्छ। सार्वभौम सम्पन्न नेपाली जनताको शक्ति र विवेकलाई कसैले अवमूल्यन र नजरअन्दाज गर्नु न्यायोचित हुने छैन। त्यस्तो गतिविधि लोकतान्त्रिक संस्कारमा क्षम्य हुने छैन।

नेपाल -भारत सम्बन्धमा वर्षौंदेखि थातिरहेका पुराना एजेन्डाहरू बक्यौता छन्। ती बक्यौताको बोझ बिसाउन छिमेकी भारतीय समकक्षीसँग निकासका लागि सहमति र सहकार्य सदैव आवश्यक रहन्छ। जनताले नतिजा चाहेका छन्। आश्वासन र मृगतृष्णारूपी स्वप्न होइन। सद्भाव, समवन्य र विश्वास कायम गर्दै विगतका तिक्ततालाई बिर्साउन पनि यो भ्रमण अविस्मरणीय हुनुपर्छ। भ्रमण पश्चात द्विपक्षीय हितमा विविध क्षेत्रमा सहयोगात्मक सम्बन्ध कसरी अगाडि बढ्छ ? त्यसैमा भ्रमणको सार्थकता परिलक्षित हुनेछ। संविधान जारी गर्दा विश्वकै ठूलो प्रजातान्त्रिक देश भारतले देखाएको प्रतिक्रिया र नेपालमाथि लादिएको आर्थिक नाकाबन्दीले दुई देश बीचको सम्बन्धमा ठूलो नोक्सानी पुर्‍यायो। कारबाही भारतका तर्फबाट भएकोले सम्बन्धलाई सहज, सरल र प्राकृतिक बनाउन भारतबाटै पहल हुनु जरुरी छ। भारतबाट भइरहेका प्रधानमन्त्री स्तरीय फोनकल र विदेशमन्त्री सुष्मा स्वराजको भ्रमणलाई यसै सन्दर्भमा हेर्न सकिन्छ।

भारतसँगको बढ्दो व्यापार घाटा, वाणिज्य तथा पारवहनका समस्या, कनेक्टिभिटीका अवसर, हुलाकी सडक, रेलमार्ग पुनर्निर्माणका प्रतिबद्धता, नवीकरणीय ऊर्जा, भारतले मुद्रा विमुद्रीकरण गरेपश्चात नेपाली बैंक तथा जनतासँग रहेका सञ्चित 'इन्डियन करेन्सी' भारतीय नोटको सटही, सीमाक्षेत्रमा एकतर्फी रूपमा बनाइएका संरचनाले पुर्‍याइरहको क्षति र त्यसको न्यूनीकरण, ०५२ सालको पञ्चेश्वर सम्झौता, अरुण तेस्रो, नौमुरे लगायतका साना तथा ठूला आयोजनाहरूको कार्यान्वयनका साथै खुला सिमानाका रूपमा हुने आवत-जावतलाई व्यवस्थित र अनुगमन गरी सीमाक्षेत्रका नागरिकलाई असुविधा नहुनेगरी खुला व्यापार, अवसर वृद्धि, सीमा विवाद, सुरक्षा, संघीयताको अभ्यास र अनुभव आदान-प्रदान, आतंकवाद विरुद्धको सहकार्य लगायतका विषयमा भ्रमणका बखत चर्चा एवं सम्बोधन हुन आवश्यक छ। यी सबै तयारीबारे परराष्ट्र मन्त्रालय र परराष्ट्र मन्त्रीको पनि ध्यान पुग्यो भन्ने विश्वास गर्न सकिन्छ। यो भ्रमण सार्कलाई गति दिन भारतको विश्वास आर्जन गर्नु पनि हो। प्रबुद्ध समूहको संयुक्त प्रतिवेदन ल्याउन प्रोत्साहन गर्नु र नेपाल-भारतबीच रहेका समस्या, चुनौती र अवसरको दुवैतर्फबाट पहिचान र निकासबारे चनाखो हुनुपर्ने देखिन्छ।

उत्साहसाथ महत्त्वपूर्ण घडीमा प्रधानमन्त्रीको भारत भ्रमण भैरहँदा खड्किने केही पक्ष रहे। तीन चौथाइ बहुमत प्राप्त नेतृत्वको सरकार भए पनि भारतका लागि रिक्त राजदूत तत्काल नियुक्त गर्न नसक्नु। राजदूत पदको लामो समयको रिक्तताले सम्बन्धित देशसँग अप्रसन्नता/असन्तुष्टि व्यक्त गरेको बुझ्ने अन्तर्राष्ट्रिय प्रचलन छ। लामो समयसम्म कर्मचारी स्तरबाट राजदूतावासको काम गराइँदा सम्बन्ध सहज नरहेको, सम्बन्ध आरालो लाग्न आँटेको या सम्बन्धमा चिसोपना सुरु रहेको बुझिन्छ। राजदूतको रिक्तताबाट दुईदेशीय सम्बन्धमा अनधिकृत र अनुदारवादी प्रवृत्तिले ठाउँ पाउँछ। बहुमत प्राप्त सरकारले खै यो गम्भीरतालाई बुझेको ? राजदूतका सम्भावित विश्वस्त व्यक्तिलाई भ्रमण टोलीमा समावेश गरेर भारतको उच्च नेतृत्वसँग प्रस्तुत गरिनेछ भन्ने विश्वास गरौं। अनिमात्र नयाँ राजदूत भएर जाने व्यक्तिले दुईदेशीय सम्बन्धमा विश्वस्त एवं सहज रूपमा काम गर्नसक्ने वातावरण बन्नसक्ने अवस्था रहन्छ। नेपालस्थित भारतीय दूतावासमा भारतले राजदूत पद एक हप्ता पनि रिक्त नराख्ने परम्परा कायम राख्दै आएको छ।

**नेपाल-भारत समबन्धलाई 'पुनर्भाषित' गर्ने एउटा भिजन स्टेटमेन्ट आउनुपर्छ, जसले सदियौं पुरानो सम्बन्धको सन्देश र मर्मलाई जोडेर वर्तमान र भविष्यतिर उन्मुख गराउन सकोस्।**

हामीले त्यसबाट केही सिक्ने कि ?

कूटनीतिमा शब्द, समय, सन्दर्भ र शैली महत्त्वपूर्ण हुन्छन्। यसैमा राज्य सञ्चालनको पद्धति प्रक्रिया, विधि, नैतिक मूल्य-मान्यता प्रतिविम्बित रहेका हुन्छन्। यस सन्दर्भमा संस्थागत अभिलेखका महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। विगतलाई सम्पूर्ण रूपमा तिरस्कार गरेर सम्बन्ध अगाडि बढ्ने होइन। त्यसैले भ्रमणका अवसरमा हुने भेटघाट र वार्तालापको संस्थागत अभिलेख राख्न ध्यान पुग्नेछ भन्ने आशा गर्न सकिन्छ।

परराष्ट्र मन्त्रीले नेपाल-भारत सम्बन्धलाई 'रिसेट' पुनर्भाषित गर्ने उल्लेख गर्नुभएको छ। परिवर्तित सन्दर्भमा विश्व राजनीति, कूटनीति, अर्थनीतिमा देखिएका गतिशीलता र आयामहरूले राष्ट्र-राष्ट्र बीचको सम्बन्धलाई प्रभावित पारेका छन्। भूराजनीतिमा ठूलो रूपान्तरण देखिएको छ। रूपान्तरण प्रक्रियामा अन्तर्राष्ट्रिय शक्ति सन्तुलन छिमेकीहरू भारत र चीनको प्रगति र सम्पन्नतामा केन्द्रित छ। नेपालको भूराजनीतिक संवेदनशीलता ह्वात्तै बढेको छ। लामो राजनीतिक संक्रमणकाल र अस्थिरताबाट नेपालको भूराजनीति नाजुक बन्न पुगेको छ। छिमेकीहरूका साथै विश्व शक्तिराष्ट्रहरू लगायत अन्तर्राष्ट्रिय समुदायको ध्यान नेपालमा खिचिएको छ। उनीहरूको स्वार्थ र अन्तरविरोधी स्वार्थहरू नेपालमा बढिरहेको यथार्थलाई स्वीकार गरेर अत्यन्त सावधान र चनाखो भएर घरछिमेक, क्षेत्रीय र विश्व स्तरमा भइरहेका घटनाक्रमलाई सूक्ष्म रूपमा चिरफार गरेर त्यसबाट नेपालमा पर्नसक्ने सम्भावित प्रभाव र परिणाम पहिल्याउनु पर्नेछ। विज्ञान र प्रविधिमा भएको पहुँचबाट हामीले धेरै कुराको जानकारी राख्न सक्छौं, त्यसले हामीलाई विश्वास र निश्चित बनाउनेभन्दा पनि अरू अनिश्चितता थपिरहेको हामी ख्याल गर्दैनौं। हरेक घटनालाई नियाल्ने, अनुगमन गर्ने र त्यसको सम्भावित परिणाम हामीमाथि के कसरी हुन्छ, चिरफार गर्न जरुरी छ। यस्तो अवस्थामा नेपाललाई जोगाइराख्न सन्तुलित भएर मित्रराष्ट्रहरूको सद्भाव, विश्वास, सहयोग र समर्थन जुटाई आर्थिक विकासमा अग्रसर हुनु आजको आवश्यकता हो। यसैबाट देशको सार्वभौमिक, स्वाभिमान र स्वतन्त्रताको रक्षा गर्न सकिन्छ।

यी सबै वास्तविकतालाई समेट्नेगरी साविकभन्दा अगाडि बढेर नेपाल-भारत सम्बन्धलाई 'पुनर्भाषित' गर्ने एउटा भिजन स्टेटमेन्ट आउनुपर्छ, जसले सदियौं पुरानो सम्बन्धको सन्देश र मर्मलाई जोडेर वर्तमान र भविष्यतिर उन्मुख हुन सकोस्।

*भट्टराई पूर्वराजदूत हुन्।*

# राजनीतिज्ञहरूलाई चेत होस्



आफ्नै परिवेश

झमक घिमिरे

यो समय भनेको चेतना माथि उठेको समय हो। स्वाभाविक रूपमा विभिन्न स्वरहरू सुनिएका छन्। हिजो उठ्न नसकेका अर्थात् नपाएका स्वर अहिले उठेका छन्। नेपालको आफ्नै खालको विशेषता छ। आफ्नै खालको सभ्यता, संस्कृति, संस्कार छ। तिनको उचित ढंगले व्यवस्थापनको खाँचो छ। अहिले आवाज उठेको भनेको यिनलाई उचित व्यवस्थापन गर्न सक्छ कि सक्दैन राज्यले भन्ने हो। अर्थात् चिन्ता र चासोको आवाज पनि हो। स्वाभाविकै हो, आफ्ना सभ्यता, भाषा, संस्कृति, संस्कार मासिने हो कि भनेर चिन्ता उठ्नु चासो जाग्नुपर्छ। तर यो चिन्ता र चासोसँगै आफ्ना-आफ्ना मुद्दाहरू अगाडि ल्याएर आपसमा झगडाको बीज रोप्नु जायज होइन। जन्मले मान्छे जुनसुकै जात, धर्म, संस्कृतिमा जन्मे पनि उसलाई सम्मानजनक व्यवहार गर्नुपर्छ। यहाँ अहिले विभिन्न नाममा राज्यले आरक्षण छुट्याएको छ। यो निश्चित अवधि राखेर छुट्याउनु आवश्यक छ। हिजो दबिएका, थिचिएकालाई सरकारले निश्चित अवधिसम्म आरक्षण दिएर संरक्षण गर्नु आफैंमा सकारात्मक कुरा हो। तर सदासर्वदा आरक्षण दिनु भनेको मान्छे भएको क्षमता, प्रतिभाको प्रदर्शन गर्नबाट रोकिनु हो। प्रतिस्पर्धाबाट प्रतिभाशाली मान्छे अगाडि आउनबाट रोकिनु हो।

अहिले नेपालमा यसको कारण एक खालको बबन्डर मच्चिने सम्भावना छ। अहिले प्रदेशको नाम जातीय आधारमा तोकिनुपर्ने आवाज उठिरहेको छ। जातीय आधारमा प्रदेशहरूको नाम तोकिनु आफैंमा नराम्रो होइन, तर त्यो जातीय ऐतिहासिक आधार के हो ? त्यो संस्कृति र सभ्यताको आधार के ? सबैलाई सर्वमान्य हुन्छ कि हुँदैन ? त्यो कुराको अध्ययन हुनुपर्छ। अहिले सम्बन्धित निकायले बेलैमा राम्रोसँग नसोची प्रादेशिक सरकारले हतार-हतारमा निर्णय लिए भने सर्वकालीन समयसम्म राम्रो हुँदैन। सबै नेपाली सभ्यता, संस्कृति, संस्कारको अध्ययन-अनुसन्धान हुनु आवश्यक छ।

नेपालमा एक जातिको बाहुल्यता भएको ठाउँ कुनै पनि छैन। त्यसैले जातजातिका सबै भाषा, संस्कृति, संस्कारलाई उत्तिकै माया गर्नुपर्छ। हिजो यसो नगरेकाले अहिले यी समस्या आएका छन्। हामी अलिकति नाक थेप्चो हुनेलाई यसको त नाक थेप्चो पो रहेछ भने खिल्ली उडाउँछौं, आखिर यसो गर्न हामीलाई कुन संस्कृति र सभ्यताले सिकायो ? यस पंक्तिकारले पनि पटक-पटक आर्य कुलवंश संस्कृतिभित्र जन्मेकै कारण गैरआर्य जातिका चेतना नखुलेकाहरूबाट अलि असजिलो व्यवहार खेप्नुपरेको छ। उनीहरूलाई कुरा बुझाउँदै गएपछि सहज र सरल व्यवहार गर्छन्। म आफैंमा धन्य छु। किनभने मैले आर्य समुदायभित्र जन्मे पनि सबै समुदाय र सम्प्रदायको माया र स्नेह पाएकी छु। म सबै नेपाली समुदाय र सम्प्रदायलाई आत्मैदेखि प्रेम गर्छु। तिनको नेपालीपनलाई प्रेम गर्छु। प्रत्येक नेपालीलाई प्रेम गर्ने मान्छेले नेपाली संस्कृति र संस्कारलाई जातजातिलाई प्रेम गर्नुपर्छ।

हामीले आफ्नै सभ्यतालाई माया गरेर तिनको राम्रो पक्षलाई उजागर गर्नुपर्छ। आफ्नो सभ्यताको अध्ययन, अनुसन्धान नगरी कसरी आफ्नो पहिचान खोज्ने ? र आफूले आफैलाई चिन्ने ? विश्वमा आफ्नोपन र आफ्नो मौलिकता मर्दैछ। नेपालमा हाम्रो आफ्नै संस्कृति, सभ्यता छ। कसैको आयातित संस्कृति, सभ्यता स्वीकार्न आवश्यक छैन। यहाँ प्रत्येक जातजातिको आफ्नै संस्कृति, भाषा र पहिचान छ। त्यसको आफ्नै सुन्दर सभ्यता छ। त्यसभित्रको सभ्यतालाई हामीले कतिसम्म पहिचान गर्नसकेका छौं ? कतिको पहिचान गर्नसकेका छैनौं ? त्यसैले नेपाली राजनीतिक दलहरूका आफ्ना-आफ्नै विचार सिद्धान्त होला, यिनले जातीय आधारमा प्रदेशहरूको नामकरण गर्दा नेपाली र नेपालको सभ्यताको राम्ररी अध्ययन गरुन्, यहाँ विभिन्न खालका सभ्यता छन्। आर्य सभ्यताभित्र पनि कैयौं राम्रा कुरा छन्, मंगोल सभ्यताभिर पनि कैयौं राम्रा पक्षहरू छन्।

अब ६ वटा प्रदेशका नामकरण हुन बाँकी छ। यो सजिलो कुरा छैन। प्रत्येक नागरिकले बुझेका छन्। प्रत्येक नागरिकहरूले आफ्नो अपनत्व पनि खोजिरहेका छन्। खोज्नु पनि स्वाभाविकै हो। यही विषयमा कुरा उठाउँदा यस पंक्तिकारलाई एकजना प्रिय मित्रले हालसालै भने- समानता, न्याय पाइन्छ भने अर्को युद्धको लागि तयार हुनुपर्छ। भन्नुको अर्थ थियो, अब सबै नेपाली हिजोको जस्तो दबेर, अन्याय, असमानताको पीडा भोगेर बाँच्न चाहँदैनन्। समानता विभेदरहित समाज सबै नेपालीजनको चाहना हो। यो कुरा नेपालका सबै राजनीतिक दल र राजनीतिकर्मीहरूलाई चेत होस्।

# स्थानीय सुशासन कसरी ?



साबिर अन्सारी

स्थानीय, प्रादेशिक र केन्द्रको चुनावपछि वैधानिक रूपमा संघीयतामा प्रवेश गरेसँगै महानगरपालिका, नगरपालिका वा गाउँपालिकाका मेयर तथा अध्यक्ष हुन् वा प्रदेशका मुख्यमन्त्री वा तिनका मन्त्रीका साथै प्रधानमन्त्री तथा तिनका मन्त्रीले एउटै मन्त्र जप्ने गरेका छन्- 'सुशासन, सुशासन अनि सुशासन।' बिहान पनि सुशासन, दिउँसो पनि सुशासन अनि बेलुकासम्म पनि जहाँ भेटियो त्यहीं दुई शब्द राखेका छन्, सुशासनलाई केन्द्रमा राखेर।

आखिर के हो त सुशासन ? सरल र बुझ्ने भाषामा भन्ने हो भने सुशासन भनेको असल शासनलाई बुझिन्छ। सामान्यतया सुशासन वा असल शासन भनेको संस्था र उक्त संस्थालाई सञ्चालन गर्ने जिम्मेवारी वहन गर्ने व्यक्तिहरू, चाहे त्यो सरकार होस्, स्थानीय निकायहरू हुन्, कर्पोरेट हाउसहरू हुन् वा गैरसरकारी संस्थाहरू हुन्, ती सबैको नैतिक व्यवहार र तरिका भन्ने बुझिन्छ। जसको एउटामात्र ध्येय हुन्छ, त्यो हो, बिना रोकावट जनता वा सेवाग्राहीले सेवा उपभोग गर्न पाउन्। यसले राज्यका आर्थिक, सामाजिक, राजनीतिक सबै पक्षमा असल शासन हुनुपर्छ भन्ने मान्यता बोकेको हुन्छ। असल शासन व्यवस्थाले नै राज्यको आर्थिक तथा सामाजिक उन्नति, राजनीतिक जागरुकता, नागरिक अधिकारजस्ता विषयहरू स्थापित गर्छ। यसले विभेदमुक्त समाजको समेत परिकल्पना गर्छ।

अहिले संघीयतालाई सफलतातिर लैजाननिम्ति एउटा चुनौती भनेको साधन परिचालन हो भने अर्को साधनको सदुपयोग र सुशासनयुक्त प्रभावकारी सेवाको प्रवाह हो। देशमा संघीय शासन प्रणालीलाई संस्थागत गर्दै अघि बढ्दै गर्दा यसको सफलताको कसी राज्यका तीनवटै तहका सरकारको सुशासन प्रदान गर्ने सूक्ष्म दायित्वमाथि निर्भर रहनेछ।

स्थानीय सरकार जति जिम्मवार भई स्थानीय तह तथा प्रदेशको विकासनिम्ति अभिभावकको भूमिका खेल्नेछन्, त्यति नै मात्रामा राज्यमा सकारात्मक सुशासनयुक्त वातावरणको अनुभव सबैले गर्नेछन्। स्थानीय तहमा व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकार रहेकाले यसलाई स्थानीय सरकार भनिएको हो। स्थानीय सरकारद्वारा जनताले शासनमा सहभागी हुने र लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवसर प्राप्त गर्छन्। यसैले स्थानीय शासन लोकतन्त्र र असल शासनको आधार-स्तम्भ मानिन्छ। राजनीति तथा विकास सदैव जनहितका निम्ति हुनुपर्छ। जनताको अधिकार तथा तिनका लागि विकास भनेकै सुशासनको अनुभूति हो। समग्र सुशासन स्थापनामा स्थानीय सरकारको भूमिका अपरिहार्य र महत्त्वपूर्ण रहेको देखिन्छ। किनभने संविधानले नै स्थानीय प्रकृतिका सेवासुविधा प्रवाह गर्ने जिम्मेवारी र स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यसमेत स्थानीय सरकारलाई प्रदान गरेबाट नागरिक कर्तव्य पालनामा स्थानीय तहको भूमिका निर्णायक रहन्छ।

करिब ६० वर्षदेखि नै राज्य सञ्चालनका निम्ति सुशासनलाई लिएर बहस भएको पाइन्छ। २००७ सालदेखि नै प्रशासनमा सुधारका विभिन्न अभियान थालिए। २००९ मा 'बुच कमिसन', २०१३ मा प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा अर्को कमिसन गठन भयो, प्रशासनिक सुधारका नाममा। २०२५ र ०३२ सालमा छुट्टै आयोग गठन भएको देखिन्छ। २०४८ सालमा

**स्थानीय सरकारले जति जिम्मेवार भई स्थानीय तह तथा प्रदेशको विकास निम्ति अभिभावकको भूमिका खेल्नेछन्, त्यति नै मात्रामा राज्यमा सकारात्मक सुशासनयुक्त वातावरणको अनुभव सबैले गर्नेछन्।**

प्रधानमन्त्रीकै अध्यक्षतामा अर्को आयोग गठन भयो। २०६९/७० मा पनि अर्कै आयोग गठन भयो।

समग्रमा बुच कमिसनदेखि बडाल कमिसनसम्म आउँदा के देखियो भने नेपालमा सुशासनको अवस्था सन्तोषजनक छैन। यसो नहुनुमा विभिन्न कारण छन्। पहिलो, संरचनात्मक ढाँचा बदलिरहनु। दोस्रो, चुस्त व्यवस्थापन नहुनु। तेस्रो, आचरण र व्यवहारमा सुधार नहुनु। आन्तरिक कचिङ्गलले मुलुकमा राजनीतिक अस्थिरता बढ्यो। यसले संवैधानिक अनुशासन कायम हुन सकेन। विधिको शासन मान्ने संस्कृतिको विकास हुन सकेन। साथै दण्डहीनता क्रमिक रूपमा बढ्यो। यी कारणले मुलुकको सुशासनको अवस्था सन्तोषजनक छैन वा भनौं सुशासन कायम गर्न हामी असफल भयौं।

सुशासन आफैंमा कुनै जादुको छडी होइन, जुन तुरुन्तै लागू गरी त्यसको प्रतिफल प्राप्त गर्न सकिन्छ। यो त निरन्तरको संघर्ष र प्रयासबाट सम्भव भई प्राप्त हुने कुरा हो, जसले विकासलाई स्थायित्व तथा गतिशीलता प्रदान गर्छ। २०६४ सालमा आएको सुशासन सम्बन्धी ऐनले मानवअधिकार संरक्षण गर्ने, आर्थिक अनुशासन कायम गर्ने, स्थानीय स्रोतसाधनको अधिकतम प्रयोग गर्ने, समावेशीकरण सिद्धान्त आत्मसाथ गर्ने, कमजोर पक्षलाई विशेष सुविधा दिने, राजनीति र प्रशासनबीच सीमाङ्कन गर्ने, मन्त्री, सचिव लगायतको जिम्मेवारी किटान गरिएको छ। उक्त ऐन कानुन राम्रो भए तापनि कार्यान्वयन पक्ष कमजोर रहेकोले त्यो अनुसारको जिम्मेवारी कसैबाट बहन हुनसकेको छैन। यदि त्यस ऐनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने यसको लक्ष्य प्राप्ति हुन कठिन छैन।

स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार बमोजिम कार्यसम्पादन गर्दा सुशासनका मान्यता आत्मसात गर्दै आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्यसम्पादनमा प्रभावकारिता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपाय अवलम्बन, सरोकारवालाको सहभागिता, निर्णयमा पहुँच तथा शासन र लाभमा सबैको समावेशी सहभागिता जस्ता मानकले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिविम्बित गर्छ।

जनताका प्रतिनिधिले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ। यसका लागि स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने, भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने, आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने, आय र व्ययको जानकारी सार्वजनिक गरी सरोकारवालासम्म पुर्‍याउने, लेखा समितिलाई प्रभावकारी बनाउने जस्ता कार्य अवलम्बन गर्नुपर्ने देखिन्छ।

सार्वजनिक गतिविधिबारे नागरिकलाई सुसूचित गराउने, सार्वजनिक नीति, निर्णय, योजना र कार्यमा सरोकारवालालाई सहभागी गराउँदै आफ्ना कार्यलाई निरन्तर रूपमा नागरिकद्वारा अनुमोदित गराउने प्रणालीले शासनमा नागरिकहरू वास्तविक रूपमा सहभागी हुने अवसर पाउँछन्। उक्त खुला तथा पारदर्शी एवं सहभागितामूलक कार्यशैलीले उत्तरदायित्व अभिवृद्धि गर्छ। उत्तरदायित्वले अख्तियारीको दुरुपयोगलाई नियन्त्रण गरी गुणस्तरीय सेवाको उपलव्धता सुनिश्चित गराउन मद्दत गर्छ।

पुरातन शैलीको कर्मचारीतन्त्रलाई सुशासनको मुख्य केन्द्रको रूपमा विकसित गर्न कर्मचारीतन्त्रका मूल्य, मान्यता र कार्यशैलीमा परिवर्तन ल्याउन सक्नुपर्छ। कानुन कार्यान्वयन गर्नेले सही प्रक्रिया, स्वच्छता, समानता र स्वतन्त्रलाई प्रत्याभूत गर्ने नागरिक र राजनीतिक अधिकारको सुनिश्चितता हुनु आवश्यक छ। त्यस्तै संविधानको सर्वोच्चतालाई प्रशासकहरूले आत्मादेखि मनन गर्न आवश्यक हुन्छ।

*अन्सारी स्थानीय सुशासन तथा गैसस व्यवस्थापनका शोधार्थी हुन्।*

# बर्गिकृत विज्ञापन

## घर जग्गा

दुवाकोट टाउनप्लानिंगमा बिसफिट बाटोमा ११,५०,०००। प्रतिआना ९८४०२०८४३४, ९८५१०९२८७५

सुकेधाराबाट नजिकै नयाघर बिक्रिमा ९८६३६०१८८१, ९८५११०६२३७

कित्ताकाट संपन्न टुक्रा जग्गाहरू सुडाल हाईटमा पिचरोड संगै प्रतिआना ४,५०,००० देखि ६,५०,०००। नगर विकासबाट स्विकृत ढल, पिच, पोलसहित प्रतिआना ८,५०,०००। ९८४१२५१६८५, ९८४०२६१६२३, ९८४१७८४७५०, ९८२३४४२५५५, ९८५१०२१६५९

मण्डिखाटार निखिलेश्वरमा नयांमापदण्डको घरबिक्रीमा 9841446378

बानेश्वरमा घरजग्गा खरिदबिक्रि गर्नुपरमा Link Nepal 9741455638

इमाडोल गाविस नजिक नयां घरहरू बिक्रीमा ९८४१०३२९३२, ९८६९०१५८१९

नारायणथानमा fully furnished/ swimming pool villa(३-६-०-०) बिक्रिमा (मूल्य ८,५०,००,०००/) 9801098093, 9851126360

ललितपुरको कोपिहोम, हरिसिद्धमा २वटा घरविक्रिमा ०१-४६०२०९६, ९८४८२६६९९९

घरजग्गा खरिदविक्री गर्नुपरमा 9823255703 midasrealestate9@gmail.com

भक्तपुर, काठमाण्डौ, चितवन, ललितपुरमा तु.घडेरी चाहियो 9843421065 दलालले कष्ठनगर्नुहोला

लुभु हाइवे नजिकै घडेरी ९८४९६८८२१४

मनमैजु नेपाटपमा तिनआनामा बनेकोघर सटरसहित बिक्रीमा ९८४३०८६१०१

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

हेटौंडा सुनाचुरी हाइवेसंगैको सुविधासंपन्न घडेरीहरू धुरको ७५,०००। घरहरू १७०००००। ९८५१००९३३२, ९८६५४०४९७२

इमाडोल बोजोपाखेरी फुस्टलको पश्चिममा टुक्राघडेरी 9801095308, ¿9841287677

भंगाल भ्यालीपब्लिक नपुग्दै नयांघर 9851027364

ईमाडोल कृष्णमन्दिर पछाडी गोरेटोबाटोमा तिनआनामा बनेकोघर छयत्तरलाखामा 9843728286

गोङ्गबु बसपार्क निर ०-३-०-० ९८१३९४४४०२

६- आनाघडेरी बाँसबारी भाटेढिकुरोमा बिक्रिमा 9851232999, 9802532799

चावहिलचोकमा आठआना, भक्तपुर श्रजनानगरचोकबाट हिडेर दुईमिटरदुरीमा चौधआना, धरान विजयपुरको पन्चकन्या बुढासुब्बा जानेचोकमा धरानकोमनोरम दृश्यदेखिने ३.५ कट्ठाजग्गा 9818759374, 9860090977

भक्तपुर ताथली २० फिटेबाटोमा रैकर गर्नमिल्ने गुठीको घडेरी जग्गासाथै घर बिक्रिमा 9860487385

जोरपाटी नारायणटारको फिचबाटोमा साढे३ आनामा बनेको गाडीग्यारेज सहित दशकोठाको भुकम्पप्रतिरोधी आधुनिक नयांघर बिक्रिमा ९८५१०८७३८१

नयांपाटीमा ०-३-३-२ भद्रबासमा ०-४-०-० गागलफेदीमा ०-२-२-० लब्सीफेदीमा २-०-०-० ०-८-०-० जानकारीको लागि www. matribhumirealestate.com 9843522304

बुटवल पुल्चोक ३मा घरबिक्रीमा ९८५१२४९१४८ सिधासम्पर्क

अमेरीकन एम्बेसी अगाडी ०-१५-०-० 9803198714

ललितपुर हात्तीवनमा साढे-दुईतल्ले नयाँघर बङ्लो ९८५१०६८६७७/ ९८४३१६६२७७

गोगंबु गणेशस्थाननजिकै मेनरोडमा ०-८-२-० बनेको ३तल्ले घर मुल्य ४करोड ९८४१७४४३०१

बालकोटमा टुक्रा जग्गा विक्रिमा 9843027526

बुटवल पुल्चोक ३मा घरबिक्रीमा ९८५१२४९१४८ सिधासम्पर्क

गल्कोपाखा, ठमेल मेनरोडमा होटल, कलेज, स्कूल, हस्पिटल, हाउजिंग, एपार्टमेन्ट आदिकोलागि उपयुक्त ७५ आना जग्गाविक्रीमा ९८१०२८००९८

हेटौंडा उनपा. बासामाडी महेन्द्रराजमार्गसँग जोडिएको ८.३ कठ्ठा जग्गा विक्रीमा, ९८५१०३४८६५

धुम्बाराही/ मण्डिखाटार ०-६-०-०, ०-७-०-०, 9851265324

सुकेधारा न्यूकोलोनी ०-५-३-०, ०-५-०-०, 9841625200

एकताबस्ती ज्योतीनगर ०-३-२-०, नयांघर 9851249307

चक्रपथ नारायणगोपालचोक नजिकै ०-६-०-०, ०-५-०-०, 9855068777

पेप्सीपुर्व गुठी ५,००,०००- १८,००,००० प्रतिआना ९८६१६६५५५६०, ९८४२२२४२९७

कपन फैंकाचोकको ०-५-२-० जग्गा विक्रीमा ९८५१०-००५०१

कपनबालुवाखानी पुलनजिक एकतले नयांघर सिधासम्पर्क ९८४१६००७०७

पद्‌म कोलनी हाउजीङ्ग कुसुन्ती ललितपुरको घर विक्रीमा 9869386983

काडाघारीमा साढे दुईतल्ले नयांघर विक्रीमा रु. १,७०,००,०००।- ९८५१०५९९९५, ९८४३२६०९८८

६मिटरको बाटोमा ०-३-०-० आनाको ३०,००००० चमती आयोजनामा ९८४१५८७२०२

**महालक्ष्मीस्थान ललितपुर रिंगरोडको घरजग्गाबिक्रि नोकमिशन ९८४५१४४७७७**

पुरानोवानेश्वर चोकबाट पश्चिम, घर सहित १० आना जग्गा विक्रीमा, सम्पर्क: ९८४७५९२१०८

इमाडोलको नौआना जग्गबिक्रीमा ९८५१०९३७०३, ९८१२४८५६७३

बागबजारमा कमर्शियल घर बिक्रिमा ९८५११२१९९९

रौतहट सिन्द्रेघारीमा ०-१०-० बिक्रीमा ९८५११४५६२३

३३फिट बाटोमा जग्गा विक्रीमा ९८०३१६१६९७

बुढानीलकण्ठ रुद्रेश्वरमा प्रतिआना १०,००,०००।, आतेश्वर ह्वाइटगुम्बामा प्रतिआना ७,००,०००। जग्गाविक्रीमा, पासीकोटमा ०-८-०-०घर २.५तल्ले ९८५१०३१४९८

महाराजगञ्ज होटलसमवाला पछाडी ३-१३-०-० प्रतिआना ३०,००००० ९८५११६९८९९

बानियाटार धनगणेशथान चोकनजिकै पिचबाटोमा ०-७-०-०, जग्गाबिक्रीमा टुक्रागरेरपनि दिनमिल्ने 9849897245

बनेपा भैसेपाटीपुल अरनिको हाईवेबाट १ कित्ताभित्र २० फिटेबाटोमा आकर्षक घडेरीहरू बिक्रीमा 9851093511, 9851244079

कलंकी खड्‌कागाउंमा नयांघर बिक्रिमा 1,075,0000 9849598873

सुकेधाराबाट २ कि.मी.भित्र पिचबाटोमा ३-२-१मा बनेको २.५ तल्लेघर बिक्रिमा १.७२ लाख 9840272846

थानकोटमा 0-4-0-0 जग्गाबिक्रिमा 65,00000 9849598873

नक्शाल नारायणचौरमा ०-६-१-२ जग्गा बिक्रिमा ९८५१०६४९३४

नलिनचोकबाट ३००मी.भित्र ०-३-२-० टुक्रा जग्गा बिक्रिमा ९८५११२१९९९

भक्तपुर राधेराधेपछाडि आकर्षक टुक्राजग्गाहरू बिक्रिमा प्रतिआना २२,००,०००।- ९८५१०५७२७८

दहचोकमा सुबिधासम्पन्न सस्तो घडेरी बिक्रिमा 9851037413, 9862217833

टिकाथलीमा एकतले घर बिक्रीमा 9849564789

बुढानीलकण्ठ स्कूलनजिक ०-५-२-० जग्गाविक्रीमा ९८६१२१९५७५

नुवाकोट समुन्द्रटार रामती ६ हाइवेमा ६रोपनी ८आना जग्गा रोपनीको ३लाखमा बिक्रीमा ९८४३४४२३६१

ककनीमा १५रोपनी ७मिटर ग्रामिण सडकभएको कृषीफार्म, रिसोर्ट उपयुक्त जग्गा बिक्रीमा ९८४३४१९८९७

भक्तपुर राधे-राधे भाटभटेनीसंगैको टुक्रा जग्गा बिक्रिमा 9851074605, 9851086015, 9851007973

कपनआकाशेधारा नजिक ०-४-३-०, प्रतिआना:-१८,००,०००/- ९८४१३४५००५

६५०,०००। देखि ७५०,०००। प्रति आनामा चन्द्रगीरी नगरपालिका वडानं. २ वाडभन्ज्याङ्गमा टुक्रा जग्गाहरू बिक्रीमा ९८४१६०१८९४

नेपालगंज एयरपोर्टनजिक २ कठ्ठा लोभलाग्दो घडेरी सस्तोमा 9818710834

कपन मनकामना हाईटमा ३-४ आना जग्गा तु.विक्री प्रतिआना २०,००,०००/-, 9851015714

बुढानिलकण्ठको पन्चकन्यामार्गमा २६फुटेबाटोमा १रोपनी विक्रीमा ९८४१२६४६०४

बुद्धनगरमा ०-८-२-०मा २.५ तल्ला घर ९८४३१४१८०५

गोंगबु ग्रीनल्याण्डचोक पश्चिमपट्टि ३ आनामा बनेको २ तल्ला घर मूल्य १,५५,००,०००/- , ९८५१०८१४५२

कलंकी स्यूचाटारमा घर बिक्रिमा 9000000 9862403303 9846574090

इमाडोल सरस्वती कोलनीमा सुविधा संपन्न घर बिक्रीमा ९८५१००८७३५

कपनमा सार्वजानिक बसचल्ने मेनरोडको ०-६-३-० ९८५१२१७३१८

इमाडोलमा एकतल्ले नयांघरहरू घरधनी ९८५१०९५९२१

सिमरा बजार हाइवेसम्म कमर्सियल १.५ कठ्ठा जग्गा विक्रीमा 9845130357, 9841347535

बुढानिलकण्ठ देउवा चोक नजिक Resort, Farm House, गुम्बाको लागि उपयुक्त ५ रोपनी जग्गा प्रतिरोपनी ६४ लाख सम्पूर्ण सुविधायुक्त 9841312259, 9851067692

धापाखेल इसिमोड नजिक ०-४-२-०, ९८४१५०३५०४

इमाडोल महालक्ष्मी नगरपालिका आसपास घरहरू विक्रिमा, ९८४३४१४२५९, ९८४९२४७१८७

भक्तपुर दधिकोटमा ०-५-०-२ प्रति आना १३,००,००० ९८१०१५७९९१

ईमाडोलमा घरहरू १,६५,००,०००/-, ८४,००,०००/- लामाटारमा ६००,००० आनाको जग्गा ९८५१०७८६५३

लाजिम्पाटमा १-२-०-० बनेको घरजग्गा ९८४३१११२५५

गैरीधारा, गोमागणेश पम्पअगाडी दुईकित्ताभित्र ०-१०-०-० ९८६५४५२३५६

नारायणस्थान गणेशस्कुल चोकमा ०-५-०-०, ९८४१४९४४२४

काभ्रेस्थली जमिनसहित पानीफ्याक्ट्री १,१५,००,०००। ९८०१०९४४२४, ९८०१०१६९०५

बसुन्धारा रिङ्गरोडबाट श्रीटोल हाईट कृष्ण मन्दीर नजिक २२फिट बाटोमा ०-४-०-० र ०-७-०-०का घडेरीहरू ९८४११७०२५९, ९८४१४८४००२

बौद्धमा ०-५-०-० आनाको ३२,००००० ९८४९८४०८२७

काठमाडौंको तारकेश्वर नगरपालिकामा मोटरजाने ९-०-० र १-११-० बिक्रीमा 9721358310, 9818055195

कलंकी LRIस्कूलनजिकै ०-९-०-० माबनेको घर २,१०,००,००० ९८४३९२१५३६

चित्लाङ १०० रोपनी, गोदावरी बाँडेगाऊ ४-८-०-०, ललितपुर कोटडाँडा ३-०-०-० बिक्रीमा ९८०१०८७१०१

नयां बसपार्कको व्यापारिकघर बिक्रिमा ९८१३८५६५८५

धापासी सेन्साहोटलनजिकै चारतल्ले घरबिक्रीमा 9813560614

## सवारी साधन

राम्रो कण्डिसनको Suzuki Desire car model 10 बिक्रीमा 9851245673

कान्तिपुर यातायात बस चलाउनकोलागी उचित तलब भत्तासहित १५जना चालक तु.चाहियो ०१४३८५८५३ ९८६०९२३७७७

मारुती सुजुकी भ्यान भाडामा ९८५११६२९३९

JCB 3DX2014 बिक्रिमा वा ठिपरसँग साट्ने ९७४४०३७३०१

ScorpioXuv गाडीहरू भाडामा, 9808872109, 9842262730

2011-Indica Diesel fulloption 6,75,000/- 9851188639

सामान बोक्ने भ्वाइजर गाडी ९८४९०९१४४१

Fordfigo 2011 Fulloption Singlehand 9841073028

हुन्डाई ट्याक्सी २०१६ फाइनान्ससहित ९८४१०७३०२८

तीनलटको EicherTruck बिक्रिमा नयां इन्जिन हालेको १महिना मात्र भएको ९८१८७३११३९

R15 V2 बिक्रीमा रु.१,४५,०००/- ९८०३०४२४३६

टाटा-इन्डिका कार रु.४,५०,०००/- डिजेल ९८६९०८७६६८

Santro ful Option 2007m 9806830407

ALTO- 2013 fulopsn- 11,70,000. 9841264984

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

नडुब्ने नाफामूलक कम्पनी बेच्न/किन्न ९८६९४८७१६०

सेकेन्डहयाण्ड फर्निचर इलेक्ट्रोनिक्स खरिदबिक्री 9851234047

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

घरजग्गा धितोराखी BANK LOAN CONSULTANCY 9851032044

धितोफुकुवा घरजग्गा धितोराखी ऋण 9851014408

Cash Deposit विदेश जानकोलागि 9851008529

धितो फुकुवा Cash Deposit 9867894338

Cash Deposit विद्यार्थीको लागि 9863427257

ज्योतीषशास्त्र १००% भनेकोपुगेलिने नपुगेनलिने ९८४१७५९४२५

महालक्ष्मी सेकेण्डहाण्ड फर्निचर खरिदबिक्रीमा ९८५१०९५६०५

ज्योतिषशास्त्र १००% भनेकोपुगेलिने नपुगेनलिने ९८४१७५९४२५

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

धितो राखी लोन चाहिएमा ९८५११६२९३९, ४२७५२५८

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

CASH DEPOSITED धितोफुकुवा अतिसस्तो ९८०३०९०१८३, ९८४३५७८९३०

Cash Deposited धितोफुकुवा अतिसस्तो 9851243351

अति सस्तोमा बैंक Deposit 9842622084

जस्तोसुकै कामदार चाहिएमा 01-4260314, 9861586739

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

डेरा, कोठा, फ्ल्याट, घर, अफिस सार्न परेमा ९८०३६५२०५२

Website Design and Development 9823317384

स्याम्पु-साबुन, क्रिमकस्मेटिक लुजप्याकिङ चाहिएमा 9803774553

## विविध विक्रीमा

ठमेलको रेष्टुरेण्ट, पब विक्रिमा 9811300105

पानीपोखरीमा Avocado Restaurant विक्रीमा 9841688983, 9803165392

नयांबानेश्वर चोकैमा Full Furnished अफिस 9851047414

औषधि पसल विक्रीमा कुपण्डोल ९८५११९५९०७

कालिमाटीचोकको चलिरहेको ब्यस्त म:म पसल बिक्रीमा ९८१८५२८११४

बागबजारको फास्टफुड रेष्टुरेन्ट बिक्रिमा ,9847672085

अर्जेन्ट नयांबसपार्कको पहिलो गेटमानैरहेको गेस्टहाउस बिक्रीमा फुलपानीको व्यवस्थाभएको ९८२३५५४५७०

कमलपोखरीको फेन्सी पसल बिक्रीमा ९८४९६८१५२५

होटल तथा खालिसटर बिक्रीमा 9843105084

ठमेलको किरानापसल सस्तोमा बिक्रिमा 9819934555

**चलिरहेको गेष्टहाउस बिक्रीमा गोंगबु 9851064660**

नयांबानेश्वरमा विशेष कारण फाष्टफुड बिक्रिमा ९८१७३००४९२

सामाखुसीमा कलेजसंगैको स्टेशनरी पसल बिक्रिमा ९८४१६७४२६४

थापाथली नर्भिक/प्रसुती हस्पिटलसंगै राम्रो चलिरहेको रेष्टुरेन्ट बिकीमा ९८५१००७८९३

चलिरहेको मार्ट बिक्रिमा संगमचोक, बानेश्वर २०,००,०००।- ९८१८८९७९९४

चलिरहेको पार्लर बिक्रिमा घट्टेकुलो ९८४२५८३२७३

नयांबानेश्वरको फेन्सीपसल बिक्रिमा ९८६४४८१५९९

शाक्तिनगरगेट हाइवेमा सटिङ्गसुटिङ बिक्रीमा 9863318045

चलिरहेको होटल बिक्रिमा कलंकी 9803924526

बालकोट चांगाथलीको कुखुराफर्म बिक्रीमा 9840140344, 9860994204

डिल्लीबजारमा चलिरहेको रेष्टुरेन्ट तु.बिक्रीमा, 9801149639

नयाँबसपार्कको मित्रनगरमा चलिरहेको गेष्टहाउस बिक्रिमा 9841800198

सामाखुसीमा लेडिज जुत्ताचप्पल पसलबिक्रिमा 9860953515

तिनकुनेचोकमा पन्ध्रबर्ष पुरानो कस्मेटीकपसल तुविक्रिमा 9849606818

मोबाइलपसल विक्रिमा बनस्थली ढुङ्गेधाराचोक 9851244354

Well decorated office 420000 चावहिल ९८६९४०००१६,

फेन्सी पसल विक्रिमा कलंकी ९८६९४८६७८०

चलिरहेको रेष्टुरेन्ट बिक्रिमा डिल्लीबजार 9843601260

फेन्सी पसल सस्तोमा बालाजु 9841259977

शान्तिनगरचोकमा चलिरहेको पार्लर विक्रिमा 9849222786

मोडलहस्पीटल अगाडीको रेष्टुरेन्ट विक्रिमा 9851051380

कलंकीमा चलिरहेको फेन्सीपसल बिक्रिमा ९८०८१२४४२५

पार्लर तुरुन्त विक्रीमा, महाराजगंज ९८४९२२९१८०

सातदोबाटो Furnished Institute Office बिक्रीमा 9849740276

चलिरहेको स्पोर्टस पसल बिक्रीमा ९८५११२३१४९/ ९८१००४८११८ नयां बानेश्वर (जनता बैंकसंगै)( जग्गासाग पनि साट्न सकिनेछ )

चालु अवस्थाको विपासा आषिका खाजाघर तु.विक्रीमा फोन: ९८६४४६०३४८

चलिरहेको सरफफ्याक्ट्रि बिक्रिमा १४,००००० मात्र ९८५११५४५३४ धितो राखी लोनलिन मिल्ने

चलिरहेको इन्स्टीच्युट बिक्रिमा चावहिल ९८०८३४८४१३

मार्वलको टेवल कुर्सीहरू बिक्रिमा ९८५१११५९०७

जोरपाटीमा चलिरहेको होटल ३००,००० 9843939114

बेकरी उत्पादनगर्ने मिसिनहरू बिक्रीमा 9851064906

शंखमुलचोकको चलिरहेको फेन्सी पसल, ९८८००९०६२७

चलिरहेको रेष्टुरेण्ट बिक्रिमा चुच्चेपाटी ९८२४९४२७३९

सस्तोमा ब्युटिपार्लर पुरानो वानेश्वर 9803954143

चलिरहेको रेष्टुरेन्ट बिक्रिमा मध्यबानेश्वर ९८४००६९०४९

फेन्सी पसल विक्रिमा सिनामंगल ९८०८१९५७३७

चलिरहेको रेष्टुरेन्ट बिक्रिमा तिनकुने ९८४९७५३८१८

अत्यन्त राम्रोचलिरहेको गेष्टहाउस होटल एयरपोर्ट ९८०८५९३४४६ २०,००,०००

मोबाइल पसल विक्रिमा कलंकी 9861762452

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9860053124

प्लम्बिङ इनारसफाई ढल, ट्वाइलेट, जामखोल्ने ९८५१११६०२२

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9869400856

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल बनाउने जामखोल्ने सेप्टीटैंकी मेसिनबाट ९८४१४४८७७० होमप्रसाद

सेफ्टीट्याङकी सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीट्याङ्की ठुलोगाडीमा सफाइ मेसिनबाट 5251092, 9851024364

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल ट्वाईलेट जामखोल्ने ७७५। मर्मतगरिन्छ ९८५१०१९८८९

ढलमंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

सस्तोमा ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9808849489

सेफ्टीटैंकी सफाई २००० ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीटैंकी सफाई सस्तोमै १५०० ९८५१०८८५९२

सेफ्टीटैंकी सफाई भ्याकुमबाट ९८५१०४१३०१, ४४९८२४४

सेफ्टीटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

भ्याकुमबाट सेफ्टीटैंकी सफाई 4487677, 4485999, 9851052299

सेफ्टीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9860386626

ढलट्वाईलेट ग्यारेण्टीमा जामखोलिन्छ निर्माणपनि 9841559659

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

## भाडामा

ललितपुरमा घरफ्ल्याट लिनदिन परेमा 9880136532

घरभाडा लिनदिन परेमा Link Nepal 9741455638

फ्ल्याट, बंगला, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homeKtm.com 9801117335

गोठाटारको १२-फिटेबाटोमा 6600-Sqf भएको कारखाना गोदामलाई उपयुक्त सुबिधा सम्पन्न टहरा भाडामा 9840149093

www.rentalnepal.com घरफल्याट ,वंगला भाडामा लिनदिन/खरीदबिक्री ५५२२८९९, ९८५१०७५१८८

वानेश्वरमा अफिसियल फ्ल्याट, एककोठा बाथरुम भाडामा ४४७१८६३

बालकोटमा टहराहरू, फ्ल्याटहरू, सटरहरू, ५६३९७४४

ललितपुरमा तुरुन्त घरफयाल्ट लिनदिन ९८४९२८५७१४/ ९८५१०४३६५९

नयांबानेश्वरमा फ्ल्याट भाडामा सम्पर्क ९८५१२२२९०२

सुकेधारा चोकनजिकै ०-६-०-० माबनेको फ्ल्याट सिष्टमकोघर तुरुन्तैभाडामा 9860193128

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन ९८५१०७१५९०

घरजग्गा भाडामा लिनदिन कुमारलामा रियलस्टेट, ४७२०४६०,४७२०५२९, ९८४९४२७६२६

मैतीदेवी Universal कलेजअगाडी अफिसकोलागि फ्ल्याटहरू भाडामा 9841674219

जोरपाटी नारायणटारमा सुविधायुक्त फ्ल्याटभाडामा ९८६११४३५८४

फ्ल्याट भाडामा चाहियो बालाजुचोक ९८२३०६१०४५

डिल्लीबजार पिपलबोट सडकैमा अफिसकोलागि पाँचकोठा र पाँचआना खाली जग्गा9860923994

चावहिलमा ५ कोठाको फ्ल्याट् ९८४१९४९६५२

पुतलीसडक 1st floor/ ज्ञानेश्वर Ground Floor 9851017230

ललितपुरमा घर फ्ल्याट लिनदिन 9810196609

भाडामा लिनदिन परेमा realestateagency@gmail.com 9851136162

बसुनधरा रिङरोडमा एकसटर भाडामा छ 9861586660

जाउलाखेलनिर कम्पाउन्ड भएको ४, ४ कोठाको दुई फ्ल्याट पानी र पार्किङ्ग सुबिधा, ९८५१०४२३९२, ९८२३१०५१९३

अफिसकोलागि कोठा भाडामा मित्रपार्क ९८५१०१४४४२

पुरानोवानेश्वर चोकमाअफिस व्यापारकोलागि पहिलोतल्ला 9803712971

## चाहियो

डान्सर, वेटेंस, क्यापटेन, सेक्युरेटी ९८१०२६०२०३

कर्मचारी 17,500/- सामाखुशी 9808108288, 9851043853

गोंगबुलाई कर्मचारी 18,500/- 01-4020315, 9842918008, 9813261320

घरको कामकोलागि महिलाचाहियो खानेबस्ने सुबिधा 9849881044

पढेनपढेकालाई धुपअगरबत्ती, डल्सपेपर कटिङ्गमारोजगार कामघरैमा गोंगबुचोक रु.२६,०००० ९८१३५८६५२२, ९८४५१३२७७१

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 35,000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

वेरोजगारहरूलाई रोजगारको सुर्वण अवसर 32,500/-(कामगरेजति) चावहिलगोपीकृष्ण 9823691949, 9861497188

Salesgirls/ Salesboys 16,500/- चाबहिलचोक 9811201660, 9851054287

CG डिष्ट्रिव्युटर्स 23,500/- माछापोखरीचोक 9821964324

प्रिण्टिङ प्रेसको लागि मार्केटिङ अफिसरहरू, हेल्परहरू, मासिक रु.२०,५००/- ९८४३६७०७२०

५१बजारप्रतिनिधि 23,500/- 9813667041, 9841949724, 9803809968 कोटेश्वर

अफिसलाई 11-Staff अर्जेन्ट 16,500/- चाबहिलचोक 9851087809, 9801110687

अफिसकोलागी कर्मचारी तुआवश्यकता सातदोबाटोग्वार्को 17,500 खाजाभाडाबोनस जोकोहिलेपनि गर्नसक्ने 01-6224661, 9818814045 ,9860909814

CG कम्पनीलाई खानबस्नसहित 21,500/- कलंकी 9818349140, 9843386749

CG कम्पनीलाई खानबस्नसहित SEE-कर्मचारी 21,500/- 9841284873 माछापोखरी

बसुन्धाराको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 19,000/ 9808962167

सुटिङ्गरत सिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाईनी प्राथमिकता ९८०३१९०१८८

चलचित्र तथा टेलिसिरियलकोलागी नवकलाकार ९८४१०८४१६७, ९८२१८१२१८६

पढेनपढेकाहरूलाई धुपअगरबत्ती, पेपरकटिङ्ग, चाइनिजमाला बनाउनेमा रोजगार रु.१८,५०० (कामगरेजती) चाबहिल ०१-४४८७८७८, ९८०३०२४४२७

Kitchen Helper, Waiter, Dish–washer खानवस्नको सुविधा 01-6639437, 9803229562

खानबस्नसहित सेक्युरिटीगार्ड १०,०००।- बालाजुचोक 01-4390521, 9801284241, 9841873776

Heven संस्थालाई खानबस्नसहित कर्मचारी 18,500/- बल्खुचोक 9823091703, 9860909328

कलंकी अफिसलाई SEE कर्मचारी 18,500/- 9803020021, 9846254905

म:म मेकर खानेबस्ने सुविधा ९८१३६३५२५२

महालक्ष्मीस्थानको वर्कशपलाई मान्छे चाहियो ९८५१०९९५३३

कस्मेटिकभित्र बेरोजगारलाई खानबस्नसहित तुरोजगार ९८१८९६००२०

कलंकीचोकमा अर्जेन्ट कर्मचारी 9812686584, 9860809532

रिसेपसनिष्ट-४, क्लिनर-५०, सेक्युरिटी-२५, मार्केटिङ्ग-३०, कुक वेटर हेल्पर कलसेन्टर-५० बालाजु 9841717196, 9803409065, 01-6923987

गङ्गाघरको सहकारीलाई केहि बजार प्रतिनिधीहरू चाहियो ०१-६६३९५६५, ९८४१८५०६०३

कुक हेल्पर वेटर चाहियो 9851013542

चावहिल मित्रपार्कको अफिसमा वेरोजगारहरूलाई रोजगारको सुवर्ण अवसर 21,500/- खाजाभाडा 9860912207, 9810286955

दैनिक २घण्टा कामगरी मासिक २१,०००। कमाउनुहोस ९८४६८०७४५३ सामाखुशी

**Barista, Cook,Helper, Waiter Wanted 9808807518**

Urgently Wanted Secondary and Lower Secondary Science and Lower Secondary Maths teachers contact-Om Secondary School, Katunje, Bhaktapur 016611403, 9851072777

फोनरिसेप्सन, एकाउण्टेन्ट, कुक, सेक्युरिटिगार्ड, वेटर, ड्राइभर 01-4355018, 9803359221, 9818324829

कुक हेल्पर वेट्रेस ४२२९८१९ बागबजार

क्याफेमा तन्दुरी कुक कामदार चाहियो ९८४३५९०४४५

**Onlinejob, Callcenterjob 27000/- 9851043237, 9803085264**

टेलिचलचित्रमा कलाकारहरू चाहियो ९८५१०२४६१२, ०१-४३६०७९२

SEE दिएर बसेकाहरूलाई अवसर 15,000/- 9818045130, 9851155847

कर्मचारी अर्जेन्ट 15,500/- गोंगबु 9808256895, 9823037715

रेष्टुरेण्टलाई कुक, हेल्पर चाहियो ९८६०८८२३१८

चक्रपथको NGO अफिसलाई कर्मचारी अर्जेन्ट २१,५००। 9813077113

प्रतिष्ठित सहकारीलाई केही बजारप्रतिनिधिको तु.आवश्यकता योग्यता +२पास, न्यूरोड ४२२५३३२, ९८४१६२४३५२

हस्पिटलभित्रको औषधीपसललाई फार्मेसीपढेको अनुभबी सेल्सम्यान तुचाहियो ९८०३४७६७२६

Test/SLC+2 पढेनपढेका धुपअगारबत्ती, मालाकादाना कुशनकभर, खेलौना, पेपरकटिङ्ग गर्नेमा Receptionist, IT Sector कर्मचारीहरू अर्जेन्ट 12,500-32500, चावहिल 9813902537, कोटेश्वर 9813345228 भक्तपुर 9741148053

सातदोबाटोको नयांअफिसलाई अफिस्टाफहरू अर्जेन्ट 27,500/- 9818846992, 9861848292 सबैलेगर्नमिल्ने

Teachers all level all subjects fulltime/ parttime Swoyambhu 9851216612, 9813157856

**SEE/+2 Staff 15,500/- 9813994922 koteshwor**

Account Assistant व्यापारिक फर्मको लागि, 9851214823

नयांअफिसलाई कर्मचारी बालाजुचोक 17,500/- 01-4388962, 9818349301

विज्ञापन एजेन्सीलाई बजार प्रतिनिधि चाहियो ९८५१०१७९४५,९८५१०६२३०५ सवारीसाधन भएकालाई प्राथमिकत

ब्वाईज होष्टेल सानेपाको लागि कुकको आवश्यकता 9857025445, 9843078176

SS-Nepalलाई पढेनपढेका महिलापुरुष विद्यार्थिगृहिणी कामदारहरूको आवश्यकता 21000/- खाजाभाडा तिनकुनेचोक 01-5199302, 9818282550 गंगबुचोक 01-6224646, 9810281903

पसलमा कामगर्ने मानिस चाहियो 9851044706

बालाजुको रेष्टुरेन्टकोलागि कुक, हेल्पर, वेटर, तलब दक्षताअनुसार 9841425894

ग्वार्कोको NCDB कम्पनीलाई खानबस्नसहित कर्मचारी 20,500/- 9823602975, 9841518958

Math, English, Computer Teachers 9841322051 Lalitpur-14

Pri-Primary grade Experience English Teacher Sorhakhutte 9841033577

कपडापसलमा सेल्सब्वाई सेल्सगर्ल तु.चाहियो 9869727474

भ्यानमा डेलिभरीब्वाई एकाउण्टेण्ट तु.चाहियो 9808225627

मिडियाको लागि कर्मचारी तु.आवश्यकता ९८०८४७८८३३

धराने सेकुवा कर्नर फेमेली रेष्टुरेण्ट एण्ड बार ढोलाहिटीकोलागि सेकुवा कुक-२, सिनीयरवेटर-५ आवश्यक, ९८५१११८१३१

Chef required-2, Cook required-2, Waiter-4, Dishwasher -2 Contact 9841384782, 9802031734, 9801112311

एकान्तकुनामा डान्सर केटाकेटी आवश्यकता 9808616379

सेक्युरिटी आवश्यकता एकान्तकुना १४००० 9851219288

स्पाकोलागि लेडिज मसाजथेरापिस्ट तलब १०,००० ९८१३५५७८०३

पाउच प्याकेजिङ्गको मेसिन अपरेटर चाहियो ९८५१००९९६८

Anupam Vidya Sadan Lazimpat requires Primary, Lower-secondary, Math, English, Science and Computer Teachers 4434165, 9841732564

म:म बनाउने कुक, आकर्षक तलब बोनस खानबस्न सुविधा ९८४११०८२३८, ९८६९७९९८४७

वानेश्वरस्थित प्रतिष्ठित अफिसकोलागि साईकल ब्वाई ०१४७८६८००, ९८४३२००२२४

फाष्टफुडकोलागि महिला स्टाफ ९८६१३६७९७९

अनुभवि सेफ, कुक चाहियो ९८५१०१९७८५

कुक, हेल्पर, मसाल्ची खानबस्न सुविधा ठिमीराधेराधे 9810469444

कोटेश्वरमा तुरुन्तै कर्मचारी 13,000/- 9817175092

खानबस्नसहित कलंकीमा कर्मचारी 21,500/- 9813374034, 9846819731

गठ्ठाघर कस्मेटिकलाई स्टाफ 12,000/- 9808603911

Documentation, Accountant, Receptionist 01-4487063, 4465296, 9810004638, document@googleoverseas.com

हात्तिवन मनटेस्वरी स्कुलकोलागी आया, teacher, चाहियो, सम्पर्क, ९८४३४५४२५७

ठमेलस्थित रेस्टुरेण्टको लागि अनुभवी कुक, वेटर, डिसवासर तु.चाहियो 9851031276, 9851016814, 01-4701493

रिसेपसनिस्ट साधारण कामदार सोह्रखुट्टे 9854040142

A few (Montessori), Science (basic level), Social Studies+ English (secondary level). Apply Rayners High School Minbhawan-31 written cum. Interview on 24th Chaitra 014473433, 9841488903, 9849637469

सेक्युरिटीगार्ड चाहियो बस्नेब्यवस्था १५०००।- 9808323444

NCDB संस्थालाई खानबस्नसहित कर्मचारी 17,500/- बल्खुचोक 9823091703, 9860909328

फाष्टफुड कुक चाहियो तिनकुने 9849107553

कपनको मन्टेसोरीकोलागी तालिमप्राप्त Teachers चाहियो ९८४९८१५५३२

अनुभवी कुक १८,०००। सायाबुङ ९८४३६५२१७५

Vice Principal Eng, coordinator Science, Primary English, Receptionist 9841275334 NIBS School Mandikhatar

कुक, हेल्पर, मसाल्ची चाहियो 9843656661

मनासलु हेल्थ सेन्टर गोरखालाई ल्याबअसिस्टेण्ड आवश्यकता ९८४१५९५०४९

Lower Secondary English, Maths, Science Teachers Gyaneshwor 9851009486

भाडामाझ्ने मसाल्ची खानबस्न सुविधा ९८५११५४२५९

One, Two, Grade Teachers, Lower Secondary Socialstudies, Science, Mathematics, Hostel Warden 9860054246

कुक २ मसाल्ची २ किर्तिपुरको लागि खानाबस्नसहित 9803784252, 9823104429

चालक सहचालक ४५०००। १५,००० ९८५१०१०८६२

**अनामनगरको रेष्टुरेन्टमा पाट्नर चाहियो ९८५१२३५३६८**

ग्रील कारखानाको लागि कामदार 9841639158

कौशलटारको मिठाई पसललाई हेल्पर चाहियो ९८४९३३८४२७

Experience Lower Secondary Maths Pre-primary Grade Teachers Primary English-2 Jorpati 9841443766, 01-4916260

Teachers Required Lower Secondary Computer, Secondary Social Part-time Maths and Nursery Contact 9849235884 Kapan

अनुभवि तन्दुरीकुक, वेटर भाडामाझ्ने ९७४११५४५६१

फाष्टफुडको लागि वेटर चाहियो ९८५१२४०७३३

Secondary OPT Math-1, Lower secondary C.math-1, Computer-1, Science-1, Primary C.math-2, Science-1, Social-1, English-1, Computer-1, Modern Boarding Secondary School, Bhaktapur, Salary:no bar for deserving candidates Contact:- 016634927, 9851161144

कुक -२२,०००।-, हेल्पर-१२,०००।-, वेटर-१०,०००।-, डिसवासर -१०,०००।- ९८६८२८०६८७, ९८२३४९१५९३

Tally चलाउने अकाउनटेण्ट चाहियो 9808225627

RB कम्पेल्कसमा सेल्सब्वाई १००००-१२०००।- 9869727474

साप्ताहिक पत्रिकालाई बजारप्रतिनिधि तु.चाहियो 9851160286

साधारण लेखपढ गरेको लेडिज स्टाफ चाहियो बाईक लाईस 9808401892

Biker चाहियो 4358548, 4358791, 4258792

Teachers wanted for all level phone: 5007083

बेकरीकोलागी हेल्पर चाहियो, पाटन मंगलबजार, ५५३७५९९

Urgent Science, English, Math, Social, all level teachers, 015561080, 015560524, 9841355175

मार्केटिङ्ग डेलिभरीकोलागी मोटरसाइकल लाइसेन्सवाला, जावालाखेल, ०१५५३३३६१, ९८५१२०१५८७

सेल्सगर्ल बुकसपको लागी जावलाखेल 9851042649

अफिसमा ४महिला कर्मचारी, गोंगबु 01-4363447, 9851145152

लिबर्टी एकेडेमी स्कुल जोरपाटीको होस्टल क्यान्टीनमा बसेर कामगर्ने महिला चाहियो, 9851037919

मार्केटिङ्ग अफिसर तुचाहियो ९८०२०६८०३७, ९८४१००५७४३

विभिन्न प्रकारका छाला सम्बन्धी कामगर्ने(अलराउण्डर)मानिस चाहियो, ९८१३९२१७१७, ९८४३३०१९८१

बुढानीलकण्ठमा होटेलकोलागि All-rounder Cook, Kitchen-helper, Waiter, सफागर्ने स्टाफ चाहियो 9849580676, 9818060796

मैतीदेवीमा स्नुकरकोलागि दुईजना लेडिज/जेन्ट्स मार्करचाहियो 9841735191

पार्टटाईम/ फुलटाईम असिस्टेन्ट कुक-१, किचनहेल्पर-२, वेटर/वेटरेस-२, डेलिभरीब्वाइज -२, ९८४९०२२५११, ९८५११३३२१५

कोटेश्वरमा कुक, हेल्पर, वेटर ९८४०१०३८३८

पुतलीसडकस्थित रेस्टुरेन्टलाई अनुभवी कुक, म:म मिस्त्री, हेल्पर आकर्षक तलबभत्ता सुविधा९८४१९६८११५

मोटरसाइकल लाइसेन्सभएको ११००० ९-७ ९८१०२८६३६८

भारतको प्रतिष्ठित सहरहरूको सरकारी कम्पनिहरूमा ड्युटिगर्ने ११०भु.पु., सिभिल सुरक्षागार्ड अर्जेन्ट, संचयकोष, बोनस, खानबस्न, बिमाकोसुविधा तलब: भु.पु-३२,०००।-, सिभिल-२२,४००। ०१४९१६६८९, ९८५११५०५२३, ९७४१४२७४००

ड्राइभर १५-२०,०००।-, बाइकभएको रनरब्वाई १५,०००।-, तिनकुने हार्डवेयर ९८४०७०३२३०

गोगबुको नयांतन्दुरी उण्ड फास्टफुडकोलागी स्पेशल कुकतुचाहियो ९८०८२७६४१३,९८२३७२०५२२

खानबस्नसहित कस्मेटिकमा कर्मचारी 12,000/- 9823280255

कस्मेटिकभित्र इमान्दार कर्मचारीहरू खानबस्न 18,995/- 9803136124

Primary to Secondary Teachers Science English Social Nepali Swayambhu 9851216612, 9813157856

प्रेस तथा पब्लिकेशनका लागि कर्मचारीहरू 014243936, 9851071311

Computer teacher, one-guard required for lower Secondary Level 9841740709 Patandhoka

घरधन्दा गर्ने महिला चाहियो ९८४१०१४८४०

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०६१३३१

सेफ्टीट्याङ्की, ढलट्वाइलेट, मंगाल, जामखोल्ने 9851024676

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851039094

ढलमंगाल, ट्वाइलेट जामखोल्ने १०० 9849998884

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट मंगाल खोल्ने सस्तोमा 9815889950

ढलमंगाल ट्वाईलेट जामखोल्ने १५०। ९८४१२६६९५०

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१०७२९६९

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841663344

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

TV, Computer ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9849843382

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9841050858

घरैमा T.V, फ्रिज 01-4464254, 9841296192

TV LED एकबर्ष ग्यारेन्टि घरमैमर्मत ९८४१७९३५८६

## भर्ना

प्राईभेट SLC निशुल्कभर्ना 100% Pass 9813478633

स्वतिक गर्ल्सहोस्टेल BICC पछाडी नयाँबानेश्वर 9841597814, 9849033172

सुबिधायुक्त होलिजेम्स गर्ल्स होस्टल 01-4438582

## तालिम

डोजरअपरेटर तालिम (ब्याकहो, लोडर, एक्साभेटर) रु२०,०००/- होस्टेलफ्रि ९८०८१७८८४२

एक्साभेटर अपरेटर्स तालिम CTEVT ९७५१०९८३३३

कुकवेटर बारटेण्डर बेकरी हाउसकिपिङ एभरेष्ट:-9860235388

निशुल्कमा मोवाईल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

होटलतालिम Montessori Training 50% Discount 014289384

CTEVT मान्यता मन्टेश्वरीटीचर, 985109836, 01-4475063

Basic Electronics, Mobile, Laptop, Tevevision युनिभर्सल न्युरोड ९८५११९८७२३

CTEVT सम्बन्धन Laptop, Mobile, हाउसवायरीङ्ग, एसीफ्रिज 9751002400

## उपचार

कृतिम SexToys साथै यौनसमस्या 9851030269

छातीकोदाग, सेतोदुवी, छालासम्बन्धी रोगकोउपचार ९८४११७१२४१

पायल्स फिस्टुलाफिसरको विनाअप्रेशन उपचार 9841902394

## बिहावारी

हाम्रा Mbs छोरालाई Ielts बधू ९८५२६८०२९८

वरवधु विवाहकोलागि स्तुपा म्यारिजब्यूरो ९८०७९७४४४३

काठमाडौं निवासी २०-६० सम्मका डाक्टर, इन्जिनियर, सरकारी जागीरे, अष्ट्रेलिया, अमेरिकाका पिआरहोल्डर बरबधु चाहिएमा ९८०८६९२७६५

२३ बर्षकी डिभोर्स श्रेष्ठ थरकी वधुलाई नेवार क्षेत्रीबाहुन वर चाहियो ९८६९६१२३४२

काठमाण्डौ/भक्तपुर पाटनएरियाको श्रेष्ठ/जोशी/ ताम्राकार शाक्य/ बज्राचार्य/सिह २०-३५वर्षको BBS/BA /ME/BIM/ BE /BBS /MD विदेश-श्वदेशका वरवधुमा बुबामुमाले सम्पर्क- ९८०८४७५७१४

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | कपनचौकी, गणेशमन्दिर | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८५११८५८०७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४३६८३८९५, ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३० |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ४२४८२४८ |
| डाईनामिक एड मिडिया | पुतलीसडक | ४१६८४७९ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | थसीखेल | ५००१५११, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |

## बर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

* मू.अ.क. बाहेक

**बजारको तयारी**
कपिलवस्तुको बुद्धभूमिको देउपुरामा तरकारी बिक्री गर्न लैजाँदै ।





# अर्थ वाणिज्य



मनाङ नासोङ ४ ओडारगाउँका एक किसान करिब दुई हजार मिटर उचाइमा चौरी चराउँदै । चार हजार मिटरभन्दा माथि पालिने चौरी कम उचाइमा पनि पाल्न सुरु गरिएको छ । *तस्बिर : रासस*

ओलीको भारत भ्रमण

## प्रदेश औद्योगिक क्षेत्र विकासमा आग्रह

■ **कृष्ण आचार्य**

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणमा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको पूर्वाधार विकासलाई एजेन्डा बनाइदिन उद्योग मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको छ ।

जग्गाबाहेकको पूर्वाधार विकास भारतीले लगानी सहयोगका लागि आग्रह गर्न उद्योगद्वारा परराष्ट्रलाई पत्राचार हो । उद्योगको उक्त पत्राचारअनुसार भ्रमणमा एडेन्डा निर्धारणबारे परराष्ट्रले खुलाएको छैन । भ्रमणमा हुने विभिन्न छलफलमा विकास निर्माणसँग सम्बन्धित कुनकुन विषय समावेश गर्नेबारे शुक्रबार मात्रै थाहा हुने उद्योग वाणिज्य तथा अपूर्तिमन्त्री मात्रिका यादवले बताए । 'धेरैवटा विषयहरूमाथि छलफल भएका छन् । यो प्रधानमन्त्रीको भ्रमण भएकाले के राख्ने के नराख्ने उहाँले भन्नुहुनेछ,' ओलीसँगै शुक्रबार भ्रमणमा सहभागी हुने मन्त्री यादवले भने, 'उहाँले मलाई पनि शुक्रबार भन्नहुनुनेछ । त्यस आधारमा एजेन्डाहरू तय हुन्छन् ।' भ्रमणमा मन्त्रीस्तरीय छलफल भएमा प्रधानमन्त्रीको अनुमतिअनुसार विषय उठान गर्न सकिने उनले बताए ।

ललितपुरको पाटन औद्योगिक क्षेत्रको विकास सुरुमा भारतले नै गरिदिएको हो । 'विसं २०२० सालमा जग्गासहितको औद्योगिक क्षेत्र भारतले विकास गरिदिएको हो,' औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेतले भने, 'हाललाई सरकारले अधिकांश प्रदेशमा जग्गा लिइसकेको छ । मन्त्रालयले पूर्वाधार विकासका लागि मात्रै आग्रह गरेको हो ।' औद्योगिक क्षेत्रमा चाहिने जग्गा, भवन, सडक, विद्युत्, पानी, ढललगायतका पूर्वाधार बनाई त्यसमा प्रतिस्पर्धाको माध्यमबाट विभिन्न उद्योगहरू स्थापना गर्ने अवधारणा हो । नेपालले विगतमा पनि विभिन्न दातृ निकायहरूबाट औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गरेको हो । प्रदेशअनुसार विस्तार गरिने औद्योगिक क्षेत्रमा पूर्वाधार विकास पनि विभिन्न दातृकै सहयोगमा गर्ने सरकारको योजना हो । 'अहिले ओलीको भ्रमणमा यो समावेश नभए पनि कूटनितिक माध्यमबाट पछि पनि परराष्ट्रले सहयोगको आग्रह गर्न सक्छ,' परराष्ट्रका एक अधिकारीले भने, 'अहिलेकै भ्रमणमा यो एजेन्डाका रूपमा जान्छ कि जाँदैन भन्न सकिँदैन ।'

पूर्वाधार नभएकै कारण कतिपयले उद्योगमा लगानी गर्न नसक्ने भएपछि औद्योगिक क्षेत्रको अवधारणा आएको हो । तर, उद्योग स्थापना

**जग्गाबाहेकको पूर्वाधार विकासमा भारतीय लगानी सहयोगका लागि आग्रह गर्न उद्योगद्वारा परराष्ट्रलाई पत्राचार**

भने प्रतिस्पर्धाका माध्यमबाट हुने गरेका छन् । उक्त औद्योगिक क्षेत्रमा उद्योग स्थापना गरी सञ्चालन गरेबापत सरकारलाई केही शुल्कसमेत बुझाउनुपर्ने हुन्छ । हाल यस्तो अवधारणामा ११ वटा औद्योगिक क्षेत्र सञ्चालित छन् । तर, यी क्षेत्रमा ससाना उद्योगहरू मात्रै स्थापना भएका छन् । ठूला उद्योग स्थापनाका लागि पर्याप्त ठाउँ नभएपछि सरकार ठूलो क्षेत्रफलसहितको विकासको योजनामा लागेको हो ।

संघीय संरचनाअनुसार सरकारले सातवटै प्रदेशमा यस्तै प्रकृतिको औद्योगिक क्षेत्रको विकास अघि बढाएको हो । 'हालसम्म ७ वटा प्रदेशका ११ स्थानमा औद्योगिक क्षेत्र राख्ने तयारी भइसकेको छ,' बस्नेतले भने, '७ स्थानमा जग्गा प्राप्तिको कामसमेत भइसकेको छ ।' सरकारी जग्गा तथा निजी जग्गा खरिद गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा नामसारी गरिसकेको उनले बताए । उनका अनुसार झापाको दमकमा १४ सय २२ हेक्टर जग्गा पहिचान भइसकेको छ । यसमध्ये केही जग्गा नामसारी भइसकेको छ । त्यस्तै सर्लाहीको सागरनाथ वन क्षेत्रबाट २ हजार ३१ हेक्टर जग्गा औद्योगिक क्षेत्रका लागि छुट्याइसकिएको छ । चितवनको शक्तिखोरमा १ हजार १ सय ७८ हेक्टर, मकवानपुरको हेटौंडामा १ सय ३४ हेक्टर, रूपन्देहीको मोतीपुरमा ५ सय ५० हेक्टर, बाँकेको नौवस्तामा २ सय ८२ हेक्टर, कैलालीको लम्कीमा ७ सय ४४ हेक्टर, कञ्चनपुरमा २ सय हेक्टर जग्गा प्राप्तिको काम भइसकेको छ ।

गोरखाको पालुङटारमा ६ सय ७७ हेक्टर, दाङको लक्ष्मीपुरमा ३ सय ७१ हेक्टर, सुर्खेतमा ६ सय ७७ हेक्टर जग्गा पहिचानको काम भइसकेको छ । 'कम्तीमा एउटा प्रदेशमा एक हजार बिघाभन्दा बढी जग्गामा औद्योगिक क्षेत्र विकास गर्ने योजना हो,' अध्यक्ष बस्नेतले भने, 'प्राय ठाउँमा जग्गा प्राप्तिको काम भइसकेकाले अब पूर्वाधार विकासको काम मुख्य प्राथमिकतामा छ ।' हालसम्म नेपालमा ११ वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन् । पाटन, धरान, नेपालगन्ज र राजविराजको औद्योगिक क्षेत्र भारतले बनाइदिएको हो । विसं २०२० देखि २०४० सालभित्र अधिकांश औद्योगिक क्षेत्र खुलेका हुन् ।

हाल संघीय संरचनाअनुसार प्रदेशस्तरीय औद्योगिक क्षेत्रको विकासको तयारी भएको हो । उक्त औद्योगिक क्षेत्रमा साना, मझौला र ठूला उद्योग स्थापना गर्ने योजना सरकारको छ । सबै औद्योगिक क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष गरी कम्तीमा ३० लाखले रोजगारी पाउने दाबी सरकारको छ । हालका औद्योगिक क्षेत्रमा करिब १५ हजारजनाले रोजगारीको अवसर पाएका छन् । करिब ८ सयवटा उद्योग सञ्चालनमा छन् । ती उद्योगमा २० अर्ब रुपैयाँभन्दा बढी लगानी छ ।

# पुँजी नपुऱ्याउने बैंकलाई कारबाहीको सट्टा सहुलियत

**यो निर्णयले बैंकको संख्या घटाउने र गुणस्तर वृद्धिमा थप असहयोग पुऱ्याउनेछ**

■ **यज्ञ बञ्जाडे**

काठमाडौं- निर्धारित समयमा चुक्ता पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई कारबाही गर्नुको साटो राष्ट्र बैंकले विशेष सुविधा दिएको छ ।

नयाँ व्यवस्थाअनुसार तोकिएको चुक्ता पुँजी नपुग्ने बैंक तथा वित्तीय संस्थाले 'कल इन एडभान्स' मा रहेको रकम, मर्जर तथा एक्विजिसनमार्फत भएको बचत र प्रिमियममा सेयर निष्कासन गर्दा हुन गएको बचतलाई पनि चुक्ता पुँजीमा गणना गर्न पाउने व्यवस्था राष्ट्र बैंकले गरिदिएको छ । बिहीबार बसेको राष्ट्र बैंक सञ्चालक समितिले यस्तो निर्णय गरेको हो । यद्यपि यो निर्णय निर्देशनका रूपमा आउन केही दिन लाग्नेछ ।

'वित्तीय संस्थाले ०७४ पुससम्म कल इन एडभान्समा रहेको, मर्जर तथा एक्विजिसनमार्फत भएको र प्रिमियममा सेयर निष्कासन गर्दा हुन गएको बचतलाई पनि चुक्ता पुँजीमा गणना गर्न सक्ने व्यवस्था गरिएको छ,' राष्ट्र बैंकका प्रवक्ता नारायण पौडेलले भने । यो पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई थप सुविधा दिइएको नभई पुँजी गणना विधिलाई सरलीकरण मात्र गरिएको उनको दाबी छ ।

करिब साढे २ वर्षअघि राष्ट्र बैंकले पुँजी वृद्धिको निर्देशन दिएको थियो । पुँजी वृद्धिको निर्देशनले बैंक तथा वित्तीय संस्थाको संख्या घटाएर गुणस्तर वृद्धि होस् भन्ने राष्ट्र बैंकको भित्री उद्देश्य थियो । तर, वित्तीय संस्थाको पुँजी बढाउने उद्देश्यमा राष्ट्र बैंक लगभग सफल भए पनि संख्या घटाएर गुणस्तर वृद्धि गर्नेमा असफलजस्तै भएको छ । बिहीबरको निर्णयले पनि संख्या घटाउने र गुणस्तर वृद्धिमा थप असहयोग पुग्नेछ ।

आर्थिक वर्ष ०७२/७३ को मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी चार गुणासम्म बढाएको थियो । राष्ट्र बैंकको निर्देशनअनुसार गत असारसम्म वाणिज्य बैंकले न्यूनतम ८ अर्ब, राष्ट्रियस्तरको विकास बैंकले न्यूनतम २ अर्ब ५० करोड र राष्ट्रियस्तरको फाइनान्स कम्पनीले न्यूनतम ८० करोड रुपैयाँ चुक्ता पुँजी पुऱ्याउनुपर्ने थियो । तोकिएको पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थाप्रति राष्ट्र बैंक चालु आर्थिक वर्षको मौद्रिक नीतिदेखि नै लचिलो बन्दै आएको छ । सुरुमा निर्देशन दिँदा ०७४ असारसम्म पुँजी नपुऱ्याउन वित्तीय संस्थालाई कारबाही गर्ने जनाएको राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत केही खुकुलो व्यवस्था ल्याएको थियो । मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाको गत वर्षको परिष्कृत (लेखापरीक्षण भएको) वार्षिक वित्तीय विवरणमा चुक्ता पुँजी पुगेको भए पनि मान्य हुने व्यवस्था ल्याएको थियो । यो व्यवस्थाले पुँजी नपुग्ने बैंक तथा वित्तीय संस्थाले थप ६ महिना (०७४ पुस सम्म) समय पाएका थिए । किनकि राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले चालु आर्थिक वर्षको ६ महिनाभित्र अघिल्लो वर्षको परिष्कृत वार्षिक वित्तीय विवरण सार्वजनिक गर्नुपर्छ । यति गर्दा पनि पुँजी नपुऱ्याउने बैंकलाई अहिले थप सुविधा पाएका हुन् ।

तोकिएको समयभित्र पनि पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई थप सुविधा दिनुको साटो मर्जरमा जान दबाब दिनुपर्ने विज्ञहरू बताउँछन् । 'राष्ट्र बैंकले सही निर्णय गरेन,' एक विज्ञले भने, 'ती संस्थालाई जसरी भए पनि मर्जरमा जाऊ भन्नुपर्थ्यो ।' यसले बैंक तथा वित्तीय संस्थाको संख्या घटाउनुका साथै गुणस्तर पनि बढाउने उनीहरूको भनाइ छ । गत पुससम्म धेरै बैंकले तोकेको पुँजी पुऱ्याए पनि केहीको पुगेको छैन । सञ्चालनमा रहेका २८ वटा वाणिज्य बैंकमध्ये ७/८ वटाको चुक्ता पुँजी अझै नपुगेको बताइएको छ ।

नयाँ व्यवस्थाअनुसार बैंकहरूले कल इन एडभान्समामार्फत आएको पुँजी पनि चुक्ता पुँजीमा गणना गर्न पाउनेछन् । यो संस्थापकहरूले सुरुमा जम्मा गरेर ब्याज नआउने विशेष प्रकारको खातामा राखेको रकम हो ।

यसैगरी दुई वा दुईभन्दा बढी संस्था मर्जर वा एक्विजिसनमा जाँदा तय भएको सेयर मिलान अनुपात (स्वाप रेसियो) का कारण बचत भएको रकमलाई पनि वित्तीय संस्थामा चुक्ता पुँजीमा गणना गर्न पाउने व्यवस्था राष्ट्र बैंकले ल्याएको हो । यसैगरी पुस मसान्तसम्म मर्जर तथा एक्विजिसन सम्झौता गरेर आउने संस्थाले पनि छुट पाउने जनाइएको छ । यसैगरी बैंक तथा वित्तीय संस्थाले प्रिमियम (अंकित मूल्यमा थप गरेर) मा सेयर निष्कासन गर्दा बचत हुन गएको रकम पनि चुक्ता पुँजीमा गणना गर्न मिल्ने छुट दिइएको छ ।

## रावाबैंक र एनआईडीसीको मर्जर पूरा

**कान्तिपुर संवाददाता**

काठमाडौं- सरकारको पूर्ण स्वामित्व रहेका राष्ट्रिय वाणिज्य बैंक र एनआईडीसी डेभलपमेन्ट बैंकको मर्जर प्रक्रिया पूरा भएको छ ।

बिहीबार बसेको राष्ट्र बैंक सञ्चालक समितिको बैठकले ती बैंकलाई एकीकृत कारोबारका लागि अन्तिम स्वीकृति दिने निर्णय गरेपछि मर्जर प्रक्रिया पूरा भएको हो । उक्त निर्णयको माइन्युट भइनसकेकाले बैंकले एक-दुई दिनमा मात्र स्वीकृति पत्र पाउने जनाइएको छ । 'सञ्चालक समितिको बैठकमा राष्ट्रिय वाणिज्य बैंक र एनआईडीसी डेभलपमेन्ट बैंकलाई मर्जरको अन्तिम स्वीकृति दिने निर्णय भएको छ,' राष्ट्र बैंकका सहप्रवक्ता राजेन्द्र पण्डितले भने । राष्ट्र बैंकबाट मर्जरका लागि अन्तिम स्वीकृत पाएका वित्तीय संस्थाले ३० दिनभित्र एकीकृत कारोबार सुरु गर्नुपर्ने कानुनी व्यवस्था छ ।

हाल राष्ट्रिय वाणिज्य बैंकमा शत प्रतिशत र एनआईडीसीमा ९९.२६ प्रतिशत सरकारको सेयर स्वामित्व छ । आफ्नो स्वामित्वमा रहेका बैंकहरूलाई गाभेर पुँजीगत आधार र शाखा सञ्जालका रूपमा बलियो बैंक बनाउने उद्देश्यले सरकारले यी दुई संस्थालाई एक बनाउने निर्णय गरेको थियो ।

केही वर्षयता मर्जरको चर्चा चले पनि मूर्त रूप पाउन सकेको थिएन । सरकारको प्रत्यक्ष निर्देशनमा गत भदौमा दुई बैंकबीच मर्जरका लागि सहमतिपत्रमा हस्ताक्षर भएको थियो । ०७४ असोज २४ गते राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति पाएपछि मर्जर तीव्र रूपमा अघि बढ्यो । राष्ट्र बैंकको निर्देशनअनुसार मर्जर प्रक्रिया पूरा गरेपछि ती बैंकले गत माघ २१ गते अन्तिम स्वीकृतिका लागि आवेदन दिएका थिए । बिहीबारको बैठकले राष्ट्रिय मर्जरका लागि आवश्यक सबै प्रक्रिया पूरा भइसकेकाले आउँदो एक महिनाभित्रै एकीकृत कारोबार सुरु गरिने राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण श्रेष्ठले बताए । 'राष्ट्र बैंकबाट अन्तिम स्वीकृति पर्खेर बसेका छौं,' उनले भने, 'वैशाख १५ गतेबाट एकीकृत कारोबार सुरु गर्ने योजना छ ।'

मर्जरपछि बन्ने नयाँ बैंक 'राष्ट्रिय वाणिज्य बैंक लिमिटेड' कै नाममा सञ्चालनमा आउनेछ । मर्जरपछि बन्ने नयाँ संस्थाको चुक्ता पुँजी करिब ९ अर्ब रुपैयाँ पुग्नेछ । त्यसपछि सञ्चालनमा रहेका २८ वटा वाणिज्य बैंकहरूमध्ये यो दोस्रो धेरै चुक्ता पुँजी भएको बैंक बन्नेछ । गत असारको तथ्यांकअनुसार राष्ट्रिय वाणिज्य बैंकको चुक्ता पुँजी ८ अर्ब ५८ करोड र एनआईडीसीको ४१ करोड ५८ लाख रुपैयाँ छ ।

यी दुई संस्था समान सेयर अनुपात (१:१) का आधारमा गाभिन लागेका हुन् । दुवै संस्थाको समग्र सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) गर्दा राष्ट्रिय वाणिज्य बैंकभन्दा एनआईडीसी बैंकको सेयर परिवर्तित अनुपात (स्वाप रेसियो) धेरै आएको थियो । तर, मन्त्रिपरिषदको विशेष निर्देशनका आधारमा दुवै संस्थालाई समान दरमा गाभ्ने निर्णय भएको हो ।

गत फागुनसम्म राष्ट्रिय वाणिज्य बैंकको निक्षेप १ खर्ब ५४ अर्ब र कर्जा प्रवाह १ खर्ब ११ अर्ब रुपैयाँ छ । गत असारसम्म एनआईडीसीको निक्षेप १ अर्ब १५ करोड र कर्जा प्रवाह ३ अर्ब २७ करोड रुपैयाँ थियो । गत फागुनसम्म उक्त तथ्यांकमा खासै परिवर्तन नभएको जनाइएको छ । मर्जरपछि बन्ने नयाँ बैंक १ सय ८७ शाखाको हुनेछ । हाल राष्ट्रिय वाणिज्य बैंकले १ सय ८१ वटा शाखा, ५ वटा क्षेत्रीय कार्यालय र ९३ वटा शाखारहित बैंकिङमार्फत वित्तीय सेवा दिँदै आएको छ । सोही अवधिमा एनआईडीसीका ५ वटा शाखा छन् ।

हाल राष्ट्रिय वाणिज्य बैंकमा २ हजार ३ सय स्थायी कर्मचारी कार्यरत छन् । एनआईडीसी बैंकमा भने १८ जना मात्र स्थायी कर्मचारी रहेको जनाइएको छ । नेपाल औद्योगिक विकास कर्पोरेसन ऐनअनुसार २०१६ सालमा स्थापना भएको हो । त्यतिबेला औद्योगिक विकासमा लगानी गर्ने उद्देश्यले यो बैंक स्थापना गरिएको थियो । तर, उद्देश्यअनुसार बैकले काम गर्न सकेन । पछि सबै प्रकारका वित्तीय संस्थाको छाता ऐन बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) जारी भए पछि एनआईडीसी विकास बैंकका रूपमा कारोबार गर्दै आएको छ । यसैगरी राष्ट्रिय वाणिज्य बैंक ऐन २०२१ अनुसार विस २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक स्थापना भएको हो । यो बैंक पछि मात्र बाफिया र कम्पनी ऐन २०६३ अन्तर्गत सञ्चालनमा आएको हो ।

एनआईर्डसीलाई मर्जरमा लाने कि पूर्वाधार विकास बैंक बनाउने भन्नेमा विगतमा नीति निर्माताहरूबीच ठूलो मतभेद देखिएको थियो । यसकारण आर्थिक वर्ष २०६७/६८ मा एनआईडीसीलाई राष्ट्रिय वाणिज्य बैंकमा गाभ्ने निर्देशन आएको थियो । त्यतिबेला यो प्रक्रिया अघि बढ्न सकेन । त्यसको दुई वर्षपछि आर्थिक वर्ष २०७०/७१ को बजेट वक्तव्यमा एनआईडीसीलाई पूर्वाधार विकास बैंक बनाउने घोषणा गरियो । यो पनि घोषणामा मात्र सीमित रह्यो । त्यसपछि चालु आर्थिक वर्षको बजेट वक्तव्यमा फेरि मर्जरमा लाने नीति ल्याइयो । तेस्रोपटकको प्रयासले बल्ल अन्तिम रूप पाएको हो ।






# २४ अंकले बढ्यो नेप्से परिसूचक

**कान्तिपुर संवाददाता**

काठमाडौं- साप्ताहिक कारोबारको अन्तिम दिन बिहीबार सेयर कारोबार मापक नेप्से परिसूचक करिब २४ अंकले बढ्यो ।

अघिल्लो दिन करिब साढे २७ अंकले बढेको नेप्से बिहीबार २३.९४ अंकले बढेर १ हजार २ सय ५०.३९ विन्दुमा पुगेको हो । अघिल्लो दिनको तुलनामा परिसूचक करिब २ प्रतिशतले बढी हो ।

पछिल्ला केही दिनयता सेयर बजार लगातार रूपमा बढिरहेको छ । यसले लगानीकर्ताको मनोबल बढाएको छ । बिहीबार दिनभर भएको ८ हजार ७ सय कारोबारबाट १ सय ६८ कम्पनीका १५ लाख १४ हजार ३ सय ६९ कित्ता सेयरको किनबेच भए । ती किनबेचबाट ६१ करोड ९३ लाख बराबरको सेयर कारोबार भयो ।

अघिल्लो दिनको तुलनामा कारोबार रकम झन्डै दोब्बर हो । कारोबारमा आएकामध्ये १ सय ४३ कम्पनीको सेयर मूल्य बढ्यो, १३ कम्पनीको सेयर मूल्य घट्यो र १२ कम्पनीको सेयर मूल्य स्थिर छ ।

उक्त दिन कारोबारमा आएकामध्ये ९ वटा समूहका परिसूचक बढे । तर, व्यापार समूहको परिसूचक स्थिर छ । जसमध्ये बिमा समूहको परिसूचक सबैभन्दा बढी ३.११ प्रतिशतले बढ्यो ।

यसैगरी बैंकिङ समूहको परिसूचक १.७३, होटलको ०.८२, विकास बैंकको २.१७, जलविद्युत्को २.४५, लघुवित्तको २.५८ र उत्पादन तथा प्रशोधन समूहका परिसूचक २.२५ प्रतिशतले बढे । परिसूचक बढेपछि कुल बजार पुँजीकरण पनि बढेर १४ खर्ब ६५ अर्ब रुपैयाँ पुगेको छ ।

## नेपाल स्टक एक्सचेन्ज

२२ चैत २०७४ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ३२५ | ३३१ | २२,१६७ | ६ |
| अपी पावर क. लि. | २७४ | २७६ | ४,६२८ | २ |
| अरूण कावेली पावर | २३६ | २३८ | १,८८८ | २ |
| एसियन लाइफ इन्स्योरेन्स | ६२० | ६५० | ८,४१४ | ३० |
| बैंक अफ काठमाडौं लि. | ३२१ | ३२५ | १८,२७५ | ४ |
| बुटवल पावर | ४७१ | ४८८ | २१,५९४ | १७ |
| छिमेक लघुवित्त विकास बैंक | ८३० | ८५० | ६,८३५ | २० |
| चिलिमे हाइड्रोपावर क. लि. | ७२७ | ७४७ | १०,११७ | २० |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २२५३ | २३४० | २,६०६ | ८७ |
| सिटिजन बैंक इन्टरनेशनल | २५५ | २५८ | ३८,७५३ | ३ |
| सिभिल बैंक | १४९ | १५२ | ३३,५०१ | ३ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ७०० | ७११ | २,८९३ | ११ |
| देव विकास बैंक | १४१ | १४१ | १८,६६३ | ० |
| एभरेष्ट बैंक लि. | ७४० | ७६३ | १७,६८३ | २३ |
| एभरेष्ट इन्स्योरेन्स | १३१५ | १३२५ | २,६१५ | १० |
| एक्सेल डेभलपमेन्ट बैंक | ३३५ | ३३५ | ४,८१७ | ० |
| फस्ट माइक्रोफाइनान्स डेभ. बैंक लि | ४९९ | ५०९ | १०,९१२ | १० |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १७०९ | १७६४ | ३,१०७ | ५५ |
| गण्डकी विकास बैंक | २२५ | २३२ | ६,४३२ | ७ |
| गरिमा विकास बैंक | १८३ | १८७ | १३,४६० | ४ |
| ग्लोबल आईएमई बैंक लि. | ३०६ | ३०८ | ४३,८९३ | २ |
| गुराँस लाइफ इन्स्योरेन्स | ७१९ | ७३९ | ४,९११ | २० |
| हिमालयन बैंक | ५९० | ५९७ | १,०७० | ७ |
| हिमालयन जनरल इन्स्योरेन्स | ४०९ | ४१८ | १४,८०५ | ९ |
| हिमालय पावर पार्टनर | २७८ | २९० | ३,४०० | १२ |
| आईएमई जनरल इन्स्योरेन्स | ७८८ | ८१४ | ३,६२१ | २६ |
| जलविद्युत् लगानी तथा विकास क. | १४५ | १४६ | ५,६१३ | १ |
| जनता बैंक लि. | १५७ | १६१ | ६६,४५० | ४ |
| जेविल्स फाइनान्स | ११३ | ११७ | १,१०० | ४ |
| ज्योति विकास बैंक लि. | १४२ | १४५ | १०,८५७ | ३ |
| कैलाश विकास बैंक लि. | २२५ | २३४ | ५,८९५ | ९ |
| कालिका माइक्रोक्रेडिट | १०८९ | ११५५ | २,९९५ | ६६ |
| कामना सेवा विकास बैंक लि. | १५५ | १५६ | १६,५३८ | १ |
| कन्चन डेभलपमेन्ट बैंक | २०४ | २०५ | १,१३४ | १ |
| कर्णाली डेभलपमेन्ट बैंक | ११६ | ११६ | ८३६ | ० |
| कुमारी बैंक लि. | २४४ | २५० | ३६,९३१ | ६ |
| लक्ष्मी बैंक | २३५ | २४४ | ७,३४८ | ९ |
| लक्ष्मी लघुवित्त वित्तिय संस्था | १०१० | १०३० | १,९६१ | २० |
| लाइफ इन्स्योरेन्स | १५९१ | १५४५ | ५,५४७ | -४६ |
| लुम्बिनी विकास बैंक | १५६ | १५९ | १६,६१९ | ३ |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ४८१ | ५१० | १७,६९९ | २९ |
| माछापुच्छ्रे बैंक लि. | २२६ | २३१ | १८,८०४ | ५ |
| महालक्ष्मी विकास बैंक | १७५ | १७९ | ७,३६९ | ४ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ६२६ | ६३५ | १,४९३ | ९ |
| मेरो माइक्रोफाइनान्स | ९९२ | १०४० | ४,६६५ | ४८ |
| मिरमिरे माइक्रोफाइनान्स | २३२० | २३६५ | ६२० | ४५ |
| मितेरी डेभलपमेन्ट बैंक | २७० | २८० | ४,०१० | १० |
| मुक्तिनाथ विकास बैंक | ३९८ | ४०३ | १७,३१३ | ५ |
| नबिल ब्यालेन्स फन्ड १ | १६.४ | १६.६ | २,९९७ | ०.२ |
| नबिल बैंक | ९६५ | ९७० | २७,९४९ | ५ |
| नागबेली लघुवित्त विकास बैंक | २०६९ | २०४० | ५३० | -२९ |
| नेसनल हाइड्रोपावर क.लि. | ९२ | ९१ | १२,५७० | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | १०८० | १११४ | ६,४८७ | ३४ |
| नेको इन्स्योरेन्स | ५१० | ५४३ | ७,५९७ | ३३ |
| नेपाल बंगलादेश बैंक लि. | २२४ | २३१ | ५४,९८९ | ७ |
| नेपाल बैंक लि. | ३०९ | ३१६ | ४२,५७८ | ७ |
| नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक | १३० | १३६ | २,६२५ | ६ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २४० | २४३ | २७,९५४ | ३ |
| नेपाल दूरसंचार क. लि. | ७१५ | ७२० | ३,४९५ | ५ |
| नेपाल ग्रामीण विकास बैंक | ४९२ | ५१० | १२,२७५ | १८ |
| नेपाल इन्स्योरेन्स | ८५० | ९०५ | ४६,४५९ | ५५ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ६५६ | ६६५ | २६,५९५ | ९ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | १०७५ | ११२० | २०,५३४ | ४५ |
| नेपाल एसबीआई बैंक लि. | ५२१ | ५२७ | २४,८२१ | ६ |
| नेरुडे लघुवित्त विकास बैंक | ६६० | ६८९ | ६,४५७ | २९ |
| न्याग्दी ग्रुप पावर | २०१ | २१० | ९१३ | ९ |
| एनआईबीएल प्रगती फन्ड | ८.७५ | ८.९६ | ४,९४५ | ०.२१ |
| एनआईसी एसिया बैंक | ३१० | ३१८ | १४,७३३ | ८ |
| निर्धन उत्थान बैंक | ९४५ | ९७५ | ४,६४८ | ३० |
| एनएलजी इन्स्योरेन्स | ७४९ | ७९० | ११,९३४ | ४१ |
| एनएमबी बैंक लि. | ४२५ | ४४१ | ११,९३७ | १६ |
| एनएमबी माइक्रोफाइनान्स | १३२६ | १३५० | ९६४ | २४ |
| ओम डेभलपमेन्ट बैंक लि. | १७० | १८५ | १९,५७० | १५ |
| ओरियन्टल होटल | ४८२ | ४९४ | १८,०९९ | १२ |
| पोखरा फाइनान्स | १४९ | १४४ | ३,९७० | -५ |
| प्रभु बैंक लि. | २१३ | २१९ | १८,६५७ | ६ |
| प्रभु इन्स्योरेन्स | ५७२ | ६०५ | २२,५९९ | ३३ |
| प्रिमियर इन्स्योरेन्स | ८५७ | ९१० | १०,६३० | ५३ |
| प्राइम कमर्सियल बैंक | २९० | २९४ | १७,०७० | ४ |
| प्राइम लाइफ इन्स्योरेन्स | ५६५ | ५८५ | ८,६९९ | २० |
| प्रुडेन्सियल इन्स्योरेन्स | ६०१ | ६१४ | १,३४८ | १३ |
| पूर्णिमा विकास बैंक | १९५ | १९७ | १,२४४ | २ |
| राधी हाइड्रोपावर | १९४ | २०४ | ३,६३० | १० |
| राष्ट्रिय बीमा कम्पनी | ९१३० | ९२५० | ८४१ | १२० |
| रिडी हाइड्रोपावर | १३१ | १३१ | ९३७ | ० |
| आरएसडीसी लघुवित्त वित्तिय | ६९५ | ७०० | ६,२०१ | ५ |
| रूलर माइक्रोफाइनान्स | ५७५ | ५९५ | ४,३४७ | २० |
| सगरमाथा इन्स्योरेन्स | ११४० | १२०८ | २,७९८ | ६८ |
| साना किसान विकास बैंक | ११३९ | ११३५ | ४,०२३ | -४ |
| सानिमा बैंक | ३५५ | ३५८ | ३९,७३३ | ३ |
| सानिमा इक्विटी फन्ड | ९.५१ | ९.५१ | १२,००० | ० |
| सानिमा माइ हाइड्रोपावर | ३२४ | ३३३ | २२,७३० | ९ |
| सप्तकोशी डेभलपमेन्ट बैंक | १२९ | १२९ | १,३०८ | ० |
| सांग्रीला डेभलपमेन्ट बैंक | १७१ | १७३ | ५,९९४ | २ |
| शिखर इन्स्योरेन्स | ९५५ | ९८० | १२,०८७ | २५ |
| साइन रेसुङ्गा डेभलपमेन्ट बैंक | २७० | २८० | २,९०५ | १० |
| श्री इन्भेष्टमेन्ट इन्स्योरेन्स | २२० | २३५ | २,२६९ | १५ |
| सिद्धार्थ बैंक | ३०८ | ३१० | २८,०६८ | २ |
| सिद्धार्थ इन्स्योरेन्स | ७५२ | ७८३ | ९,५१४ | ३१ |
| सोल्टी होटल | २४१ | २४० | ७,७९८ | -१ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | ८३७ | ८४८ | २१,५५० | ११ |
| समिट माइक्रोफाइनान्स | ८८० | ९२३ | ३,६५० | ४३ |
| सनराईज बैंक | २३६ | २४८ | १४,५१५ | १२ |
| सूर्य लाइफ इन्स्योरेन्स | ६९९ | ७३६ | ८,३९४ | ३७ |
| स्वालम्बन लघुवित्त | ११०० | ११३५ | ४,१२० | ३५ |
| स्वरोजगार लघुवित्त | १२४४ | १२७० | ३,४९८ | २६ |
| सिनर्जी पावर | १३२ | १३३ | ३,०९६ | १ |
| तारागाउँ रिजेन्सी | २६० | २८० | ६,३५५ | २० |
| तिनाउ डेभलपमेन्ट बैंक | १८८ | २०५ | ५,४३२ | १७ |
| युनाइटेड इन्स्योरेन्स | ७९२ | ८३९ | ६,५५९ | ४७ |
| विजय लघुवित्त | ७४१ | ७७५ | १,१४८ | ३४ |
| वमी माइक्रोफाइनान्स | १३०६ | १३०७ | १,६६८ | १ |

कुल कारोबार मूल्य : ६१९,३७८,९०६ | कारोबार संख्या : १६७

सेयर संख्या : १,५१४,३४९ | नेप्से : १,२५०.३९ (२३.९४)







## मलेशियामा SECURITY GUARD को आवश्यकता

FREIGHTWATCH G. PATOMOTOH SECURITY SERVICES SDN. BHD., SEREMBAN

पुर्व स्विकृति मितिः २०७४।१२।२१ चलानी नं. ६०१२९४१५ LT No: 208412

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 1050 | 28350 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

अन्तरवार्ता धमाधम भइरहेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा वढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभि मुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला अन्यथा ठगीने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला। छनौट भई भिषा प्राप्त भईसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भिषा वापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ । Lic. No.: 1404/074/75 लागत खर्च ०

**R.A. International Employment Agency P. Ltd.**

Basundhara-3, Ktm, , Ph: 4016740, 4016760, 9860978006, 9823831717



## मलेशियाको Engineering Company मा रोजगार

Company: **SIMPAC MARINE SDN BHD**, Johor, Malaysia

पूर्व स्वीकृती मितिः २०७४/१२/७ LT. No. 207356 चलानी नं. ६०१२८५४४

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 1000 | २६,८९१ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

नोट: यसै कम्पनीको लागि DRAFTMAN, SPRAY PAINTER, WELDER (3G, 6G,T, G, M,MIG) PIPEFITTER हरुको पनि आवश्यकता भएकोले निःशुल्क परामर्शको लागि जानकारी गराइन्छ ।

प्रि-अन्तरवार्ता धमाधम भईरहेछ । फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट काठमाडौंमा २०७४ चैत्र २६ गते (9 April 2018) का दिन हुनेछ ।

| स्वदेशमा गरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | लाग्ने |

छनोट भै भीसा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भीसावापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ । ■ कुल लागतः रू. १०,०००/-

**Birat Overseas International (P) Ltd.**

Sinamangal Marg, Sinamangal-9, Ktm (Infront of Nobel Hospital), Contact: 4110962, 4110712

Birtamod: 9852679355, 9852674814, Itahari: 9862012509, 9852062761

E-mail: info@biratoverseas.com, biratoverseas2017@gmail.com

श्रम इजाजत नं. ८३६/०६६/०६७



## UAE मा रोजगारीको अवसर

Arabian Aluminium Products Co.LLC, Dubai, UAE

पूर्व स्वीकृति मिति :-२०७४।१२।२२ च.न.:-६०१२९४७६ LT No: 208139

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labouer | 15 | - | सं. काममा दक्ष | 800 | २२,६४० | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Alumunium Technician | 10 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 3 | CNC Operatior | 03 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 4 | Lathe Machine Operatio | 05 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 5 | Die Maker | 05 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 6 | Electrician | 05 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 7 | Welder | 05 | - | | 1200 | ३३,९६० | | | | | | | |
| 8 | Store Keeper | 05 | - | | 1400 | ३९,६२० | | | | | | | |
| 9 | Foreman | 04 | - | | 2000 | ५६,६०० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भीषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | रु. १०,०००।– | निःशुल्क |

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट चैत्र २७ र २८ गते (10 & 11 April 2018) मा हुदैछ ।

**B&B Recruitment Pvt. Ltd.**

(Swachchha Overseas Pvt. Ltd.)

नोबेल हस्पिटलको अगाडी, सिनामंगल, काठमाडौं, नेपाल, फोन नं. ०१-४११०९८०,

९८५५०५७५९९, ९८५११८५१५७, ९८४०३४७७६३, ९८०८५२३३५९ ९८१९२०७२४६(चितवन)

इजाजत नं. १३६८/०७४/७५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **IFS Group, Doha, Qatar**

पुर्व स्वीकृत मितिः २०७४/१२/२२ चलानी नं.: ६०१२९४४० LT. No.: 208624

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Catering Camp Boss | 5 | सम्बन्धित काममा दक्ष | 2500 | ७१,३७५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Storekeeper | 10 | | 1900 | ५४,२४५ | | | | | | | |
| 3. | Indian/Tandoor/Continental/ Italian/Arabic Cook | 40 | | 1500 | ४२,८२५ | | | | | | | |
| 4. | Maintenance Technician | 10 | | 1100 | ३१,४०५ | | | | | | | |
| 5. | Service Crew | 40 | | 1400 | ३९,९७० | | | | | | | |
| 6. | Labor | 300 | | 900 | २५,६९५ | | | | | | | |
| 7. | Lmv Driver | 50 | | 1500 | ४२,८२५ | | | | | | | |
| 8. | Heavy Driver | 30 | | 1900 | ५४,२४५ | | | | | | | |
| 9. | Kitchen Helper | 50 | | 900 | २५,६९५ | | | | | | | |
| 10. | Waiter | 30 | | 1400 | ३९,९७० | | | | | | | |
| 11. | Barista | 10 | | 1400 | ३९,९७० | | | | | | | |
| 12. | Cashier | 15 | | 1300 | ३७,११५ | | | | | | | |
| 13. | Baker | 20 | | 1300 | ३७,११५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

प्रि- अन्तर्वार्ता धमाधम भइरहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट

पोखरामा : २०७४ चैत २५ गते (8 April 2018) मा

काठमाडौंमा : चैत २६ र २७ गते (9 & 10 April2018) मा हुनेछ ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**

गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ४३६४८६५, ४३८९५२२, ४३८९१८८

मोबाईल नं. : ९८५१००२९७६, ९८५११८०५५४, ९८५१०१७५३४, ९८०३५०६७५५

९८०२८२५०२२, ९८५७०३५९८१, ९८०११२२५५१, ९८०३२२४२४१, ९८४१८५५४३५

Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## TURKEY मा Muslim कामदारहरूलाई रोजगार

**Tek Man Power Ltd. Sti** पूर्व स्वीकृती मितिः २०७४/१२/२२ चलानी नं. ६०१२९४७४ LT No.: 208583

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब US$ | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Full Time Factory Hand | 20 | सम्बन्धित काममा दक्ष | 400 | ४१,६२४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Chicken Deboner | 25 | | 450 | ४६,८२७।- | | | | | | | |
| ३. | Packaging | 25 | | 400 | ४१,६२४।- | | | | | | | |
| ४. | Chicken Hanging On The Machine By Hand (Alive) | 80 | | 450 | ४६,८२७।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. १०,०००।- कामदार आफैंले |

प्रि- अन्तरवार्ता : धमाधम भईरहेको छ । फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७४ चैत्र २६ गते सोमबार (09 April) हुनेछ ।

**सक्षम ओभरसिज प्रा. लि.**

सिनामंगल, काठमाडौं, नेपाल फोन नं. : ४४९३६०६

मोबाईल नं. : ९८५११६३४८८, ९८५१०६३३१९, ९८१८८५०५०७

श्रम ईजाजत न.: ११३७/०७३/०७४



## कुवेतको प्रतिष्ठित कम्पनीमा रोजगार

شركة الثقة AL THIQA COMPANY | AL-THIQA RESTAURANT COMPANY, KUWAIT

पूर्व स्वीकृति मिति : २०७४/१२/२२ LT.No: 208573 चलानी नं.६०१२९४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Supervisor | 4 | 3 | काममा दक्ष | 180 | ६२,२४६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 12 | 15 | काममा दक्ष | 140 | ४८,६६३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | | | |
| 3 | Service Crew (Waiter/Waitress/Restaurant Worker) | 20 | 15 | काममा दक्ष | 120 | ४१,४९७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | | | |
| 4 | Light Vechile Driver | 1 | | काममा दक्ष | 150 | ५१,८७१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | | | |
| 5 | Heavy Driver | 1 | | काममा दक्ष | 200 | ६९,१६२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | | | |
| 6 | Accountant | 2 | | काममा दक्ष | 250 | ८६,४५२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | | | |

नोटः साथै यसै कम्पनीको लागि **Restaurant Manager** र **Assistant Manager** हरूको पनि आवश्यकता भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गुर्नहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सो बाहेक अन्य खर्च लाग्ने/नलाग्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफै | कामदार आफै | प्रा.लि.से | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | निःशुल्क |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट निम्न स्थानमा हुनेछ ।

| | | |
|---|---|---|
| काठमाडौंमा | चैत्र २७ गते | (10 April, 2018) |
| बुटवलमा | चैत्र २८ र २९ गते | (11 & 12 April, 2018) |
| ईटहरीमा | चैत्र ३० र वैशाख १ गते | (13 & 14 April, 2018) |

**निलकमल ह्युमन रिसोर्स प्रा.लि.**

सिनामंगल-९, एयरपोर्ट(सूचना बिभाग पछाडी), काठमाण्डौ, नेपाल

फोन : ०१-४११२७१३, ४११२७१४

मो. ९८१८३९४४७४, ९८०२०९९४१२, ९८२३३२५५३९, ९८०१८१७४१३, ९८०२०९९४११

ईटहरी (लन्डन होटल) : ९८०२०८८४३४, ९८५२०८८४३४, ९८५१०३९०८०, ९८४२१४१२८७

पोखरा : ९८५६०२७५३९ / बुटवल : ९८२३६६८०९४, ९८४५१३८११३, ९८५७०३९२२२, ९८०५४८५५३८

Email: info@neelkamalnepal.com, www.neelkamalnepal.com

श्रम इजाजत पत्र नं. ७९३/०६५/०६६

# धागो निर्यातमा भन्सार सुविधा नरोकिने संकेत

**राजु चौधरी**

काठमाडौं- नेपाली धागोमा टर्की सरकारले दिँदै आएको भन्साररहित सुविधा नरोक्ने संकेत गरेको छ । वाणिज्य मन्त्रालयका सहसचिव रवि सैंजुको नेतृत्वमा रहेको नेपाली टोली र टर्कीका सरकारी अधिकारीबिच भएको छलफलमा सुविधा नरोक्ने संकेत दिएको हो ।

'बिहीबार भएको छलफल सकारात्मक रह्यो । टर्कीले सुविधा नहटाउने संकेत गरेको छ,' वाणिज्य सचिव चन्द्रकुमार घिमिरेले भने । एक्रेलिक यार्न (पोलिस्टर र फाइबर कच्चा धागो) नेपाली उद्योगहरूको क्षमताको तुलनामा अस्वाभाविक परिमाणमा निकासी भएको सम्बन्धमा आवश्यक छानबिन र समस्या समाधानका लागि तदारुकता नदेखाएको भन्दै टर्कीले भन्सार सुविधा रोक्ने चेतावनी दिएको थियो । नयाँदिल्लीस्थित टर्की राजदूतावासले नेपाली धागोलाई दिँदै आएको भन्सार सुविधा कुनै पनि बेला हटाउन सक्ने चेतावनी अनौपचारिक रूपमा नेपाली पक्षलाई दिएको थियो ।

चेतावनीपश्चात् बुधबार छलफल गर्न सहसचिव सैंजुसहितको टोली टर्की गएको थियो । सचिव घिमिरेका अनुसार टोलीले टर्कीका एन्टिडम्पिङ हेर्ने महानिर्देशकसँग छलफल गरेको थियो । 'तेस्रो मुलुकबाट आयात गरी पुनः टर्की निर्यात गरेको भन्ने आशंका थियो । छलफल र प्रस्तुतीकरणबाट त्यसबारेमा सकारात्मक भयो,' उनले भने ।

विशेषगरी उद्योग वाणिज्य संघहरूबाट जारी हुने सर्टिफिकेट अफ ओरिजिन (उत्पत्तिको प्रमाणपत्र) मा लापरबाही गरिएको र त्यसको आडमा मलेसिया, थाइल्यान्डलगायतका उत्पादन निकासी गरिएको आशंका टर्कीले गरेको छ । नेपाल अल्पविकसित मुलुक भएकाले भन्साररहित सुविधा पाएको थियो । तर, तेस्रो मुलुकबाट आयात गरी टर्की निर्यात गरेको आशंकामा नेपालबाट जीएसपी स्क्र्याब गरेको थियो । छलफलको क्रममा टर्की सरकारले पुनर्विचार गर्ने जवाफ दिएको सचिव घिमिरेले बताए ।

टर्कीले आफ्नो उत्पादनलाई बचाउन एन्टिडम्पिङ (आफ्नो उत्पादनलाई बचाउन थप शुल्क) लगाउन सुरु गरेको थियो । ड्युटी फ्री कोटा हटाएको थियो । त्यसलाई पुनर्विचार गर्ने संकेत गरेको उनले बताए । 'नेपालमा धागो उत्पादनको विषयमा सकारात्मक पहलमा लैजाने बताएका छन्,' उनले भने, 'धागोको बजारमा खतरा नहुने संकेत दिएको छ ।'

जानकारका अनुसार टर्कीले सुविधा हटाएको खण्डमा शिथिल बन्दै गएको निर्यात व्यापारलाई अर्को झट्का लाग्नेछ । घिमिरेका अनुसार टर्की नेपाली धागोको सबभन्दा ठूलो बजारमध्येमा पर्छ । नेपालका लागि एकदमै महत्त्वपूर्ण मुलुक हो । सबैभन्दा बढी धागो निर्यात हुँदै आएको छ । मन्त्रालयका अनुसार वार्षिक ४ अर्ब रुपैयाँको निर्यात हुँदै आएको छ ।

'कुल निर्यातको साढे ४ प्रतिशत टर्कीमा निर्यात हुन्छ,' उनले भने, 'नेपालको सकारात्मक व्यापार छ । यो गुमाउनु भनेको धेरै नोक्सान हुनु हो ।' मन्त्रालयका अनुसार विगतमा पनि चीन, भारत, इन्डोनोसियालगायतलाई यस प्रक्रियामा राखेको थियो । यस वर्ष बंगलादेश र नेपाललाई पनि सोही प्रक्रियामा राखेको सचिव घिमिरेले बताए ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांकअनुसार २०१७ बाट भएको नेपालबाट ४ करोड अमेरिकी डलर मूल्यको धागो निकासी भएकामा टर्कीमा मात्रै ३ करोड ४० लाख डलर बराबरको निर्यात भएको थियो । करिब एक दर्जन मुलुकमा नेपाली धागो निर्यात हुने गरे पनि टर्कीले सबैभन्दा राम्रो भाउ दिने गरेको छ । भारतीय बजारमा नेपाली धागोले औसत प्रतिकेजी १.७ डलर मूल्य पाउने गरेकामा टर्कीमा भने उक्त दर ३.२ डलरभन्दा माथि रहने गरेको छ । आकर्षक मूल्य र भन्साररहित सुविधाका कारण पनि नेपाली धागोका लागि टर्की प्रमुख बजार बन्दै गएको हो । पछिल्लो पाँच वर्षमा टर्कीतर्फको नेपालको सिन्थेटिक यार्नको निर्यात औसत ३८ प्रतिशतले र परिमाणमा औसत ४५ प्रतिशतले वृद्धि भएको छ । सन् २०१६ मा अघिल्लो वर्षको तुलनामा धागोको टर्की निर्यातमा १०९ प्रतिशतले वृद्धि भएको थियो ।

## समस्यामा नेपाली कपडा उद्योग

ललितपुर (रासस)- लुभू र आसपासका उद्योग अहिले विदेशबाट आयातित कपडासँग प्रतिस्पर्धा गर्न नसक्दा समस्यामा परेका छन् ।

बंगलादेश र भारतबाट आयात हुने कपडासँग प्रतिस्पर्धा गर्न नसक्दा नेपाली कपडा उद्योग ओझेलमा परेको हो । ललितपुर उद्योग वाणिज्य संघ, क्षेत्र नम्बर २ का अध्यक्ष जुजुकाजी महर्जनले भन्सार शुल्क बढी तिर्नुपर्ने, दक्ष जनशक्ति नपाइने र महँगो ज्यालाका कारण यहाँका कपडा विदेशीसँग प्रतिस्पर्धा गर्न गाह्रो भएको बताए । 'सरकार र आम नागरिकले नेपाली कपडा प्रवर्द्धन गर्न सक्छन्,' उनले भने, 'दुई-चार रुपैयाँ महँगो परे पनि स्वदेशी सामान नै प्रयोग गर्छु भन्ने सोच आवश्यक छ ।'

अघिल्लो वर्षसम्म यी उद्योगले विद्युत् भार कटौतीको समस्या भोग्दै आएका थिए । त्यतिबेला समयमा कपडा दिन नसक्दा ठमेल आसपासका धेरै व्यापारीले अहिले यहाँबाट उत्पादित कपडा लिन छाडिसकेका छन् । उनले भने, 'त्यतिबेला व्यापारीलाई समयमा कपडा दिन हामी सक्दैनौं भन्ने सोच थियो, अहिलेसम्म पनि त्यसमा परिवर्तन आएको छैन ।' नगर क्षेत्रमा उद्योग सञ्चालनका लागि हुने कठिनाइसँगै दक्ष जनशक्तिको अभाव यी उद्योगले भोग्दै आएका छन् । 'औद्योगिक ग्राम' बन्दा धेरै खालका समस्या समाधान हुने उनको भनाइ छ । कपडाको व्यवसाय यस क्षेत्रमा पुर्ख्यौली पेसा बनिरहेको छ । सन् १९९५ मा जापानी नागरिकले यस क्षेत्रमा कपडा बुन्न सिकाएका थिए । लुभू, बाडेगाउँलगायत क्षेत्रमा झन्डै १ सय ८० जना कपडा उद्योगमा संलग्न छन् ।







# केन्द्रबाट अनुगमन हट्दै

- स्थानीय तहमा संयन्त्र बनेन
- शुक्रबार १६ नगरपालिकासँग छलफल गर्छौं : आपूर्ति सचिव

■ राजु चौधरी

काठमाडौं- व्यवसायीको दबावमा एक महिनादेखि ठप्प बजार अनुगमन अब केन्द्र सरकारबाट हट्ने भएको छ। हाल बजार अनुगमन गर्दै आएको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागलाई वाणिज्य विभागमा गाभिने हुँदा केन्द्रबाट अनुगमन हट्ने भएको हो। 'आपूर्तिलाई वाणिज्य विभागमै गाभ्ने भइसकेको छ,' आपूर्ति सचिव अनिल ठाकुरले भने, 'अब अनुगमनको भूमिका स्थानीय तहलाई हुन्छ। विभागले स्थानीय तहलाई सहयोगात्मक भूमिकामा अनुगमन गर्छ।'

मुलुकको पुनः संरचनासँगै सरकारले बजार अनुगमनको काम स्थानीय निकायले नै गर्ने निर्णय गरिसकेको छ। संघीय संरचनाअनुसारका अनावश्यक निकायहरू चैत २८ गतेबाट खारेज हुँदै छन्। गाउँ तहसम्मै सरकारको उपस्थिति देखाउन अनुगमनको जिम्मा स्थानीय तहलाई नै दिने निर्णय गरेको थियो। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको 'नमुना निर्देशिका' मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ। स्थानीय तहलाई जिम्मेवार बनाउने दाबी गरे पनि स्थानीय तहमा संयन्त्र बन्न सकेको छैन।

अनुगमनका लागि उपमेयरको संयोजकत्वमा अनुगमन समिति गठन हुन्छ। तर, काठमाडौं महानगरपालिकाले समेत अनुगमनको खाका बनाउन सकेको छैन। महानगरपालिकाले दुई महिनाअघि नै अधिकार पाए पनि समिति बनाउन सकेको छैन।

'अनुगमनका लागि उपमेयरको संयोजकत्वमा समिति गठन हुन्छ। हामीले दुई महिनाअघिबाट अधिकार पाएका छौं,' महानगरपालिकाकी उपमेयर हरिप्रभा खड्गी श्रेष्ठले भनिन्, 'तर, विभिन्न कारणले कार्यान्वयन गर्न सकेका छैनौं।' अनुगमन समिति छिट्टै तयार पार्ने उनले बताइन्। यसबीचमा राजस्व परामर्श समिति, बजेट तर्जुमा समिति, न्यायिक समिति गठन भएको उनले दाबी गरिन्। '२५ गते नगरसभा छ। नगरसभाका लागि दैनिक व्यस्त छौं,' उनले भनिन्, 'त्यो सकिएलगत्तै अनुगमन समिति बनाउँछौं।' खाकाहरू तयार गरेर अनुगमन गर्ने उनले बताइन्।

निर्देशिकाअनुसार गाउँपालिका/नगरपालिका उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा 'उपभोक्ता हित संरक्षण समिति' गठन गर्नुपर्छ। समितिमा जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत, खाद्य गुणस्तर, औषधि, जनस्वास्थ्य, उद्योग वाणिज्य हेर्ने शाखाका प्रमुख प्रतिनिधि, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्ति सदस्य हुने जनाइएको छ। समितिले गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाई/डेक्सको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्नेछ।

सरकारले तयार पारेको निर्देशिकाअनुसार व्यवसायीले अनुचित व्यापारिक क्रियाकलाप गरेको फेला परे स्थानीय निकायले फर्म बन्द गर्न सक्छन्। अनुगमनका क्रममा मिसावट, गुणस्तरहीन, कम तौलको सामग्री बिक्री गरेको पुष्टि भए तत्काल बन्द गर्न सक्ने अधिकार दिएको छ।

अनुगमनका क्रममा मिसावट, कम तौलको सामान भेटिएमा आवश्यकताअनुसार वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्न सक्नेछन्। निर्देशिकाअनुसार उपभोक्तालाई सचेत र जागरुक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने, गाउँ वा नगरपालिकाअन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिलबीजक तथा बिक्रीका लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्तिको अनुगमन गर्नुपर्ने जनाएको छ। तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटलजस्ता खाद्यवस्तु बिक्रीस्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र बधशालाको व्यवस्था गर्नपर्ने उल्लेख छ। अनुगमन टोलीले वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनलगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने, कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्नेजस्ता गैरप्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गरिनेछ।

वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकताअनुसार त्यस्ता वस्तु जफत गर्न सक्नेछ। निर्देशिकाले स्थानीय निकायलाई पूर्ण अधिकार दिए पनि कार्यान्वयन भने हुन सकेको छैन। यस विषयमा आपूर्ति मन्त्रालयले छलफल गर्ने जनाएको छ। 'अनुगमनलगायतको विषयमा छलफल गर्न पहिलो चरणमा काठमाडौंका १६ नगरपालिकालाई बोलाएका छौं,' आपूर्ति सचिव ठाकुरले भने, 'छलफलपश्चात् थप निर्णय गर्नेछौं।' उनका अनुसार बैठक शुक्रबार हुनेछ।

## दबाबमा महानिर्देशकको सरुवा

काठमाडौं (कास)- सरकारले आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक कुमार दाहाललाई सरुवा गरेको छ। अनुगमनका क्रममा ठूला व्यावसायिक घरानाले ठगी गरेको पुष्टि भएपछि दबाबमा उनलाई सरुवा गरिएको हो। विभागलाई उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिका यादवले अनुगमन नगर्न दबाब दिँदै आएका थिए। दबाब दिएपछि महिनायता बजार अनुगमन ठप्प छ।

मन्त्रालय स्रोतका अनुसार मन्त्री यादवको दबाबमा सामान्य प्रशासन मन्त्रालयले मंगलबार महानिर्देशक दाहालको सरुवा गरेको हो। 'व्यावसायिक दबाबका कारण साताअघि नै सरुवा गर्न छलफल भएको थियो,' मन्त्रालयका एक अधिकारीले भने, 'हटाउने निर्णयचाहिँ मंगलबार भएको हो।' महानिर्देशक दाहालले सामान्य प्रशासनमा सरुवा भएको जानकारी पाए पनि पत्र प्राप्त नगरेको बताए। सबै क्षेत्रमा सिन्डिकेट भएकाले अस्पताल/स्कुल/सवारी साधन, सिमेन्ट, रङ, पाइप क्षेत्रको ठगी र कारबाही प्रक्रिया अघि बढाउँदा सरुवा हुनुपरेको बताए। विभागका अनुसार ठगीका करिब ५० वटा मुद्दा/फाइल मन्त्रालयले ब्रिफिङका लागि मगाएर थन्काएको छ। '५० वटा मुद्दा दायर गर्नका लागि सरकारी वकिलबाट आवश्यक परामर्श लिइरहेका बेला मन्त्रालयमा झिकाइएको थियो,' उनले भने, 'तर, फिर्ता आएको छैन।'




अरुण तेस्रो आयोजना

# मुआब्जा विवादले सडक निर्माण ठप्प



अरुण तेस्रोको ड्यामसाइट निर्माण हुने नुमको फ्याक्सिन्दा। *तस्बिर : दीपेन्द्र*

■ दीपेन्द्र शाक्य

संखुवासभा- बहुचर्चित अरुण तेस्रो आयोजनाका लागि सडक निर्माणको कार्य मुआब्जा विवादका कारण रोकिएको छ। छ्याङकुटीबाट पावरहाउस निर्माणस्थल जोड्ने सडकमा पर्ने जग्गाको मुआब्जा माग गर्दै स्थानीयले निमार्ण कार्य ठप्प पारेका हुन्। मुआब्जा नपाएसम्म उनीहरूले सडक खन्न नदिने भनेपछि १५ दिनयता सडक निर्माण भएको छैन। खाँदबारी नगरपालिकाको छ्याङकुटीबाट चिचिला गाउँपालिकाको पुखुवामा निर्माणाधीन साढे २८ किलोमिटरमध्ये साढे २४ किमि सडक निर्माणपछि स्थानीयले मुआब्जा नपाएको गुनासो गरेका छन्। मुआब्जा नपाएसम्म सडक खन्न नदिने पुखुवाका नयन्द्र राईले बताए। 'मुआब्जा दिन्छौं भनेर टारेको धेरै भयो,' उनले भने, 'पाएनौं तर खडक खन्न भने दिइहेका थियौं।' सुनुवाइ नभएपछि सडक निर्माणमा अवरोध गरेको उनले बताए। 'सरकारले कसैलाई काखा कसैलाई पाखा गर्न मिल्दैन,' राईले भने।

स्थानीयले साढे ४ किलोमिटर सडक खण्डमा मुआब्जा वितरण नगरी सडक खनेको आरोप लगाएका छन्। 'विकास रोक्न हुँदैन भनेर हामीले पहिले काम गर्न दियौं तर अन्तिम समयसम्म आउँदा पनि पाइएन,' राईले भने, 'मुआब्जा नपाएको प्रस्ट हुँदा पनि काममा आलटाल भएको छ।'

केही दिनअघि लगानीबोर्डले जिल्ला प्रशासन कार्यालयमा आयोजना गरेको कार्यक्रममा पनि छ्याङकुटीबाट पुखुवासम्म मुआब्जा नपाएको गुनासो गरेका थिए। उचित मुआब्जा नपाएसम्म सडक अवरोध गरिरहने राईले बताए। ४ किलोमिटर क्षेत्रमा ७८ रोपनी जमिनको मुआब्जा दिन बाँकी रहेको प्रशासनले जनाएको छ। तर, स्थानीयले भने छ्याङकुटी-पुखुवा सडकमा २० जनाले मात्रै मुआब्जा पाएकाले अझै ६० जनाले पाउन बाँकी रहेको जिकिर गरेका छन्।

'विस्थापितहरूले मुआब्जा पाउनेमा ढुक्क भएर बसे हुन्छ,' प्रमुख जिल्ला अधिकारी शिवराज जोशीले भने, 'मापडण्डअनुसार वितरण गर्छौं, केही समय लाग्छ।' पछिल्लो समय छ्याङकुटीबाट पुखुवाको मात्रै विवाद देखिएको उनले बताए। '०४५ मा मुआब्जा वितरण गरिएको देखिएको छ,' उनले भने, 'छुटेकाहरूले पाउनेछन्।' उनले सडक अवरोध नगर्न आग्रहसमेत गरेका छन्।

प्रजिअ जोशीले छ्याङकुटी-पुखुवा सडकको ७८ रोपनी जमिनका लागि मन्त्रिपरिषद्मा निर्णय भइसकेको जानकारी आएको बताए। उनले त्यसका लागि ८ करोड सरकारले छुट्याइसकेको पनि बताए। मुआब्जाका विषयमा दर्ता भएका निवेदनबारे स्थलगत अनुगमन गर्ने जनाए। 'यथार्थ विवरणअनुसार मुआब्जा दिन्छौं,' उनले भने, 'कसैलाई काखा, कसैलाई पाखा हुँदैन। स्थानीय तहसँग समन्वय गरेर काम अघि बढाउँछौं।' सहायक प्रजिअको संयोजकत्वमा समिति पनि बनिसकेको बताए। उनका अनुसार समितिमा नापी, मालपोत र स्थानीय तहका जनप्रतिनिधि रहेका छन्।

अरुण तेस्रो प्रवेश मार्गका इन्जिनियर अमिन्द्र खड्काले पहुँच मार्गअन्तर्गतका छ्याङकुटी पुखुवा, कौवाखोला, दोभान ड्यामसाइटका सडकका काम धमाधम भइरहेको बताए। प्रजिअ जोशीले हालसम्म ३५ प्रतिशत काम सम्पन्न भएको बताए। त्यस्तै कौवाखोलामा २ वटा र पावरहाउसमा पनि पुल निर्माणको काम भइरहेको जनाए। भौगोलिक बनावटका कारण कामले गति लिन नसकेको उनको भनाइ थियो। 'भीर र चट्टान भएकाले काम गर्न समस्या छ,' उनले भने, 'थोरै भीर पनि थिचोल्न धेरै दिन लागिरहेको छ।'

पहुँच मार्गको छ्याङकुटी-पुखुवा सडकमा मुआब्जा विवादका कारण पनि काममा ढिलाइ भएको उनले बताए। ०४४ मा वितरण गरिएको मुआब्जामा सडकको चौडाइ कति हो भन्ने विषयमा स्थानीयसँग कुरा नमिल्दा समस्या देखिएको छ। उनका अनुसार छ्याङकुटी-पुखुवा सडकको लम्बाइ करिब २९ किमि हो। तर, साढे २४ किमि सडक निर्माण भएपछि स्थानीयले मुआब्जा नपाएको भन्दै सडक निर्माणमा अवरोध गरेका छन्। यो खण्डको साढे ४ किमि सडकका स्थानीयले मुआब्जा पाएका छैनन्। ७८ रोपनी जमिनमा मुआब्जा वितरण नभएकाले सडक खण्ड अवरोध हुँदै आएको छ। काममा अवरोध नभए छिट्टै सम्पन्न हुने उनले बताए। सडक अवरोध भएपछि कामदार फर्किएको उनले बताए।

तेस्रो परियोजनाका लागि जिल्ला प्रशासन कार्यालयले प्रभावित क्षेत्रका ६ गाउँका २ सय ५८ परिवारलाई मुआब्जा वितरण गरिसकेको छ। उनीहरूलाई १ अर्ब ९५ करोड २५ लाख ३७ हजार १ सय ५ रुपैयाँ वितरण गरिसकेको प्रजिअ जोशीले बताए।

## छोटकरी

### कुमारीद्वारा रक्तदान

काठमाडौं (कास)- कुमारी बैंकले १७ औं वार्षिकोत्सवमा रक्तदान कार्यक्रमको आयोजना गर्‍यो। कार्यक्रममा बैंकका कर्मचारी र ग्राहक गरी १ सय ३ जनाले रक्तदान गरेको जारी विज्ञप्तिमा उल्लेख छ। बैंकले साताव्यापी संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आफ्ना शाखाहरूमार्फत विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने जनाएको छ।

### ओप्टोमाका तीन उत्पादन नेपाली बजारमा

काठमाडौं (कास)- डी एन्ड डी कम्पनीले ओप्टोमाका तीनवटा नयाँ उत्पादनहरू नेपालमा भित्र्याएको छ। कम्पनीले भित्र्याएका उत्पादनहरूमा ओप्टोमा-यूएचडी ५१ए, यूएचडी ५१ र यूएचडी ५० सिनेमा प्रोजेक्ट रहेको जारी विज्ञप्तिमा उल्लेख छ।

### बीओकेको क्यास ब्याक अफर

काठमाडौं (कास)- बैंक अफ काठमान्डु (बीओके) को डेबिट अथवा क्रेडिट कार्ड नेपालभर जुनसुकै पीओएसमा प्रयोग गर्दा १० प्रतिशत क्यास ब्याक योजना सार्वजनिक गरेको छ। यो योजनाअन्तर्गत कार्ड धनीले दैनिक एक हजार रुपैयाँसम्म र योजना अवधिभर ५ हजार रुपैयाँसम्मको क्यास ब्याक पाउने व्यवस्था मिलाइएको जारी विज्ञप्तिमा उल्लेख छ।

### सनराइजको छुट योजना

काठमाडौं (कास)- सनराइज बैंकको भिसा डेबिट तथा क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा गोरखा डिपार्टमेन्ट स्टोरमा १० प्रतिशत नगद छुट योजना ल्याएको छ। यस योजनाबारे बैंक र गोरखा स्टोरबीच सम्झौतापत्रमा हस्ताक्षर भएको जारी विज्ञप्तिमा उल्लेख छ। योजनाअनुसार हरेक सामान खरिद गर्दा १० प्रतिशत नगद छुट प्रदान गरिने बैंकले जनाएको छ।

### सानिमा लाइफका शाखा थप

काठमाडौं (कास)- सानिमा लाइफ इन्स्योरेन्सले मकवानपुरको हेटौंडा तथा पर्साको वीरगन्जमा शाखा सञ्चालनमा ल्याएको छ। कम्पनीले आफ्नो व्यावसायिक लक्ष्य प्राप्तिका लागि मुलुकभर शाखा विस्तारअन्तर्गत यी दुई शाखा सञ्चालनमा ल्याएको विज्ञप्तिमा उल्लेख छ।

### एसियन इन्स्योरेन्सको वार्षिकोत्सव

काठमाडौं (कास)- एसियन लाइफ इन्स्योरेन्सले ११ औं वार्षिकोत्सवमा विभिन्न कार्यक्रमको आयोजना गरी मनायो। कम्पनीले प्रभातफेरी, सरसफाइ र विभिन्न संस्थाहरूलाई सामग्री वितरण गरी वार्षिकोत्सव मनाएको विज्ञप्तिमा उल्लेख छ।

# रबाफिलो बिहे गर्दै बेलायती राजकुमार

■ नवीन पोखरेल



लन्डन- बेलायती राजकुमार हचारी र अमेरिकी नायिका मेगान मर्केलबीच आगामी मे १९ मा विन्सोर क्यासलस्थित सेन्ट जोर्जेज च्यापलमा विवाह हुँदै छ । विवाह समारोह नजिकिँदै गर्दा विश्वले यसलाई चासोपूर्वक हेरिरहेको छ ।

बेलायती महारानी एलिजावेथ द्वितीयको निवास विन्सोर क्यासल विश्वमै पुरानो मानिन्छ । यही क्यासलबाट राजकुमार हचारीले लगनगाँठो कस्दै छन् । करिब ८ सय जना अट्ने सेन्ट जोर्जेज च्यापल सजाउने जिम्मा फूल व्यापारी फिलिपा क्रयाडोकलाई दिइएको छ । समारोहमा २६ सयभन्दा बढीलाई निमन्त्रणा गरिनेछ । विवाह समारोह र लन्च रिसेप्सनको औपचारिक निम्तो पठाइसकिए पनि अतिथिहरूको नाम भने गोप्य राखिएको छ । विन्सोर क्यासलमा अतिथिबाहेक एक लाखभन्दा बढी सर्वसाधारण सहभागी हुने अपेक्षा गरिएको छ ।

थेम्स भ्याली प्रहरीले समारोहको सुरक्षा जिम्मा लिएको छ । प्रहरीले यो सुरक्षा प्रबन्ध आफ्नो इतिहासमै पहिलो बृहत् भनेको छ । स्नाइपरसहित तारबार घेरा, प्रत्येक सवारीसाधन र झोला जाँच तथा विमानस्थलकै सरह स्क्यानरले आगन्तुकहरूको खानतलासी गर्नेछन् । बिहे समारोहमा सुरक्षा प्रदान गर्न मात्र ३० मिलियन पाउन्ड (४ अर्ब रुपैयाँभन्दा बढी) खर्च हुने बेलायती अखबारले उल्लेख गरेका छन् । राजपरिवारले चर्च सर्भिससहित बिहे समारोह, संगीत, फूल र रिसेप्सनको खर्च बेहोर्ने पक्का भएको छ । तर सुरक्षा खर्च भने करदाताकै पैसामा हुनेछ ।

२०११ को अप्रिलमा हचारीका दाइ प्रिन्स विलियम र केट मिडलटनको बिहेमा २० मिलियन पाउन्ड खर्च भएको थियो । १९८१ मा हचारीका बाबु प्रिन्स चार्ल्स र डायना स्पेन्सरको विवाहको सुरक्षाका लागि १२ मिलियन पाउन्ड खर्च गरिएको थियो । सुरक्षा प्रबन्धका लागि स्कटल्यान्ड यार्डसँग आबद्ध ४२०० प्रहरीको बिदा रद्द गरिएको छ । थेम्स नदी वरपर तालिमप्राप्त कुकुर र घोडाबाट गस्ती हुनेछ भने आधुनिक हतियारले सुसज्जित विशेष युनिटसमेत खानतलासीमा खटिनेछ । नेसनल पुलिस एयर सर्भिसले पनि सुरक्षामा साथ दिनेछ । फस्ट बटालियन आइरिस गार्ड्स, रोयल नेभी, रोयल मरिन, थ्री रेजिमेन्ट आर्मी एयर कप्स, रोयल गोर्खा राइफल्स र आरएएफ होनिङटन कर्मचारी पनि खटिनेछ । प्रहरीले आफ्ना साझेदार, स्थानीय व्यापारिक प्रतिष्ठान र समुदायसँग मिलेर समारोह सुरक्षित र हर्षोल्लासमय बनाउने जनाएको छ ।

प्रहरीले विगतमा अपराधमा संलग्न भएका वा चोरीका गाडी छुटाउन अटोमेटिक नम्बर प्लेट रिकग्निसन (एएनपीआर) प्रविधि, एचभीएम ब्यारियर र सीसीटीभीसमेत प्रयोग गरिने जनाएको छ । मे १९ कै दिन अंग्रेजी खेल इभेन्टको सबभन्दा बृहत् एफए कप फाइनल हुँदै छ । प्रिन्स विलियम फुटबल एसोसिएसन (एफए) का अध्यक्ष भएकाले समारोहमा विलियम ट्रफी प्रदान गर्न जाने/नजाने अहिलेसम्म निश्चित भइसकेको छैन ।

# करोडौं फेसबुक प्रयोगकर्ताको विवरण दुरुपयोग

सान फ्रान्सिस्को (बीबीसी/रोयटर्स)- बेलायतको राजनीतिक परामर्शदाता संस्था क्याम्ब्रिज एनालिटिकाले ८ करोड ७० लाख प्रयोगकर्ताका विवरण दुरुपयोग गरेको फेसबुकले जनाएको छ । तीमध्ये ११ लाख प्रयोगकर्ता बेलायतका रहेको फेसबुकले जनाएको छ । यसअघि क्रिस्टोफर विलीले गोप्य जानकारी सार्वजनिक गर्दै ५ करोड प्रयोगकर्ताको विवरण दुरुपयोग भएको बताएका थिए ।

फेसबुक प्रमुख मार्क जुकरबर्गले फेसबुक प्रयोगकर्ताका विवरणको दुरुपयोग हुन नदिन सकिने स्वीकार गर्दै त्यसका लागि थप कदम चाल्ने बताए । पत्रकार सम्मेलनमा बोल्दै जुकरबर्गले भने, 'आज हामीले बुझेअनुसार, मलाई लाग्छ, हामीले हाम्रो जिम्मेवारीको दायरा फराकिलो बनाउन जरुरी छ ।'

उनले प्रयोगकर्ताका विवरण दुरुपयोग रोक्न ठोस कदम चालिसकेको र पछिल्लो प्रकरणाबारे फेसबुकले छानबिन गर्ने बताए । जुकरबर्गले भने, 'फेसबुकको काम प्रयोगकर्तालाई सेवा/सुविधा मात्र दिने नभई त्यसलाई प्रयोगकर्ताले कसरी प्रयोग गर्छन् र के परिणाम निस्कन्छ भन्नेबारे जिम्मेवारी लिनुपर्छ ।'

फेसबुकका प्रविधि प्रमुख माइक स्क्रोएफरले आफ्नो ब्लगमार्फत फेसबुक प्रयोगकर्ताका विवरणहरू कसरी दुरुपयोग भए भन्नेबारे लेखेका छन् । उनका अनुसार 'दिस इज योर डिजिटल लाइफ' भन्ने प्रश्नोत्तरमा जोडिएका ५ लाख ५ हजार प्रयोगकर्तामार्फत विवरण दुरुपयोग भएको फेसबुकले जनाएको छ । यसअघि उक्त प्रश्नोत्तरमा २ लाख ७० हजार प्रयोगकर्ताहरू जोडिएका बताइएको थियो । तीमध्ये अधिकांश प्रयोगकर्ता अमेरिकाका छन् । फेसबुकका अनुसार करिब १६ प्रतिशत प्रयोगकर्ता अन्य देशका हुन् ।

बेलायतस्थित एक राजनीतिक परामर्शदाता कम्पनी क्याम्ब्रिज एनालिटिकाले करोडौं फेसबुक प्रयोगकर्ताको विवरण संकलन गरेपछि फेसबुक विवादमा परेको हो । बेलायतको 'द अब्जरभर' र अमेरिकाको 'न्युयोर्क टाइम्स' अखबारले अनधिकृत रूपमा ५ करोड फेसबुक प्रयोगकर्ताको विस्तृत विवरण लिएकोबारे खोजमूलक समाचार प्रकाशन गरेका थिए । अखबारका अनुसार उक्त तथ्यांकहरू अमेरिकामा सन् २०१६ मा भएको राष्ट्रपतीय चुनाव डोनाल्ड ट्रम्पको पक्षमा पार्न प्रयोग गरिएको थियो । क्याम्ब्रिज एनालिटिकाका पूर्वकर्मचारीले करिब ५ करोड फेसबुक प्रयोगकर्तामा पहुँच कायम गरिएको बताए पनि ८ करोड ७० लाख मानिसको विवरण दुरुपयोग भएको पत्ता लागेको हो । क्याम्ब्रिज एनालिटिकालाई फेसबुकले यसअघि नै निलम्बन गरिसकेको छ । तर फेसबुक र एनालिटिका दुवैले आफूहरूले कुनै गल्ती नगरेको दाबी गरेका छन् ।



बेलायतको क्यामब्रिज विश्व-विद्यालयसँग सम्बन्धित अमेरिकी तथ्यांक विश्लेषण संस्था क्याम्ब्रिज एनालिटिका सन् २०१६ मा अमेरिकामा भएको राष्ट्रपतीय निर्वाचनमा डोनाल्ड ट्रम्पको जितका लागि खेलेको भूमिकाका लागि चर्चित भएको थियो । निर्वाचनताका उक्त फर्मले अमेरिकी मतदाताका विविध पक्षबारे तथ्यांक उपलब्ध गराएको थियो । तर उक्त कम्पनीले फेसबुकबाट संकलन गरिएका जानकारी सन् २०१६ को राष्ट्रपति चुनावमा प्रयोग नगरिएको दाबी गरेको छ । बीबीसीका अनुसार सन् २०१३ मा उक्त कम्पनीले विकसित गरेको 'दिस इज योर डिजिटल लाइफ' नामक एपले फेसबुक खातामार्फत व्यक्तिहरूका विवरण संकलन गरेको हो । साथै उक्त एपमा जोडिने व्यक्तिका साथीहरूको समेत व्यक्तिगत विवरण लिइएको हो ।

ती सूचना क्याम्ब्रिज एनालिटिकालाई दिइएको बीबीसीले जनाएको छ । तर आफ्ना नियमहरू मिचिएको भन्दै तथ्यांक मेटाउन फेसबुकले केही समय पहिला नै उक्त कम्पनीलाई आग्रह गरेको थियो । आलोचकले फेसबुकमाथि नियमन जरुरी रहेको बताएका छन् । उनीहरूले फेसबुकजस्ता सामाजिक सञ्जालमा भएका प्रयोगकर्ताका तथ्यांक कहाँ, कसले र किन प्रयोग गर्छन् भन्नेबारे जानकार हुनुपर्ने कानुनी व्यवस्थाको माग गरेका छन् ।

# १७० अमेरिकीले रूस छाडे

मस्को (एएफपी)- एक जना पूर्वरूसी गुप्तचरलाई विषालु रासायनिक पदार्थले गरिएको आक्रमणपछि अमेरिका र रूसबीच बढेको तनावबीच बिहीबार ६० अमेरिकी कूटनीतिज्ञले रूस छाडेका छन् । रूसी समाचार संस्थाका अनुसार ६० जना कूटनीतिज्ञ राजधानी मस्कोस्थित अमेरिकी दूतावासबाट बिहीबार बाहिरिएका हुन् । एएफपी समाचार संस्थाका अनुसार ६० जना अमेरिकी कूटनीतिज्ञ र उनका परिवारसमेत गरी कैयौं अमेरिकीहरू मस्कोस्थित दूतावासबाट बसमा विमानस्थलसम्म पुगेका थिए । उनीहरू बिहीबारै अमेरिकाका लागि प्रस्थान गरेका छन् ।

यसअघि पनि अमेरिकाले वासिङ्टनस्थित ६० रूसी कूटनीतिज्ञहरूलाई देश छोड्न आदेश दिएको थियो । रूसी कूटनीतिज्ञ तथा परिवारका सदस्यसहित करिब १ सय ७० जनाले उनीहरूले गत शनिबार नै अमेरिका छाडेका थिए । बेलायतको सालिसबारीमा गत मार्च ४ मा ६६ वर्षीय रूसी पूर्वगुप्तचर सर्गेई स्क्रिपाल र उनकी छोरीमाथि भएको विषालु ग्यास आक्रमणमा रूसको संलग्नता भएको आरोप लगाइएको छ । अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया तथा विभिन्न युरोपेली देशले हालसम्म १९० भन्दा बढी रूसी कूटनीतिज्ञलाई देशनिकाला गरिसकेका छन् । त्यसको प्रतिक्रियामा रूसले पनि त्यतिकै संख्यामा ती देशका कूटनीतिज्ञलाई देश छाड्न आदेश दिएको हो ।


**"CARD बाट CAR क्यास-ब्याक लगातार" योजना अन्तर्गतको बम्पर योजना रद्द गरिएको सम्बन्धी सूचना**

यस बैंकले मिति २०७४/१२/२० गते देखि संचालित "CARD बाट CAR क्यास-ब्याक लगातार" योजना अन्तर्गतको बम्पर योजना (बम्पर उपहार स्वरूप गाडी प्रदान गर्ने) हाललाई बिषेश कारणवश रद्द गरिएको सम्पूर्ण कार्ड बाहक ग्राहकहरूलाई जानकारी गराउंदछौं । यसबाट ग्राहक महानुभावहरूलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं । तर सोही योजना अन्तर्गतको क्यास ब्याक योजना भने यथावत रहेको समेत यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

NABIL BANK®
प्रधान कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं. ४२२७१८१


# सिल्भाको सजाय तत्काल कार्यान्वयन हुने

साओ पाउलो (बीबीसी)- ब्राजिलको सर्वोच्च अदालतले पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले घूसकाण्डको अभियोगमा सुनाइएको कैद सजाय तत्काल कार्यान्वयन गरिनुपर्ने निर्णय गरेको छ । उनलाई घूस स्वीकार गरेको अभियोगमा १२ वर्षको सजाय दिइएको हो ।

सिल्भाले यसअघि आफूविरुद्धको फैसला पुनरावलोकन नहुँदासम्म आफू कैदमुक्त हुन पाउनुपर्ने मागदाबी पेस गरेका थिए । सिल्भाले आफूविरुद्धका अभियोगहरू राजनीतिक उद्देश्यले अभिप्रेरित भएको दाबी गरे । उनले आफूलाई आगामी अक्टोबरमा हुने राष्ट्रपति निर्वाचनमा प्रतिस्पर्धा गर्न रोक्ने नियतले फैसला गरिएको आरोप लगाएका छन् । अदालतमा घण्टौंसम्म चलेको कानुनी बहसमा न्यायाधीशहरू विभाजित भएका थिए । स्थानीय सञ्चारमाध्यमका अनुसार सर्वोच्च अदालतका ६ न्यायाधीशले सिल्भाको विपक्षमा र ५ न्यायाधीशले पक्षमा फैसला सुनाएका थिए ।

अदालतको पछिल्लो फैसलाले राष्ट्रपतीय चुनाव लड्ने तयारी गरिरहेका ब्राजिलका वामपन्थी नेतालाई ठूलो धक्का दिएको छ । प्रारम्भिक सर्वेक्षणहरूमा उनी राष्ट्रपतिका प्रत्याशीमध्ये अगाडि थिए । सिल्भाको वर्कर्स पार्टीले 'अदालतको निर्णय प्रजातन्त्र र ब्राजिलको लागि दुःखद' भएको जनाएको छ । पूर्वराष्ट्रपति लुला दोषी ठहर भएपछि ब्राजिलको राजनीति निकै तातेको बीबीसीले जनाएको छ ।

उनीविरुद्धको मुद्दाको सुनुवाइ चलिरहँदा सिल्भाको पक्ष र विपक्षमा व्यापक प्रदर्शनहरू भएका थिए । साओ पाउलोमा बुधबार उनलाई तत्काल सजाय दिइनुपर्ने माग गर्दै बीसौं हजार मानिसले प्रदर्शन गरेका थिए भने दसौं हजार त्यसको विरोधमा उत्रेका थिए ।

सिल्भा सन् २००३ देखि २०११ सम्म ब्राजिलको राष्ट्रपति बनेका थिए । पूर्व धातु मजदुर तथा ट्रेड युनियनकर्मी सिल्भा झन्डै ५० वर्षपछि वामपन्थी पार्टीका तर्फबाट ब्राजिलको राष्ट्रपति बनेका थिए । उनको राष्ट्रपतिकालमा ब्राजिलले अभूतपूर्व आर्थिक वृद्धिदर हासिल गरेको थियो ।


**Vacancy in School**


| Position | Subjects | Qualification |
|---|---|---|
| Secondary Co-ordinator/ Teachers (Full/Part time) | English, Nepali, Science, Mathematics, EPH, Social Studies, Computer | Bachelor's Degree or above in related subjects |
| Basic Level Teachers (III-VIII)- (Full time) | English, Nepali, Mathematics, Science, Computer, Social Studies, OBTE (VI-VIII) | +2 or above in related subjects |
| Grade Teachers (Pre-Primary) | +2 or above and Montessori trained | |
| Music/Sports | +2 or above and well trained in respective fields | |
| Accountant | BBS/BBA | |

Experienced or fresh candidates fluent in English are invited to apply within 30th Chaitra, 2074 with a handwritten application, a recent CV and a passport sized photograph directly at the school reception or by email.

**AKHANDA VIDYA SADAN**
Kalanki-14, Kathmandu
Tel: 5218990 / 9851087029 (10 am-4 pm only)
Email: akhandavidya@gmail.com

Admission Open for Academic Year-2075 in limited seats from Nursery to Class 9.

**हार्दिक स्वागत एवं शुभकामना !!!**



**प्रो. डा. रञ्जन प्रसाद सिंह**
(बरिष्ठ फिजिसियन तथा हेमाटोलोजिष्ट)

नेपालका प्रथम हेमाटोलोजिष्ट (रक्त रोग विशेषज्ञ) तथा वरिष्ठ फिजिसियन प्रो. डा. रञ्जन प्रसाद सिंह ज्यूले यस अस्पतालमा पुन स्वास्थ्य उपचार सेवा सुचारु गर्नुभएकोमा हार्दिक स्वागत गर्दै, सफलताका लागि शुभकामना व्यक्त गर्दछौं ।

ओ.पि.डि समय : बिहान १०:०० देखि १:०० बजे सम्म

STAR HOSPITAL Compassionate care with comfort
**स्टार हस्पिटल लि.**
सानेपा हाइट-२, रिङ्गरोड, ललितपुर
फोन नं: ०१-५५५२२२७, ५५५०२९७, ५५४०४७८

**Admission Open**

**Indradhanush English Boarding High School** with excellent result in SEE exam announces admission for the new academic session 2075, from Class **PG to Class VIII.** Admission form & detail information between 9:30 AM to 4:30 PM on weekdays.

**Vacancy Announcement**

**Indradhanush English Boarding High School** is seeking for the highly skilled and dedicated teaching personnel with excellent communication skills in English and willing to work full time to fill the following vacant posts.

| | |
|---|---|
| Pre Primary Grade Teacher -1 | (Montessori trained) |
| Lower Secondary Level | Math (1), Science (1) Computer (1) |
| Secondary Level | English, Opt. math, Social Studies (1 each) |
| Bus Driver(1), Dance Teacher(1), ECA In charge (1), Accountant(1), Receptionist(1), Office Helper(1) | |
| **Salary:** Negotiable<br>**Experience:** At least Two years | |

Interested Candidate can drop their Application, CV along with credentials to the school administration or can email to **indradhanushltd@gmail.com** within 2nd Baisakh.

**Indradhanush English Boarding High School**
Purano baneshwor, Kathmandu
Phone: 014476499, 4116027
Web: www. Indradhanush.edu.np
Email: info@indrdhanush.edu.np

**आवश्यकता**

पद : रिसेप्सनिष्ट/कम्प्युटर अपरेटर
संख्या : १ (महिला)
योग्यता : +2 Pass र कम्प्युटर मा दक्ष (नेपाली र अंग्रेजी टाइप)
छनोट विधि : अर्न्तवार्ता/प्रयोगात्मक
सम्पर्क :
**कान्तिपुर टेक्नीकल कलेज,**
बालाजु १६, गंगाहल अगाडि काठमाडौं
फोन नं.:०१-४३६०६०५,०१-४३८०८६४

**Vacancy Announcement**

Children Herald Academy (CHA) invites application from qualified candidates for the following post:

1- Vice Principal - 1 Nos.
Master degree in English/2 years experience
2- Pre-primary Teachers - 4 Nos.
+2 passed/2 years experience/Montessori trained.
3- Primary Grade Teachers - 4 Nos .
+2/Bachelor / 2 years experience
4- Primary Teachers - English/Social - 2 Nos.
Math/Science - 2 Nos.
Bachelor degree in related subject
5- Lower Secondary/Secondary Teachers
English/Social - 2 Nos.
Science - 2 Nos.
Bachelor/Master degree in related subject/2 years experience
6- PE (Sport/Game) Teachers - 2 Nos .
7- Hostel Warden - 2 Nos (M/F)
8- Chef - 1 Nos. (Nepali/Indian/Continental food)
9- Assistant chef - 1 Nos.

All the candidates must be fluent in written & spoken English. Interested & experienced candidates are advised to apply with updated resume at the School or send email to: info@childrenherald.edu.np

Children Herald Academy (CHA)
Tarakeshwor 8, Shanti Tole, KTM
Tel- 01-4358957, 9851061608/9808831139

**CARRER OPPORTUNITY**

A leading business house engaged in sales and marketing of diagnostic laboratory instruments/equipments are seeking applications from dynamic, energetic, smart creative and qualified professionals having hands on experience for below listed posts.

1. **Administrator officer: 1**
BBA degree with minimum 2 years working experience in related field.
2. **Account Officer: 1**
BBA degree with minimum 2 years experience in field of accounting.

***Please drop your CVs on below address:***

**Everest Trade Link**
Subhidhanagar-35, Kathmandu, Nepal
**etl@ntc.net.np, Ph: 01-5104658/5104013**

**Note: Only experienced candidates are encouraged to apply.**

**आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यक्रमका लागि सुझाव उपलब्ध गराउने सम्बन्धी**

**अर्थ मन्त्रालयको सूचना**

आर्थिक वर्ष २०७५/७६ को बजेट तर्जुमासम्बन्धी कार्य प्रारम्भ भइसकेको छ । तसर्थ, बजेटमा समावेश गरिनुपर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा आफ्ना अमूल्य सुझावहरू २०७५ वैशाख १५ गतेसम्म उपलब्ध गराई सहयोग गरिदिनु हुन विभिन्न संघ, संस्था, बुद्धिजीवी, विज्ञ, राजनीतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, सञ्चार जगत् तथा आम नागरिकहरूमा हार्दिक अनुरोध गरिन्छ ।
यस मन्त्रालयको वेबसाइट www.mof.gov.np मा रहेको Budget Suggestion Tab तथा इमेलबाट समेत सुझाव पठाउन सकिनेछ ।
Email : bpd@mof.gov.np

**SNV VACANCY ANNOUNCEMENT**

**SNV** Netherlands Development Organisation in NEPAL is seeking **8 Junior Programme Officers (JPO)** for **short-term assignments (3 months)** to support for Urban Sanitation & Hygiene for Health & Development (USHHD).

The JPO position targets **fresh graduates of Master's Degree** and aims to provide professional exposure and the opportunity for application of knowledge relevant to their field of study. The position aims at implementing short-term assignments identified by local government and facilitated by the Project's Senior WASH Advisor that will support achieving the objectives of USHHD for city-wide sanitation. The position will be **based in Saptari, Surkhet, Nepalgunj or Jumla.**

If you are interested, please visit :
**https://www.cmsjob.com/job/jpo** for more detail.
***Application deadline 21st April 2018.***
Recruitment process outsourcing partner :
cmsjob.com ...your job partner

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**काठमाण्डौं उपत्यका विकास प्राधिकरण**
**जिल्ला आयुक्तको कार्यालय काठमाण्डौं**
**दिव्येश्वरी जग्गा एकीकरण अयोजना**
तिनकुने, काठमाण्डौं

**विकसित घडेरी जग्गा विक्रीको बोलपत्र रद्द सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४/१२/२३

यस आयोजनाबाट मिति २०७४/११/१६ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित विकसित घडेरी जग्गा विक्रिको बोलपत्र आह्वान सम्वन्धि सूचना बमोजिम यस कार्यालयमा प्राप्त शिलवन्दी बोलपत्रहरु विशेष कारणवश: यस कार्यालयको मिति २०७४/१२/२२ को निर्णयानुसार रद्द गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र दाखिला गर्नुहुने सम्वन्धित व्यक्ति/संघ संस्थाहरुलाई शिलवन्दी अवस्थामा रहेको बोलपत्र फिर्ता माग गर्नुहुन तथा अन्य जानकारीका लागि यथासिघ्र यस कार्यालयमा सर्म्पक राख्नुहुन जानकारी गराईन्छ ।

आयोजना प्रमुख

**REQUEST FOR SOFTWARE PROPOSAL**

A leading and reputed medical college of Nepal invites proposal from reputed, dedicated & experienced ERP software vendors/suppliers for deployment, installation and implementation of **integrated ERP System** with **Hospital module, Academic module, Finance & Accounts module with Asset Register, HR Module integrated with biometric attendance and payroll management** and **Inventory Management.** Ideally it should be **multi user & multi location based** with high **data integrity, data reliability and data confidentiality** features. Must accommodate a dashboard of Key Performance Indicators for top management. Interested vendors are requested to submit their proposal to **softwareproposal2018@gmail.com** not later than April 30, 2018. For Enquiry please contact +977-9816203532.

**नयाँपाटी बचत तथा ऋण सहकारी संस्था लि. को**
**"ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना"**

प्रथम पटक प्रकाशित मिति २०७४ चैत्र २३ गते

यस सहकारीबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले बिभिन्न प्रयोजनको लागि उपभोग गरेको ऋणको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, अतिरिक्त व्याज लगायत अन्य दस्तुर नतिरी नबुझाई सहकारीसँग गरेको ऋण सम्बन्धी शर्त नियमहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी ऋण चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सुचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यालयमा सम्पर्क राखी सम्झौता बमोजिम संस्थालाई तिर्नु बुझाउन बाँकी सम्पूर्ण साँवा, व्याज र अतिरिक्त व्याज रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी सदस्य, जमानीकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्वद्ध सबैलाई सूचित गरिन्छ । अन्यथा सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ तथा संस्थाको ऋण निती बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम बिक्रि वा अन्य व्यवस्था गरी लेना रकम असुल उपर गर्न सक्ने र सो बाट समेत सम्पूर्ण बक्यौता रकम असुल उपर हुन नसकेमा ऋणी, जमानीकर्ता तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जाय जेथाबाट समेत असुल उपर गर्न आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| सि.न | ऋणीको नाम, थर र वतन | फोटो | धितो सुरक्षणको विवरण | व्यक्तिगत जमानी बस्नेको विवरण | फोटो |
|---|---|---|---|---|---|
| १. | श्री सञ्जयमान तामाङ्गको नाति श्री थुम्दे तामाङ्गको छोरा साविक का.जि. सुन्दरीजल वडा नं. ४ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.१ बस्ने (ना.प्र.प.नं.५१२६, ५२७०/०५७, काठमाण्डौं) वर्ष ६६ को जसदेउ तामाङ्ग |  | जस्देउ तामाङको नाममा मालपोत कार्यालय साँखुमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सुन्दरीजल ८ख स्थित क्रमश कि.नं.९२ र ४६३ को क्षेत्रफल क्रमश ०-५-२-० र १-३-३-१ जम्मा १-९-१-१ (एक रोपनी नौ आना एक पैसा एक दाम) र लिगापात समेत । | श्री थुम्दे तामाङ्गको नाति श्री जसदेउ तामाङ्गको छोरा साविक का.जि. सुन्दरीजल वडा नं.४ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.१ बस्ने (ना.प्र.प.नं.२७, १७३५६/१०७११ काठमाण्डौं) वर्ष ४२ को हेवि तामाङ्ग |  |
| २. | श्री थुम्दे तामाङ्गको नाति श्री जसदेउ तामाङ्गको छोरा साविक का.जि. सुन्दरीजल वडा नं.४ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.१ बस्ने (ना.प्र.प.नं.२७ ना.प्र.प.नं.२७, १७३५६/१०७११काठमाण्डौं) वर्ष ४२ को हेवि तामाङ्ग |  | हेभी तामाङको नाममा मालपोत कार्यालय साँखुमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सुन्दरीजल ४क स्थित क्रमश कि.नं.११७ र २२२ को क्षेत्रफल क्रमश १-०-०-० र ०-१२-०-० जम्मा १-१२-०-० (एक रोपनी बाह्र आना) र लिगापात समेत । | श्री सञ्जयमान तामाङ्गको नाति श्री थुम्दे तामाङ्गको छोरा साविक का.जि. सुन्दरीजल वडा नं.४ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.१ बस्ने (ना.प्र.प.नं.५१२६ , ५२७०/०५७, काठमाण्डौं) वर्ष ६६ को जसदेउ तामाङ्ग |  |
| ३. | श्री ईश्वरी फुयालको नाति श्री कृष्ण प्रसाद फुयालको छोरा, साविक काठमाडौं जिल्ला,आलापोट गा.वि.स. वडा नं. २ हाल का.जि. कागेश्वरी मनहरा न.पा.वडा नं.२ बस्ने (ना.प्र.प.नं.३९६१, काठमाडौं) वर्ष ५६ को गोविन्द प्रसाद फुयाल |  | गोविन्द प्रसाद फुयलाको नाम मालपोत कार्यालय साँखुमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, आलापोट गा.वि.स. वडा नं २ स्थित क्रमश कि.नं. ३०० क्षेत्रफल ०-४-२-० (चार आना दुई पैसा) र लिगापात समेत । | श्री कृष्ण प्रसाद फुयालको नाति, श्री गोविन्द प्रसाद फुयालको छोरा, साविक काठमाडौं जिल्ला, आलापोट गा.वि.स. वडा नं. २ हाल का.जि. कागेश्वरी मनहरा न.पा. वडा नं.२ बस्ने वर्ष २८ को रोशन फुयाल | |

NAYAPATI NEPAL 2054
नयाँपाटी Nayapati SACCOS
**बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँपाटी-४, काठमाडौं, नेपाल, फोन : ०१-४८०१०१३, ४८००८९०, ४८००८८१
Email: info@nayapatisaccoos.com.np, nayapatisaccoos@gmail.com

## बाल दन्त चिकित्सकको सम्मेलन

धरान (कास)- बाल दन्तरोग विशेषज्ञ चिकित्सकहरूको तीनदिने दोस्रो वार्षिक सम्मेलन बिहीबारदेखि धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुरु भएको छ। सम्मेलनमा नेपाल, भारत र इटलीका २ सय जना बाल दन्तरोगका विशेषज्ञ चिकित्सकको सहभागिता छ। नयाँ चिकित्सकीय उपचार विधि, प्रविधि अपनाएर बालबालिकाको मुख र दाँतको समस्यालाई निराकरण गर्नु सम्मेलनको मुख्य उद्देश्य रहेको छ।

सम्मेलन अवधिभरमा स्वदेश र विदेशका बालदन्तरोग विशेषज्ञ चिकित्सकहरूले ६० भन्दा बढी वैज्ञानिक अनुसन्धान पत्र प्रस्तुत गर्नेछन्। बिहीबार नै बाल दन्तरोगबारे दुईवटा कार्यशाला सम्पन्न भएको डा. कविराज पौडेलले बताए।

# सिन्डिकेटको सास्ती उस्तै

विराटनगर- आलोपालो प्रणालीको नाममा विभिन्न यातायात व्यावसायी संघले सिन्डिकेट लगाउँदा यात्रुले सास्ती खेप्नुपरेको छ। विभिन्न बहानामा व्यवसायी संघले आफ्ना मात्रै सवारीसाधन चलाएका छन्।

सरकारले कोसी ब्यारेकको विकल्पमा सप्तकोसीमा 'चतरा पुल' निर्माण गरे पनि व्यवसायीको सिन्डिकेटका कारण उदयपुरबाट सुनसरी हुँदै उक्त पुलबाट निर्बाध सवारी सञ्चालन हुन सकेका छैनन्। सुनसरीको चतराले लगाएको सिन्डिकेटका कारण उदयपुरबाट धरान, विराटनगर जाने यात्रुवाहक सवारी साधनले चतरामा यात्रु ओराल्नुपर्ने बाध्यता छ। सुनसरीको चताराका व्यवसायीले आफ्नो संघमा दर्ता भएका सवारीसाधनलाई मात्रै चताराबाट धरान जान दिने गरेका छन्। उदयपुरबाट गएका यात्रुवाहक सवारीसाधनले धरानसम्म जान नपाएपछि उताबाट आएका पनि उदयपुरतर्फ सञ्चालन भएका छैनन्।

हिमाली यातायात व्यावसायीले सिन्डिकेट हटाएको जनाए पनि एकद्वार प्रणाली भन्दै एउटै काउन्टरबाट टिकट काट्ने नीति बनाएकाले सदरमुकाम गाईघाटबाट मुलुकका विभिन्न भागमा जानुपर्ने यात्रुले महँगो भाडा तिर्नुपरेको छ। 'भाडा त महँगो छँदै छ, भनेका बेला बस र सिट पाइँदैन,' त्रियुगा ३ का नरेन्द्र राईले भने, 'सोचेको भाडा, बस र सिट कहिल्यै पाइँदैनन्।'

उदयपुरको कटारीमा भने सिन्डिकेट हटेको प्रहरीले दाबी गरेको छ। खोटाङ र ओखलढुंगाबाट आउने सवारी साधन सोझै धरान, विराटनगरलगायत अन्य गन्तव्यसम्म जाने गरेका छन्। तर यात्रुवाहक सवारी साधनमा सिन्डिकेट कायमै रहेको स्थानीयले बताए।

**रिजर्भ नगरे चढ्न पाइँदैन**

संखुवासभा सदरमुकाम खाँदबारीबाट तुम्लिङटार जाने यात्रु रातो नम्बर प्लेटको सवारी साधन रिजर्भ नगरे समयमा विमानस्थल पुग्दैनन्। बसपार्कमा भएका यातायात साधन तोकिएको समयभन्दा अघिपछि गुडदैनन्। समय भइहाले पनि गाडीमा सिटअनुसार यात्रु भरिनुपर्छ। समयमा यात्रु नभरिए पनि केही ढिलो गरेर मात्रै सवारी साधन गुड्ने गरेका छन्। 'समूह बनाएर गए




**धरानबाट धनकुटाको हिले, तेह्रथुमको वसन्तपुर हुँदै संखुवासभाको सिद्धपोखरी यात्रु लिएर आएको बस।** *तस्बिर : दीपेन्द्र*

समयमै इटहरी पुगिन्छ,' उनले भने, 'नभए यात्रुलाई कुरेर भरिएपछि मात्रै जानुपर्छ।' गाडी भरियो भने समयमै जाने गरेको उनले बताए। हिउँदमा भन्दा वर्षायाममा यात्रुले समस्या भोग्नुपरिरहेको उनको भनाइ छ।

यहाँबाट राजधानीसम्म करिब ६ वटा संघसंस्थाले नियमित बससेवा सञ्चालन गरेका छन्। उनीहरूले दैनिक पालो गरेर बस चलाउँछन्। संखुवासभा यातायात व्यवसायी संघका अध्यक्ष हरीश्वर थापामगर यात्रुलाई सास्ती नदिई गाडी चलाएको बताउँछन्। 'हामीले भनेको समयमा गाडी गन्तव्यतिर लैजान्छौं,' उनले भने, 'कुनै बेला ढिला हुनु स्वाभाविक हो।'

**जबरजस्ती गर्छन् व्यवसायी**

धरानमा यातायात व्यवसायीले आलोपालोको नाममा सिन्डिकेट सञ्चालन गरेका छन्। यसैको पछिल्लो उदाहरण बनेको छ, मुनाल बस। झापाको काँकडभिट्टास्थित महेन्द्र राजमार्ग यातायात कर्मचारी कल्याण कोषले सञ्चालन गरेको मुनाल बस झापाबाट धरान हुँदै धनकुटा-हिले भएर भोजपुर जाने क्रममा कोसीका यातायात व्यवसायीले धरानमै रोके। बिहीबारदेखि पालो प्रणालीमा मुनाल पनि झापादेखि भोजपुर सञ्चालन गर्ने सहमति भएको छ। मुनालका सञ्चालक राजु श्रेष्ठले भने, 'यो सबै सिन्डिकेट प्रथाले गर्दा भएको हो। हामी मजदुरले संकलन गरेको रकमले किनेको बस सिन्डिकेटवालाहरूले झापादेखि भोजपुर सिधै चलाउन दिएनन्।'

सिन्डिकेट प्रथाबारे नेपाल यातायात व्यावसायी राष्ट्रिय महासंघका कोसी अञ्चल संयोजक कृष्णप्रसाद सुवेदीले रुट परमिट भएका कुनै पनि यात्रुवाहक सवारीसाधन चलाउनलाई कुनै समस्या नभएको दाबी गरे।

उनले भने, 'नयाँ गाडी थपिनु, सञ्चालनमा आउनु भनेको यात्रुलाई सुविधा दिनु हो। तर जथाभावी सञ्चालन गर्दा, यातायात व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा गर्दा दुर्घटना बढ्ने भएकाले ऐनअनुसार समय सारिणीअनुसार चलाउनुपर्छ मात्र भनेका हौं।'

**(उदयपुरबाट डिल्लीराम खतिवडा, संखुवासभाबाट दीपेन्द्र शाक्य, तेह्रथुमबाट चन्द्र कार्की र धरानबाट प्रदीप मेन्याङ्बो)**

## 'आलोपालो' नयाँ सिन्डिकेट

तेह्रथुमका यातायात व्यवसायीले सरकारले सिन्डिकेट खारेज गरेपछि उस्तै प्रकृतिको आलोपालो प्रणाली लागू गरेका छन्। व्यवसायीले तेह्रथुमसहित कोसी पहाडी जिल्लामा सञ्चालन हुने सबै सवारी साधनमा आलोपालो प्रणाली लागू गरेका छन्।

निर्णय कार्यान्वयनपछि सवारी सञ्चालनको व्यवस्थापनमा समस्या आएकाले व्यवसायीको समझदारीमा आलोपालो प्रणाली लागू गरेको यातायात व्यवसायी समेत रहेका यातायात मजदुर संघका केन्द्रीय सदस्य डिल्ली रेग्मीले बताए। त्यसका लागि म्याङलुङमा व्यवसायीहरूको आपसी समझदारीमा पूर्णकुमार तुम्बाहाम्फेको अध्यक्षतामा बेग्लै व्यवस्थापन समिति बनाइएको छ।

सिन्डिकेट खारेजपछि केही समय अस्तव्यस्त रहेको यातायात क्षेत्र समिति निर्माणपछि व्यवस्थित भएको दाबी व्यवसायीको छ। जिल्लाका म्याङलुङ, वसन्तपुर, शुक्रबारे, जिरिखिम्ती, सिम्ले, संक्रान्तीलगायत बजार क्षेत्रबाट छुट्ने सबै प्रकारका सवारी समझदारीमा आलोपालो प्रणालीअनुसार सञ्चालन भइरहेको यातायात व्यवसायी दयाराम ढकालले बताए। जिल्लामा सप्तकोसी बस व्यवसायी संघ, कोसी बस व्यवसायी संघ, पूर्वाञ्चल यातायात व्यवासायी संघ, पूर्वी नेपाल बस व्यवसायी संघ, संयुक्त बस व्यवसायी संघ लगायतले बस सञ्चालन गर्दै आएका छन्। त्यस्तै सुनसरी यातयात व्यवसायी संघ धरान, डुकु यातायात व्यवसायी संघलगायत संस्थाले ग्रामीण क्षेत्रमा ल्यान्डरोभर लगायत साना प्रकारका भाडाका सवारी सञ्चालन गर्छन्।

कारबाहीमा परिने डरले व्यवसायीले सरकारी निर्णयको पालना गरे पनि उस्तै प्रकृतिको अर्को संस्था खडा गरेको एक व्यवसायीले बताए। 'सवारी सञ्चालनका लागि कुनै पनि संस्था नहुँदा झन् बेथिति हुँदोरहेछ,' रेग्मीले भने, 'व्यवसायीकै आपसी समझदारीमा व्यवस्थापन समिति बनाएर भए पनि सवारी सञ्चालनलाई व्यवस्थित बनाएका हौं।'

## 'हाम्रो चुलो बल्नुपर्‍यो'

**बाँध पीडितको विलाप**

कपिलवस्तु (कास)- यशोधरा गाउँपालिका ५ भगवानपुरका ५८ वर्षीय फुर्सदअली धुनियालाई प्रत्येक वर्ष रोपाइँ गर्ने/नगर्ने चिन्ताले सताउँछ। धान रोपे पनि उब्जनीले खान पुग्दैन। 'रोपाइँ गरेको ६ कट्ठा खेत सधैं डुब्बानमा पर्छ,' उनी भन्छन्। मायादेवी गाउँपालिका ४ तुल्सिडिहवाका जयसिंह यादवको पनि पिरलो उस्तै छ।

बर्सेनि भारतीय बाँधबाट डुबान झेल्न बाध्य भगवानपुर र तुल्सिडिहवाका बासिन्दाले प्रधानमन्त्री केपी ओलीको शुक्रबारदेखि हुने भारत भ्रमणका बेला आफ्नो समस्या उठान गर्न माग गरेका छन्। यहाँका बासिन्दाले यसअघिका प्रधानमन्त्री भारत जाँदा पनि यही माग गरेका थिए। तर कहिल्यै समाधान भएन। यसपालि पनि समकक्षी नरेन्द्र मोदीसितै समस्या राखेर दीर्घकालीन समाधान गर्न आग्रह गरेका छन्। 'भारत जाने धेरै प्रधानमन्त्रीसित डुबानपीडित गाउँलेको बाँच्न पाउने मौलिक अधिकार माग्यौं तर कसैले पहल गरेनन्,' भगवानपुरका भगवानदास यादवले भने, 'ओलीसँग धेरै आस गरेका छौं।' यसपटक बहुमत प्राप्त प्रधानमन्त्री जान लागेकाले ओलीको बोलीको सुनुवाइ हुने विश्वासमा यहाँका बासिन्दामा रहेको मुडिलाका कृषक हरिद्वार यादवले बताए। खुसीले हातमुख जोर्न पाउने वाातावरण मागेको उनी सुनाउँछन्। 'ओली भारतबाट फर्किंदा समस्या हल हुनेमा आशावादी छौं,' उनले भने, 'यो आशा निराशमा परिणत नहोस्।' भारतले सीमा क्षेत्रको महलीसागर र बजहा सागरमा बाँध निर्माण गरेपछि नेपाली कृषक सधैं मारमा परेका छन्। यहाँको खेतीयोग्य जमिन डुबानमा पर्दा बर्सेनि धान, गहुँ लगायत उत्पादन प्रभावित हुँदै आएको छ।

भारतले सिद्धार्थनगर जिल्लाको सोहरतगढ थानाअन्तर्गत महलीमा बाँध बनाएको छ। १५ वटा ढोका रहेको बाँध नेपाली पक्षको विरोधकै कारण पूरा हुन सकेको छैन। यो बाँधले ३ सय हेक्टर नेपाली भू-भाग डुबानमा पर्छ। बजहाले मायादेवीको तुल्सिडिहवा, गौरा, रजबापुर, तितिर्खा र पकडी लगायतका गाउँको ४ सय हेक्टर खेती योग्य जमिन डुब्ने गर्छ।

## 'कानुनअनुसार काम गर्नुस्'

मोरङ (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नवीनकुमार घिमिरेले कानुन र मापदण्डअनुसार स्थानीय तहका जनप्रतिनिधिलाई काम गर्न आग्रह गरेका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विराटनगरमा बिहीबार आयोजना गरेको भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक गोष्ठीमा उनले स्थानीय सरकारको कामकाज पूर्ण पारदर्शी र नियमसंगत हुनुपर्नेमा जोड दिए।

'स्थानीय तहको वडा कार्यालय पनि अधिकारसम्पन्न भएको तर त्यो कतिपय वडा अध्यक्षको झोलामा रहेको अवस्था छ,' उनले भने, 'वडा कार्यालय स्थापित गराउने दायित्व बढेर गएको छ।'

संविधानले दिएको असीमित अधिकार स्थानीय तहका जनप्रतिनिधिले बुझ्नु आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रममा ताप्लेजुङ, इलाम, पाँचथर, झापा, ओखलढुंगा, खोटाङ र सोलुखुम्बुका ६८ वटा नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गरी २ सय ४ जनाको सहभागिता रहेको थियो।


हार्दिक श्रद्धाञ्जली



स्व. मिरा थापा

हाम्रा प्रातः स्मरणीय **मिरा थापा**को असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

दिदीबहिनीहरू:
श्रीमती सर्मिष्टा सिंह, श्रीमती अन्जु कार्की
श्रीमती इन्दु स्वांर, श्रीमती शान्ता कढायत, श्रीमती सुभद्रा थापा
श्रीमती मिता महर, श्रीमती सरला कार्की, श्रीमती उर्मिला महर
श्रीमती शसि खड्का, श्रीमती रश्मी रावल



भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २००२/०७/१८
स्वर्गारोहणः २०७४/१२/११ रामनवमी

स्व. बद्रीप्रसाद अधिकारी

हाम्रा प्रातःस्मरणीय पूजनीय पति/पिता **बद्रीप्रसाद अधिकारी**को ७२ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज **१३औं दिन**को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकको यस दुःखद घडीमा हामीप्रति सहानुभूति, सहयोग एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र, आफन्तजन तथा कूल कुटुम्बप्रति हार्दिक आभार प्रकट गर्दछौं।

पत्नी : रमा अधिकारी
छोराः ईश्वर अधिकारी — छोरीः इच्छा अधिकारी बाँस्तोला
बुहारीः अजिता शर्मा अधिकारी — ज्वाईंः सतिस बाँस्तोला
नातिः ईलेश अधिकारी — नातिः सचित बाँस्तोला
तथा समस्त परिवार



हार्दिक श्रद्धाञ्जली



जन्मः विसं १९८६ आषाढ २८ गते शनिबार
स्वर्गारोहणः विसं २०७४ चैत्र १३ गते मंगलबार

स्व. पदम बहादुर विष्ट

हाम्रा प्रातःस्मरणीय पुर्व कोशी अञ्चल सभापति पदमबहादुर विष्टको ०७४ चैत १३ गते निधन भएको हुदा मृत आत्माले चीरशान्ति प्राप्त गरोस् एवं बैकुण्ठ बासहोस भनि पशुपतिनाथसँग प्रार्थना गर्दछौं। साथै हामीलाई समवेदना प्रकट गर्नुहुने समस्त नातागोता, कुलकुटुम्ब, इष्टमित्र एवं विभिन्न संघसंस्था/राजनितिक पार्टीका कार्यकर्ता प्रतिनिधिसवैमा धन्यवाद व्यक्त गर्दछौं।

श्रीमतिः पवित्रा विष्ट

छोरी/ज्वाँई: मेनुका कोइराला, रमा कार्की/गणेशजंग कार्की, देवी सुवेदी/मोहन सुवेदी, कमला गौतम/सुजय गौतम, विमला चापागाई/डा. चण्डी चापागाई, इन्दु पौडेल/विजय पौडेल, विन्दु कार्की/नारायण कार्की, अस्मिता खड्का/इ.नेत्र खड्का

छोरा/बुहारी: धनवहादुर विष्ट/सरला विष्ट, डा.अमर बहादुर विष्ट/डा. शिखा विष्ट, दुर्गा बहादुर विष्ट/कल्पना विष्ट

भतिजा/बुहारी: हरीवहादुर विष्ट/शान्ति विष्ट

एवं समस्त विष्ट परिवार



भावपूर्ण श्रद्धाञ्जली



जन्मः २००२/१०/१४
स्वर्गारोहणः २०७४/१२/११

स्व. मीरा थापा

मेरी धर्मपत्नी मीरा थापा दिवंगत भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै यस दुःखद घडीमा म र मेरो परिवार प्रति समवेदना र सहानुभुति प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, बन्धुबान्दव, ईष्टमित्र र शुभेच्छुक प्रति हृदयदेखिनै आभार व्यक्त गर्दछु।

पति
हरेन्द्र बहादुर थापा

ज्वाई/छोरी: प्रसिद्ध बहादुर/सुमिता पाँडे
छोरा/बुहारी: विजय/प्रभा थापा, संजय/नभा थापा, अजय/मंजुश्री थापा
नाति: जय थापा, प्रयास थापा
नाति-नातिनी: निकिता पाँडे, प्रणय पाँडे



हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. १९९७/०४/०२
ब्रम्हलीनः वि.सं. २०७४/१२/११

स्व. श्री नरेन्द्रप्रसाद बेल्बासे

हाम्रा प्रातः स्मरणीय पुज्यनीय श्रीमान्, पिताज्यू **श्री नरेन्द्रप्रसाद बेल्बासे**ज्यू ७८ बर्षको उमेरमा ब्रम्हलीन हुनु भएको आज तेह्रौं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको बैकुण्ठ बासको लागि भगवानसँग प्रार्थना गर्दछौं। साथै शोकको यस घडिमा हामीप्रति समवेदना प्रकट गर्नु भएका सम्पूर्ण आफन्तजन, इष्टमित्र तथा शुभेच्छुकहरुप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं।

श्रीमती
गोमा देवी बेल्बासे

छोरी/ज्वाँईहरू: विना/साधुराम सापकोटा, विनिता/सूर्यप्रसाद सिलवाल, बिन्दु/महेश लुइटेल
छोरा/बुहारीहरू: अनुष/जमुना बेल्बासे, आशिष/सुजना बेल्बासे

तथा समस्त बेल्बासे परिवार



हार्दिक श्रद्धाञ्जली



जन्मः २०१० फाल्गुन २ गते
स्वर्गारोहणः २०७४ बैशाख ४ गते

स्व. दिपक बहादुर कर्माचार्य

हाम्रा प्रातःस्मरणीय, श्रद्धेय दिपक बहादुर कर्माचार्यको असामयिक स्वर्गारोहण भएको आज प्रथम वार्षिक (१ वर्ष) पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा हामीप्रति समवेदना, सहानुभूति तथा सहयोग गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

धर्मपत्नी : श्रीदेवी कर्माचार्य

छोरा बुहारी : दिपेश कर्माचार्य / रिता कर्माचार्य, दिमेश कर्माचार्य / प्रतिमा कर्माचार्य, दिभेष कर्माचार्य / अञ्जली कर्माचार्य
छोरी ज्वाँइ : दिपा श्रेष्ठ / सुरेश लाल श्रेष्ठ, श्रीरती राजकर्णिकार / महेश राजकर्णिकार, सिता श्रेष्ठ / पूर्णकृष्ण श्रेष्ठ

नाति नातिनी : सुजान, मतिना, आयुष, सिमोन, रिदिप, दिया, प्रिन्सिका, आदिप, मानश, दिगिसा, सरेज, प्रसिद्ध

तथा
समस्त कर्माचार्य परिवार

# साँघुरोका कथा-व्यथा

**कान्तिपुर संवाददाता**

काठमाडौं- सन् २००८ मा 'अवेकन आइज' शीर्षक सर्ट फिल्ममा जोयस पाण्डे अभिनेताका रूपमा आबद्ध थिए। उनलाई विषयले यति छोयो, त्यसको पाँच वर्षपछि यसलाई फिचर फिल्ममा उतारे। नयाँ शीर्षक राखे, 'साँघुरो'। यसमा उनी निर्देशकको भूमिकामा थिए। समान धारका फिल्महरू आइरहेका बेला जोयसको प्रस्तुति बेग्लै शैलीको मानियो। तर, विडम्बना, फिल्मले व्यावसायिक सफलता हात पारेन। बरु, घाटा खायो।

'यो आइडियाले जादू गर्छजस्तो लागेको थियो,' निर्देशक जोयस भन्छन्, 'तर, उड्ने/गुड्ने फिल्मले प्रशंसा पाइरहेका बेला हामीले प्रवर्द्धन गर्नै सकेनौं। नौवटा फिल्मसँग जुधेको थियो। नवनिर्माता र वितरकसँग काम गरेको थिएँ, मैले तरिका जानिनँ।' बिग मुभिजमा प्रोजेक्टर बिग्रिएर फिल्म देखाउन नपाएको 'अनौठो' अनुभवसमेत उनीसँग छ। यस्ता सम्झनाहरू उनले बिहीबारको फिक्सन फिल्म सेरिजमा सुनाए।

दुई घण्टाको फिल्म प्रदर्शनपछि निर्देशक जोयससँग छलफल गरियो। सहभागीले निर्देशकसँग जिज्ञासा राख्नुका साथै फिल्मका सबल र कमजोर पक्षबारे आफ्ना धारणा राखे। 'यौन मनोविज्ञानलाई समातेर कथानक विस्तार गरिएको रहेछ,' दर्शकका रूपमा उपस्थित अर्का निर्देशक सचिन घिमिरले भने, 'मुख्य द्वन्द्वमा यति मज्जाले अडिग रहे पनि ट्रिटमेन्टमा निर्देशक हाबी भएको आभास भयो। हाम्रो स्कुलिङले नै यस्तो गराएको होला।'

जोयसले पनि फिल्ममा मनगगे त्रुटि रहेको स्विकारे।

फिल्मले सुकुम्बासी बस्तीका नवविवाहित जोडीको यौन सकसलाई चित्रण गरेको छ। सहरका गरिबको कथा हो साँघुरो। यसमा सुशान्त मैनाली, दयाहाङ राई, दिया मास्के, अरुणा कार्की, रवि गिरीलगायतको अभिनय छ। विनोद पौडेलको कथा र पटकथालाई सुसन प्रजापतिले खिचेका हुन्। फिल्ममा सिनामंगल छेउको सुकुम्बासी बस्तीलाई आउटडोर सेटिङ बनाइएको निर्देशकले जानकारी दिए। 'इनडोर सुटिङका लागि अलि पर सेट निर्माण गरेका थियौं,' उनले भने, 'वास्तविक ठाउँ र सेटको दूरी टाढा हुँदा धेरै दुःख पाइयो।'

यौन मनोविज्ञानमा आधारित भएकाले सेन्सरमा कत्तिको दुःख भयो भन्ने प्रश्नमा उनले सहजै युनिर्भसल सर्टिफिकेट पाएको अनुभव सुनाए। 'काटेर सर्ट मुभी बनाइदेलान् भन्ने डर थियो,' उनी सम्झन्छन्, "तर, उहाँहरूले 'फिल्म सफा र स्तरीय भएकाले यसको कन्टेन्टलाई सम्मान गर्दै युनिभर्सल सर्टिफिकेट दिन्छौँ' भनेको सुन्दा छक्कै परेको थिएँ।" जोयसले चलनचल्तीका भन्दा अलग फिल्म बनाएर आफ्नो छुट्टै शैली निर्माण गर्न चाहेको पनि बताए।

'यो आइडियाले जादू गर्छजस्तो लागेको थियो। तर, उड्ने/गुड्ने फिल्मले प्रशंसा पाइरहेका बेला हामीले प्रवर्द्धन गर्नै सकेनौं। नौवटा फिल्मसँग जुधेको थियो। नवनिर्माता र वितरकसँग काम गरेको थिएँ, मैले तरिका जानिनँ।'

**जोयस पाण्डे**
निर्देशक, 'साँघुरो'





## साहित्य


### 'अनुवाद साहित्यका लागि सहमति'

काठमाडौं (कास)- नेपाल प्रज्ञा प्रतिष्ठान र चाइना फेडेरेसन अफ लिटरेचर एन्ड आर्ट सर्कलबीच दुई देशको साहित्यिक आदानप्रदानसँगै प्रमुख कृतिहरू अनुवाद गर्ने सहमति भएको छ। फेडेरेसनको निम्तोमा चीन पुगेको नेपाली साहित्यकारहरूसँगको छलफलपछि सहमति भएको प्रतिष्ठानले जनाएको छ। कुलपति गंगाप्रसाद उप्रेतीको नेतृत्वमा अघिल्लो साता ७ सदस्यीय प्रतिनिधिमण्डल चीन भ्रमणमा गएको थियो।

'चिनियाँ लेखक-कलाकारबीच दुवै देशका भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिक शास्त्रसँग सम्बन्धित विभिन्न विधाको विकास के कसरी गर्न सकिन्छ भन्ने विषयमा विमर्श भयो,' हालै नेपाल फर्केका कुलपति उप्रेतीले भने। प्रतिनिधिमण्डलले चीनमा बेइजिङस्थित राष्ट्रिय संग्रहालय, समर प्यालेस, लु सुन संग्रहालय, हान्जाउको राष्ट्रिय रेसम संग्रहालय, सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण उचन प्रान्तको प्राचीन शैलीको गाउँलगायत ऐतिहासिक एवं सांस्कृतिक थलोको समेत अध्ययन भ्रमण गरेको कुलपतिले बताए। 'अहिले चीनमा अनलाइन साहित्यको बजार निकै प्रभावकारी रूपमा फस्टाइरहेको रहेछ,' सदस्यसचिव प्रा.डा. जीवेन्द्रदेव गिरीले भने, 'यसबाट हामीले पनि धेरै कुरा सिक्नुपर्ने महसुस गरेका छौं।'

प्रतिनिधिमण्डलमा कुलपति उप्रेती, सदस्यसचिव प्रा.डा. गिरीसँगै प्राज्ञ प्रा. दिनेशराज पन्त, प्राज्ञहरू डा. अमर गिरी, श्रवण मुकारुङ, नर्मदेश्वरी सत्याललगायत थिए। भ्रमणका क्रममा चीनका लागि नेपाली राजदूत लीलामणि पोखरेलले बेइजिङस्थित नेपाली राजदूतावासमा प्रज्ञा-प्रतिष्ठानको प्रतिनिधिमण्डलको स्वागतमा विशेष कार्यक्रम आयोजना गरेका थिए।

### रत्नका कथा





काठमाडौं (कास)- रत्न प्रजापतिको नयाँ कथासंग्रह 'बदाम बेच्ने केटी' बजारमा आएको छ। सामाजिक विषयवस्तुलाई केन्द्रमा राखी उनले कथा सिर्जना गरेका छन्। संग्रहभित्र 'शत्रु', 'त्रास', 'झिंगे', 'इन्द्रिय पीडा', 'भूतपूर्व हाकिम' लगायत ३० कथा छन्। प्रजापतिका यसअघि 'बिसन्चो' र 'सेतो बादल' कथासंग्रह प्रकाशित छन् भने आधा दर्जनभन्दा बढी बालकथा संग्रह, एक गीत संग्रह र एक गजल संग्रह पनि प्रकाशित छन्।



**कैदी नं. १०६** | बलिउड अभिनेता सलमान खान (बायाँबाट दोस्रो) राजस्थानको जोधपुर अदालतमा बिहीबार सुनुवाइमा सहभागी हुने क्रममा। सन् १९९८ मा एउटा फिल्म छायांकनका क्रममा लोपोन्मुख वन्यजन्तु कालो हरिणको अवैध सिकार गरेको अभियोगमा अदालतले बीस वर्षपछि उनलाई पाँच वर्ष जेल-सजाय सुनाएको छ। सलमानलाई जोधपुरको सेन्ट्रल जेलमा राखिएको छ। *तस्बिर : रोयटर्स*

# महिला हिंसाविरुद्ध हिपहप



कलामार्फत गरिने सोसल मुभमेन्ट र क्याम्पेनहरू निकै प्रभावकारी हुन्छन्।

अमेरिकी हिपहप गायिका महोगानी जोन्स

**कान्तिपुर संवाददाता**

काठमाडौं- महिला हिंसाविरुद्ध चौतर्फी आवाज उठिरहेको बेला अमेरिकी हिपहप गायिका महोगानी जोन्स यस्तै अभियान लिएर नेपाल आएकी छन्। अन्तर-सांस्कृतिक बुझाइ र सहकार्यलाई बढावा दिन अमेरिकी दूतावासले गर्दै आएको 'कला दूत' कार्यक्रमअन्तर्गत उनी नेपाल आइपुगेकी हुन्। बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा उनले महिला हिंसाविरुद्ध आफ्नो कलाको सदुपयोग गर्न पाउँदा खुसी लागेको बताइन्।

महिला हिंसाविरुद्ध लड्न महोगानीले 'प्युअर' नामक अभियान नै सुरु गरेकी छन्। २० वर्षको भएपछि र्‍याप सिक्न थालेको र त्यसपछि एउटा ठूलो र्‍याप कम्पिटिसनमा गएपछि उनी र्‍यापतिरै लागेकी थिइन्। 'त्यति बेला महिला भएकै कारण हामी हेपिनुपर्‍यो। मेरो छालाको रंग, तौल, जातीयताको कुरालाई लिएर मानिस हेप्थे,' उनले भनिन्, 'जब मैले र्‍याप र हिपहप सुरु गरेँ, मैले आफूलाई बलियो महसुस गरेँ। मानिसले मलाई फरक ढंगले हेर्थे, मेरो गीत सुन्थे र मलाई जज गर्थे।' त्यसपछि उनले महिलाकै लागि गीत लेख्न र गाउन थालेको पनि सुनाइन्। उनले आफ्नो एल्बमहरूलाई महिला हिंसाविरुद्ध समर्पण गरेकी छन्।

'कलामार्फत गरिने सोसल मुभमेन्ट र क्याम्पेनहरू निकै प्रभावकारी हुने मेरो बुझाइ छ,' पत्रकार भेटघाटमा उनले भनिन्, 'नेपालका कतिपय स्थानमा महिलाहरूको शैक्षिक पहुँच कमजोर छ भन्ने सुनेकी छु। रूढिवादी परम्परामा जेलिएका महिलाहरूलाई जगाउन कलाको माध्यम फलदायी हुन सक्छ।' प्रस्तुतिका क्रममा हिपहप, नारी सुलभता, आध्यात्मिकता र अनुरागलाई एकसाथ आत्मसात गर्ने उनले सुनाइन्।

उनै हिपहप गायिका महोगानी शनिबार जावलाखेलस्थित फुटबल खेल मैदानमा प्रस्तुत हुँदै छिन्। उनीसँगै उनको ब्यान्डले सोमबारचाहिँ वीरगन्जमा प्रस्तुति दिनेछन्। जावलाखेलमा नेपाली गायकहरू लाउरे, स्वप्न सुमन, सन्ध्या जोशी, कार्टुन्ज क्रू र नेपाल हिपहप फाउन्डेसनले पनि उनलाई सघाउनेछन्। वीरगन्जको आदर्शनगर रंगशालामा भने गायक शिव परियार, सुनील पण्डित र सन्ध्या जोशीले पनि प्रस्तुति दिनेछन्। सन् २०१६ को क्रेस्गी आर्टस् फेलो पाएकी महागानी पार्क 'फ्री स्टाइल फ्राइडेज' पदकबाट चार पटक सम्मानित भइसकेकी छन् भने उनी ४ महादेशका १३ भन्दा बढी देशमा औपचारिक अमेरिकी संगीत दूतसमेत हुन्।



## आरक्षण बहस

काठमाडौं (कास)- समावेशिताको विषय अन्योलमा परेका बेला डा. रमेश सुनामले अनुसन्धानात्मक पुस्तक 'समावेशिताको बहस' ल्याएका छन् । राजधानीमा बिहीबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोर्कण विष्टले पुस्तक सार्वजनिक गरे । उनले समावेशिताको सकारात्मक अवस्था केलाउँदै ठूलो संघर्षको उपलब्धिको परिणाम भएको बताए ।

समाजशास्त्री चैतन्य मिश्रले असमानताबीच समानताको कुरा उठान गर्नुपर्ने सुनाए । राजनीतिक विश्लेषक सीके लालले ब्राह्मण समुदायले प्रचलनमा ल्याएको खस आर्यको समावेशिताको कुरा अनावश्यक रहेको टिप्पणी गरे । सभासद् निरा जैरुले विभेद अझै उस्तै रहेको बताइन् । समाजशास्त्री कृष्ण भट्टचनले अझै पनि विभिन्न जालझेल गरेर आरक्षण र समावेशीको विषयलाई अपारदर्शी बनाउन खोजेको टिप्पणी गरे । मानवअधिकार आयोगकी प्रवक्ता मोहना अन्सारीले आरक्षणले कुनै समुदायको भाग खोसेको छ भन्ने भ्रामक चिन्तनलाई रमेशको पुस्तकले बुझाउने प्रयास गरेको बताइन् । उक्त पुस्तक समता फाउन्डेसनले छापेको हो ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २०१४।११।०७

स्वर्गारोहण: वि.स २०७४।१२।१९

## स्व. रमेश गुप्ता

यस कम्पनीमा विगत चौध वर्ष देखि अविछिन्न रुपमा संचालक समितिको सदस्य तथा चार वर्ष भन्दा बढी समय सम्म संचालक समितिको अध्यक्षको रुपमा संस्थागत योगदान पुऱ्याउनु भएका **स्व. रमेश गुप्ताज्यू**को उपचारको क्रममा गत २०७४।१२।१९ गते असामयिक स्वर्गारोहण भएको खबरले हामी सम्पूर्ण नेपाल लाइफ इन्स्योरेन्स कम्पनी परिवार अत्यन्त मर्माहित भएका छौं ।

जीवन बीमा क्षेत्रले मात्र नभई सिंगो नीजी क्षेत्रले आज एक प्रतिष्ठित, जुझारु एवं स्वप्नदर्शि उद्योगी व्यवसायी गुमाएको छ । यस कम्पनीले तय गरेको हालसम्मको सफलतम यात्राका हरेक पाईलामा उहाँको विषय बिज्ञता, गहिरो अनुभव तथा कुशल नेतृत्वले महत्वपूर्ण भूमिका खेलेको स्मरण गर्दै जीवनको अन्तिम चरणसम्म पनि जीवन बीमा क्षेत्रको विकास प्रति उहाँको चाँसो र लगाव हामी सबैका लागि असिम प्रेरणाको स्रोत बनिरहने छ ।

यस भावपूर्ण क्षणमा मृत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै यस शोकाकुल घडीमा शोक सन्तप्त परिवारमा पुग्न गएको असिम वेदना र अपुरणीय क्षति प्रति हार्दिक समवेदना प्रकट गर्दै परिवारजनमा धैर्य धारण गर्ने क्षमता प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं ।

**गोविन्द लाल संघई**
**अध्यक्ष**
**तथा**
**नेपाल लाइफ इन्स्योरेन्स कं. लि.**
**परिवार ।**


# समापनमा तीन नाटक




सर्वनाम थिएटरमा बिहीबार अन्तर्राष्ट्रिय एकल नाटक महोत्सवको समापनमा आयोजक र सहभागीहरू । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता**

काठमाडौं- अन्तर्राष्ट्रिय एकल नाटक महोत्सवको बिहीबार समापन भएको छ । विभिन्न देशबाट नाटक लिएर आएका कलाकार, निर्देशकहरूलाई प्रमाणपत्र दिँदै महोत्सव सकिएको हो ।

अन्तिम दिन तीन नाटक पनि देखाइए । वीरेन्द्र हमाल निर्देशित नाटक 'कथासार' मा सुशीला थापाले अभिनय गरेकी थिइन् । पुरु लम्सालले लेखेको नाटकमा लमजुङकी ६५ वर्षीया महिलाको कथाव्यथा छ ।

हङकङका आईडी लाम फुन हिउले निर्देशन, लेखन र अभिनय गरेको नाटक 'सिटी फ्लेस' पनि देखाइयो । नाटककी पात्र 'के' समुद्रीतटमा समुद्री छाल, शंखहरूसँगै हुर्किन्छे । केही दिनमा 'के' को समुद्री गाउँनजिकै घरहरू बन्छन् । गगनचुम्बी भवनले उसलाई आकर्षित गर्छन् र समृद्धि पाउन हङकङको आइल्यान्डमा जान मन गर्छे । उसका हजुरबुवाले रोक्छन् र 'त्यो ठाउँ मानिसको लागि हैन' भन्छन् । तर ऊ मान्दिन र जान्छे । अव्यवस्थित फुटबल कोर्टमा सुत्न बाध्य हुन्छे । एक रात त्यो ठाउँ बन्द भएपछि उसले भोग्नुपरेको दुःख नाटकमा देखाइएको छ ।

महोत्सवको समापन भने 'फिफ्टी इअर्स रिमेनिङ अनचेन्ज्ड' बाट गरिएको थियो । यो नाटकमा मोक चिउ यूले अभिनय गरेका छन् भने लेखन तथा निर्देशन पनि उनैले गरेका हुन् । बितेको शताब्दीका इतिहासबारे अनुमान गरिएका सन्दर्भहरू नाटकमा देखाइए ।

मुलुकबाहिरका रंगकर्मीहरू ल्याएर अन्तर्राष्ट्रिय रंग महोत्सव गर्ने धोको पूरा भएको रंगकर्मी एवं महोत्सव परिकल्पनाकार अशेष मल्लले जनाए । 'रंगमञ्चका अनुभवहरू आदानप्रदान गर्ने मात्र नभई एकअर्काबीचको सम्बन्ध विस्तारमा पनि महोत्सवले सघाएको छ,' उनले भने ।

महोत्सवकै क्रममा युवा रंगकर्मीहरूका लागि पाँचदिने कक्षासमेत सञ्चालन गरिएको थियो । महोत्सवमा बंगलादेश, फ्रान्स, चीन, हङकङ, भारत, नेदरल्यान्ड, स्कटल्यान्ड, बेलायतलगायत मुलुकका रंगकर्मीहरूले भाग लिएका थिए । मञ्चन गरिएका प्रायः नाटक महिला सशक्तीकरण केन्द्रित थिए ।



वरिष्ठ नृत्यगुरु हनी श्रेष्ठलाई सम्मान गर्दै कानुनमन्त्री शेरबहादुर तामाङ । नृत्य निर्देशक संघ नेपालले बिहीबार राजधानीमा श्रेष्ठलाई सम्मान गरेको हो । श्रेष्ठ मुलुककै प्रथम नृत्य प्राध्यापक हुन् । *तस्बिर : बिजु महर्जन*

# 'समृद्धिका लागि साहित्य'

काठमाडौं (कास)- मदन भण्डारी कला साहित्य प्रतिष्ठानले 'समृद्धिको लागि साहित्य' लाई बहसको रूपमा अघि बढाउने भएको छ । हालै बसेको प्रतिष्ठानको बैठकले आउँदो नयाँ वर्षका लागि 'समृद्धिको लागि साहित्य' थिमअन्तर्गत विभिन्न कार्यक्रम तय गरेको हो । प्रतिष्ठानका अध्यक्ष डा. विजय सुब्बाका अनुसार पहिलो ६ महिनाभित्र राष्ट्रियव्यापी गीत प्रतियोगिता, कार्यपत्र प्रस्तुति, नियमित छलफल र साहित्य सिर्जना अभियान हुनेछन् ।

गीत प्रतियोगिताअन्तर्गत मुलुकभित्र र बाहिरका नेपाली स्रष्टाहरूबाट रचना आह्वान गर्ने र उत्कृष्ट १० लाई जनही ५ हजार रुपैयाँ पुरस्कार दिइनुको साथै संगीतसमेत भरिने बताइएको छ । आउँदो जेठ १५ लाई डेडलाइन तोकिएको प्रतियोगिताको थिम 'राष्ट्र, राष्ट्रियता र समृद्धि' रहेको प्रतिष्ठानका महासचिव डा. देवी नेपालले जनाए । त्यस्तै मदन भण्डारी स्मृति दिवसको सन्दर्भ पारेर जेठ ५ गते 'समृद्धिका लागि साहित्य' विषयक विचार गोष्ठी तथा विशेष कवि गोष्ठीको गरिने उनले जनाए । कार्यक्रममा प्रतिष्ठानका तर्फबाट उपाध्यक्ष प्रा.डा. कृष्णप्रसाद घिमिरे, महासचिव डा. देवी नेपाल र सचिव डा. बिन्दु शर्माले अवधारणा पत्र प्रस्तुत गर्नेछन् । "समृद्धिका लागि साहित्य' लाई यस वर्षको सिर्जनाको केन्द्र बनाउँदै विशेष बहस र सिर्जना वाचनको त्रैमासिक शृंखला पनि सुरु गर्दै छौं," नेपालले भने ।


# बर्गिकृत डिस्प्ले

**CRUISE Internship**
@ American Cruise
@ Australian Cruise
@ Norwegian Cruise
@ Italian Cruise
@ Greece Cruise
@ Mexican Cruise
@ Singapore Cruise
Coral Educational Infratec P.Ltd
New Baneshwor ADS Complex
Ph: 01-4785711 / 9851055530
E-mail: coraleducational@gmail.com

**ज्योतिष**
गुरु तिर्थराज निरौला
(हस्त रेखा-चिना विशेषज्ञ)
पुस्तौदेखि सेवा प्रदान गर्दै आउनुभएका गुरुबाट तपाईंको अध्ययन, व्यापार, परिवार, विदेशयात्रा - रोजगार, प्रेम, विवाह, श्रीमान-श्रीमती सम्बन्ध, लक्की नम्बर, बार, सन्तान, ग्रहदशा, रोग, मुद्दामामिला, झगडा, वास्तु (घर/अफिस), भूत, वर्तमान, भविष्य सम्बन्धी समस्याको समाधान गरेर जीवन सुखी बनाउनुहोस् ।
G5 (ग्राउण्ड फ्लोर) सृष्टि भवन, सिद्दिचरणचोक, घर्मपथ (जुद्ध सालिकको दक्षिणतर्फ) न्यूरोड, काठमाडौं
Ph: 4247792, Mob: 9851001397
सबै ठाउँबाट निराश व्यक्तिले पनि भेटेर लाभ उठाउनुहोस् ।

**Study in CYPRUS**
Last Call for June 2018 Intake
Hurry up ! Application Deadline: 20th April 2018
• Highly Affordable Cost
• Easy Visa Documentation
• IELTS/TOEFL Not Required
• Education Gap Acceptable
• No Visa Interview & Refusals
Min. SLC/+2 can Apply
Any Country Rejected ? Apply now in Cyprus for the Visa Success.
BRIDGE COURSES | LANGUAGE COMPUTER
for SEE Appeared Students @ Affordable Fees
EARTH VISION INT'L EDUCATION
Bagbazar, KTM Tel: 4250841, 4247952
Cell: 9803023740

**ULTRAFRESH**
1st time in Nepal, Sound Less Chimney / Vent hood
ferre BETTER COOKING
Standing Cooker / Oven / Hobs
For dealership / Sales in Nepal
ULTRA GROUP
World Trade Center, Tripureshwor, Ktm
Ph: 977 1 4117043, 4117143
Cell: 9851000117
Email: info@ultragroup.com.np

**चायाँ पोतो**
डण्डीफोर हटाउने
Anti Spot 4 In One
हाईट बडाउने, जाँड रक्सी छुटाउने, कपाल उमार्ने, मोटोपन बढाउने, भूँडी घटाउने TOMMY Goods
Home Delivery
Global Fitness Shop
चावहिल, मेडिकेयर हस्पीटल अगाडी
01-4461711
9851057632
9803464971

**Fastest & Proven Weight Loss**
Korean Treatment You Can Trust For Male & Female
❖ No Exercise ❖ No Gym
❖ No Surgery ❖ No Medicine
❖ No Side Effects
❖ Loose 1-2 Kgs in just 3 hours
01-4017722, 9841197406
Arogya Healthy Home & Natural Health Care Pvt. Ltd.
★Swagat Bhawan (2nd Floor)★ Sallaghari, Maharajgunj
f: arogya healthy home

**अक्सिजन ग्याँस प्लान्ट बिक्रीमा**
चालु अवस्थामा रहेको १५० क्यु.मी. प्रति घण्टा उत्पादन क्षमताको अक्सिजन ग्याँस प्लान्ट सम्पूर्ण उपकरणहरु समेत बिक्रीमा । ईच्छुक व्यक्ति वा कम्पनीले सम्पर्क गर्नुहोला । उत्पादन परिक्षण गरी हेर्न सकिने । साथै हामी कहाँ हाइड्रोजन ग्याँस पनि पाइन्छ ।
सम्पर्क : ०१-४३६४५४७, ०७१-६८०२५८, ९८५१०६७५८७, ९८५१०७८५८५

**House for RENT**
4 Bedrooms | 3 Bathrooms
Nearly 2 ropani compound
support staff quarter
parking for 7/8 vehicles
Bhimsen Marga, Hadigaon, KTM
(5 minutes walk from Bhatbhateni)
For further details : 9841306109

**आवश्यकता**
भारतको कलकत्ता, उडिसा, बम्बई, गुजरातमा अवस्थित सरकारी उद्योग र पानीजहाज कम्पनीबाट ५५ जना सेक्युरिटीगार्ड माग ।

| पद | संख्या | तलब | ड्युटि |
|---|---|---|---|
| भु.पु आर्मी, शसस्त्र, (पेन्सन, उपदान) | २५ | ने.रु. ३२,०००।- | ८ घण्टा २६ दिन |
| सिभिल.भु.पु म्यादी | ३० | ने.रु. २२,४००।- | १२ घण्टा |

संचयकोष, बोनस, खानबस्न, बिमाको सुविधा
01-4916689, 9851150523, 9741427400
NIISS सेक्युरिटी सर्भिस प्रा.लि, जोरपाटी, काठमाण्डौं
www.nisecurity.com.np

**स्वदेशमै उत्पादित गुणस्तरीय सोलार वाटर हिटर**
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं, ४२६२०३२/ ४२४३५३७
९८०१०३८५३६/ ९८०१०३८५४०

**मेनपावर चाहियो**
उजुरी नपरेको मेनपावर विक्री गर्न चाहनुहुने व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।
सामाखुसी वा बसुन्धारा एरियामा घर भाडामा वा विक्री गर्न चाहनेले सम्पर्क गर्नुहोला । (पार्किङको सुविधा समेत भएको)
9808000985

**TEACHER WANTED**

| | |
|---|---|
| Sec. School Principal | 45,000-60,000+LF |
| BBS Account, Finance | 35,000+ |
| +2 Physics, Chemistry | 35,000+ |
| Sec. English, Social, Science, Math, EPH, Computer, Account, Nepali | 30,000+LF |
| Hostel Warden | 30,000+LF |
| Primary All Subjects | 15,000+ |
| Montessori, Grade Teacher | 15,000+ |

Amguna Nepal
Sanepa, Lalitpur, Nepal
Ph: 01-5521724, 01-5541681, 9841354848
Email: careerkathmandu@gmail.com

**CTF Montessori Training**
New Year 35% Discount offer
3 Months Montessori Training
Training Courses are Running
1 Month (Advance montessori Diploma)
1 Month (Thematic Teacher Training for Primary Level)
1 Week (Incharge/Coordinator Training)
Job Guarantee
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747, 01-4265637
9851299632

**जग्गा बिक्रीमा**
सैंबु भैसेपाटी नेपाल MADE CITY Hospital देखि २०० मिटर दक्षिण मेनरोडमा ब्यापारिक तथा आवासिय प्रयोजनलाई उपयुक्त हुने ०-९-०-० आना जग्गा बिक्रीमा ।
सीधा सम्पर्क:
9860309122
9851167870
9851072844

**घर-जग्गा बिक्रीमा**
सानेपा चोक नजिकै १-३-०-० जग्गा बिक्रीमा र झम्सिखेल गणेशस्थान पछाडी ०-८-२-० मा बनेको घर बंगला बिक्रीमा छ ।
सम्पर्क नं.: ९८०४४०६८७३ (पुन जी)

**७१ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
तलब: Parttime: 25,500/- Fulltime: 46,500/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल
9823206405
9869687922
नोट: महिला,पुरुष,विद्यार्थीलाई विशेष प्राथमिकता

**G4S आवश्यकता**
भु.पु तथा २१ वर्ष नाघेका युवाहरु
सुरक्षा गार्ड १००
ड्राइभर (लाइट) २०
हाउस किपिङ्ग सुपरभाइजर १०
पुरुष क्लिनर ५०
नोट: तलब सुविधाहरु कम्पनीको नियमानुसार हुनेछ ।
जि. फोर. एस. सेक्युरिटी सर्भिसेस् नेपाल (प्रा.) लि.
बालुवाटार-४, काठमाडौं
फोन नं.: +९७७-०१-४४३५११७, ४४३४९८३
इमेल: hr@np.g4s.com

**Partners Wanted**
A well established school located at a prime location of Lalitpur district with glorious history of 36 years requires partners to run its, (School)+2 wings in Science, Management, Agriculture and Humanities.
Ph: 9801124336

**बिक्रीमा**
नयाँ भवन निर्माण हुने भएकोले चालु अवस्थामा रहेको १९० सिट क्षमताको प्रतिष्ठित रेष्टुरेन्टको सम्पूर्ण सामानहरु बिक्रीमा ।
सम्पर्क: ९८४१८३६७७७

**तु.आवश्यकता**
हस्पिटल क्यान्टिनको लागि निम्न कर्मचारी तु.चाहियो ।
१. कुक - ३ जना ।
२. हेल्पर - ३ जना ।
३. डिसवासर - ४ जना ।
४. वेटर -३ जना ।
सम्पर्क: ९८५१२०२६३२

**हेल्थ एण्ड फिटनेश क्लब बिक्रिमा**
अति प्राइम लोकेशन सामाखुशी पुलिस पेट्रोल पम्पनजिकै व्यस्त चलिरहेको सौना स्टीम सहितको हेल्थ एण्ड फिटनेश क्लब विशेष कारण वस तु बिक्रिमा ।
सम्पर्क: 9851239987

**TEACHERS WANTED**
1. Pre- primary- 3 teachers
2. Primary & Lower Secondary level - English, Math, Social, Science, Nepali, Computer, Health & Moral, Opt. math
3. Secondary (part time & full time) - English, C. Math, Social, Science, Nepali, O. Math E.P.H & Accountancy
4. All levels (Part time) - Dance, Sport, Art & Craft, Music
5. स्कूल सिस्टर ४ जना, होस्टेल कुक ३ जना
6. अनुभवी माईक्रो चालक ३ जना
Attractive Salary, apply as soon as possible
Middle Point Secondary School
Thasikhel, Lalitpur : 5121003, 5121002, 9851100487 (8 AM to 6 PM)
E-mail : middlepointschool2056@gmail.com, gobindapokharel71@gmail.com

**जग्गा विक्रिमा**
रु. ७ लाख देखि ९ लाख आनाको दरले चलिरहेको जग्गा रु.३,५०,०००/- प्रति आनाको दरले ५४ रोपनी जग्गा विक्रिमा छ । टुक्रा पार्न मिल्ने ।
९८१८१४१०९९
Youtube: Godawari5

**कर्मचारी अर्जेन्ट चाहियो**
तलब: 15,500/-+fixed (क.नि.अ)
योग्यता: SEE or +2 above
समय: 10:30 am-5 pm
सिर्जनात्मक, भक्तपुर
9851056446, 9809883608
नोट: SEE दिएर बसेकालाई विशेष प्राथमिकता।

**जग्गा भाडामा**
मुलपानीको Green Hill City Housing अगाडीको फुटसल, जिम, हेल्थ क्लव र गोदाम/फ्याक्ट्रीको लागि अति उपयुक्त हुने साढे २ रोपनी जग्गा भाडामा छ ।
सिधा सम्पर्क: ९८५११२५१२२

**Teacher Wanted**
Principal 2 Yrs Exp -Master Degree
Sec.- Science, Social, Account, Computer English EPH-Master Degree
L.Sec.-Science, English, Computer-Bachelor
Primary.-Science, Maths, English, Computer-Bachelor
Pre-Primary-Grade Teacher A Few
Typist-Nepali + English
Ever Vision School, Balambhu
9841367523
01-4311600
E-mail: Evervisionschool@gmail.com

**सेक्युरिटी अर्जेन्ट**
तालिम नगरेकालाई प्राथमिकता
महिला, पुरुष दुवैका लागि तलब: १४,०००-१६,००० योग्यता: साधारण लेखपढ डे, नाईट, खान बस्न, पार्ट टाईम, फुल टाईम जुन गरेपनि आफ्नो एरियामा पाईनेछ (६, ८, १०, १२ घण्टा)
९८१८७७५१३६
९८६१७४१२९४
नोट: १००% जब ग्यारेण्टी, उमेर १६-५० वर्ष विदेश जानको लागि तालिम र प्रमाणपत्र दिईन्छ

**७९ कर्मचारी अर्जेन्ट**
काम: अफिस भित्रै
No Interview, 100% Job
योग्यता: Test/SLC/+2 above (साधारण लेखपढ गर्न जान्ने/नजान्ने)
तलब: Part Time : 21,500 Full Time : 37,500
समय: Morning/Day/Evening/Night
चक्रपथ, नारायण गोपालचोक
9813077113, 98403618 6
पहिला आउनेलाई विशेष प्राथमिकता

**TEACHERS WANTED**
1. Pre-Primary
2. Primary : English/Maths
3. Lower Secondary : Science/ Maths/Computer/Social Std.
4. Hostel warden
5. Discipline incharge
Admission Open Nursery to IX
JUPITER HIGH SCHOOL
Tutepani, Lalitpur-14
5151004/5151546/9851060259
info@jupiter.edu.np

**आवश्यकता**
मुस्ताङको अपर मुस्ताङलाई अर्जेन्ट कर्मचारी
• अल्राउण्डर कुक : २५,०००।-
• कुक हेल्पर : १४,०००।-
• वेटर : १२,०००।-
• कुकको काम सिक्ने/भाडा माझ्ने : १२,०००।-
नोट: बाटो खर्च र खानबस्न सुविधा
सम्पर्क: 9851041997, 9860807489

**घरमा काम गर्ने महिला चाहियो**
स्थान: नागार्जुन वडा नं. १ तिनधारा, काठमाडौं
खान/बस्न सुविधा सहित
तलब: ९,०००/-
अनुभवीलाई विशेष प्राथमिकता
9861767623

**घर बिक्रीमा**
नेपालटार बाट सिधा दुई कि.मि. माथि नेपाल टप नेर ४ आनामा बनेको ३ तले घर बिक्रीमा
मूल्य १ करोड ७५ लाख
सम्पर्क: 9841933830

**आवश्यकता**
1. Delivery Boy :1
आफ्नो मोटरसाइकल र लाइसन्स अनिवार्य
Kindly forward your Bio-Data to below E-mail id: reliablelaboratorynepal@gmail.com
Contact
Reliable Diagnostic Nepal
Gongabu- naya Bus park
01-4366073, 9801612348

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# कर्णाली प्रदेश

सुर्खेत



**सडक अनुगमन**

नेपाली सेनाले ट्र्याक खोलेपछि कर्णाली करिडोर खुलालु-हुम्ला-हिल्सा सडकको कालिकोटको जितेदेखि थिर्पू घाटपारि चौरसम्म सडक अनुगमनका लागि फागुन ५ गते जिल्लास्तरीय टोली लालीघाट भीरमा जिप लिएर जाँदै ।

# कर्णाली करिडोरमा सिन्डिकेटले सास्ती

**प्रदेश ब्यूरो**

कालिकोट- निर्माणधीन कर्णाली करिडोरअन्तर्गत कालिकोटको जितेदेखि थिर्पू घाटपारी चौरसम्मको ३० किमि सडकमा रारा कर्णाली जिप समितिको सिन्डिकेट छ । नेपाली सेनाद्वारा निर्माण गरिको करिडोरमा जिल्ला प्रशासनले रारा कर्णाली जिप समितिलाई मात्र अनुमति दिएर १४ वटा जिप सञ्चालनमा छन् । कालिकोट पश्चिम-उत्तरसहित बाजुराका केही गाउँपालिकाको आवतजावत गर्ने सडकमा एउटै समितिको सिन्डकेटले यात्रुहरू मर्कामा छन् । यात्रु छैनन् भन्दै एकातिरबाट नियमित गाडी नचल्दा अर्को भागबाट आउने यात्रुहरू दिनभर कुरेर बस्न बाध्य छन् ।

दुई घण्टाको फरकमा जिप सञ्चालन गर्ने रुटिन भए पनि समितिले यात्रु नभरिँदासम्म गाडी नपठाउने गर्दा अर्को भेकबाट आउने यात्रुले कुर्नु परिरहेको धौलागोह २ का नमराज विकले गुनासो पोखे । समितिले हतार भएका यात्रुलाई ४ हजार ५ सय भाडा निर्धारण गरेको भए पनि दुवैतर्फको भाडा लाग्ने भन्दै यात्रुबाट ५/६ हजार असुल्ने गरेको स्थानीयको गुनासो छ । रारा कर्णालीले स्थानीयको मर्कालाई ध्यानमा राखेर कच्ची सडकमा जोखिम मोलेर जिप सञ्चालन गरिरहेको समितिका अध्यक्ष हस्त बमको दाबी छ ।

कर्णाली करिडोरमा यात्रु बढी पाइने भएकाले सुर्खेतको बुलबुले यातायातले गाडी सञ्चालन गर्न अनुमति मागे पनि नपाएको समितिका कालिकोट इन्चार्ज अंक गुरुङले बताए । उनले प्रशासनमा अनुमतिका लागि निवेदन दिएको एक महिनाभन्दा बढी भइसके पनि अनुमति नपाएको गुनासो पोखे । सडक निर्माणको जिम्मा पाएको कर्णाली करिडोरको सल्लाहमा जिल्ला प्रशासनले अस्थायी रुट परमिटको अनुमति दिने गरेको छ । प्रशासनले यात्रुहरूको मर्कालाई ध्यान दिएर प्रतिकिमि ९ रुपैयाँ भाडा दर कायम गरेर जिप चलाउन दिएको प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले बताए । उनले कर्णाली करिडोर निर्माणाधीन भएकाले नेपाली सेनाले एउटै समिति हुँदा समन्वय गर्न सहज हुन्छ भनेर अरूलाई सहमति दिएको छैन । प्रजिअ गौतमले भने, 'बुलबुले यातायातको निवेदन परेको छ, अर्को बैठकमा नेपाली सेनासँग समन्वय गरेर अनुमति दिन पहल हुनेछ ।'

**मनपरी भाडा**

जुम्लामा लामो तथा छोटो दूरीमा चल्ने बस तथा जिपले मनपरी भाडा लिने गरेका छन् । जिल्ला यातायात व्यवस्थापन समिति जुम्लाले २०७२ माघ २४ गते भाडा दर कायम गरे पनि व्यवसायीले मनपरी भाडा असुल्ने गरेका हुन् । जुम्लादेखि सुर्खेतसम्म बसको भाडा ९ सय २८ कायम गरिए पनि गत फागुनसम्म उनीहरूले १ हजार २ सय ५० रुपैयाँ लिने गरेका थिए भने साना जिपहरूले १ हजार ६ सय रुपैयाँ लिने गरेका छन् । व्यसायीले यात्रुलाई नबोकी मनोमानी भाडा लिने गरेको गुनासो आएपछि गत फागुन ५ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको बैठकले व्यवसायीसँग छलफल गरेको थियो । छलफलमा कर्णाली यातायात व्यवसायी संघ, चन्दननाथ यातायात प्रालि, मध्य यातायात व्यवसायी संघ र साना जिप व्यवसायी पुरानै भाडादरमा यात्रु बोक्न समहमत भएको प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलले बताए । उनले मनोमानी भाडा असुल गरे कारबाही गर्ने जनाए ।




## सुर्खेतबाट निर्बाध

सुर्खेत (कास)- वीरेन्द्रनगरलाई आधार बनाई ७ यातायात व्यवसायी समितिका यात्रुवाहक बस सञ्चालनमा छन् । ती सबै समितिका बसहरू निर्बाध तोकिएको रुटमा सञ्चालनमा छन् । राज्यले कडाइ गरेपछि पछिल्ला वर्ष यहाँका नयाँ बस व्यवसायी र यात्रुहरूले सिन्डिकेट सास्ती भोग्नुपरेको छैन ।

प्रहरीका अनुसार सुर्खेतदेखि कालिकोट, मुगु, जुम्ला, दैलेख, जाजरकोटलगायतका पहाडी भेग र, नेपालगन्ज, काठमाडौं रुटमा नयाँ समितिका बसहरू निर्बाध सञ्चालनमा छन् । यहाँको मध्यपश्चिम बस यातायात व्यवसायी संघ पुरानो र ठूलो समितिमा पर्दछ । 'पछिल्ला चार-पाँच वर्षयता व्यवसायीबीचको छिटपुट विवादबाहेक सिन्डिकेटको कुनै समस्या देखिएको छैन' जिल्ला प्रहरी कार्यालय स्रोतले भन्यो, 'मध्यपश्चिम यातायातले नै नयाँ समितिलाई सहज 'इन्ट्री' दियो । यसले गर्दा पनि सिन्डिकेट रहेन ।' कांक्रेविहार यातायात व्यवसायी संघका सचिव रमेश सापकोटाले नयाँ समितिलाई आफूहरूले रुट परमिट अनुसार सञ्चालन गर्न कुनै अवरोध नगरेको बताए । सुर्खेतबाट मध्यपश्चिम, कांक्रेविहार, देउती नागरिक, नमस्ते सुर्खेतलगायत समितिले बस/जिप सञ्चालन गरिरहेका छन् । मध्यपश्चिम यातायातले जिपसमेत सञ्चालन गरिरहेको छ । जिल्ला प्रहरी प्रमुख (एसपी) उमाप्रसाद चतुर्वेदीले यातायात व्यवसायीबीच सिन्डिकेटको अवस्था नरहँदा यात्रुहरूलाई सहज भएको बताए । 'यातायात व्यवसायीले कुनै प्रकारको सिन्डिकेटको सामना गर्नु नपरोस् भनेर प्रहरीले नियमित निगरानी राखिरहेको छ,' उनले भने ।

**सिन्डिकेटपछिको सहजता**

रुकुम पश्चिममा ५ वटा गाडी दैनिक काठमाडौं जान्छन् भने काठमाडौंबाट पनि जिल्लाका लागि त्यति नै संख्यामा गाडी जिल्लाका लागि दैनिक छुट्ने गरेका छन् । जिल्लाबाहिर जानुपरे आफूले रोजेको गाडी चढ्न मात्रै पाइन्न काठमाडौं, नेपालगन्ज, दाङलगायतका अन्य जिल्ला तथा जिल्लाभित्रैका ठाउँमा यात्रा गर्दा सदरमुकाम आउनुपर्ने बाध्यता पनि हटेको छ ।

पछिल्लो समय बढेका यातायात व्यवसायी तथा समितिका कारण आफूलाई पायक पर्ने ठाउँबाटै यात्रुले यात्रा गरिरहेका छन् । हाल यात्रुहरूले जिल्लाबाहिर जानुपर्दा सदरमुकाम खलंगाको साथै चौरजहारी, राडीबजार, सिम्लीबाट पनि काठमाडौं, नेपालगन्ज, दाङलगायतका ठाउँ जान-आउन सजिलै पाइरहेका छन् । आफैंले भनेको समयमा यात्रा गर्न पाएकोमा यात्रुहरू दंग छन् । गाडीको संख्या बढेसँगै भाडा दर पनि घटेको छ । दुई हजार पाँच सय रुपैयाँ भाडा तिरेर काठमाडौं पुगेका यात्रुहरू हाल एक हजार चार सयमै काठमाडौं पुगिरहेका छन् । यो सबै सिन्डिकेटविरुद्ध गरिएको लडाइँले गरेर सम्भव भएको हो । त्यसको नेतृत्व गरेको हो रुकुम यातायात प्रालिले । जिल्लाभित्रको सिस्ने हिमाल बस तथा मिनी बस यातायात व्यवसायी समिति, सल्यानको सल्यान-रुकुम यातायात व्यवसायी समिति र दाङको राप्ती अञ्चल सार्वजनिक यातायात समितिको एकछत्र राज रुकुम यातायात प्रालि खुलेसँगै सकिएको हो ।

जिल्लामा भइरहेको सिन्डिकेट तोडिएसँगै जिल्लामै अरू समिति खुले भने समिति खुलसँगै गाडीको संख्या बढ्दा यात्रुलाई पनि सहज भएको छ । रुकुमको एउटा, सल्यानको एउटा र दाङको एउटा तथा अन्य जिल्लाका १ गरी १४ वटा समितिको अवरोधका बाबजुद रुकुम यातायात प्राली आफ्ना गाडी चलाउन सफल भएको थियो । रुकुम यातायात प्रालिले यातायात व्यवस्था विभागबाट रुट प्रमिट लिएर पनि नौ महिनासम्म सजिलै गाडी चलाउन पाएन ।

२०७२ कात्तिक महिनादोखि २०७३ को साउ महिना सम्म रुकुम यातायात प्रालीका गाडी र स्टाफ दाङ, सल्यान र रुकुममा गरी ३७ पटक आक्रमणमा परे । त्यस अवधिमा सवारी साधनको क्षति र घाइते मानिसको उपचारको क्रममा ६० लाख नोक्सानी यातायात प्रालिले व्यहोरेको अध्यक्ष केशव रावलले बताए । 'प्रालिमार्फत गाडी चलाउनु हुँदैन, चलाए पनि हाम्रो समितिमार्फत गाडी चलाउनुपर्छ भनेर सिन्डिकेटका नाइकेले हामीलाई निरन्तर आक्रमण गरे तर पनि सफल भयौं,' अध्यक्ष रावलले भने, 'राज्यलाई कर तिरेर म व्यवसाय गर्छु, यात्रुलाई सजिलो बनाउँछु भन्दा नौ/नौ महिनासम्म दुःख पाइयो ।'

# राष्ट्रिय गौरव घोषणा तयारी

सुर्खेत (कास)- प्रदेश सरकारले कर्णाली करिडोर (सुर्खेत-हिल्सा सडक) लाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाउन आवश्यक तयारी गरेको छ । प्रदेश मन्त्रिपरिषद्ले कर्णाली रारा पर्यटन वर्ष शुभारम्भको अवसरमा प्रधानमन्त्री केपी ओलीले राराबाटै गर्ने देशवासीको सम्बोधनमा उक्त घोषणा गराउन तयारी गरेको हो ।

कार्यवाहक मुख्यमन्त्री प्रकाश ज्वालाले उत्तरी नाकालाई छिटो सञ्चालनमा ल्याउन सुर्खेत हिल्सा सडकलाई प्रधानमन्त्री पर्यटन मार्ग घोषणा गर्न लागिएको बताए । 'प्रधानमन्त्रीसँग जोडेपछि विशेष महत्त्व पाउने र त्यसले संघीय सरकारलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गराउन पहल गर्दैछौं,' उनले भने, 'वैशाख १ गते बिहान प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा प्रदेश मन्त्रिपरिषद् बैठक बस्छ । त्यही बैठकले प्रदेश समृद्धिको ढोका खुल्नेछ ।' कर्णाली समृद्धिको आधार : पर्यटनको विकास र पूर्वाधार भन्ने नाराका साथ प्रदेश सरकारले वैशाख १ गतेदेखि 'कर्णाली-रारा पर्यटन वर्ष २०७५' मनाउन लागेको हो ।

पर्यटन वर्षको तयारी समीक्षा गर्न आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका कार्यवाहक मुख्यमन्त्री ज्वालाको अध्यक्षतामा बसेको बैठकले पर्यटकको सुविधाका लागि सुर्खेत-ताल्चा (मुगु) विमानस्थलमा जहाजको संख्या थप्न पहल गर्ने निर्णय गरेको छ । त्यस्तै, स्थलमार्गबाट जाने पर्यटक/अतिथिहरूका लागि आवश्यक सरकारी, निजी, सार्वजनिक गाडीको संख्या थप गरिनेछ ।






धनगढी

# प्रदेश ७

## मुख्यमन्त्रीको ध्यानाकर्षण



बझाङको साइपाल गाउँपालिकाका अध्यक्ष राजेन्द्र धामी नुनतेल, चामललगायतका अत्यावश्यक खाद्य वस्तु उपलब्ध गराइदिन मुख्यमन्त्री त्रिलोचन भट्टसमक्ष ध्यानाकर्षण गराउँदै ।

# मन्त्रीबीच गाडीको खिचातानी

■ मोहन बुढाऐर

धनगढी- क्षेत्रीय सिँचाइ कार्यालयको सुविधायुक्त टोयटा फर्चुलर गाडी हात पार्न प्रदेश ७ का तीन जना मन्त्रीबीच तानातान छ । उनीहरूले सिँचाइ कार्यालयका क्षेत्रीय निर्देशक महेन्द्रप्रसाद बडूलाई दबाब दिँदै आएका छन् ।

दुई वर्षअघि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले खरिद गरी ल्याएको एक करोड मूल्य पर्ने बा २ झ १४१९ नम्बरको गाडी हाल निर्देशक महेन्द्रप्रसाद बडूले चढ्दै आएका छन् । त्यही सुविधायुक्त गाडीका लागि आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाश शाह, भौतिक पूर्वाधारमन्त्री पठानसिंह बोहरा र आर्थिक मामिला तथा योजनामन्त्री झपट बोहराले क्षेत्रीय सिँचाइलाई पत्राचार गरेका छन् ।

क्षेत्रीय निर्देशक बडूलाई उक्त गाडी आफ्नो मन्त्रालयलाई उपलब्ध गराउन मन्त्रीहरूले दिनहुँ टेलिफोन गरेर दबाब दिँदै आएका छन् । उक्त गाडी विश्व बैंकको सहयोगमा सञ्चालित आयोजनाहरूको अनुगमनका लागि उपलब्ध गराइएको हो । 'अनुगमनका लागि अर्को गाडी नभए आयोजनाहरूको अनुगमन नै प्रभावित हुन्छ,' क्षेत्रीय निर्देशक बडूले भने, 'केन्द्रीय सरकारको निर्णय गराएर लैजान सक्छन् ।' तर मन्त्रीहरूले यतैबाट खोस्न लागेकाले गाडीलाई फिल्डको फिल्डमै राख्नुपरेको कार्यालयकै एक कर्मचारीले बताए । यसअघि क्षेत्रीय सिँचाइको एउटा गाडी प्रदेश प्रमुखको कार्यालयले झिकाइसकेको छ ।

त्यस्तै, जिल्ला सिँचाइ डिभिजनको एउटा गाडी मन्त्रीले देख्छन् भनेर चालकले अन्तै लुकाएर राख्ने गरेका छन् । सिँचाइ कार्यालयको एउटै भवनभित्र आर्थिक मामिला र भौतिक पूर्वाधार मन्त्रालय रहेकाले मन्त्रीको आँखा जिल्ला डिभिजन कार्यालयको गाडीमा पर्ने हो भनेर लुकाएर राख्नुपरेको त्यहाँका अर्का कर्मचारीले बताए ।



प्रकाश शाह



पठानसिंह बोहरा



झपट बोहरा

प्रदेश ७ का सबै मन्त्रीहरूका लागि यसअघि नै गाडीको व्यवस्था गरिएको भए पनि अहिले अन्य सरकारी कार्यालयका राम्रा गाडीहरू मन्त्रीको आँखामा पर्नासाथ खोसिहाल्ने प्रवृत्ति देखिएको प्रति एक कर्मचारी गुनासो गरे । प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले अन्य सरकारी कार्यालयका गाडीहरू प्रदेशका मन्त्रालयहरूमा पुर्‍याउन नसकिएको बताए । केन्द्रबाट कुनै भीभीआईपी आएमा कहाँबाट गाडीको व्यवस्था गर्ने भन्ने समस्या झेल्नुपर्ने अवस्था रहेको प्रमुख जिल्ला अधिकारी रिजालले बताए ।

**विकासे कार्यालयका गाडी मन्त्रीले खिचे**

प्रदेश प्रमुख, मुख्य मन्त्रीसहित सातवटै मन्त्रीका मन्त्रालयमा अधिकांश विकासे कार्यालयका गाडीहरू तानिँदा योजनाहरूको अनुगमनमा सम्बन्धित कार्यालयलाई समस्या भएको कर्मचारीहरू बताउँछन् । गाडी नभएर कार्यालय प्रमुख र अन्य कर्मचारीहरूको फिल्ड कार्यक्रम नियमित हुन नसकेको एक अर्का कर्मचारीले बताए ।

जिल्ला र क्षेत्रीय कृषि कार्यालय, क्षेत्रीय हुलाक, जनताको तटबन्धन कार्यक्रम, महाकाली सिँचाइ आयोजना, वाणिज्य कार्यालय, टीसीएन, शिक्षा कार्यालयलगायतका कार्यालयबाट मुख्यमन्त्रीको कार्यालयले १५ वटा गाडी झिकाइसकेको छ । मुख्यमन्त्री कार्यालयका स्टोरकिपर वीरराम ताम्राकारका अनुसार १५ वटा सवारीसाधन मुख्यमन्त्रीको कार्यालयलाई हस्तान्तरण भएका छन् । जसमध्ये २ वटा गाडी मुख्यमन्त्रीको कार्यालयले प्रयोगमा ल्याएका छन् । अन्य गाडी अरू मन्त्री र मन्त्रालयले प्रयोगमा ल्याएको उनले बताए ।

तर मुख्यमन्त्रीको कार्यालयलाई हस्तान्तरण गरिएका सवारी साधनबाहेक पनि मन्त्रीहरूले अन्य सरकारी कार्यालयका गाडीहरूसमेत प्रयोग गर्दै आएका छन् । संघीय सरकारले प्रदेश सरकारलाई सरकारी कार्यालयका गाडी उपलब्ध गराउने निर्देशन दिए पनि बहुउद्देश्यीय योजनाहरू कार्यान्वयनमा चुनौती थपिएको छ । सवारी साधन मन्त्रालयमा तानिनुले आयोजना प्रमुखलगायत प्राविधिक टिमलाई निर्माण स्थलगतको निरीक्षण, अनुगमन तथा अन्य कामका लागि नियमित पुग्नमा समस्या भएको सिँचाइ विकास डिभिजन कार्यालय कैलालीका इन्जिनियर नेत्र पौडेलले बताए ।

# प्रदेशभरि सिन्डिकेट



महेन्द्रनगर बसपार्कअगाडि राजमार्गमै यात्रु भर्न खडा गरिएका बसहरू । *तस्बिर : भवानी*

## नयाँ प्रणाली बढ्दै गएपछि टिकट सस्तियो

■ भवानी भट्ट र डीआर पन्त

धनगढी/कञ्चनपुर- गत साउनमा मानव यातायात प्रालिले महेन्द्रनगर- काठमाडौं बस सेवा सुरु गर्दा यहाँका पुराना समितिहरूले अवरोध गरे । मानवका गाडीहरू तोडफोडसँगै कार्यालयमा समेत तोडफोड गरियो । पुराना समितिहरूले सोझै नयाँ गाडी चल्न नदिने नभने पनि विभिन्न बहानामा अवरोध गर्न खोजे । स्थानीय प्रशासन र सुरक्षाकर्मीको सहयोगमा मानवले सेवा सुचारु गर्‍यो ।

डेढ वर्षअघि शुक्लाफाँटा यातायात प्रालिले पनि महेन्द्रनगरबाट बस सेवा सुरु गर्दा पुराना समितिले त्यस्तै अवरोध गरे । यहाँ रहेका पवनदूत र महाकाली यातायात समितिका यातायात मजदुर समेतले गाडी तोडफोडसँगै यातायात सेवा समेत ठप्प पारे । जेनतेन शुक्लाफाँटाले पनि अहिले यातायात सेवा नियमित गरेको छ । धनगढी नजिकैको हँसुलिया बजारसम्म चल्ने टेम्पोहरूलाई सुदूरपश्चिम यातायातका गाडीले सेवा दिनबाट वञ्चित गरेका छन् । ब्याट्रीबाट चल्ने टेम्पो त्यो क्षेत्रमा चल्न थाले पनि दिनको ३ पटक चल्ने बसले यात्रु नपाएको भन्दै उनीहरूले टेम्पो चल्नमा रोक लगाएका हुन् ।

दुई वर्षअघि बडीमालिका यातायात सञ्चालन गर्दा पनि सुदूरपश्चिम यातायातले उक्त यातायातलाई सञ्चालन हुन नदिन आन्दोलन नै गरे । बडीमालिका यातायातका केही गाडीमा तोडफोड पनि भयो । प्रशासनले कडा चेतावनी दिएपछि मात्र बडीमालिका यातायात सञ्चालन भयो । प्रदेश ७ मा यातायातमा सबैभन्दा बढी सेवा दिइरहेको सुदूरपश्चिम यातायातले पटकपटक नयाँ समितिलाई अवरोध गर्ने गरेको छ । यी उदाहरण मात्र हुन् । प्रदेश ७ मा सिन्डिकेटका कारण सेवाग्राहीले सबैभन्दा बढी सास्ती भोग्नुपरेको छ ।

प्रदेशका हरेक राजमार्ग र ग्रामीण सडकमा सिन्डिकेट लागू गरेका दर्जनजति यातयात समितिले मनोमानी रूपमा भाडा असुल गर्ने मात्र होइन यात्रुलाई सास्ती दिने गरेका छन् । डडेलधुरामा रहेका दुईवटा समिति अहिले एक भएका छन् । जिल्लाका ग्रामीण क्षेत्रमा अन्य कुनै पनि समितिका सवारी साधन चल्न नदिई चर्को भाडा असुल गर्ने मात्र होइन, यात्रुसँग दुर्व्यवहार समेत गर्ने गरेको गुनासो वढेको छ । '१४ किलोमिटरमा डेढ सयसम्म भाडा असुल गर्छन्,' डडेलधुराका स्थानीय टेकराज जोशीले भने, 'न राज्य छ न त कुनै कानुन छ । यातायात समितिले जे गरे पनि उनीहरूलाई छुट छ ।' कसैलै उजुरी मात्र गरे पनि सडकमा गाडी तेर्स्याएर राजमार्ग बन्द गर्ने गरेको उनले बताए ।

नयाँ समिति तथा प्रालिले यातायात सेवा सुरु गर्दा अहिले पनि सिन्डिकेटको सामना गर्नुपर्ने अवस्था यथावत् छ । सरकारले विगत वर्षदेखि नै सिन्डिकेट विरुद्ध कदमहरू चाले पनि प्रभावकारी हुन नसक्दा समस्या भएको व्यवसायीहरू बताउँछन् । 'कानुनमा सिन्डिकेटको अन्त्य भए पनि व्यवहारमा लागू हुन सकेको छैन,' मानव यातायात प्रालिका अध्यक्ष पदम बहादुर पालीले भने, 'अहिले पनि नयाँ साधन थप्ने व्यवसायीले दर्ताबापत समितिमा ८/१० लाख तिर्नुपर्ने बाध्यता छ ।'

सिन्डिकेटको समाना गरेर स्थापित भएका समितिहरू समेत पुराना समितिसँग लागेर नयाँ व्यवसायी तथा प्रालिलाई अवरोध गर्ने गरेका छन् । यातायात क्षेत्रमा वर्षौंदेखि एकाधिकार जमाएका समितिहरूले विभिन्न बहानामा अवरोध गर्दा प्रशासनिक निकाय पनि मौन देखिने गरेका छन् ।

'प्रशासनिक निकायले बुझपचाउँदा विगतमा पनि सिन्डिकेट विरुद्धको कानुन कार्यान्वयन हुन नसकेको हो,' शुक्लाफाँटा यातायात प्रालिका सञ्चालक दिलुसिंह बोहराले भने, 'तर अहिले सरकारले सिन्डिकेट तोड्न जुन चासो लिएको छ, यसले सकारात्मक सन्देश दिएको छ ।' उनले गत विगतका वर्षभन्दा अहिले नयाँ प्रालिलाई अवरोध कम हुँदै गएको बताए ।

'नयाँ ठाउँमा सेवा सुरु गर्दा अहिले पनि पुराना समितिले अवरोध गरिरहेका छन्,' बोहराले भने, 'एक महिनाअघि शुक्लाफाँटाले जुम्लामा सेवा सुरु गर्दा त्यहाँका यातायात व्यवसायीले गाडी तोडफोड नै गरे ।' उनका अनुसार गाडी तोडफोड गर्नेमाथि अहिले स्थानीय प्रशासनले सार्वजनिक मुद्दा सँगै क्षतिपूर्ति समेत उपलब्ध गराउनेतर्फ पहल गरिरहेको छ ।

अहिले पनि समिति वा प्रालिअन्तर्गत रहेर नयाँ सवारी साधन थप्दा व्यवसायीले लाखौं मूल्य तिर्नुपर्ने अवस्था छ । एउटै सवारी साधनको दर्ताबापत १०/१५ लाखसम्म तिर्नुपरेको व्यवसायीहरू बताउँछन् । व्यवस्थापन खर्चस्वरूप रसिद काटेर ५/१० हजार मात्रै तिरे पनि नदेखिने गरी लाखौं रकम तिर्नुपर्ने अवस्था रहेको उनीहरू बताउँछन् ।

## सिन्डिकेट तोड्ने बहानामा थोत्रा गाडी

सिन्डिकेट तोड्ने बहानामा नयाँ खुलेका प्रालि तथा समितिहरूले थोत्रा गाडीहरू भित्र्याउने गरेको पाइन्छ । पूर्वी जिल्लाहरूमा लामो समयदेखि चलेका सवारी साधन यहाँ ल्याएर चलाइरहेको व्यवसायीहरू बताउँछन् ।

यहाँ रहेका पुराना समितिहरूले पनि सिन्डिकेट भन्दै नरोके पनि यही विषयलाई अघि सारेर नयाँ प्रालिका गाडीहरू चल्न अवरोध गर्ने गरेका छन् । लामो दूरीका सवारीसाधनमा एसी सँगै इन्टरनेट सुविधा समेत रहेको भन्दै त्यही अनुसारको भाडा लिने गरिन्छ । तर यात्रुले उक्त सेवा भने पाउँदैनन् । 'बाहिर एसी र फ्रि वाइफाइ लेखेको हुन्छ,' यात्रुहरू भन्छन्, 'तर भित्र न त एसी चल्छ, न वाइफाइ नै ।'

**लामो दूरीमा भाडा घट्यो, छोटोमा सास्ती**

एक/डेढ वर्षअघिसम्म महेन्द्रनगर-काठमाडौं एसी बसको भाडा १८ सयसम्म थियो । अहिले उक्त भाडा घटेर साढे १६ सय पुगेको छ । कतिपयले हजार/बाह्र सयमा पनि ल्याउने/लैजाने गर्छन् । यसै गरी डिलक्स तथा साधारण बसको भाडा समेत निकै घटेको व्यवसायीहरू बताउँछन् । नयाँ प्रालिहरू थपिएपछि प्रतिस्पर्धा बढेका कारण भाडा एकाएक घटेको हो । 'अहिले महेन्द्रनगरदेखि काठमाडौं ७/८ सयमा पनि जान सकिन्छ,' मानव यातायत प्रालिका अध्यक्ष पालीले भने, 'एसी र डिलक्समा पनि १ हजारमै जान सकिने भएको छ, भाडादर केही पनि फिक्स छैन ।' लामो दूरीमा भाडा घटे पनि ग्रामीण क्षेत्रमा भने थेग्न नसक्ने गरी यातायात व्यवसायीले भाडा असुल गर्ने गरेका छन् । कैलाली, कञ्चनपुर र डडेलधुराका ग्रामीण क्षेत्रमा चल्ने यातायातका साधनले २० किलोमिटर सम्मको २ सयसम्म भाडा असुल गर्ने गरेका छन् ।

# 'बालिका जोगाउनै गाह्रो'

**बलात्कार फलोअप**

कान्तिपुर संवाददाता

कञ्चनपुर- सोमबार साँझ आफ्नै घरको आँगनमा खेलिरहेका कञ्चनपुरको भीमदत्त नगरपालिका-१० जिमुवाका दुई बालिकालाई घर नजिकैको जंगलमा लगेर एक युवकले बलात्कार गरे । बालिकाका अभिभावकका अनुसार विद्युतीय रिक्सा चलाउने ती युवकले विभिन्न प्रलोभन देखाई ७/८ वर्षका दुवै बालिकालाई आफ्नै रिक्सामा राखेर घरबाट केही पर भारतीय जंगलमा लगेर बलात्कार गरेका हुन् ।

प्रहरीले बलात्कारको आरोपमा सोही ठाउँका २१ वर्षीय किसन नाथलाई घटना भएको दोस्रो दिन नियन्त्रणमा लिई मुद्दा दर्ता गरिसकेको छ । थप अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका एसपी दिल्लीराज बिष्टले बताए ।

फागुन दोस्रो साता कञ्चनपुरकै पुनर्वास नगरपालिकाको ख गाउँमा ४ वर्षीया बालिकालाई सोही ठाउँका एक युवकले बलात्कार गरे । हजुरआमासँगै सुतेकी बालिकालाई सोही ठाउँका ३६ वर्षीय भीमबहादुर श्रीमलले बाहिर लगी बलात्कार गरी फेरि पुरानै ठाउँमा सुताएर गएका थिए । उनलाई नियन्त्रणमा लिई मुद्दा चलिरहेको प्रहरीले जनाएको छ ।

फागुन पहिलो साता कञ्चनपुरकै कृष्णपुर नगरपालिका-४ मौरीफाँटाकी १३ वर्षीया बालिकालाई स्थानीय एक युवकले बलात्कार गरे । बिहान स्कुल गइरहेकी बालिकालाई २० वर्षीय विनोद चौधरीले बलात्कार गरेको प्रहरीले जनाएको छ । उनलाई नियन्त्रणमा लिई मुद्दा चलिरहेको एसपी बिष्टले बताए ।



**चालु आवमा जबरजस्ती करणीका १३ र जबरजस्ती करणी उद्योगका १० मुद्दा दर्त्ता भएका छन् ।**

माथि उल्लेखित पछिल्लो एक/डेढ महिनाको अवधिमा भएका घट्ना हुन् । यी घटनामा सबैजसो १०/१२ वर्षमुनिका अबोध बालिकाहरू नै पीडित भएका छन् । यी घटनालाई अध्ययन गर्ने हो भने बालिकाहरू असुरक्षित भएको सहजै अनुमान गर्न सकिने मानव अधिकारकर्मीहरू बताउँछन् । 'घटनाहरू हेर्दा बालिकाहरू एकदम असुरक्षित भएको महसुस भएको छ,' ल्याक कञ्चनपुरकी संयोजक अधिवक्ता पुनम चन्दले भनिन्, 'अबोध बालिकाहरू छिमेकीबाटै र आफन्तबाटै बलात्कृत भएका छन्, अब कसको विश्वास गर्ने ?'

सोमबार दुई बालिका बलात्कार गर्ने नाथ उनीहरूकै छिमेकी हुन् । गाउँले र आफन्तले पनि छिमेकी भएकै कारण यसबारे खासै चासो राखेका थिएनन् । कृष्णपुर र पुनर्वासको घटनामा पनि चिनेजानेकै र छिमेकीबाटै बलात्कार भएको प्रहरीले जनाएको छ ।

'यी बाहिर आएका केही घटना मात्रै हुन्,' चन्दले भनिन्, 'यो भन्दा बढी घटना त बाहिर आउँदैनन्, घर/परिवारले नै मिलाउने गर्छन् ।' दोषीले सजाय नपाउने गरेका कारण नै यस्ता घटना दोहोरिइरहने उनले बताइन् । उनले अभिभावक जिम्मेवार हुनुका साथै घटना लुकाउनेभन्दा पनि दोषीलाई सजाय दिनेतर्फ जोड दिए यसमा केही नियन्त्रण हुन सक्ने बताइन् ।


जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका एसपी बिष्ट पनि पछिल्ला केही घटनाले बालिकाहरू जोखिममा रहेको बताउँछन् । खासगरी लागूऔषध र मदिराका कारण यस्ता घटनाहरू बढी हुने गरेको उनले बताए । 'प्रायजसो घटनामा लागू औषधका प्रयोगकर्ता संलग्न छन्,' उनले भने, 'यसका साथै मदिरा सेवनका कारण पनि यस्ता घटना हुने गरेका छन् ।'

प्रतिकार गर्न नसक्ने, स-सानो प्रलोभनमा पनि फस्न सक्ने र भविष्यमा परिणामबारे जानकारी नहुने भएकाले अबोध बालिकाहरूमाथि यस्ता घटना हुने गरेको एसपी बिष्ट बताउँछन् । जिल्ला प्रहरी कार्यालयका अनुसार गत आर्थिक वर्षमा जबरजस्ती करणीका १९ र जबजस्ती करणी उद्योगका १६ मुद्दा दर्ता भएका छन् । यसैगरी चालु आवमा जबरजस्ती करणीका १३ र जबरजस्ती करणी उद्योगका १० मुद्दा दर्ता भएका छन् ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अस्वस्थता | तुला | धन आर्जन |
| वृष | मान्यजन भेट | वृश्चिक | पदोन्नति |
| मिथुन | अपव्यय | धनु | खर्च वृद्धि |
| कर्कट | मनोकांक्षा पूर्ण | मकर | काम बन्ने |
| सिंह | आकस्मिक यात्रा | कुम्भ | कर्म प्राप्ति |
| कन्या | शत्रु नाश | मीन | धर्म बढ्ने |

## भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत २४ गते शनिबार तदनुरुप ७ अप्रिल २०१८ बैशाख कृष्णपक्ष सप्तमी तिथि रात्रिको ११:१३ बजेसम्म उप्रान्त अष्टमी तिथि, मुल नक्षत्र दिनको २:३६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, परिघ योग रात्रिको २:५७ बजेसम्म उप्रान्त शिव योग, भद्रा करण प्रात: १०:१३ बजेसम्म उप्रान्त बब करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | क्विज मेनिया |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | स्वास्थ्यको लागि रेडियो बहस |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्ट एन्ड डायरी |
| १०:०५ | न्यु रिलिज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (सबिना) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ दि टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | सुरक्षित वैदेशिक रोजगार |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | वेल नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ दि टप्स (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **नेपालगन्जका महत्वपूर्ण टेलिफोन** | |
| भेरी अञ्चल अस्पताल | ५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय | ५२०२११ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०१०४ |
| रेडक्रस ब्लड बैंक | ५२०१७४ |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८०००९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# थ्रीस्टार सेमिफाइनलमा

■ विनोद भण्डारी

विराटनगर- चिरप्रतिद्वन्द्वी गिलमेरी मनाङ मर्स्याङ्दी क्लबको चुनौती पन्छाउँदै रुस्लान थ्रीस्टार क्लब बिहीबार पाँचौं विराट गोल्डकप फुटबलको सेमिफाइनल पुगेको छ। थ्रीस्टारले बिहीबार मनाङलाई २-१ ले स्तब्ध पार्‍यो। फ्लडलाइटमा खेलाइएको खेलको १९ औं मिनेटमा अग्रता लिएको मनाङविरुद्ध थ्रीस्टार दोस्रो हाफमा पुनरागमन गर्दै यस सिजनमा लगातार पाँचौंपल्ट पराजित गर्न सफल भयो।

थ्रीस्टारले फाइनल पुग्नका लागि शनिबार संकटा क्लबको सामना गर्नेछ। संकटाले एपीएफलाई हराएर अन्तिम चार सुरक्षित गरिसक्यो।

थ्रीस्टारले जारी सिजनको तीन महिनामा मनाङसँग लगातार पाँचौं भेटमा जित दर्ता गरेको हो। बुटवलमा तेस्रो मदन भण्डारी गोल्डकप फाइनलमा मनाङलाई २-१ ले हराएर उपाधि जितेको थ्रीस्टारले २० औं तिलोत्तमा गोल्डकप सेमिफाइनलमा २-१ ले, चितवनको १३ औं विकास रनिङ सिल्ड सेमिफाइनलमा सडनडेथ र इटहरीको मदन भण्डारी गोल्डकप फाइनलमा १-० को जित दर्ता गरेको थियो।

सहिद रंगशालामा पहिलो हाफमा थ्रीस्टारलाई दबावमा राखेर खेलेको मनाङले १९ औं मिनेटमा विशाल राईको गोलबाट अग्रता लियो। उनले सुवास गुरुङले बक्सभित्र फ्याँकेको क्रसलाई हाफ भलीमा गोल गरेका थिए। पहिलो हाफमा थ्रीस्टारले एकपल्ट मात्र पोस्ट आक्रमण गर्‍यो। नवौं मिनेटमा विजय धिमालले मिलाइदिएको अवसरमा अनन्त तामाङ चुकेका थिए।

थ्रीस्टारले दोस्रो हाफमा पुनरागमन गर्दा विमल घर्तीमगरले ५७ औं मिनेटमा पेनाल्टीमार्फत गरेको गोलमा खेल १-१ बराबरी गरेको थियो। मनाङका गोलरक्षक विशाल श्रेष्ठले थ्रीस्टारका अजायी मार्टिनलाई पेनाल्टी क्षेत्रमा गलत ट्याकल गरेपछि रेफ्री श्रवण लामा पेनाल्टी अवसर दिन चुकेनन्। त्यसमै विमलले गोल गरे।

थ्रीस्टारबाट ७५ औं मिनेटमा मार्टिनले निर्णायक गोल गरे। विमलले कर्नरबाट दिएको लामो पासमा मार्टिनले दर्शनीय हेड गोल गरेका थिए। मार्टिन म्यान अफ द म्याच हुँदै १० हजार रुपैयाँ पाउन सफल भए। ८० औं मिनेटमा विमलले मध्यभागबाट एक्लै अगाडि बढाएको बल पेनाल्टी क्षेत्रमा पुर्‍याएर वान भर्सेस वानमा गरेको प्रहार गोलकिपर विशालले पन्च गरेर बाहिर पठाउँदा थ्रीस्टार अन्तर बढाउने मौका चुकायो। उता, ८३ औं मिनेटमा अन्जन विष्टको पासमा विमल रानाले थ्रीस्टारका गोलरक्षक एलन न्यौपानेलाई बिट गर्न चुक्दा मनाङले खेलमा फर्कने मौका गुमाएको थियो। उनको प्रहार एलनको माथिबाट बाहिरियो।

मनाङका प्रशिक्षक छिरिङ लोप्साङले अनावश्यक पेनाल्टी दिनु र आफ्ना खेलाडीले राम्रो खेले पनि पाएका अवसर सदुपयोग गर्न नसक्दा हार बेहोर्नुपरेको बताए। थ्रीस्टारका प्रशिक्षक मेघराज केसीले टिमवर्कका कारण मनाङजस्तो सशक्त टोलीसँग लगातार पाँच भेटमा जित दर्ता गर्न भएको बताए।

शुक्रबार झापा र आर्मी भिड्ने छन्।




## च्याम्पियन्स लिग

# लिभरपुल सेमिफाइनल नजिक

लिभरपुल (एएफपी)- लिभरपुल पहिलो हाफको १९ मिनेटभित्र तीन गोल गर्दै च्याम्पियन्स लिग क्वाटरफाइनलको पहिलो लेगमा बुधबार म्यानचेस्टर सिटीलाई ३-० ले पन्छाउँदै गतिलो पकड बनाएको छ।

प्रिमियर लिगमा च्याम्पियन बन्न लागेको सिटीले त्यसमा लिभरपुलमाथि १८ अंकको अग्रता लिएको छ। तर सिटीले एकमात्र हार एनफिल्डमै जनवरीमा ४-३ को बेहोरेको थियो। बुधबारको हार त्योभन्दा खराब रह्यो, जसले युरोपेली उपाधि जित्ने सम्भावना टाढा बनाइदियो। मोहम्मद सलाह, एलेक्स ओक्सलेड-चेम्बरलेन र साडियो मानेले गोल गरेका थिए।

अर्को खेलमा बार्सिलोनाले घरेलु मैदानमा एएस रोमामाथि ४-१ को अग्रता लियो। त्यसमा दुई आत्मघाती गोलको सहयोग रह्यो। रोमाका डानियल डी रोसी र कोस्टास मानोलासले आफ्नै पोस्टका गोल गरेका थिए। त्यसपछि जेरार्ड पिके र लुइस स्वारेजले गोल गर्दै बार्सिलोनाको सेमिफाइनल सम्भावना बलियो बनाए। रोमाका लागि एकमात्र गोल इडेन जेकोले गरे।

# भुवन दाबेदार

काठमाडौं (कास)- भुवन नगरेकाटी इभन पार ६८ स्कोर गर्दै बिहीबार रोयल नेपाल गल्फ क्लबमा भइरहेको सूर्य नेपाल काठमाडौं ओपनको शीर्षस्थानमा कायमै रहेका छन्। उनी शिवराम श्रेष्ठमाथि चार स्ट्रोकको अग्रतासँगै उपाधि नजिक पुगेका छन्।

भुवनले तेस्रो दिनसम्म तीन अन्डर २ सय १ स्कोर गरेका छन्। इभन पार ६८ खेलेका शिवराम १ ओभर २ सय ५ सहित दोस्रोमा छन्। तीन स्ट्रोक अन्तरमा छन्, जयराम श्रेष्ठ र विकास अधिकारी। तेस्रो दिन जयरामले चार ओभर ७२ र विकासले ६ ओभर ७४ को कार्ड बनाए। दिनको उत्कृष्ट स्कोर (१ अन्डर ६७) बनाएका रामे मगर (कुल ५ ओभर २०९) पाँचौं स्थानमा छन्।

# बुद्धिचालमा ठूलो प्रायोजन

काठमाडौं (कास)- बुद्धिचाल खेल र संघ आफै सुस्त भइरहेको स्थितिमा निजी क्षेत्रबाट ठूलो प्रतियोगिता हुने भएको छ। यसका लागि उत्तिकै ठूलो प्रायोजन अनुबन्ध पनि भएको छ। होमल्यान्ड स्पोर्ट्स क्लबको आयोजनामा काठमाडौं ओपन अन्तर्राष्ट्रिय ग्रान्ड मास्टर बुद्धिचाल हुन लागेको हो।

प्रतियोगिता चैत २९ देखि वैशाख ४ सम्म बूढानीलकण्ठको पार्क भिलेज रिसोर्टमा हुनेछ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले केएनपी जापानसँग तीनवर्षे प्रायोजन अनुबन्ध पनि गरेको छ। प्रत्येक वर्ष केएनपीले २२ लाख रुपैयाँ प्रायोजन गर्नेछ।

अनुबन्धमा होमल्यान्डका अध्यक्ष प्रकाश अधिकारी र केएनपीका कन्ट्री म्यानेजर मनोजकुमार मिश्रले हस्ताक्षर गरे। नेपाली बुद्धिचाल इतिहासमा यो




अहिलेसम्मकै ठूलो प्रायोजन हो। यस्तै सहभागिताका आधारमा पनि प्रतियोगिता अहिलेसम्म ठूलो हुनेछ।

प्रतियोगिताको कुल पुरस्कार राशि १० लाख रुपैयाँ रहेको छ। यसमा १ सय ८० खेलाडीको सहभागिता रहने जनाइएको छ। यसमा विदेशका १२ ग्रान्ड मास्टरसमेत सामेल छन्। नेपालका तर्फबाट सबै शीर्ष खेलाडी सहभागी हुने प्रतियोगिता नर्म सर्टिफिकेट प्राप्तिका लागि महत्त्वपूर्ण रहनेछ।






# प्रभाव विदेशी खेलाडीको

■ विनोद पाण्डे

धनगढी- सुबोध भाटीको निकै तीव्र गतिको बलिङले एभरेस्ट प्रिमियर लिग (ईपीएल) क्रिकेटमा नेपाली ब्याट्सम्यानको ठूलै परीक्षा लियो। यी भारतीय खेलाडीको बलिङ झेल्न हम्मे-हम्मे पर्‍यो। नेपालको घरेलु क्रिकेटमा यस्तो तीव्र गतिको बलिङ यसअघि खासै देखिएको थिएन।

उनले ईपीएलमा आफ्नो प्रभाव पहिलो खेलमै देखाएका थिए। श्रीलंकाली अलराउन्डर फरवेज महारुफको कप्तानीमा रहेको काठमाडौं किंग्स इलेभनसँगको खेलमा उनले ४ विकेट लिँदै विपक्षी टोलीलाई ८९ रनमै अलआउट पार्न प्रमुख भूमिका खेले। ललितपुर प्याट्रियट्सबाट आफ्नो दबदबा दिइरहेको समयमा भाटी दिल्ली फर्किएका थिए। त्यसको केही समयपछि नेपाली स्पिनर सन्दीप लामिछाने पनि गुपचुप दिल्ली पुगे।

दिल्ली डेयरडेभिल्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त दुआले धेरैपछि यसको खुलासा गरेका थिए। भाटी र सन्दीप दुवैको लक्ष्य इन्डियन प्रिमियर लिग (आईपीएल) मा पर्नु थियो। उनीहरू दुवै डेयरडेभिल्सबाट ट्रायल दिन पुगेका थिए। आईपीएल अक्सनमा दुवैको नाम क्रमशः आयो। डेयरडेभिल्सले सन्दीपमाथि २० लाख भारु भाउ लगायो भने भाटी बिकेनन्।

सन्दीप आईपीएल खेल्न गएका कारण यसपालि रुस्लान धनगढी प्रिमियर लिग (डीपीएल) क्रिकेटमा उनको उपस्थिति छैन। आसन्न आईपीएलको नयाँ सत्रअघि सन्दीप डेयरडेभिल्ससँग दिल्लीको प्रशिक्षणमा व्यस्त छन्। आईपीएलमा नछानिएका भाटी भने डीपीएलमा खेलिरहेका छन्। ईपीएलमा उनले छाडेको आफ्नो प्रभाव धनगढीमा काठमाडौं गोल्डेन्सबाट पनि कायम राखेका छन्।

अन्तिम दुई ओभर बाँकीको अवस्थामा काठमाडौंको सीवाईसी अत्तरियासँगको खेल निकै रोचक मोडमा पुगेको थियो। अत्तरियालाई जितका निम्ति १८ रन चाहिँदा काठमाडौंबाट भाटी बलिङमा आए। उनले मेडन विकेट लिँदै काठमाडौंको जितको आधार मात्र तयार पारेनन्, ४ ओभरमा १० रन मात्रै खर्चेर म्यान अफ द म्याच पनि बने।

पहिलो खेलमा अझ उनी ओपनिङ ब्याटिङको भूमिका रहे। उनले २५ बलमा ४ छक्का प्रहार गर्दै ४२ रन बनाए। काठमाडौं आएर ईपीएल खेलेको दिन स्मरण गर्दा चितवन टाइगर्सविरुद्ध हानेको तीन छक्काको उनी खुब चर्चा गर्छन्। ललितपुर प्याट्रियट्सका व्यवस्थापक छुम्बी लामासँग आफूले हानेको त्यो तीनमध्ये एक छक्का ९० मिटर टाढा थियो होला भन्दै जिस्किरन्छन्। उनी नेपालमा हुने यस्ता खाले प्रतियोगिता आफ्ना लागि सामान्य भए पनि नेपाली खेलाडीका लागि निकै ठूलो भएको बताउँछन्।

भाटीको टोली काठमाडौं गोल्डेन्सले सुरुका तीन खेल जितेर धनगढीमा उपाधि दाबेदारिता देखाएको छ। भाटीसँगै अर्का भारतीय खेलाडी सन्नी पटेलले रूपन्देही च्यालेन्जर्ससँग ४८ रन बनाउनुका साथै ४ ओभरमा १ मेडन राख्दै ८ रन खर्चेका थिए।

काठमाडौंका प्रशिक्षक राजु बस्न्यात आफ्नो टोलीमा विदेशी खेलाडीले पारेको प्रभावको निकै ठूलो प्रशंसा गर्छन्। उनी भाटी र पटेलले टोलीका लागि ५० प्रतिशतभन्दा बढी योगदान दिएको दाबी गर्छन्।

डीपीएलमा एउटा टोलीले दुई विदेशी खेलाडी राख्ने प्रावधान छ। त्यही प्रावधानमा टेकेर विराटनगर किंग्सले हङकङका कप्तान बाबर हायत, भारतका स्थानीय खेलाडी शुभम कामत, रूपन्देही च्यालेन्जर्सले ओमानका सुफियान मेहमुद र भारतका दीपक प्रसाद, टिम चौराह धनगढीले यूएईका ब्याट्सम्यानद्वय रोहन मुस्ताफा र अस्फाक अहमद, अत्तरियाले भारतीय जोडी गौरव चितकारा र विपिन चन्द्रा तथा महेन्द्रनगर युनाइटेडले पुनीत विष्ट र पुनीत मेहेरालाई धनगढीमा उतारेका छन्। पुनीत विष्टले डेयरडेभिल्सबाट इन्डियन प्रिमियर लिगमा खेलिसकेका छन्।

बाबर यहाँको प्रतियोगिताको स्तर राम्रो रहेको र आयोजकले पनि राम्रो गरिरहेको बताउँछन्। दर्शक निकै समर्थित रहेको पाएका उनी राष्ट्रिय टोली एवं विराटनगरका कप्तान पारस खड्कासँगको सम्बन्धका कारण धनगढीमा खेल्न आइपुगेको बताए। यूएईका कप्तान रोहन मुस्ताफा केही नेपाली खेलाडी साथी भएका कारण धनगढी आइपुगेको र यहाँ दर्शक क्रेज देखेर प्रभावित भएको बताए। उनले प्रतियोगिताको स्तर माथि रहेको जनाए।

विदेशी खेलाडीको पारिश्रमिक सम्झौताबारे टोलीहरूले केही खुलाएका छैनन्। तर काठमाडौंलाई पहिलो तीन खेलमै जिताउन होस् वा लगातार चार हारपछि प्रतियोगिताबाट बाहिरिनुमा विदेशी खेलाडीकै भूमिका देखिएको छ। रूपन्देहीका कप्तान शक्ति गौचन आफ्ना विदेशी खेलाडीलाई कमजोर मान्दैनन् तर उनीहरूले आफ्नो स्वाभाविक खेल नखेल्दा टिम बाहिरिएको स्विकार्छन्।

धनगढीका प्रशिक्षक शेरबहादुर (सुनील) लामा विदेशी खेलाडी खेल्नाले राष्ट्रिय टोली बाहिरका खेलाडीलाई सिक्ने ठूलो अवसर भएको बताउँछन्। हाम्रा टोलीमा मुस्ताफाले खेलभित्र धेरै नियन्त्रण गरिरहेको छ, बलरले एउटा चौका फाल्नेबित्तिकै उसले गएर बलरलाई मोटिभेट गर्छन्। खेलाडीमा हुने त्यो राम्रो गुण हो। यो पक्षहरू हाम्रा स्थानीय खेलाडीले सिक्न पाउँछन्,' लामाले भने, 'विदेशी खेलाडी ल्याएर खेलाउने निर्णय ठूलो थियो, त्यसको प्रभाव अहिले देखिएको छ।'

दुई यूएई खेलाडीबिना काठमाडौंसँगको पहिलो खेल खेल्दा धनगढी धारविहीन देखियो। मुस्ताफा र अहमेदपछि डिफेन्डिङ च्याम्पियन धनगढी तीन तीनमध्ये दुई खेल जितेर प्लेअफतर्फ अग्रसर भएको छ। यिनै मुस्ताफा र अहमदको ब्याटिङ नचल्दा धनगढी बिहीबार विराटनगरसँगको खेलमा १ सय २८ रनको लक्ष्यमा पुग्न सकेन। प्रतियोगिताको १० खेल सकिँदामा ५ खेलमा विदेशी खेलाडीले म्यान अफ द म्याच प्रदर्शन गरेका छन्।

विश्व क्रिकेटमा एसोसिएट राष्ट्रमा नेपाली क्रिकेटको छुट्टै पहिचान छ। डीपीएलजस्ता घरेलु क्रिकेटमा विदेशी खेलाडीको आगमनले नेपाली क्रिकेटलाई उचाइमा पुऱ्याउने विश्वास खेलाडी तथा क्रिकेटसँग सरोकार राख्नेको छ।



विराटनगरका बाबर हायत (माथि), काठमाडौं गोल्डेन्सका सुबोथ भाटी।
*तस्बिर : हेमन्त श्रेष्ठ*

## रूपन्देहीको हार निरन्तर



विराटनगरका पवन सर्राफ

■ चित्रांग थापा

धनगढी- रूपन्देही च्यालेन्जर्स एक खेल खेल्नुअगाडि नै रुस्लान धनगढी प्रिमियर लिग (डीपीएल) क्रिकेटबाट बाहिरिएको छ। टोली बिहीबार महेन्द्रनगर युनाइटेडसँग ४ विकेटले पराजित भयो। लगातार चौथो हारपछि रूपन्देही प्लेअफमा नपुग्ने औपचारिक रूपमा निश्चित भएको हो।

गत वर्ष पहिलो संस्करणमा लगातार चार खेल जितेर प्लेअफो क्वालिफायर पुगेको रूपन्देहीले त्यसयता लगातार ७ खेलमा पराजय भोगिसकेको छ। संघीय प्रहरी कार्यालय इकाई मैदानमा टस जितेको रूपन्देहीले ८ विकेट गुमाई १ सय ४४ रन बनायो। कप्तान विनोद भण्डारीकोअर्धशतकपछि महेन्द्रनगरले ७ बलअघि लक्ष्य भेट्यो।

यसअघि नै पहिलो तीन खेलमा पराजयपछि रूपन्देही राउन्ड रोबिनबाटै बाहिरिने निश्चितजस्तै भइसकेको थियो। टिम तयारीभन्दा पनि खेलाडीको व्यक्तिगत तयारी नपुग्दा आफ्नो टोलीले राम्रो खेल्न नसकेको रूपन्देहीका कप्तान शक्ति गौचनले बताए।

अघिल्ला दुई खेलमा विकेटकिपिङ गरेका पुनीत विष्टको स्थानमा विनोद आफैंले ग्लोभ्स लिए। विष्टले ४ ओभरमा १२ रन खर्चेर ४ विकेट लिएपछि रूपन्देहीले सोचेजस्तो स्कोर बनाउन सकेन। उनले २२ बलमा ४५ र ओपनर विनोदले ४८ बलमा ६१ रन बनाएपछि महेन्द्रनगरलाई लक्ष्यमा पुग्न खासै गाह्रो भएन्। आफ्नो टोली जितभन्दा ८ रनमात्र टाढा रहेको अवस्थामा विनोद आउट भएका थिए।

महेन्द्रनगरका मेन्टर विनोद दासले एक ओभरअगाडि विनोद आफैले फिनिस गरेको आफू थप खुसी हुने बताए। 'यो मैदानमा १४०-१५० को स्कोर भए पनि उनीहरूले जुन हिसाबमा सुरुआत गरे, त्यस हिसाबमा राम्रो स्कोर बनेको हो,' उनले भने, 'त्यसैले हाम्रो राम्रो सुरुआत जरुरी थियो। भाग्यले त्यस्तै भयो। विनोद र पुनीतको साझेदारी राम्रो भयो।'

विनोदले ५ चौका र २ छक्का तथा विष्टले ३ चौका र ४ छक्का प्रहार गरे। पुनीत मेहेरा १६ रनमा नटआउट रहे। आशिफ शेख ५, आरिफ शेख ४, करण केसी र हरिशंकर साह शून्यमा आउट भए। रूपन्देहीका दिपेश श्रेष्ठले ३, सुसन भारीले २ र सागर पुनले १ विकेट लिए। यसअघि रूपन्देहीबाट प्रदीप ऐरीले सर्वाधिक ३९ रन बनाए। उनले ३२ बल खेल्दै ५ चौका र १ छक्का प्रहार गरे। सागर पुन २८, दीपक प्रसाद १७ र कुशल मल्ल १५ रनमा आउट भए।

महेन्द्रनगरजस्तै विराटनगर किंग्सले पनि तीन खेलमा दोस्रो विजय पाएको छ। विराटनगरले टिम चौराह धनगढीलाई ११ रनले हरायो। दिलीप नाथ ४, पृथु बाँस्कोटा ३ र कप्तान पारस खड्का २ रनमा आउट भएपछि दबाबमा देखिएको विराटनगर १९.५ ओभरमा १ सय २७ रनमा अलआउट भयो। पवन सर्राफले ३४ बलमा १ चौका र २ छक्का प्रहार गरी ४१ रन बनाए। अनिलकुमार शाह २४, शुभम कामत १८ र बाबर हायत १५ रनमा आउट भए।

सोमपाल कामीसँगै नयाँ बल लिएर आएका अफ स्पिनर सुनील धमलाले ४ विकेट लिए। उनले ४ ओभरमा १ मेडन राख्दै १० रनमात्र खर्चे। सोमपाल र रोहन मुस्ताफाले २-२ तथा ललितसिंह भण्डारी र शम्साद शेखले १-१ विकेट लिए। धनगढीले ९ विकेट गुमाई १ सय ९ रनमा बनायो। शंकर रानाले ३८ बलमा २५ रनमात्र बनाउन सके। अस्फाक अहमद २२, राजु रिजाल १८, सुनील १२ र मुस्ताफा ११ रनमा आउट भए। म्यान अफ द म्याच पवनले ४ ओभरमा २५ रन खर्चेर ४ विकेट लिए। वसन्त रेग्मी र पारसले २-२ तथा कामतले १ विकेट लिए।

**आजको खेल**
विराटनगर किंग्सविरुद्ध काठमाडौं गोल्डेन्स

## सन्दीपको खेल निखारिँदै : पोन्टिङ



■ सुरेशराज न्यौपाने

नयाँ दिल्ली- दिल्ली डेयरडेभिल्सका प्रमुख प्रशिक्षक रिकी पोन्टिङले इन्डियन प्रिमियर लिग (आईपीएल) मा आबद्ध हुने पहिलो नेपाली खेलाडी सन्दीप लामिछाने निकै मिहिनेती रहेको र खेलमा क्रमशः निखार आइरहेको बताएका छन्।

सन्दीपको खेलबारे टिप्पणी गर्दै पोन्टिङले भने, 'उनी गज्जबका युवा खेलाडी छन्। निकै मिहिनेती छन्। प्रशिक्षणका बेला थाके पनि बलिङ गरिरहन्छन्। कहिलेकाहिं उनलाई भो भन्नुपर्छ। उनको खेलमा क्रमशः निखार आउँदै छ।'

दिल्लीस्थित होटल ललित क्लबमा बिहीबार टिमको 'थिम सङ' सार्वजनिक गर्ने र पत्रकार भेटघाट कार्यक्रममा पोन्टिङले सन्दीपबारे त्यसो भनेका हुन्।

सन्दीपले आईपीएलमा खेल्न पाउने सम्भावना छ कि छैन भन्ने कान्तिपुरको प्रश्नमा पोन्टिङले भने, 'टिममा अमित मिश्राजस्ता खारिएका खेलाडीहरू पनि छन्। त्यसैले यहीं नै खेल भनेर भन्न सकिँदैन। उन (सन्दीप) ले पनि त्यो बुझेका छन्। तर, यो भन्दैमा आईपीएल खेल्ने सम्भावना छैन भन्ने होइन। प्रतियोगिताभर उनले पक्कै पनि खेल्ने अवसर पाउने छन्।'

सन्दीप दुई सातायता डेयरडेभिल्सको गृहमैदान फिरोज साह कोटला रंगशालामा प्रशिक्षणरत छन्। उनी दैनिक करिब तीन घण्टा प्रशिक्षणमा बिताउँछन्।

डेयरडेभिल्सले अप्रिल ८ मा किंग्स इलेभन पन्जाबविरुद्ध उसैको मैदान मोहालीमा खेल्ने तालिका छ। त्यसका लागि सन्दीप टोलीसँगै अप्रिल ६ मा मोहाली जाने छन्।

उनको टोलीमा कप्तान गौतम गम्भीरका साथै मोहम्मद सामी, अमित मिश्रा, जयन्त यादव, श्रेयस ऐय्यर, ऋषभ पन्त, नमन ओझा, जेसन रोय, क्रिस मोरिस, कोलिन मुन्रो, ट्रेन्ट बोल्ट, कागिसो राबडा लगायतका नाम चलेका खेलाडी छन्। गम्भीर यसअघि कोलकाता नाइट राइडर्सका कप्तान थिए। उनले आईपीएल करिअर डेयरडेभिल्सबाटै सुरु गरेका हुन्। सन्दीपको टिम डेयरडेभिल्सले आइपिएल उपाधि भनेको जितेको छैन।

कार्यक्रममा कप्तान गौतम गम्भीर र डेयरडेभिल्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त दुआ पनि उपस्थित थिए।

### टिमको जित नै प्रमुख हो



सन्दीप लामिछाने

**कस्तो अनुभव भइरहेको छ ?**

राम्रो भइरहेको छ। धेरै कुरा सिक्न पाइरहेको छु। अझै राम्रो छ हुनेमा आशावादी छु।

**आईपीएलमा पहिलो नेपाली खेलाडीका रूपमा आफू कसरी लिनुहुन्छ ?**

यो निकै राम्रो अवसर हो। र, यसले अन्य नेपाली खेलाडीका लागि पनि अवसरको ढोका खोलेको छ। त्यसले नेपालको क्रिकेट स्तर माथि लैजान मदत गर्नेछ।

**आफू टिममा पर्छु भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ? तपाईंको खेल हेर्ने नेपाली समर्थकको अपेक्षा पूरा गर्न सक्नुहुन्छ त ?**

एउटा राम्रो टिम कसरी बन्छ भन्ने प्रमुख कुरा हो। सबैभन्दा ठूलो कुरा क्लबको जित हो। परिस्थितिमा भरपर्छ म खेल्न पाउँछु कि पाउँदिन भन्ने। खेल्न पाएँ भने सकेसम्म राम्रो गर्ने र टिमलाई जिताउने हो।

**विश्वका उत्कृष्ट खेलाडी रिकी पोन्टिङ र गौतम गम्भीरसँगको अनुभवलाई कसरी लिनुहुन्छ ?**

यो जस्तो राम्रो अवसर अरु के हुनसक्छ। उहाँ दुवै जनाले युवा खेलाडीलाई सधैं हौसला बढाउने र राम्रो गर्न प्रेरित गरिरहनुहुन्छ। व्यक्तिगत रूपमा मलाई पनि निकै हौसला बढाउनुहुन्छ।





Study in DENMARK
Masters Program (In Business)
IELTS required
Limited Seats, Hurry up
Contact:
Europe Nepal (ENIT)
4424450, 9851018228, 9841322518
Kamal pokhari
(Opposite Himal Hospital)

सटर भाडामा
ललितपुरको मुटु सातदोबाटो चोकमा अवस्थित सुविधा सम्पन्न एवम व्यवसायिक दृष्टिकोणले अति उत्तम **सुमेरु मार्ट** भित्रका सटरहरु मध्ये बाँकि रहेको मात्र, ५वटा सटरहरु भाडामा उपलब्ध छ। इच्छुक महानुभावहरुले सम्पर्क गर्नुहोला।
सम्पर्क : ०१–५५५०९५५ / ५५२२३५१ / ९८४१२८०१०६

Vacancy Announcement
Texas Int'l S. School is looking for energetic, dynamic, qualified, experienced candidates for the following posts:

| | | |
|---|---|---|
| 1. | Secondary | All subjects |
| 2. | Lower Secondary | All subjects |
| 3. | Primary | |
| 4. | Pre-Primary | Montessori Trained |

The candidates must be graduate in the related subject.
Admission Open From Montessori (PG-IX)
Texas Int'l S. School
Sifal, Chabahil
Tel.: 4483955,4474966, 9841638541,9841368521

EEVS 'Rely on Experts'
EXPERT EDUCATION & VISA SERVICES
AUSTRALIA ADMISSION DAY
FREE ENTRY
Date : 24th Chaitra 2074
6th April, 2018 Saturday
Time : 10:30 am - 4:00 pm
Venue : Expert Premises
Meet with Experts from the industry
Badri Aryal
(MARN 0852737)
Director, Head Office
Hom Poudel (Arun)
(QEAC: N058)
Manager, Brisbane Office
Participating Australian Institutions
Charles Sturt University CRICOS: 00005F
TORRENS UNIVERSITY AUSTRALIA CRICOS: 03389E
ECA EDUCATION CENTRE OF AUSTRALIA CRICOS: 02644C
VICTORIA UNIVERSITY SYDNEY AUSTRALIA CRICOS: 02475D
APIC ASIA PACIFIC INTERNATIONAL COLLEGE CRICOS: 03048D
MELBOURNE INSTITUTE OF TECHNOLOGY CRICOS: 01545C
EXCELSIA COLLEGE Sydney CRICOS: 02664K
HOLMES INSTITUTE CRICOS: 02727M
TOP EDUCATION INSTITUTE CRICOS 02491D
qiba CRICOS: 01515J
Expert Education & Visa Services
Level 4 & 5, Glass House, Putalisadak, Ktm., Nepal • Tel: 01 4218666, 4233219, 9851119488
E: eevsnepal@experteducation.com.au • www.experteducation.com.au • FB: www.facebook.com/expert.nepal

LITTLE ANGELS' COLLEGE GCE A LEVEL
CAMBRIDGE International Examinations
Excellence in education
Merit Scholarships 2018
100% Nationwide Merit Scholarship to Deserving Candidates
ENTRANCE TEST Sunday, April 22, 2018 (Baisakh 09) TIME 10 AM
CONGRATULATIONS SEE CANDIDATES
Little Angels' College, GCE A Level offers you the best opportunities in its state of the art infrastructure with global standard of education.
T +977.1.5250123, 5250777, 5250111 www.lac.edu.np




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा